# शिक्षक निर्देशिका

आधारभूत तह, कक्षा ७

# नेपाली

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

प्रथम संस्करण : वि.सं. २०२०

(यो शिक्षक निर्देशिका पाठ्यक्रमले तोकेका विषयगत सिकाइ उपलब्धि पूरा गर्न तथा पाठ्यपुस्तकका क्रियाकलापको सहजीकरणमा शिक्षकलाई मदत पुगोस् भन्ने हेतुले विकास गरिएको हो । यसलाई अझ राम्रो बनाउन प्रयोगकर्ताका सुझाव भए केन्द्रको समन्वय तथा सम्पादन शाखामा उपलब्ध गराउनुहुन अनुरोध छ । )

# हाम्रो भनाइ

शिक्षण एउटा कला हो । पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यही पाठ्यपुस्तकको सफल र अर्थपूर्ण कार्यान्वयनका लागि शिक्षकलाई सहजीकरण गर्ने सामग्री शिक्षक निर्देशिका हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यी सबै पक्षको सहज प्राप्तिका लागि शिक्षण गर्न शिक्षक(लाई उचित निर्देशन दिने कार्य शिक्षक निर्देशिकाले गर्ने भएकाल सोको प्रभावकारी कार्यान्वयनका लागि यस निर्देशिकाको विकास गरिएको हो ।

यस शिक्षक निर्देशिकाको लेखन तथा सम्पादन श्री राजेन्द्र रिमाल, श्री प्रतिमा दुलाल, श्री दामोदर दाहाल, श्री चिनाकुमारी निरौला र श्री इन्दु खनालबाट भएको हो । निर्देशिकालाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री वैकुण्ठप्रसाद अर्याल र विषय समितिका पदाधिकारी प्रा.डा. गोपीन्द्रकुमार पौडेल, डा. धनप्रसाद सुवेदी, डा. केशव भुसाल, डा. जानुका नेपाल, डा. सीता सुवेदी पन्थी, श्री बुद्धिसागर अधिकारी र टुकराज अधिकारीको योगदान रहेको छ । यस निर्देशिकाको कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यस निर्देशिकाको विकास तथा सम्पादन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

शिक्षक निर्देशिका शिक्षकलाई कार्यगत प्रशिक्षण दिने र सिकाइ सहजीकरण प्रक्रियामा नवीन प्रविधिसँग सधैँ सक्रिय राख्ने पूरक सामग्री हो । यसमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइ सक्षकता, सिकाइ उपलब्धि, विषयवस्तुको विश्लेषण तथा सिकाइ सहजीकरणका क्रममा शिक्षकले अपनाउनुपर्ने विधि र तरिका उल्लेख गरिएको छ । यसबाट सिकाइ बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित हुने अपेक्षा गरिएको छ । यसमा दिइएका क्रियाकलापलाई शिक्षकले आधारका रूपमा उपयोग गरी उत्पादनमूलक क्रियाकलापका माध्यमबाट विद्यार्थीको ज्ञान, सिप र धारणको विकास गराई सिकेका विषयवस्तुलाई प्रयोगिक बनाउन सक्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकलाई निरन्तर सहयोग पुऱ्याओस् भन्ने हेतुले यस निर्देशिकाको विकास गरिएको छ । कक्षामा सबै प्रकारका क्षमता भएका विद्यार्थीको सिकाइ उपलब्धिलाई वैयक्तिक रूपमै आ(कलन गर्न सहज होस भन्ने ध्येय यस निर्देशिकाको रहेको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा यस निर्देशिकाले गरेको छ । यस निर्देशिकालाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र

# शिक्षक निर्देशिका प्रयोग गर्दा ध्यान पुऱ्याउनु पर्ने पक्ष

पृष्ठभूमि

नेपाली विषय कक्षा ७ को यो शिक्षक निर्देशिका शिक्षकलाई नेपाली विषयको पाठ्यक्रम तथा पाठ्यसामग्रीको सिकाइ सहजीकरणका लागि मर्गदर्शन गर्ने सामग्री हो । यसको प्रयोगले शिक्षकमा पाठ्यक्रम तथा पाठ्यसामग्रीमा रहेका विषयवस्तुको सहजीकरण गर्ने नवीन पद्धति उजागर हुन्छ । यसमा पाठ्यसामग्रीका प्रत्येक पाठका क्रियाकलाप सहजीकरण गराउनका लागि पाठगत परिचय, सिकाइ उपलब्धि, विषयवस्तुको सत्रगत योजना, सुरुआती क्रियाकलाप, विषयवस्तु सम्बद्ध क्रियाकलाप र मूल्याङ्कन खण्डका क्रियाकलाप दिइएको छ । नेपाली विषयको कक्षा ७ को यो शिक्षक निर्देशिका प्रयोग गर्नुपूर्व पृष्ठभूमि खण्डमा दिइएका सबै पक्ष अध्ययन गर्नुहोस् ।

१. नेपाली विषयको कक्षा ७ को पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिप विकासमा केन्द्रित शब्दभण्डार, भाषिक संरचना र वर्णविन्यास, भाषिक प्रकार्यलाई समेत ध्यान दिइएको छ र शिक्षक निर्देशिकाले यिनै क्रियाकलापमा आधारित भएर सहजीकरण क्रियाकलाप योजना तथा सिकाइ विधिका विभिन्न क्रियाकलाप प्रस्ताव गरेको छ । यो एउटा नमुना मात्र हो । शिक्षक वर्ग लामो समयदेखि कक्षाकोठाम शिक्षण अनुभव गरिर हनु भएको हुँदा यसमा मात्र सीमित नभई विभिन्न विधि र रणनीति अवलम्बन गरेर सिकाइलाई प्रभावकारी भूमिका निर्वाहमा अग्रसर हुनुहोस् ।

२. यहाँ प्रस्तुत गरिएका क्रियाकलाप सामान्यत औसत विद्यार्थीलाई आधार मानी तयार गरिएको छ । यद्यपि हाम्रा कक्षा कोठाको स्वरूप फरक फरक हुन सक्छ । जस्तै मातृभाषा नेपाली हुने, दोस्रो भाषाका रूपमा नेपाली सिक्ने, विभिन्न प्रकृतिका अपाङ्गता भएका, फरक फरक सामाजिक पृष्ठभूमिबाट आएका आदि आदि । त्यसैले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आफ्नो कक्षाकोठाको विशेषतालाई पहिचान गरी शिक्षण तथा मूल्याङ्कन विधिमा समेत विविधता ल्याई सहजीकरण गर्नुहोस् ।

३. हाल विद्यमान पाठ्यक्रम सक्षमतामा आधारित रहेको र यो व्यक्तिको व्यवहार पक्षसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले शिक्षणका विषयवस्तुका साथै सिकाइ विधि व्यवहारकुशल सिप विकासका लागि बढी महत्वपूर्ण मानिन्छ । कक्षाकोठमा हुने सिकाइ विधिमा विविधता र सान्दर्भिकता व्यक्तिको सक्षमता विकासको आधार मानिएको छ । तसर्थ प्रस्तावित क्रियाकलापमा मात्र सीमित नभई विषयवस्तुअनुसार विधिको चयन र प्रयोग पक्षमा विशेष रूपमा शिक्षकको थप भूमिकाको अपेक्षा गरिएको छ ।

४. दैनिक सिकाइ क्रियाकलापले अनुभवलाई अझ निखार्दै लैजान सहयोग पुऱ्याउने र सिकाइका नयाँ नयाँ विधि पहिचान र प्रयोग गर्न सहयोग पुऱ्याँउने हुँदा दैनिक सिकाइको प्रतिविम्बन

लेखन गर्ने र यसलाई निरन्तरता दिने प्रयास गर्नुहोस् ।

.५. पाठ्यक्रममा समावेश गरिएका प्रत्येक क्रियाकलाप गराउँदा सिकारुको सिकाइ सहभागितामा विशेष ख्याल गर्नुहोस् । यसका लागि सिकाइमा जिज्ञासा राखे नराखेको, समूह छलफल र अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिए नलिएको, आफ्ना विचार सहज तरिकाले प्रस्तुत गरे नगरेको तथा दिइएका सम्पूर्ण कार्यमा स्वयम्को अग्रसरता रहे नरहेकोसमेतलाई ख्याल गरी सिकाइ प्रक्रियामा सहभागी गराउनुहोस्

६. कक्षाकोठाको बसाइ व्यवस्थापन, सिकारुको सिकाइको अवस्थाअनुरूप सिकाइ रणनीतिको उपयोग र सुधारात्मक सिकाइ सहजीकरण अवलम्बन गर्न सहज हुने गरी गर्नुहोस् ।

७. विद्यार्थीलाई सिकाइमा सक्रिय बनाई राख्न कक्षामा सिकाइ स्तर समूह पहिचान गरी यस्ता समूहलाई समूहगत सिकाइका लागि परिचालन गर्नुहोस् साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको सिकाइ स्तरलगायतका आधारमा क्रमिक सिकाइ रणनीति (म गर्छु, हामी गर्छौं, तपाइँ गर्नुहोस् ) लाई उपयोग गर्नुहोस् ।

८. विषयवस्तुको प्रकृतिअनुसार विषयवस्तु सहजीकरणको आरम्भ, विस्तार र समापन योजना तय गर्नुहोस् । यसका लागि तत्परता विकाससम्बन्धी क्रियाकलाप, ज्ञान आर्जनसम्बन्धी क्रियाकलाप, सिप विकाससम्बन्धी क्रियाकलाप, अभिवृत्ति विकाससम्बन्धी क्रियाकलाप, मूल्य मान्यता विकाससम्बन्धी क्रियाकलाप, (छलफल, समूह कार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य, प्रश्नोत्तर आदि) गराउनुहोस् ।

९. पूर्वपठनका रूपमा आएका चित्रात्मक तथा सन्दर्भगत क्रियाकलाप पाठ सुरु गर्नुपूर्व विद्यार्थीको मस्तिष्क मन्थनका लागि आएकाले विद्यार्थीको सोविषयस्तुसँग सम्बन्धित पूर्वज्ञान, अनुमान गर्न सक्ने क्षमतालाई मूल पाठमा आएका विषयवस्तुसँग जोड्ने क्षमता विकासका लागि आएकाले सोही मर्मअनुसार क्रियाकलाप गराउनुहोस् ।

१०. भाषिक प्रकार्यका अभ्यास गराउँदा विद्यार्थीमा सन्दर्भपरक स्वभाषिक प्रस्तुतिमा जोड दिनुहोस् । यसमा विद्यार्थीको व्यक्तिगत भाषिक पक्ष महत्त्वपूर्ण हुने भएकाले प्रथम पुरुष एकवचनमा आफ्ना विषयसम्बद्ध विचार प्रस्तुत गर्ने अवसर दिनुहोस् । भाषिक प्रकार्यको अभ्यास संवादात्मक रूपमा समूहमा गराउँदा पनि व्यक्ति केन्द्रित प्रथम पुरुष र एकवचनमा प्रस्तुत गर्न लगाउनुहोस् ।

११. सिर्जनानात्मक कार्य गराउँदा भाषिक उत्पादन र पुनरुत्पादनमा जोड दिनुहोस् । यसका लागि एक सन्दर्भ वा परिवेशमा सिकिएका विषयवस्तु उस्तै मिल्दो सन्दर्भ वा परिवेशमा प्रयोग गर्न प्रवृत्त गराउनुहोस् । यसका लागि मौलिक प्रस्तुतिलाई प्राथमिकता दिनुहोस् ।

१२. परियोजना कार्य भाषिक सिप विकासका लागि खोज तथा अनुसन्धानमूलक विषयवस्तु भएकाले विषयवस्तुको प्रकृति र आवश्यकतानुसार एकल, युगल वा समूहमा सिकाइ गर्ने अवसर प्रदान गर्नुहोस् । परियोजना कार्यका लागि विद्यालय पुस्तकालय, साझा सञ्जाल र परिवार वा समुदायलाई सिकाइ थलोका रूपमा उपयोग गर्नुहोस् ।

१३. पाठ्यक्रम तथा पाठ्यसामग्रीमा गहन पठन र विषयवस्तुको बुझाइका लागि प्रश्न निर्माण, पाठगत संरचनाको ज्ञान जस्तै पाठभित्रका अनुच्छेद संरचना, वाक्य संरचनाका पहिचानका लागि दिइएको सन्दर्भमा जोड दिएर प्रस्तुत अंशले भन्न खोजेका कुरा आदि, मध्य र अन्त्यको संरचनामा व्यक्त गर्ने प्रयोजनका लागि व्याख्या खण्ड राखिएकाले सोही मर्मअनुसार क्रियाकलाप गराउनुहोस् ।

१४. सुनाइ तथा बोलाइ सिपको विकासका लागि मूल पाठका साथै सुनाइ पाठ राखिएकाले केन्द्रको वेबसाइट www.moecdc.gov.np मा राखिएका श्रव्य पाठ सुनाएर पाठगत प्रश्नोत्तर अनिवार्य रूपमा गराउनुहोस् ।

१५. क्रियाकलापका क्रममा कुनै विद्यार्थीमा भाषिक तथा अभिव्यक्तिगत समस्या पाइएमा थप सिकाइको अवसर दिएर पुनर्बल प्रदान गर्नुहोस् ।

१६. आन्तरिक मूल्याङ्कनका लागि विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्यालाई सिकाइ सहजीकरणकै क्रममा उपयोग गर्नुहोस् । सिकाइसँगै गरिने मूल्याङ्कनमा निम्न, सामान्य, राम्रो र उत्कृष्ट यी चार स्तरलाई मनन गरी चौथो वा तेस्रो स्तर प्राप्त गर्न नसकेका विद्यार्थीलाई सन्दर्भ सामग्रीको समेत उपयोग गर्दै थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस अवस्थामा विद्यार्थीको रुचिलाई ख्याल गर्दै जानेका विद्यार्थीलाई थप अभ्यास वा सहपाठी शिक्षणको अवसर दिई सिकाइ सबलीकरण एवम् सुधार आवश्यक भएका विद्यार्थीलाई सुधारात्मक सिकाइको अवसर प्रदान गर्नुहोस् ।

# विषयसूची


| पाठ | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| पाठ १ | मेरो देश | १ |
| पाठ २ | तितो बोली सच्चा गुण | २७ |
| पाठ ३ | स्वरोजगारीको महत्त्व | ४९ |
| पाठ ४ | साहित्यकार भूपि शेरचन | ७५ |
| पाठ ५ | स्वस्थ जीवनका लागि योग | ९५ |
| पाठ ६ | भाइलाई चिठी | १२१ |
| पाठ ७ | परिकल्पना | १३९ |
| पाठ ८ | सिर्जनाका कोपिला | १५८ |
| पाठ ९ | आमा | १८४ |
| पाठ १० | अवसरको सदुपयोग | २०६ |
| पाठ ११ | अबोध | २३२ |
| पाठ १२ | मदर टेरेसा | २५३ |
| पाठ १३ | ज्येष्ठ नागरिकहरूप्रति हाम्रो दायित्व | २७३ |
| पाठ १४ | काली गण्डकीको किनारै किनार | २९७ |
| पाठ १५ | वसन्त | ३२७ |
| पाठ १६ | गुरुको सम्मान | ३४९ |
| पाठ १७ | स्थायी बास | ३६७ |

पाठ १

# मेरो देश

**विधा : कविता** **कार्यघण्टा : १०**

## परिचय

कवि दैवज्ञराज न्यौपानेद्वारा रचित 'मेरो देश' देशभक्तिपूर्ण भावले भरिएको कविता हो । विद्यार्थीमा आनन्दानुभूति प्राप्त गराउनु, काव्यिक भाषाको बोध तथा सम्प्रेषणीय अभिव्यक्ति प्रदान गर्नु, शब्दभण्डार वृद्धि गर्नु, साहित्यप्रति अभिरुचि बढाउनु, विविध भाषाशैलीगत अनुभव प्राप्त गर्नु कविता शिक्षणको प्रमुख उद्देश्य हो । तसर्थ कविता शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । कविता अनुभूतिप्रधान साहित्यिक विधा हो ।

यस विधाको शिक्षणमा शिक्षकले विशेष ख्याल गर्नुपर्छ । पाठ्यक्रमले राखेका उद्देश्यलाई पूरा गर्ने किसिमका विधि, प्रक्रिया अवलम्बन गरी शिक्षण गरेमा कविता शिक्षण प्रभावकारी हुन्छ । व्याख्यान, प्रश्नोत्तर, छलफल तथा प्रस्तुतीकरण जस्ता विधिको प्रयोग गरी शिक्षण गर्दा कविता रसिलो, बोधगम्य र आस्वादनीय बन्न पुग्छ । साथै कक्षा उपयोगी र व्यावहारिक बन्छ । यसबाट विद्यार्थीलाई विषयवस्तुको अनुमान तथा कल्पना, विषयवस्तुमा आधारित छलफल, प्रश्न निर्माण र श्रुति वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । लयबद्ध पठन, पाठ्य कविताको संरचना पहिचान र सन्दर्भ बोध तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत श्रुतिलेखन, गद्यमा रूपान्तरण, शब्दभरण, प्रश्नोत्तर र भावलेखन, व्याख्यालगायत पक्षमा ध्यान दिन आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत पर्यायवाची शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत नाम शब्दको पुनरावृत्ति, सर्वनाम शब्दको पहिचान र प्रयोग, सर्वनाम पदको नाम तथा क्रियापदसँग सङ्गति र प्रयोगका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकारको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा विनम्रतासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत कविता सिर्जना तथा समुदायमा प्रचलित कुनै गीत वा कविता खोजी कक्षामा प्रस्तुत गर्न लगाउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएको सुनाइ पाठ १ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउन सकिन्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध<br>• छलफल<br>• श्रुतिबोध | • पूर्व पठन खण्ड र मूल पाठमा समाविष्ट चित्र अध्ययन गरी बोध गर्न<br>• चित्रमा आधारित भएर अनुमान तथा कल्पना गर्न<br>• सुनेका विषयवस्तुको श्रुतिबोध गरी वर्णन गर्न | • पूर्व पठन खण्डका चित्र<br>• मूल पाठ खण्डका चित्र<br>• नेपालका भौगोलिक, सांस्कृतिक, जातीय विविधता झल्काउने तस्बिर<br>• स्वदेशगान |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कक्षा ६ बाट सफल भई कक्षा ७ मा प्रवेश गरेका विद्यार्थीलाई स्वागत गर्नुहोस् र विद्यार्थीलाई पनि एकआपसमा परिचय गरी स्वागत आदानप्रदान गर्न लगाउनुहोस् ।

(आ) यो शैक्षिक सत्रमा गर्नुपर्ने पढाइ लेखाइ तथा जिम्मेवारीसम्बन्धी गतिविधिको प्रभावकारी ढङ्गबाट विद्यार्थीलाई अभिमुखीकरण गराउनुहोस् ।

(इ) विद्यार्थीका सिर्जनात्मक प्रतिभाको कदर गरी पाठप्रति अभिरुचि जगाउनुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे प्रस्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) सम्भव भएसम्म प्रोजेक्टरमार्फत पूर्व पठन खण्डका हिमाल, पहाड, तराईसँग सम्बन्धित तस्बिर र वृत्तचित्र प्रदर्शन गर्नुहोस् ।

(आ) विद्यार्थीलाई (हिमाल, पहाड, तराई) समूहमा विभाजन गरी चित्रका बारेमा छलफल गर ाउनुहोस् ।

(इ) तस्बिरका बारेमा व्यक्तिगत धारणा राख्न चाहने विद्यार्थीलाई मौका दिनुहोस् । छलफलमा आएका सान्दर्भिक तथ्यलाई पाठसँग जोड्दै निष्कर्ष सुनाउनुहोस् ।

(ई) विद्यार्थीलाई मूल पाठ खण्डको तस्बिरका बारेमा सामूहिक रूपमै छलफल गराउनुहोस् र यसले हाम्रो देशको विविध सांस्कृतिक, प्राकृतिक र भौगोलिक पक्षलाई सङ्केत गरेको कुरा निष्कर्षका रूपमा शिक्षकले बताइदिनुहोस् ।

(उ) नेपालको प्रकृति, भूगोल र संस्कृति झल्काउने तस्बिर प्रदर्शन गरी नेपालको परिचय सम्बन्धमा छलफल गराउनुहोस् ।

**उदाहरण**

हिमालका : हिउँचुली, सूर्योदय, पहिरन

पहाडका : हरिया वनजङ्गल, पाखा पखेरा, मठ मन्दिर

तराईका : बाली झुलेका फाँट, बाटो घाटो

(ऊ) नेपाललाई चिनाउने अन्य विषय क्षेत्रसम्बन्धी छलफल गराउनुहोस् र विद्यार्थीलाई उनीहरूका धारणा सुनाउन लगाउनुहोस् ।

(ऋ) नेपालको विविधता झल्किने स्वदेशगानहरू अडियोमार्फत सुनाउनुहोस् ।

(ए) स्वदेशगान सुनेपछि मनमा उब्जेका विचार बुँदागत रूपमा भन्न लगाउनुहोस् ।

(ऐ) कक्षाकोठामा विविधता व्यवस्थापन गर्दै फरक क्षमता र स्तर भएका विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको तस्बिर अध्ययन गरी मौखिक वर्णन गर्न लगाउनुहोस् ।



(ख) शिक्षकले एउटा स्वदेशगान सुनाएर सुनेकै आधारमा वर्णन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविताको लयबद्ध पठनकविताको संरचना पहिचान (उच्चारण र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • गीति कवितालाई लययबद्ध वाचन गर्न<br>• शब्दको सही उच्चारण गर्न<br>• कविताको संरचना पहिचान गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • श्लोकपत्ती<br>• श्रव्य सामग्री<br>• कविताका संरचनाका नमुना<br>• शब्दार्थपत्ती<br>• प्रश्नोत्तरका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै कविताका श्लोक, चुट्किला, उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका चुट्किला, लघुकथा, गीत, कविता भन्ने मौका दिई उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) गीतिकविता वाचन गर्न विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । वाचनका क्रममा लय मिले नमिलेको ख्याल गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) पाठ्य गीति कविताका केही श्लोक श्लोकपत्तीका माध्यमबाट प्रदर्शन गरी लोकलय (सवाई) को नियम अनुसार लयबद्ध वाचन गरेर सुनाउनुहोस्, जस्तैः

कर्मवीर नेपालीको कर्म चिन्ने देश
हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश ।

(इ) सवाई छन्दको यस कवितामा प्रत्येक पाउमा चौध अक्षरको संरचना रहेको छ । तिनलाई ख्याल गर्नुपर्ने जानकारीसहित वाचन अभ्यास गराउनुहोस्, जस्तै : ४ + ४+ ४ + २ को विश्राम हुनुपर्ने जानकारी गराई अभ्यास गराउनुहोस् । सवाई छन्द लोकलयकै एक भेद हो भन्ने जानकारी दिँदै फरक फरक लयमा गाउनुहोस् । यस क्रममा पाठ्य कविताको नमुनावाचन मोबाइलमा रेकर्ड गरेर वा इन्टरनेटबाट डाउनलोड गरेका श्रव्य सामग्रीको

प्रयोग गरेर सुनाउन सक्नुहुने छ ।

(ई) पाठ्य कवितालाई आफूसहित विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा क्रमशः विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी वाचन अभ्यास गराउनुहोस् । युगल र एकल वाचनको अभ्यास पनि गराउनुहोस् । विद्यार्थीलाई समूहमा फरक फरक लयको अभ्यास पनि गराउनुहोस् ।

(उ) (हिउँचुली) शब्दमा तीन अक्षरको उच्चारण, (पहिलो) शब्दमा तीन अक्षरको उच्चारण हुने पक्षलाई पुनरावृत्ति गराउनुहोस् ।

(ऊ) सवाई छन्द १३., १४, १५ अक्षर जति पनि हुन सक्ने । तर यो कविता १४ अक्षर भएकाले सोही अनुसारको वाचन गर्नुपर्ने जानकारी गराउनुहोस् । सवाई छन्दका कविताको संरचना जनाउने तालिका प्रदर्शन गरी विद्यार्थीलाई कविताको प्रत्येक पाउमा छलफल गराई अक्षर गनेर संरचना प्रस्ट पार्नुहोस् ।

(ऋ) विद्यार्थीलाई नयाँ लागेका शब्द जस्तै : कर्मवीर, बुद्ध, हिउँचुली, पशुपन्छी जस्ता शब्दको उच्चारण अभ्यास गराउनुहोस् । यसका लागि शब्दपत्तीको प्रयोग गर्नुहोस्, जस्तै :

| | |
|---|---|
| कर्मवीर = /कर्.म.बिर्, | बुद्ध = /बुद्.ध, |
| हिउँचुली = /हि.उँ.चु.लि/, | पशुपन्छी = /प.सु.पन्.छि/ |

(ए) कुनै शब्दको अर्थमा समस्या भएमा रेखाङ्कन गरी टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा प्रस्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| वेद | हिन्दु धर्मको ग्रन्थ |
| झुल्का | ज्योति प्रकाश |
| घर्ती | पृथ्वी |
| उँभो | माथितिर |

(ऐ) अर्थ स्पष्ट भएपछि तिनै शब्दलाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । यस क्रियाकलापको सहजीकरणका लागि वाक्यपत्तीको प्रयोग गर्नुहोस्, जस्तैः

| | |
|---|---|
| झुल्का | घामको पहिलो झुल्का हिउँचुलीमा ठोकिन्छ । |

(ओ) पाठ्य कविताका आधारमा निर्माण गरिएका बोध प्रश्नोत्तरको सूची प्रदर्शन गर्नुहोस् र तिनको उत्तर भन्ने वा लेख्ने अभ्यास गराउनुहोस्, जस्तै :

प्रश्न : सृष्टिको पहिलो बास चुन्ने को हुन् ?

उत्तर : सृष्टिको पहिलो बास चुन्ने शङ्कर हुन् ।

प्रश्न : चेतनाको पहिलो ज्योति केले छर्थे ?

उत्तर : चेतनाको पहिलो ज्योति वेदबोलीले छर्थे ।

(औ) प्रश्नोत्तरको अभ्यासका लागि क्रियाकलाप १४ मा भएअनुसारका प्रश्नोत्तर लेखनका नमुना प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

३. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

(ख) हिउँचुली, वेद, झुल्का शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) उँधो हेर्दा के देखिन्छ ?

(आ) नेपालीलाई किन कर्मवीर भनिन्छ ?

(इ) नदीनाला कहिले कहिले बोल्छन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविताको लयवद्ध पठन (पुनरावृत्ति)<br>• शब्दभण्डार (शब्दार्थ, पर्यायवाची शब्द र वाक्य रचना)<br>• कविता पुरण<br>• बोध प्रश्नोत्तर | • गीति कवितालाई लयबद्ध वाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • श्लोक पत्ती<br>• कविता वाचनको अडियो/ भिडियो<br>• शब्दार्थ पत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **सुरुआती क्रियाकलाप**

(अ) कक्षामा आवश्यकताअनुसार मनोरञ्जनात्मक वातावरण सिर्जना गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) सवाई छन्दका अन्य कविताका केही श्लोक आफू पनि वाचन गर्नुहोस् र विद्यार्थीलाई पनि अवसर दिनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे प्रस्ट पार्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठ्य कविताको १/२ ओटा श्लोक गति, यति, लय र हाउभाउसहित वाचन गर्न लगाई लयबद्ध पठन पुनरावृत्ति गराउनुहोस् ।

(आ) लोक लयकै एउटा प्रकार सवाई छन्दको नियमको पुनः जानकारी गराई सम्भव भएसम्म श्रव्य वा श्रव्यदृश्य सामग्रीका माध्यमबाट लयबद्ध वाचनको अभ्यास गराउनुहोस् ।

(इ) सवाई छन्दलाई फरकफरक लयमा गाउन सकिने तथ्यको पुनरावृत्ति गराई प्रतिनिधि श्लोक फरक फरक लयमा वाचन गराउनुहोस् ।

(ई) कविताको लयबद्ध वाचनकै क्रममा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाटै अर्थ खोजी गर्नुहोस् । अन्त्यमा शब्दार्थ पत्ती देखाएर शब्दको अर्थ प्रस्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| उँधो | तलतिर |
| ठिक्क | घटीबढी नभएको |

(उ) धर्ती : पृथ्वी, प्रीति : माया शब्द पर्यायवाची शब्द हुन् भन्ने जानकारी गराउनुहोस् र शब्दभण्डार खण्डको २ र ३. को अभ्यास गराउनुहोस् ।

(ऊ) शब्दका अर्थबोध भइसकेपछि विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास ४ का आधारमा वाक्यमा प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् । यसका लागि केही उदाहरण वाक्यपत्तीका माध्यमबाट प्रस्ट पार्नुहोस्, जस्तै :

कर्मवीर : नेपाली विश्वमा नै कर्मवीर भनेर चिनिन्छन् ।

(ऋ) बोध र अभिव्यक्तिको अभ्यास ६ का आधारमा छुटेका शब्द भरी कविता पुरण गराउनुहोस्, जस्तै :

शङ्करले बास चुने पहिलो सृष्टि खोली
चेतनाको पहिलो ज्योति छर्थे वेद बोली
ज्ञानभूमि जनकको बुद्ध बोल्ने देश
हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश

(ए) कविताको कुनै श्लोकबाट शब्द झिकी कविता पुनर्लेखनको थप अभ्यास गराउनुहोस् ।

(ऐ) बोध अभिव्यक्ति खण्डको अभ्यास ३. का आधारमा उत्तर भन्न लगाउनुहोस् । यसमा प्रश्नको संरचनाअनुसार उत्तर ख्याल गर्न लगाई उत्तर भन्न लगाउनुहोस् र आवश्यकतानुसार प्रश्नोत्तरसूचीको प्रयोग पनि गर्नुहोस्, जस्तै :

(क) कविताको एक हरफमा कति अक्षर छन् ?

उत्तर: कविताको एक हरफमा १४ अक्षर छन् ।

(ख) नेपाललाई कसले ज्ञानभूमि बनाए ?

उत्तर : नेपाललाई बुद्धले ज्ञानभूमि बनाए ।

(ओ) विद्यार्थीले प्रश्नका उत्तर दिँदा मिले नमिलेको ख्याल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।

ज्योति, हिउँचुली, प्रीति, घामछाया

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) सृष्टिको पहिलो बास चुन्ने को हुन् ?

(आ) कवितामा केले प्रीति सच्छन् भनिएको छ ?

(इ) नदीनाला कहिले कहिले बोल्छन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार<br>• मूल भाव | • पर्यायवाची शब्द पहिचान गर्न<br>• पर्यायवाची शब्द सही ढङ्गले प्रयोग गर्न<br>• पर्यायवाची शब्दबीच जोडा मिलाउन<br>• पर्यायवाची शब्द पहिचान गरी लेख्न<br>• वाक्यमा प्रयोग गर्न<br>• पाठ्य कविताका आधारमा मूलभाव लेख्न | • शब्दपत्ती<br>• पर्यायवाची शब्द सूची<br>• वाक्यपत्ती<br>• मूलभाव समेटिएका विषयवस्तुको बुँदा<br>• मूल भावको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) केही पर्यायवाची शब्द प्रयोग गरी तीसँग सम्बन्धित अन्य शब्द भन्न लगाई विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापको छोटो पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पृथ्वी, आकाश, पानी, जमिन नाम दिएर विभिन्न समावेशी समूहमा विभाजन गर्नुहोस् । शब्दभण्डार खण्डको अभ्यास १ मा भएका पदावलीका नमुना प्रदर्शन गरी पाठबाट शब्द पहिचान गर्न समूहलाई जिम्मा दिनुहोस् ।

(आ) विद्यार्थीले पत्ता लगाएका शब्द शैक्षणिक पाटीमा टिप्दै जानुहोस्, जस्तैः

(क) तत्कालीन मिथिला राज्यका नरेश : जनक

(ख) आध्यात्मिक ज्ञान आदिका मूल स्रोत मानिएको ग्रन्थ : वेद

(इ) कुन समूहले सक्रियता जनाएको छ ख्याल गरी आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् । अन्त्यमा शैक्षणिक पाटीमा सबै अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीका समूहलाई शब्दभण्डारअन्तर्गत अभ्यास कापीमा गर्न लगाउनुहोस् । सबैभन्दा पहिले गर्ने समूहलाई पुरस्कृत गर्नुहोस् । सहयोग आवश्यक पर्ने विद्यार्थीलाई ध्यान दिनुहोस् । अन्त्यमा तालिकाबाट विद्यार्थीमार्फत जोडा मिलाउन लगाई पर्यायवाची शब्दसूचीको प्रयोग गरी थप प्रस्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| पहिलो : | प्रथम |
| कर्म : | काम |
| बास : | घर |
| धर्ती : | पृथ्वी |
| प्रीति : | माया |
| देश : | मुलुक |

(उ) समूहकार्य गरिसकेपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऊ) विद्यार्थी समूहलाई अभ्यास ३. का आधारमा उस्तै अर्थ दिने दुई दुईओटा शब्द कापीमा लेख्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई सहयोगको वातावरण मिलाउनुहोस् ।

विद्यार्थीले लेखिसकेपछि कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । आफूले पनि कापी परीक्षण गर्नुहोस् ।

(ऋ) विद्यार्थीमध्येबाटै सही उत्तर लेख्ने विद्यार्थीलाई शैक्षणिक पाटीमा लेख्न लगाई साथी साथी( बिच सहजीकरण गराइदिनुहोस्, जस्तै

| | |
|---|---|
| हावा : समीर, पवन | आँखा : नयन, चक्षु |
| आमा : जननी, माता | नयाँ : नवीन, नूतन |

(ए) पर्यायवाची शब्दमा स्पष्ट धारणा दिनका लागि विभिन्न पर्यायवाची शब्द समूह सङ्कलन गरी हाजिरीजवाफ प्रतियोगिता पनि गराउन सक्नुहुन्छ ।

(ऐ) पर्यायवाची शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गराउने अभ्यास पनि गराउनुहोस् । यस क्रियाकलापका लागि वाक्यपत्तीको प्रयोग गर्नु सान्दर्भिक देखिन्छ ।

(ओ) विद्यार्थीलाई विभिन्न समावेशी समूह बनाई पाठ्य कविता मनमनै पढ्न लगाउनुहोस् र त्यस कवितामा भएका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् र विद्यार्थीले महत्त्वपूर्ण विषयवस्तु टिपोट गर्न सके नसकेको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् । विषयवस्तु टिपोटको काम सकिएपछि विद्यार्थी समूहलाई पालैपालो सुनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषणसहित आफूले टिपोट गरेर ल्याएका घटनाको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

**'मेरो देश' कविताको मुख्य विषयवस्तुका बुँदा**

- 'मेरो देश' शीर्षकको कविता कवि दैवज्ञराज न्यौपानेद्वारा लिखित कविता
- राष्ट्रप्रेमको भावनाले ओतप्रोत कविता
- कविले नेपालको भौगोलिक र प्राकृतिक विविधताको माध्यमबाट नेपाललाई सुन्दर राष्ट्रका रूपमा चिनाएका
- कविले यस कवितामा नेपाललाई ज्ञानभूमि र कर्मवीरहरूको कर्मभूमिका रूपमा समेत चिनाएका
- नेपाल कर्मवीरहरूको कर्मभूमिका रूपमा रहेको
- पौराणिक भूमिका रूपमा रहेको यस देशमा शङ्करले पहिलो सृष्टि खोलेका र वेद बोलीले चेतनाको पहिलो ज्योति छरेका, बुद्ध र जनक जस्ता महामानवहरूको ज्ञानभूमि तथा शान्तिभूमिका रूपमा रहेको
- नेपालीहरूको जात र नाम नेपाली नै भएको

- कविले नेपाललाई हिउँचुलीको पहिलो झुल्का पर्ने पहिलो राष्ट्रका रूपमा वर्णन गरेका
- लेकबेँसी, पहाड, तराई भौगोलिक विविधता भएको यस देशमा सबै एकआपसमा प्रीति गाँसेर बसेको कुरा कविले कवितामा उल्लेख गरेका
- यहाँको ढुङ्गामाटो, नदीनाला सबै बोल्ने गर्छन् भन्दै कविले इन्द्रधनु जस्तै राम्रो घाम( छायाको सुन्दर देश नेपाल नै मेरो देश हो भन्ने कुरा कवितामा उल्लेख गरेका
- यिनै महत्त्वका वस्तुले हामीलाई नेपाली र हाम्रो यस पवित्र देशलाई नेपाल भनेर विश्वमा चिनिन सफल भएका

(औ) टिपोट गरिएका मुख्य विषयवस्तुलाई समेटेर मूलभाव लेख्ने तरिका र मूलभावको संरचनाको बारेमा आवश्यक छलफल गराउनुहोस् र आफूले तयार पारी ल्याएको मूलभावको नमुना प्रस्तुत गर्नुहोस्, जस्तै :

**'मेरो देश' कविताको मूलभाव लेख्नुहोस् ।**

**उत्तर** : 'मेरो देश' पाठ कवि दैवज्ञराज न्यौपानेद्वारा लिखित राष्ट्रप्रेमको भावनाले ओतप्रोत भएको कविता हो । यस कवितामा कविले नेपालको भौगोलिक र प्राकृतिक विविधताको माध्यमबाट नेपाललाई सुन्दर राष्ट्रका रूपमा चिनाएका छन् । त्यस्तै कविले यस कवितामा नेपाललाई ज्ञानभूमि र कर्मवीरहरूको कर्मभूमिका रूपमा समेत चिनाएका छन् ।

कर्मवीरहरूको कर्मभूमिका रूपमा रहेको यो देश पौराणिक भूमि हो । यहाँ शङ्करले पहिलो सृष्टि खोलेका र वेद बोलीले चेतनाको पहिलो ज्योति छरेका छन् । बुद्ध र जनकजस्ता महामानवको ज्ञानभूमि तथा शान्तिभूमिका रूपमा नेपाललाई कविले चिनाएका छन् । नेपालीहरूको जात र नाम नेपाली नै भएको कुरा उल्लेख गर्दै कविले नेपाललाई हिउँचुलीको पहिलो झुल्का पर्ने पहिलो राष्ट्रका रूपमा वर्णन गरेका छन् । लेकबेँसी, पहाड, तराई विविध भौगोलिक अवस्था भएको यस मुलुकमा विविधताभित्र एकतामा रमाउँदै प्रीति गाँसेर बसेको कुरा कविले कवितामा उल्लेख गरेका छन् । यहाँका ढुङ्गामाटो, नदीनाला सबै बोल्ने गर्छन् भन्दै कविले इन्द्रधनुजस्तै राम्रो घामछायाको सुन्दर देशका रूपमा नेपाललाई चिनाउनु नै मेरो देश कविताको मूलभाव हो ।

समग्रमा नेपाल प्राकृतिक, सांस्कृतिक, भौगोलिक तथा ऐतिहासिक महत्त्वले भरिपूर्ण स्वतन्त्र मुलुक हो । यिनै महत्त्वका वस्तुले हामीलाई नेपाली र हाम्रो यस पवित्र देशलाई नेपाल भनेर विश्वमा चिनाएका छन् भन्ने आशयलाई कविले कवितामार्फत व्यक्त गरेका छन् ।

(अ) विद्यार्थीलाई पनि समूहगत रूपमा यसै नमुनाअनुसार बोध अभिव्यक्ति खण्डको अभ्यास १० मा आधारित भई 'मेरो देश' कविताको मूलभाव लेख्न लगाउनुहोस् र विद्यार्थी समूहले तयार पारेका मूलभावलाई पालैपालो सुनाउन लगाउनुहोस् । अन्य विद्यार्थीलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउन लगाउनुहोस् :

| | |
|---|---|
| फूल | वाटिका |
| बगैँचा | कुसुम |
| समिर | इन्दु |
| चन्द्रमा | हावा |

(ख) दिइएका शब्द राखी वाक्य बनाउन लगाउनुहोस् :

कर्मवीर, सृष्टि, हिउँचुली

(ग) मेरो देश कविताको मूलभाव लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • गद्यमा रूपान्तरण<br>• बोध प्रश्नोत्तर | • कविताका पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • श्लोकपत्ती<br>• प्रश्नसूची |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै सिर्जनात्मक क्रियाकलाप गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीका सिर्जनात्मक कार्यको सम्बोधन गर्नुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुमा छोटो पुनरावृत्ति गराउनुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह विभाजन गर्नुहोस् ।

(आ) प्रत्येक समूहलाई शिक्षकद्वारा लेखिएका एउटा एउटा श्लोक दिनुहोस् ।

(इ) बोध अभिव्यक्ति खण्डको अभ्यास ७ लाई नमुनाका रूपमा लिई गद्यमा रूपान्तरण गर्ने तरिका सिकाउनुहोस् । कवितात्मक वाक्य र व्याकरणिक वाक्यबिचको फरक बारेमा बताउनुहोस् ।

(ई) गद्यमा रूपान्तरण गर्दा पदक्रम मिलाउनुपर्ने (कर्ता, कर्म, क्रिया) जानकारी दिनुहोस्, जस्तै :

कवितात्मक वाक्य : जात मेरो नेपाली हो जहाँ गए पनि ।

सामान्य वाक्य : म जहाँ गए पनि मेरो जात नेपाली हो ।

कवितात्मक वाक्य : नाम मेरो नेपाली हो जसले भने पनि ।

सामान्य वाक्य : मलाई जसले जे भने पनि मेरो नाम नेपाली हो ।

(उ) विद्यार्थीले समूहमा अभ्यास गरिसकेपछि प्रत्येक समूहको कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

(ऋ) प्रत्येक समूहमा कापी साटासाट गरी अभ्यास गर्ने मौका दिनुहोस् ।

(ए) बोध अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा कवितांश पढी प्रश्नका उत्तर दिन सिकाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई युगल समूहमा विभाजन गर्नुहोस् । युगल समूहलाई उत्तर तयार गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले तयार गरी ल्याएका प्रश्नोत्तरका नमुना प्रदर्शन गरी सिकाइका लागि सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीले तयार गरेका उत्तर जाँची पृष्ठपोषण दिनुहोस्, जस्तै :

प्रश्न : कवितांशमा के के बोल्छन् भनिएको छ ?

उत्तर : कवितामा ढुङ्गामाटो, पशुपन्छी, नदीनाला बोल्छन् भनिएको छ ।

प्रश्न : कवितांशमा देशलाई कुन रूपमा बयान गरिएको छ ?

उत्तर : कवितांशमा देशलाई इन्द्रधनु जस्तै सुन्दर घामछायाको देशका रूपमा बयान

गरिएको छ। साथै घामको पहिलो झुल्का ठोकिने मेरो देश भनेर पनि बयान गरिएको छ।

(औ) यसैगरी शिक्षकले पाठ्य कविताका अन्य श्लोकलाई आधार बनाएर प्रश्न निर्माण गरी उत्तर लेख्ने अभ्यास गराउनुहोस्। कक्षामा आवश्यकताअनुसार साथी साथीमा सहयोग गर्ने वातावरण बनाइदिनुहोस्।

## ३. मूल्याङ्कन

(क) गद्यमा भन्नुहोस् :

कर्मवीर नेपालीको कर्म चिन्ने देश

(ख) दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(अ) किन नेपाललाई बुद्ध बोल्ने देश भनिएको हो ?

(आ) चेतनाको ज्योति कसले छर्छन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस्।

# छैटौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्क्षिप्त उत्तर लेखन<br>• कविताका श्लोकको व्याख्या | • पाठ्य कविताका आधारमा प्रश्नका सङ्क्षिप्त उत्तर लेख्न<br>• कविताका प्रत्येक श्लोक व्याख्या गर्न | • नमुना उत्तर<br>• श्लोकपत्ती<br>• भावार्थ बुँदा सूची<br>• व्याख्याको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइला प्रश्नको उत्तर सोधी ध्यानाकर्षण गर्नुहोस्, जस्तै :

प्रश्न : पोखराको बिचमा के छ ?

उत्तर : पोखराको बिचमा 'ख' छ।

(आ) विद्यार्थीलाई पनि यस्ता रमाइला प्रश्न सोध्ने मौका दिनुहोस्।

(इ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस्।

(ई) आजको कक्षाको विषयवस्तुमा छलफल गर्नुहोस्।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई बोध अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस्, जस्तै :

- प्रश्नलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नको आशय बुझी उत्तर पहिचान गर्ने
- ४/५ वाक्यसम्ममा उत्तर पूरा गर्ने
- प्रश्नमा आधारित भई उत्तरको निष्कर्ष वाक्य लेख्ने

यसै क्रियाकलापमा सङ्क्षिप्त उत्तर लेखनको एउटा नमुना पनि प्रदर्शन गर्नुहोस् ।

**उत्तर लेखनको नमुना**

(क) कविले नेपालीलाई किन कर्मवीर भनेका हुन् ?

**उत्तर** : कर्मवीरको अर्थ कर्म गरेर खाने हो । नेपालीहरू स्वाभिमानमा बाँच्न चाहन्छन् । अर्काको भर नपरी स्वावलम्बी बन्न चाहन्छन् । "कर्म गर फलको आश नगर" भन्ने भनाइ नै उनीहरूको मूल मन्त्र हो । त्यसैले कविले नेपालीलाई कर्मवीर भनेका हुन् ।

(आ) विद्यार्थीलाई बोध अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेख्ने ढाँचा नबुझेका विद्यार्थीलाई साथी समूहबाट वा आफैँ सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थीले लेखेका उत्तर परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ई) व्याख्या सिकाउन कविताका कुनै श्लोक लिनुहोस् । यसका लागि श्लोकपत्तीको प्रयोग गर्नु सान्दर्भिक हुन्छ, जस्तै :

(क) पहाड र तराईले प्रीति रच्ने देश
हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश ।

(उ) बोध अभिव्यक्ति खण्डका अभ्यासका आधारमा प्रदर्शन गरिएका श्लोकमध्ये कुनै एक श्लोकको व्याख्या सिकाउन त्यस श्लोकसँग सम्बन्धित केही बुँदा तयार गर्न लगाउनुहोस् । विद्यार्थीले तयार गरेका बुँदा अध्ययन गरी थप सहजीकरणका लागि कुनै एउटा श्लोकको शिक्षकले तयार गरेका भावार्थ बुँदाका नमुना प्रदर्शन गरी सहजीकरण गर्नुहोस्, जस्तै :

माथिको श्लोकको लागि व्याख्याका बुँदा

- भौगोलिक दृष्टिले पहाड, तराई, हिमालसँग पिरती गाँसिएको
- हिमाल, पहाड, तराईका रहनसहन, संस्कार, संस्कृतिको सम्मान गरिएको
- विश्वको सर्वोच्च शिखर सगरमाथा यही भएको

- घामको पहिलो झुल्का यही झुल्कने

(ऊ) बुँदालाई आधार बनाएर पहिले विद्यार्थीलाई व्याख्या गर्न सिकाउनुहोस् । कवितामा दिइएको श्लोकको आशय र अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको सम्बन्धलाई ख्याल गर्न लगाउनुहोस् ।

(ऋ) माथिका बुँदालाई आधार बनाएर व्याख्याको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**व्याख्याको नमुना**

पहाड र तराईले प्रीति रच्ने देश

हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश ।

मेरो देश कविताको प्रस्तुत अंशमा देशको महिमा गाइएको छ । प्राकृतिक सुन्दरता र भौगोलिक विविधतालाई मुख्य विषय बनाएको यस अंशमा विश्वसामु नेपालीलाई चिनाउने आधार नै यहाँको अनुपम सौन्दर्य हो भनिएको छ । नेपाल हिमाल, पहाड, तराई मिलेर बनेको भौगोलिक विविधताको देश हो । हिमाल, पहाड, तराईमा आफ्नै किसिमका पहिचान छन् । रहनसहन, चालचलन, वेशभूषा फरक छन् । हावापानी फरक छ । आआफ्नै मौलिक संस्कार छन् । यहाँ एकले अर्काको धर्म, संस्कृति, चाडपर्व आदिको सम्मान गर्ने लचिलो परम्परा छ । यहाँ पहाडदेखि तराईसम्म पिरती गाँसिएको छ । विश्वको सर्वोच्च शिखर सगरमाथालगायत थुप्रै हिमश्रृङ्खला यहीँ विराजमान् छन् । सूर्यको पहिलो झुल्का नै हाम्रै हिउँचुलीमा ठोकिन्छ ।

प्राकृतिक सौन्दर्यको अनुपम भण्डार मेरो देश स्वर्गको टुक्रासमान छ । पहाडदेखि तराईसम्म माया, प्रेम रचिएको देश नेपाल घामको पहिलो झुल्कालाई स्पर्श गर्न सफल भएको छ । त्यसैले मेरो देशप्रति म गर्व गर्न सक्छु भन्ने भाव प्रस्तुत कवितांशमा व्यक्त गरिएको छ ।

(ए) कविताका कुनै श्लोक छानी बुँदा बनाउन लगाउनुहोस् । तिनै बुँदालाई आधार बनाएर व्याख्या गर्न सिकाउनुहोस् । बुँदा बनाउने वेलामा प्रत्येक विद्यार्थीको अवस्था पहिचान गर्नुहोस् ।

(ऐ) बुँदा बनाइसकेपछि व्याख्या गर्ने समयमा पनि आवश्यक सहजीकरण गरी व्याख्यासम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

पाठमा नेपालको भौगोलिक बनोटको कस्तो चित्रण गरिएको छ ?

(ख) दिइएको श्लोकको व्याख्या लेख्नुहोस् :

कर्मवीर नेपालीको कर्म चिन्ने देश

हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## साँतौ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • प्रश्नोत्तर<br>• भाषिक प्रकार्य (विनम्रता) | • पाठ्य कविताका आधारमा प्रश्न निर्माण गरी उत्तर भन्न<br>• कुनै विषयवस्तु वा समस्यामा केन्द्रित भई सम्बन्धित व्यक्तिलाई विनम्रता प्रकट गर्न | • श्लोकपत्ती<br>• प्रश्नपत्ती<br>• उत्तरपत्ती<br>• विनम्रतासँग सम्बन्धित संवादको नमुना वा श्रव्य तथा श्रव्यदृश्य सामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) बालमैत्री वातावरण सिर्जना गरी विद्यार्थीलाई स्वतस्फूर्त रूपमा आफ्ना लेखरचना प्रस्तुत गर्न लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरवलोकन गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुमा छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले कविताको कुनै श्लोक प्रदर्शन गराई त्यस श्लोकबाट विभिन्न बोध प्रश्न बनाउन लगाउनुहोस् । ती प्रश्नलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(आ) प्रश्न निर्माण गर्दा के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता प्रश्नवाचक सर्वनाम प्रयोग गर्ने तरिका सिकाउनहोस्, जस्तै :

ढुङ्गामाटो बोल्छन् यहाँ पशुपन्छी बोल्छन्
बाह्रैमास बाह्रैकाल नदीनाला बोल्छन्
इन्द्रधनु जस्तै राम्रो घामाछायाको देश
हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश ।

(इ) विद्यार्थीलाई समावेशी आधारमा दुई समूहमा विभाजन गरी एउटा समूहलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न ५ का आधारमा प्रश्न निर्माण गर्न लगाउनुहोस्, यसका लागि कुनै श्लोकमा आधारित भई तयार गरेका नमुना प्रश्नको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

**प्रश्नका नमुना**

- यहाँ के के बोल्छन् ?
- नदीनाला कहिले कहिले बोल्छन् ?
- किन हाम्रो देश नेपाललाई घामछायाको देश भनिएको हो ?

(ई) अर्को समूहलाई ती प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(उ) आवश्यकताअनुसार विभाजन गरिएको समूहलाई साथीले बनाएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् र थप सहजीकरणका लागि उत्तरका नमुना प्रदर्शन गर्नुहोस् ।

(ऊ) विद्यार्थीसँग विनम्रतासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । विनम्रता भनेको कुनै पनि व्यक्तिले प्रदर्शन गर्ने शिष्ट र नम्र व्यवहार हो । यो मानवीय संवेदनासँग प्रत्यक्ष जोडिएको हुन्छ त्यसैले यस्ता अनुभूतिलाई व्यक्त गर्दा मानिसका भावनात्मक र व्यावहारिक सन्दर्भलाई मिलाएर भाषिक व्यवहार गर्नुपर्छ भन्ने कुरा सिकाउनुहोस् । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् र विनम्रतासँग सम्बन्धित एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**विनम्रता**

(आमाले छोरीका लागि कपडा किन्न बजार जाने कुरा बताएपछि आमा र छोरीबिचमा विनम्रतापूर्वक गरिएको संवादको एक अंश)

छोरी : आमा, भोलि बजार जाने भन्दै हुनुहुन्थ्यो नि ? के काम छ र बजारमा ?

आमा : तिम्रा लागि जाडाका कपडा किन्नुपर्ने छ नि त ।

छोरी : किन चाहियो र आमा कपडा ? पोहर सालकै कपडा छन् नि मेरो त । बरु बहिनीलाई चाहिएको छ, नयाँ कपडा त ।

आमा : त्यही त, हेर न बहिनीलाई पनि चाहिने छ, कपडा त, मसँग धेरै पैसा पनि छैन ।

छोरी : आमा ! भइहाल्यो नि त यसपाली मलाई कपडा चाहिँदैन, बहिनीलाई मात्र किनिदिनुस् न । म पोहर सालकै लगाउँला ।

आमा : तिमी कति ज्ञानी छ्यौ छोरी, आफ्ना आवश्यकता कहिल्यै देखाउँदिनौ । मलाई जति पनि छन् भन्छ्यौ । भाइबहिनीलाई नै छैन होला भन्ठान्छ्यौ । परिवारको आर्थिक अवस्थाको भित्री कुरा पनि सजिलै बुझ्छ्यौ । मेरी सारै ज्ञानी छोरी तिमी त ।

छोरी : बुबा अफिसबाट आउनुभयो । चिया बनाएर दिन्छु आमा । हजुर बस्दै गर्नुहोस् है ।

आमा : हुन्छ छोरी ! बरु हामी सबैलाई चिया बनाऊ न त । सबै जना सँगै बसेर चिया पिऔँला ।

(ऋ) यस्तै किसिमको उदाहरण प्रयोग गरी विनम्रताका क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ए) शिक्षकले तयार पारी ल्याएको श्रव्य तथा श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि पालैपालो यस्तै किसिमका विनम्रताजन्य घटना मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ऐ) अभ्यास ११ मा आधारित भई दिएको संवाद राम्ररी पढ्न निर्देश गर्नुहोस् । संवाद पठनपश्चात् तोकिएको निर्देशनका आधारमा छोरीले बुबाप्रति विनम्रता कसरी प्रकट गरेकी छिन् ? पालैपालो भन्न लगाउनुहोस् ।

(ओ) संवादमा बुबाप्रति छोरीले विनम्रता प्रकट गरे जस्तै गरी हरेक विद्यार्थीलाई अगि शिक्षकले प्रस्तुत गरेको र विद्यार्थी आफूले व्यक्त गरेको अनुभूतिलाई समेटी एउटा विनम्रता जनाउने संवाद प्रस्तुत गर्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको श्लोक पढी दुईओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् :

कर्मवीर नेपालीको कर्म चिन्ने देश<br>
हिउँचुलीको पहिलो झुल्का पहिलो मेरो देश

(ख) साथीलाई गृहकार्यमा सहयोग माग्न विनम्रता प्रकट गरी एउटा अनुच्छेद लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • नामपद<br>• सर्वनाम पद | • नामपदको पहिचान र प्रयोग<br>• सर्वनामपदको पहिचान र प्रयोग | • नामको तालिका<br>• सर्वनामको तालिका<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) पाँच जना विद्यार्थीलाई अगाडि बोलाएर आफ्नो नाम र जन्मेको ठाउँ पाटीमा लेख्न लगाई ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुमा छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई कक्षाबाहिर लगी आफूले देखेका कुनै १०/१० ओटा वस्तुका नाम लेख्न लगाउनुहोस् ।

(आ) साथी साथीमा कापी साटासाट गरी वस्तुका नाम पढ्न लगाउनुहोस् ।

(इ) भाषिक संरचना र वर्ण विन्यासअन्तर्गत अभ्यास १ को अनुच्छेदका आधारमा व्यक्ति, स्थान, नदी, पशुपन्छी, समूह, द्रव्य र भाव जनाउने नाम पहिचान गर्न सिकाउनुहोस् । यस क्रममा विभिन्न प्रकारका नाम लेखिएको तालिका प्रदर्शन गरी विद्यार्थीलाई पढ्न लगाउनुहोस् । नामको प्रकारअनुसारका भिन्नाभिन्नै समूह निर्माण गरी आआफ्नो समूहमा परेका नाम राख्न सिकाउनुहोस्, जस्तै :

व्यक्तिका नाम (ऊ) धर्मेन्द्र, फुर्वा, पवित्रा

भावका नाम (ऊ) दया, माया

(ई) अभ्यास १ को अनुच्छेदबाटबाटै माथिको उदाहरणमा जस्तै गरी व्यक्ति, स्थान र नदीका नाम टिप्न लगाउनुहोस् र आवश्यकता अनुसार पृष्ठपोषण दिनुहोस् । सोही अनुच्छेदबाट पशुपन्छी, द्रव्य, समूह र भाव बुझाउने तीन तीनओटा नाम शब्द टिप्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले टिपेका नाम पदलाई समूहमा छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) अभ्यास ४ लाई आधार बनाएर राता अक्षर भएका शब्द पहिचान गर्न सिकाउनुहोस् । यसै क्रममा सर्वनाम भनेका नामका सट्टामा प्रयोग हुने शब्द हुन् भनी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

(क) गुरुआमा नेपाली पढाउनुहुन्छ । उहाँले नेपाली पढाएको सजिलै बुझिन्छ ।

(ख) पासाङ गृहकार्य गर्छ । ऊ सहयोगी पनि छ ।

(ऋ) अभ्यास २ लाई आधार बनाएर सर्वनाम प्रयोग भएको सूची प्रदर्शन गर्नुहोस् । भिन्न भिन्न सर्वनाम (पुरुष, प्रश्न, दर्शक, निज, सम्बन्ध) का आधारमा विद्यार्थीलाई ५ समूहमा विभाजन गर्नुहोस् ।

(ए) आफ्नो समूहमा परेका सर्वनाम शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ऐ) अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) अभ्यास ३. लाई आधार बनाएर पाठबाट व्यक्ति, जाति, द्रव्य र भाव जनाउने दुई दुई ओटा नाम शब्द टिप्न लगाउनुहोस् । आवश्यकताकअनुसार सहजीकरण गर्नुहोस् ।

(औ) नाम र सर्वनाम शब्द प्रयोग भएका विभिन्न वाक्य प्रदर्शन गर्नुहोस् र ती वाक्यबाट नाम र सर्वनाम शब्द पहिचान गरी अलग अलग सूची बनाउन लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) भाषिक संरचनाको अभ्यास १ बाट तालिकामा मिल्दो नाम शब्द लेख्नुहोस् ।

| व्यक्तिवाचक | जातिवाचक | समूहवाचक | द्रव्यवाचक | भाववाचक |
|---|---|---|---|---|
| ......... | ........ | ........ | ........ | ........ |
| ........ | ........ | ........ | ........ | ........ |
| ........ | ........ | ........ | ........ | ........ |

(ख) भाषिक संरचनाको अभ्यास २ बाट तालिकामा मिल्दो सर्वनाम शब्द लेख्नुहोस् ।

| पुरुषवाचक | प्रश्नवाचक | दर्शकवाचक | सम्बन्धवाचक | निजवाचक |
|---|---|---|---|---|
| ........ | ........ | ........ | ........ | ........ |
| ........ | ........ | ........ | ........ | ........ |
| ........ | ........ | ........ | ........ | ........ |

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • क्रियापद<br>• वर्णविन्यास (ह्रस्व इकार)<br>• श्रुतिबोध<br>• सिर्जना र परियोजना कार्य | • नाम र सर्वनामपदको क्रियापदसँग सङ्गति मिलाई बोल्न र लेख्न<br>• शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकारको पहिचान र प्रयोग गर्न<br>• सुनाइ पाठ १ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• समुदायमा प्रचलित गीत वा कविता पहिचान गर्न | • वर्णपत्ती<br>• शब्दपत्ती<br>• श्रव्य सामग्री<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीबाट सिर्जनात्मक प्रतिभा सुनी ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) वाक्यपत्तीको सहायताबाट क्रियापद शब्द मौखिक तथा लिखित रूपमा पहिचान गराउनुहोस् ।

(आ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास ५ मा आधारित भएर अभ्यासले निर्देश गरे अनुसारका ह्रस्व र दीर्घ वर्णहरूको पत्ती प्रदर्शन गरी खाली ठाउँ भर्ने अभ्यास गराउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

(इ) शब्दपत्तीको प्रयोगबाट विभिन्न शब्द प्रदर्शन गर्नुहोस् । जसमा सुरु, बिच र अन्तिममा ह्रस्व इकारको प्रयोग भएका शब्द लिनुहोस् ।

शब्दपत्ती (ऊ) बिहान, विचार, इनार, तकिया, खटिया, गरिमा, सारथि, तथापि, अगाडि, गुलियो, पिरो

(ई) विद्यार्थीलाई तीनओटा समावेशी समूहमा वर्गीकरण गरी सुरु, बिच र अन्तिम ह्रस्व इकार समूह नामकरण गर्नुहोस् र आफ्नो आफ्नो समूहका शब्द पहिचान गर्न लगाउनुहोस् । ती शब्दलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् वा वर्णपत्तीको प्रयोग गरी अलमलमा परेका

विद्यार्थी समूहलाई सहजीकरण पनि गर्नुहोस् ।

(उ) अभ्यास ६ लाई आधार मानी शब्द वर्गीकरण गर्न लगाउनुहोस् ।

(ऊ) पाठ्य कविताबाट ह्रस्व इकार लागेका शब्द लेख्न निर्देशन दिनुहोस् । विद्यार्थीको अवस्था पहिचान गरी सहजीकरण गर्नुहोस् । विद्यार्थीको कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् । अभ्यास ७ का आधारमा सही शब्दमा गोलो घेरा लगाउने अभ्यास गराउनुहोस् । शैक्षणिक पाटीमा सही शब्दमा गोलो घेरा लगाएर देखाई विद्यार्थी आफैँलाई आफ्नो कापी परीक्षण गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचना अनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(ए) विद्यार्थीलाई परिशिष्टमा भएको सुनाइ पाठ १ सुनाउनुहोस् । यस क्रममा आफैँले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ । पाठको सुनाइ र बोलाइ खण्डका आधार मा सुनाइ बोलाइ अभ्यास गराउनुहोस् । पूर्णवाक्यसहित विद्यार्थीलाई वाक्य ठिक वा बेठिक के हो ? भन्न लगाउनुहोस् ।

जस्तै : कविको कल्पना, भावना र अनुभूतिबाट नै कविताको जन्म हुन्छ । ठिक

(ऐ) अभ्यास २ लाई आधार बनाएर पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् ।

जस्तै : कविता के हो ?

उत्तर : कविद्वारा गरिएको रचना वा सिर्जना नै कविता हो ।

(ओ) सुनाइ र बोलाइ पाठको थप अभ्यासका लागि अन्य सुनाइ सामग्री प्रयोग गरेर थप अभ्यास पनि गराउन सक्नुहुन्छ । परियोजना कार्यको अभ्यास २ का लागि विद्यार्थीलाई आफ्नो समुदायमा प्रचलित गीत वा कविता खोजेर ल्याउन निर्देश गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

(क) सही शब्दमा गोलो घेरा लगाउनुहोस् :

वीमान : विमान

महीमा : महिमा

पछाडी : पछाडि

बाहीर : बाहिर

लौकीक : लौकिक

(ख) सुनाइ पाठका आधारमा उत्तर भन्नुहोस् :

(अ) कवि कसलाई भनिन्छ ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जना र परियोजना कार्य (कविता रचना र समुदायमा प्रचलित गीत वा कविता) | • निर्दिष्ट शीर्षकमा स्वतन्त्र कविता रचना गर्न<br>• आफ्नो समुदायमा प्रचलित गीत वा कविता भन्न र लेख्न | • कविता रचनाका नियमको सूची<br>• कविताका श्लोक पत्ती<br>• अपूरो कविताको अंश<br>• लोकलयमा आधारित गीत (शिक्षक आफैँले गाएर सुनाउने गरी) |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) आफूले रचना गरेको कविताको एक श्लोक सुनाई विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सिर्जना खण्डको अभ्यास १ का आधारमा कविता रचना गर्ने तरिका सिकाउनुहोस् । यसका लागि कविता रचना गर्दा ध्यान दिनुपर्ने सामान्य नियमका बारेमा जानकारी गराउनुहोस्, जस्तै :

- कविता रचना गर्दा लयलाई ध्यान दिनुपर्ने
- कविताका प्रत्येक पङ्क्तिका अन्त्यमा अन्त्यानुप्रासयुक्त शब्द हुनुपर्ने
- कविता रचनाका क्रममा शब्द चयनको विशेष भूमिका रहने
- सम्बन्धित विषयवस्तु वा शीर्षकका आधारमा कविता रचना गर्नुपर्ने
- छन्दमा लेखिने कवितामा अक्षर सङ्ख्या र गणमा ध्यान दिनुपर्ने

(आ) शिक्षकले निर्देशित कविता रचना प्रस्तुत गर्नुहोस् । आफूले पहिले 'मेरो विद्यालय' शीर्षकमा कविताका श्लोकका दुई पाउ शैक्षणिक पाटीमा लेख्नुहोस् वा कुनै नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

घरदेखि पारिपट्टि घाम लाग्ने ठाउँ
हिँड साथी झोला बोकी विद्यालय जाऊँ ।

(इ) विद्यार्थीलाई समावेशी आधारमा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई अपूरो कविताको एउटा एउटा अंश प्रदान गर्नुहोस् । प्रत्येक समूहलाई यही कवितासँग मिल्दाजुल्दा पङ्क्ति भन्न लगाउनुहोस् र टिप्दै जानुहोस्, जस्तै :

सुविधा छ खानेपानी सफा शौचालय

..........................................

राम्रा गुरु गरुआमा मेरो विद्यालय

............................................

अवसर यही हो है ज्ञान सिप सिक्ने

..........................................

अक्षरले पाना भरी मौलिकता पोख्ने

..........................................

कविताका हरफमा मिलाउँछौँ लय

..........................................

संसारमै राम्रो लाग्छ मेरो विद्यालय

..........................................

संसारमै राम्रो लाग्छ मेरो विद्यालय

.........................................

(ई) यसरी विद्यार्थीले भनेका कविताका पाउलाई जोडेर पूरा कविता बनाउन लगाउनुहोस् । शिक्षकले पनि एउटा कविता पुरणको नमुना प्रदर्शन गर्नुहोस् र समूहमा वाचन गराउनुहोस् ।

घरदेखि पारिपट्टि घाम लाग्ने ठाउँ
हिँड साथी झोला बोकी विद्यालय जाऊँ
सुविधा छ खानेपानी सफा शौचालय
राम्रा गुरु गुरुआमा मेरो विद्यालय ।

अवसर यही हो है ज्ञान सिप सिक्ने
अक्षरले पाना भरी मौलिकता पोख्ने
कविताका हरफमा मिलाउँछौँ लय
संसारमै राम्रो लाग्छ मेरो विद्यालय ।

(उ) माथिको कवितालाई लोकलयमा वाचन गराउनुहोस् र विद्यार्थीलाई यसरी नै कविता लेख्न प्रेरित गर्नुहोस् ।

(ऊ) प्रत्येक समूहलाई एक एक श्लोक कविता लेख्न लगाउनुहोस् र कापी परीक्षण गरी आवश्यक सल्लाह र सुझाव दिनुहोस् । प्रत्येक समूहबाट रचना भएका कविता कक्षाकोठामै वाचन गर्न लगाउनुहोस् ।

(ऋ) सिर्जना र परियोजना कार्यअन्तर्गत अभ्यास २ का लागि अगिल्लो दिन दिइएको गृहकार्यलाई विद्यार्थी समूहमा प्रदर्शन गर्न लगाउनुहोस् । समुदायमा प्रचलित लोकलयका गीत वा कविता जे भए पनि कक्षामा वाचन अभ्यास गराउनुहोस् र शिक्षकले पनि समुदायमा प्रचलित लोकलयका गीत गाएर सुनाउनुहोस् ।

(ए) वाचनमा सकेसम्म समुदायकै विद्यार्थीको अगुवाई गरी स्थानीय गीतलाई प्रोत्साहन दिनुहोस् । आवश्यकताअनुसार सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) मेरो फूलबारी शीर्षकमा एउटा कविता लेख्नुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

पाठ २

# तितो बोली सच्चा गुण

**विधा : कथा** **कार्यघण्टा : १०**

## परिचय

कथाकार रामविक्रम सिजापतीद्वारा लिखित 'तितो बोली सच्चा गुण' शीर्षकको कथा लोककथा हो । कथा शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण गर्नु हो । तसर्थ कथा शिक्षणका क्रममा भाषिक सिपका साथै विषयवस्तुमा आधारित भई चित्रकथा वर्णन, भूमिका निर्वाह, कथाकथन, घटना वर्णन, अनुमान, कल्पना र निष्कर्ष तथा सहयोग जस्ता विषयक्षेत्र समेटी विचार प्रस्तुति जस्ता क्रियाकलाप गराउनुपर्छ ।

समयबद्ध सस्वरपठन र गतिवृद्धि, मौनपठन र बोध साथै कथाको संरचना र घटना पहिचान, पाठको विषयवस्तुबोध, प्रश्न निर्माण तथा प्रश्नोत्तर, सन्दर्भअनुकूलको स्वाभाविक वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटनाक्रम मिलान, चरित्र वर्णन, सार लेखन, तार्किक लेखन अनुकरणात्मक कथा लेखन, निर्देशित कथा लेखन तथा स्वतन्त्र कथा रचनालगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत विपरीतार्थी शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत विशेषण पदको पहिचान, विशेषण र विशेष्यबिच सङ्गति, धातुको पहिचान र प्रयोग, क्रियापदको पहिचान र प्रयोग तथा वर्णविन्यासअन्तर्गत दीर्घ ईकार (शब्दको सुरु, बिच र अन्त्यमा) को अभ्यास गराउनुपर्छ । यो पाठमा शुभेच्छासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत बुँदाका आधारमा कथा लेखन र लोककथा खोज्ने, लेख्ने र सुनाउने क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएको सुनाइ पाठ २ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउन सकिन्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध<br>• छलफल<br>• श्रुति वर्णन | • पूर्व पठन खण्डका तस्बिर हेरी दृश्यबोध तथा छलफल गर्न<br>• विषयवस्तुको सुनाइ र बोध गर्न<br>• विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• सुनेका विषयवस्तुको श्रुति वर्णन गर्न | • पूर्व पठन खण्डका चित्र<br>• प्रश्नोत्तरका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको यकिन गर्नुहोस् ।

(आ) उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टर नभए तस्बिरको प्रयोग गरी पाठको पूर्व पठन खण्डमा भएका काग, सुगा, भैँसी, बाखा, गाई र कुकुरको चित्र प्रदर्शन गर्नुहोस् ।

(आ) विद्यार्थीलाई समूहमा छलफल गरी प्रत्येक चित्रका बारेमा जानकारी भएका कुरा बताउन लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गर्दै जानुहोस् ।

(इ) छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

(ई) शिक्षकले स्थानीय परिवेशमा भएका ग्रामीण क्षेत्र र जनजीवनलाई चिनाउने चित्र सङ्कलन गरी त्यसमा छलफल गराई धारणा स्पष्ट पार्नुहोस् । उदाहरण : दुलाहादुलही,

किसान, खेत, अनाज, लास, स्याल आदि ।

(उ) विद्यार्थीलाई पूर्व पठन खण्डमा दिइएका मध्ये कुनै प्राणीको आवाज निकाल्न लगाउनुहोस् ।

(ऊ) विभिन्न प्राणी तथा जनावरका आवाजका सन्दर्भमा समूह समूहमा छलफल गर्न लगाई पालैपालो आवाज निकाल्न प्रेरित गर्नुहोस् । यस क्रममा अन्य समूहलाई थप जानकारी भए प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ए) प्रत्येक समूहको प्रस्तुतिपश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् । प्रस्तुतिका लागि हौसला प्रदान गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई सहभागी गराउने क्रममा उनीहरूको क्षमताको आधारमा अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ओ) विषयवस्तुमा आधारित विभिन्न प्रश्न तयार गरिएको सूची प्रदर्शन गर्नुहोस् र ती प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(औ) शिक्षकले तयार गरी ल्याएका उत्तरका नमुना प्रदर्शन गरी विषयवस्तुको छलफललाई थप सहज बनाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई विभिन्न प्राणीका आवाज निकाल्न लगाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद १ देखि ९)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दार्थ पत्ती<br>• वाक्य पत्ती<br>• प्रश्नोत्तरको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले पाठको अनुच्छेद १ देखि २ सम्म नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका लेख्य चिह्नको उचित प्रयोग गरी हाउभाउसहित सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

(ई) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा वाचकलाई उच्चारणमा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

(उ) अनुच्छेद १ देखि ९ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) विद्यार्थीले टिपोट गरेका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर वा शब्दपत्ती प्रदर्शन गरेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| श्रद्धा | /स्रद्. धा/ |
| बडप्पन | /ब.डप्.पन्/ |

(ऋ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

खर्च : कुनै काम वा वस्तुका निम्ति दिइने रुपियाँ पैसा

कुबुद्धि : खराब बुद्धि भएको, मूर्ख

मनसुबा : मनसाय, अभिलासा

(ए) विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस्, जस्तै :

खर्च अनावश्यक रूपमा पैसा खर्च नगर ।

कुबुद्धि कुबुद्धि भएका मानिसले समाजलाई विकृत बनाउँछन् ।

(ऐ) बोध अभिव्यक्ति खण्डको अभ्यास ९ का आधारमा कथांश पढी प्रश्नका उत्तर दिन सिकाउनुहोस् । विद्यार्थीलाई युगल समूहमा विभाजन गर्नुहोस् । युगल समूहलाई प्रश्नोत्तर सूची प्रदर्शन गरी ती प्रश्नको उत्तर तयार गर्न लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(ओ) शिक्षकले तयार गरेको उत्तर लेखनको नमुना प्रदर्शन गरी थप सहजीकरणसहित विद्यार्थीले तयार गरेका उत्तर जाँची पृष्ठपोषण दिनुहोस्, जस्तैः

प्रश्न : काग कहाँ बसेर कराइरहेको थियो ?

उत्तर : काग रुखको टुप्पामा बसेर कराइरहेको थियो ।

(औ) यसैगरी शिक्षकले अभ्यास ९ जस्तै अन्य अनुच्छेद दिएर प्रश्न निर्माण गरी उत्तर लेख्ने अभ्यास गराउनुहोस् ।

३. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो पाठका निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

मनसुवा, मूर्ख, धमाधम, मलामी

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) ससुरा बुहारीको बाटामा कोसँग भेट भयो ?

(आ) बुहारीले बिहेमा कति खर्च भयो भनेर जवाफ दिइन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद १० देखि १८<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) छोटा कविता, मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद सम्भव भएसम्म प्रोजेक्टरमा प्रदर्शन गरी गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले पाठको अनुच्छेद १०, ११, १२ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा सचेत गराउनुहोस् ।

(ई) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा नयाँ लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

(उ) अनुच्छेद १० देखि १८ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) विद्यार्थीले टिपोट गरेका शब्दलाई उनीहरूबाटै शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर वा शब्दपत्तीको माध्यमबाट उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| झटपट | /झट्.पट्/ |
| असर्फी | /अ.सर्.फि/ |

(ए) विद्यार्थीलाई पाठमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| असर्फी : | पुरानो समयको एक प्रकारको सुवर्ण मुद्रा |
| बोहता : | पात गाँसेर बनाइएको कचौरा जस्तो वस्तु |
| पश्चात्ताप : | आफूले गरिसकेका कार्यबाट उत्पन्न कुनै मानसिक खेद, पछुतो |

(ऐ) विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| बोहता | मैले बोहतामा अचार खाएँ । |

(ओ) पाठका आधारमा केही बोध प्रश्न प्रदर्शन गरी अगिल्लो दिनको क्रियाकलापमा जस्तै गरी बोध प्रश्नोत्तरको अभ्यास गराउनुहोस्, जस्तै :

(क) बुहारीले मनमनै के सोचिन् ?

(ख) बुहारीलाई मुर्दानजिक देख्दा ससुराले के गरे ?

(औ) शिक्षकले तयार गरेको उत्तरको नमुना प्रदर्शन गरी विद्यार्थीबाट तयार गरिएका उत्तरको तुलना गर्न लगाई थप छलफल गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

असर्फी, घडा, सुटुक्क, बोहता ।

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) बुहारी किन रुखमुनि खन्न गइन् ?

(आ) स्याल किन कराइरहेको थियो ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुच्छेद (१९ देखि अन्तिमसम्म)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर<br>• सस्वरवाचन र शुद्धोच्चारण | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दपत्ती,<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तु सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले पाठको अनुच्छेद १९ र २० नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका लेख्य चिह्नहरूको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

(ई) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई वाचकले सस्वरवाचन गर्ने क्रममा उच्चारण गर्न कठिन भएका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

(उ) अनुच्छेद १९ देखि अन्तिम अनुच्छेदसम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका शब्द पालैपालो भन्न लगाउनुहोस् शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) विद्यार्थीले टिपोट गरेका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर वा शब्दपत्तीको प्रयोग गरी उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. १ मा दिइएका शब्दलाई शुद्ध उच्चारण गर्ने थप अभ्यास गराउनुहोस् ।

(ए) विद्यार्थीलाई पाठमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी देखाउनुहोस् ।

(ऐ) विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस् । यसै क्रियाकलापमा शब्दभण्डारअन्तर्गतको अभ्यास ४ पनि गराउनुहोस् ।

(ओ) बोध प्रश्नोत्तरका लागि एउटा अनुच्छेद प्रदर्शन गर्नुहोस् र अनुच्छेदका आधारमा यसै पाठको पहिलो दिनको क्रियाकलापमा आधारित भई बोध प्रश्नोत्तरको सूची प्रदर्शन गरी अभ्यास गराउनुहोस् । जस्तै:

(क) अनाजसम्बन्धी प्रश्नमा बुहारीले के उत्तर दिइन् ?

(ख) बिहेमा कसरी दुई माना चामल खर्च भएको रहेछ ?

(औ) शिक्षकले तयार गरेको उत्तरको नमुना प्रदर्शन गरी विद्यार्थीबाट तयार गरिएका उत्तरको तुलना गर्न लगाई थप छलफल गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) ससुरा किन दङ्ग परे ?

(आ) बुहारी कस्ती रही छ ?

(इ) वास्तविक खर्च भनेको के हो ?

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● शब्दभण्डार (विपरीतार्थी शब्द)<br>● घटनाक्रम मिलान<br>● सार लेखन | ● विपरीतार्थी शब्दको पहिचान र प्रयोग गर्न<br>● पाठ्य विषयवस्तुमा आधारित भई कथाका घटनाक्रमलाई बुँदामा लेख्न<br>● पाठ्य विषयवस्तुमा आधारित भई सार लेख्न | ● शब्दपत्ती<br>● वाक्यपत्ती<br>● घटनाक्रमका नमुना बुँदा<br>● सार लेखनको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले केही विपरीतार्थी शब्द प्रस्तुत गर्नुहोस् । कुनै विद्यार्थीलाई प्रस्तुत गरिएका शब्द पढ्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न निर्देश गर्नुहोस् ।

(आ) शब्दपत्तीको प्रयोग गरेर केही शब्द प्रस्तुत गर्नुहोस् । उक्त शब्दका विपरीतार्थी शब्द के हुन सक्छन् विद्यार्थीलाई भन्ने अवसर दिनुहोस् । विद्यार्थीले भनेका विपरीतार्थी शब्द टिपोट गर्दै जानुहोस् । उपयुक्त विपरीतार्थी शब्द भन्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । विपरीतार्थी शब्द शिक्षणका क्रममा विद्यार्थीलाई शब्दकोशको उपयोग पनि गराउनुहोस् । आवश्यकताअनुसार वाक्यमा प्रयोग गरेर थप धारणा प्रस्ट पार्नुहोस् ।

(इ) विद्यार्थीलाई समावेशी आधारमा दुई समूहमा विभाजन गर्नुहोस् । उनीहरूलाई पाठको शब्दभण्डार खण्डको अभ्यास १ र २ गर्न लगाउनुहोस् । विद्यार्थीले तयार गरेका उत्तर प्रस्तुत गर्न लगाउनुहोस् । सही उत्तर प्रस्तुत गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ई) विद्यार्थीले अभ्यास गसिकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् । विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) शब्दभण्डारको अभ्यास ३. गराउनुहोस् र आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ र ८ का आधारमा प्रत्येक समूहलाई निम्न कुरा समेटी पाठको बुँदा टिपोट गर्न लगाउनुहोस् ।

- पाठलाई ध्यानपूर्वक पढ्ने
- पाठकको मुख्यमुख्य घटनाक्रम लेख्ने
- आफ्नो तर्क वा विचार लेख्नुपर्ने पक्ष ठम्याउने
- मुख्य मुख्य घटनाक्रमलाई जोड्दै सार लेख्ने
- सामान्यतया एक अनुच्छेदमा सार लेख्न सकिने

(ऋ) माथि दिइएका निर्देशनका आधारमा विद्यार्थीलाई पाठको घटनाक्रम पाँच बुँदामा लेख्न लगाउनुहोस् । विद्यार्थीलाई उनीहरूले लेखेका घटनाक्रमलाई समूहगत रूपमा भन्ने अवसर दिनुहोस् र नमुना प्रदर्शन गरी आवश्यक पृष्ठपोषण दिनुहोस्, जस्तै :

**'तितो बोली सच्चा गुण' कथाको घटनाक्रम पाँचओटा बुँदामा लेख्नुहोस् :**

उत्तर : 'तितो बोली सच्चा गुण' कथाको घटनाक्रम (पाँचओटा बुँदामा)

(क) बुहारीको स्वभाव र बुद्धि जाँच्न ससुराले तिम्रो विवाहमा कति खर्च भयो होला भनी प्रश्न गर्नु

(ख) बुहारीको जबाफबाट ससुरालाई रिस उठ्नु र तत्कालै बुहारीलाई माइत पुऱ्याउन लैजानु

(ग) बाटामा बुहारीले सोधेका तिता कुरा र व्यवहारले ससुरालाई दिक्क बनाउनु

(घ) स्याल र कागको बोलीको भाव बुझेर बुहारीले प्रशस्तै धन पाएपछि भने ससुरालाई बुहारी बुद्धिमान र गुणवान् लाग्नु

(ङ) बुहारीले भनेका कुराको वास्तविक अर्थ बुझेपछि ससुराले घरको सबै जिम्मा बुहारीलाई दिनु

(ए) घटनाक्रमका आधारमा विद्यार्थीलाई पाठको सार लेखन गराउनुहोस् । आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्दै नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**'तितो बोली सच्चा गुण' कथाको सार**

उत्तर : कुनै एउटा गाउँमा बुढाबुढी थिए । उनीहरूका बलराम नाम गरेको एउटा छोरो थियो । छोरो हुर्की बढेपछि बडो धुमधामसँग बिहे गरिदिए । बुहारीको स्वभाव र बुद्धि कस्तो होला भन्ने कुराको जाँच गर्नलाई एक दिन ससुराले बुहारीलाई बोलाएर बिहेमा भएको खर्च सोधे । बुहारीले दुईतीन माना चामल मात्र खर्च भयो होला भन्ने जबाफ दिएपछि ससुरा रिसाएर बुहारीलाई माइत पुऱ्याउन हिँडे । बाटामा एउटा मुर्दा भेटे पछि बुहारी चाहिँ अगाडि गई र मुर्दा ल्याउनेसँग यो लास एउटा मात्र हो कि सयओटा भनेर सोधी । ससुरालाई बुहारी पागल लाग्यो । केही पर पुगेपछि अनाज काटेको देखेर यो अन्न गएको सालको हो कि यही सालको ? भनेर ससुरालाई सोधिन् तर ससुरा दिक्क मानेर केही नबोली हिँडे । बुहारी पशुपन्छीको भाषाको पनि भाव बोध गर्थिन् । यसले गर्दा ससुराले माइत पुऱ्याउन जाँदा बाटामा स्याल र कागको भाषा बुझेर धेरै धन जम्मा पार्न सफल भइन् । यसले गर्दा ससुरा निकै खुसी भए । यस्ती बाठी बुहारीलाई मूर्ख सम्झेकामा ससुरालाई पश्चात्ताप भयो । बुहारीलाई माइत पुऱ्याउने विचार छोडेर दुवै जना घरतर्फ फर्के । ससुराको कौतुहल मेटिएको थिएन । उनले तिमी किन मुर्दाको छेउमा बसिराखेकी भन्ने प्रश्नको जबाफमा बुहारीले सारा कुरा बताइदिइन् । उनले स्यालको कुराबाट पाएको औँठी ससुरालाई दिएपछि भने ससुरालाई विश्वास लाग्न थाल्यो । एउटा मुर्दालाई देखेर किन एउटा हो कि सयओटा हो भनेर सोधेकी भन्ने प्रश्नको जबाफमा बुहारीले जसले मानिसको उपकार, भलाइ र दान गर्छ त्यसलाई मरेपछि सय मुर्दा भनिन्छ । जसले कसैलाई उपकार, भलाइ र दान आदि गरे को छैन त्यसलाई एक मुर्दा भनिन्छ भन्ने जबाफ दिइन् । त्यस्तै अनाज यो सालको हो कि गएको सालको हो ? भन्ने प्रश्नको जबाफ पनि ससुरालाई उचित लाग्यो । विवाहमा दुईतीन माना मात्र खर्च भएको भन्ने जबाफमा श्रद्धा, प्रेम र दयाको भावले गरिएको खर्च नै वास्तविक खर्च हो । यसरी गरिएको वास्तविक खर्चले मात्रै प्रतिफल दिन्छ । यसैले फल दिने खालको खर्च तपाईंको त्यही दुईतीन माना चामल मात्रै हो । बुहारीको यो भनाइबाट प्रभावित भएर बुहारी त धेरै बुद्धिमती र गुणवती रहिछन् भन्ने ठानी ससुराले घरको सबै जिम्मा बुहारीलाई लगाए ।

(ऐ) यसै नमुनाका आधारमा विद्यार्थीलाई कथाको सार लेख्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शब्दको विपरीत अर्थ लेख्न लगाउनुहोस् :

सफल, बिहान, प्राचीन

(ख) अभ्यास ७ र ८ को उत्तर परीक्षण गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्क्षिप्त उत्तर लेखन<br>• भाव विस्तार | • पाठका आधारमा सङ्क्षिप्त उत्तर लेख्न<br>• निर्दिष्ट अंशको भाव विस्तार गर्न | • सङ्क्षिप्त उत्तरको नमुना<br>• भाव विस्तारको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै महान् व्यक्तिको प्रेरक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई चारओटा समूहमा विभाजन गर्नुहोस् विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

(आ) छोटो उत्तर लेख्ने प्रश्नहरू प्रस्तुत गर्नुहोस् । प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थी समूहले लेखेका उत्तर प्रदर्शन गरी पढेर सुनाउन लगाउनुहोस् ।

(इ) विद्यार्थीले लेखेका उत्तरका बारेमा छलफल गरी कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ई) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा भाव विस्तार लेख्न सिकाउनुहोस् । यस क्रममा भाव विस्तार गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- निर्दिष्ट अंशलाई ध्यानपूर्वक पढ्ने
- अंशको भावअनुसारको आशय पहिचान गर्ने
- आवश्यक बुँदा टिपोट गर्ने
- भाव विस्तारका लागि दिइएको वाक्यमा केन्द्रित रहेर प्रत्येक बुँदालाई समेट्ने
- भाव विस्तारलाई एक अनुच्छेदमा तयार गर्ने

- भाव विस्तारका लागि दिइएको अंशमा केन्द्रित रहेर निष्कर्ष लेख्ने

(उ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा भाव विस्तारका लागि समूहमा छलफल गरी माथिको निर्देशनका आधारमा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थी समूहलाई भाव विस्तारका बुँदा पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) भाव विस्तारका बुँदालाई समेटी भाव विस्तार लेख्न लगाउनुहोस् । यस क्रममा विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई ख्याल गर्न लगाउनुहोस् र भाव विस्तारको नमुना प्रदर्शन गरी आवश्यक सहजीकरण गर्नुहोस्, जस्तै :

**भाव विस्तारको नमुना**

श्रद्धा, प्रेम र दयाको .................................... खर्च हो ।

'तितो बोली सच्चा गुण' शीर्षकको लोककथाको यस अंशमा ससुराले बुहारीको स्वभाव र बुद्धि कस्तो होला भन्ने कुराको जाँच गर्न खोजेका छन् । श्रद्धा, प्रेम र दया मानवीय भावनासँग जोडिएका विषय हुन् । निस्वार्थ रूपमा गरिएका श्रद्धा, प्रेम र दया मानिसका ठुला सम्पत्ति हुन् । यिनलाई स्वतः स्फूर्त भावले गरिएको वास्तविक खर्चले मात्रै प्रतिफल दिन्छ । फल दिने खालको खर्च मेरो विवाहमा भएको त्यही दुईतीन माना चामल मात्रै हो भनेर बुहारी आफ्ना ससुराको प्रश्नको जबाफ दिएकी छिन् । यसबाट हामीले पनि के कुरा बुझ्न सक्छौँ भने फजुल खर्च गरेर केही काम छैन । हामीले गरेको खर्चले निश्चित प्रतिफल दिनुपर्छ । प्रतिफल नदिने खर्च खर्च नै होइन । अनावश्यक नोक्सानी मात्रै हो । हामीले गरेको खर्च श्रद्धा, प्रेम र दयाको भावले भरिएको हुनुपर्छ । अरूलाई देखाउनको लागि नभई आवश्यकता पूरा गर्न मात्र खर्च गर्नुपर्छ ।

तसर्थ हामीले गर्ने खर्च श्रद्धा, प्रेम र दयाको भावमा केन्द्रित हुनुपर्छ । वास्तविक खर्च प्रतिफलमुखी हुन्छ । अनावश्यक खर्चले मानिसको जीवनशैली भद्दा बनाउनुका साथै समाजलाई अस्तव्यस्त बनाउँछ भन्ने कुरा माथिको कथांशले प्रस्ट पारेको छ ।

(ए) यसै नमुनाअनुसार विद्यार्थीलाई भावविस्तार गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) विद्यार्थीले भाव विस्तार लेखिसकेपछि कापी परीक्षण गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठका आधारमा उत्तर दिन लगाउनुहोस् ।

(अ) ससुराले बुहारीलाई किन नपर्खी अगाडि बढे ?

(आ) अनाज जम्मा गर्ने कुरामा बुहारीले ससुरालाई कस्तो जवाफ दिइन् ?

(ख) दिइएको कथांशको भाव विस्तार गर्न लगाउनुहोस् :

"जसले उपकार, भलाइ र दान गर्छ त्यसलाई मरेपछि सय मुर्दा भनिन्छ ।"

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • तार्किक उत्तर लेखन<br>• परिवेश वर्णन<br>• भाषिक प्रकार्य (शुभेच्छा) | • विषयवस्तु, घटना वा प्रसङ्गका आधारमा तार्किक उत्तर लेख्न<br>• कथामा प्रयुक्त परिवेशको वर्णन गर्न<br>• साथीलाई शुभेच्छा व्यक्त गर्न | • तार्कित उत्तरको नमुना<br>• प्रोजेक्टर वा तस्बिर<br>• शुभेच्छाको नमुना<br>• श्रव्य तथा श्रव्यदृश्य सामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी पाठका आधारमा प्रत्येक समूहलाई निम्न कुरा समेटी तर्क र विचार लेख्न सिकाउनुहोस् :

- दिइएको विषयवस्तुलाई ध्यानपूर्वक पढ्ने
- आफ्नो तर्क वा विचार लेख्नुपर्ने पक्ष ठम्याउने
- सम्बन्धित विषयवस्तुलाई जोड्दै स्वतन्त्र किसिमबाट सकारात्मक रूपमा तार्किक उत्तर लेख्ने

- तार्किक उत्तर सामान्यतया एक अनुच्छेदमा लेखिने

(आ) तितो बोली सच्चा गुण पाठमा तपाईँलाई बुहारी बुद्धिमान लाग्नुको कारण के हो तर्क दिनुहोस् ? यो प्रश्नमा आधारित भई समूह समूहमा छलफल गरी तर्कमूलक बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थी अलमल परेमा नमुना बुँदाहरू प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ई) शिक्षकले तार्किक उत्तरको एउटा नमुना प्रदर्शन गरी विद्यार्थी समूहलाई सोहीअनुसारको उत्तर लेख्न लगाई क्रमैसँग प्रस्तुति गर्न लगाउनुहोस् र  अन्य विद्यार्थी समूहलाई टिप्पणी गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहको प्रस्तुतिपश्चात् ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(उ) विद्यार्थीलाई कथामा प्रस्तुत गरिएको परिवेश झल्कने तस्बिर प्रदर्शन गर्नुहोस् र उक्त तस्बिरको बारेमा छलफल गराउनुहोस् । छलफलबाट आएका परिवेशलाई समय, स्थान र वातावरणको अन्वितित्रयका माध्यमबाट चित्रण गर्नुपर्ने विषयमा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् ।

(ऊ) विद्यार्थीसँग शुभेच्छासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । शुभेच्छा प्रकट गर्दा विषयवस्तु वा  प्रसङ्गअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदि पक्षमा सचेत रहन सिकाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ का आधारमा शुभेच्छा दिने तरिकाका बारेमा छलफल गराई एउटा नमुना प्रदर्शन गरी विद्यार्थीलाई थप अभ्यास गराउनुहोस्, जस्तै :

**शुभेच्छाको नमुना**

(कक्षा सातमा अध्ययनरत दुई जना छात्रा बाटामा भेट भएपछि एकले अर्कोलाई प्रतियो गितात्मक कार्यक्रमको सफताका लागि प्रकट गरेको शुभेच्छाजन्य संवादको एक अंश )

अवनी : अदिति ! ए अदिति कता हिँडेकी तिमी ?

अदिति : ए अवनी पो, तिमी चाहिँ कता नि ?

अवनी : यसो बजारतिर तरकारी लिन । अनि यस्तो एकोहोरो भएर कता हिँडेकी त ?

अदिति : म वक्तृत्वकला प्रतियोगितामा भाग लिन हिँडेकी, सूर्योदय विद्यालयमा ।

अवनी : अनि यो कस्तो खालको प्रतियोगिता हो त अदिति ?

अदिति : यो नगरस्तरीय प्रतियोगिता हो अवनी । हेर न यो प्रतियोगितामा नगरपालिका भित्रका थुप्रै विद्यालय सहभागी छन् ।

अवनी : अनि के भयो त ? तिमी सफल हुन सकिहाल्छ्यौ नि । तिमीमा आँट साहस, हिम्मत सबै छ । डराउनुपर्दैन अदिति । प्रतियोगितामा सफलता मिलोस् । तिमीलाई मेरो शुभकामना छ ।

अदिति : धन्यवाद ! अवनी, तै पनि हेर न प्रतियोगिता भनेपछि मन चाहिँ भारी नै हुने रहेछ ।

अवनी : मन भारी नबनाऊ अदिति । मनमा सङ्कल्प लिएर सहभागिता जनाऊ । अवश्य सफलता मिल्ने छ । मेरो फेरि पनि शुभेच्छा छ, तिमीलाई ।

अदिति : धेरै धेरै धन्यवाद ! अवनी, अब म सरासर कार्यक्रमतिर लागेँ है । तिम्रो शुभेच्छाले मन हल्का भयो मेरो ।

अवनी : हुन्छ अवनी । राम्रोसँग जाऊ ल ।

(ए) यस्तै किसिमका उदाहरण प्रस्तुत गरी शुभेच्छाका क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ऐ) शिक्षकले तयार पारी ल्याएको श्रव्य तथा श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि पालैपालो यस्तै किसिमका शुभेच्छाजन्य विषयवस्तु मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ओ) अभ्यास १२ मा आधारित भई दिएको अनुच्छेद राम्ररी पढ्न निर्देश गर्नुहोस् । अनुच्छेद पठनपश्चात् तोकिएका निर्देशनका आधारमा प्रधानाध्यापकले दिनेशका लागि कसरी शुभेच्छा प्रकट गर्नुभएको छ ? पालैपालो भन्न लगाउनुहोस् ।

(औ) आफ्नो साथीको जन्मदिनको अवसरमा प्रदान गरिने शुभेच्छाको नमुना हाउभाउपूर्ण शैलीमा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास १० र ११ गर्न लगाउनुहोस् ।

(ख) तपाईंको साथीको जन्मदिनमा तपाईंले कसैलाई शुभेक्षा व्यक्त गर्नुहुन्छ ? प्रस्तुत गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • विशेषण र विशेष्य<br>• सामान्य धातु, प्रेरणार्थक धातु र नाम धातु | • विशेषण र विशेष्यको पहिचान र प्रयोग गर्न<br>• सामान्य धातु र प्रेरणार्थक धातुको पहिचान र प्रयोग गर्न | • अनुच्छेद<br>• विशेषण र विशेष्यको तालिका र उदाहरण<br>• धातुका प्रकारको तालिका<br>• शब्दपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले विशेषण र विशेष्य भएका एउटा अनुच्छेद प्रस्तुत गर्नुहोस् ।

(आ) विद्यार्थीलाई समूहगत रूपमा विशेषण र विशेष्य छुट्याउन लगाउनुहोस् ।

(इ) विशेषण र विशेष्यको उदाहरण तालिकामार्फत प्रस्तुत गर्दै थप स्पष्ट पार्नुहोस् ।

(ई) भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ र २ गराउनुहोस् । आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।

(उ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३. को तालिका प्रस्तुत गर्नुहोस् । तालिकाका आधारमा सामान्य धातुबाट प्रेरणार्थक धातु र क्रियापद बन्ने तरिका स्पष्ट पार्नुहोस् । यसक्रममा शब्दपत्तीको प्रयोग गर्नुहोस् ।

(ऊ) शिक्षकले शैक्षणिक पाटीमा विभिन्न क्रियापद लेखी क्रियापदबाट धातु छुट्याउन सिकाउनुहोस् ।

(ऋ) शिक्षकले विभिन्न धातु लेखेर त्यसबाट क्रियापद बनाउन सिकाउनुहोस् ।

(ए) धातुका तीनओटै प्रकार जनाउने तालिका प्रदर्शन गरी तिनको पहिचान गराउनुहोस् ।

(ऐ) भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ४ र ५ गराउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) शिक्षकले शब्दपत्तीका माध्यमबाट भाषिक संरचनाको अभ्यास ६ का क्रियापद प्रदर्शन गरी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) भाषिक संरचना र वर्णविन्यासको अभ्यास २ गर्न लगाउनुहोस् ।

(ख) भाषिक संरचना र वर्णविन्यासको खण्डको अभ्यास ४, ५ र ६ को कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# नवौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वर्णविन्यास (दीर्घ इकारको प्रयोग)<br>• श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ २)<br>• सिर्जना र परियोजना | • दीर्घ इकारको पहिचान र प्रयोग<br>• सुनाइ पाठ २ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• लोककथा सोधेर लेख्न | • शब्दपत्ती<br>• सुनाइ पाठ २ का श्रव्य सामग्री |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(आ) विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ईकार प्रयोग भएका शब्द शब्दपत्तीका माध्यमबाट प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा दीर्घ वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्तिममा

दीर्घ ईकार प्रयोग भएका शब्द भन्न लगाउनुहोस् । उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) शब्दपत्ती प्रदर्शन गरी दीर्घ इकार प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(इ) वर्णविन्यासको अभ्यास ७ का अनुच्छेद मनमनले पढी शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ईकार लागेका शब्द पहिचान गरी लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थीलाई वर्णविन्यासको अभ्यास ८ गराउनुहोस् ।

(ऊ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तैः

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(ऋ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ २ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी श्रव्य सामग्रीका माध्यमबाट कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(ए) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

(ऐ) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ओ) विद्यार्थीलाई भोलिपल्टको कक्षामा प्रस्तुत गर्ने गरी सिर्जना र परियोजना खण्डको प्रश्न न. २ को बारेमा लोककथा लेखेर ल्याउन लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ८ को कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ख) सुनाइ र बोलाइ खण्डको अभ्यास २ को मौखिक छलफल गराउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जना र परियोजना कार्य | • निर्दिष्ट विषयवस्तुमा कथा रचना गर्न<br>• लोककथा प्रस्तुतीकरण गर्न | • कथालेखनको नमुना<br>• लोककथाको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(आ) विद्यार्थीलाई उनीहरूले रचना गरेका कथा सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सिर्जना र परियोजना खण्डका आधारमा निर्देशित कथा रचना गर्ने तरिका सिकाउनुहोस् ।

- निर्देशित कथा रचना गर्दा दिइएका बुँदालाई ध्यानपूर्वक पढ्नुपर्ने
- सम्बन्धित विषयवस्तुमा आधारित भएर केही प्रसङ्ग थप गर्नुपर्ने
- आवश्यकताअनुसार छोटा छोटा संवाद प्रयोग गनुपर्ने
- कथामा आदि, मध्य र अन्त्यको शृङ्खला हुनुपर्ने

(आ) यिनै तरिकामा सम्बद्ध भई लेखिएको कथाको एउटा नमुना प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई राम्ररी अध्ययन गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थी समूहलाई सिर्जना र परियोजना खण्डको अभ्यास १ का आधारमा निर्देशित कथा रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा विद्यार्थीलाई कथा लेखन कार्यमा प्रेरित गर्नुहोस् ।

(ई) विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) प्रत्येक समूहबाट रचना भएका कथा कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ऊ) सिर्जना र परियोजनाको अभ्यास २ को बारेमा विद्यार्थीले घरमा लेखेर ल्याएको कथालाई सुनाउन अवसर प्रदान गर्नुहोस् । विद्यार्थीलाई राम्रो कथा लेखेकोमा हौसला प्रदान गरी थप प्रोत्साहन गर्नुहोस् ।

(ऋ) शिक्षकले पनि एउटा प्रेरणामूलक लोककथाको नमुना प्रदर्शन गरी कक्षामा सुनाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) सुनाइ र बोलाइ खण्डको अभ्यासात्मक क्रियाकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(ख) दिइएका बुँदाका आधारमा एउटा कथा लेख्नुहोस् :

मृगका एक परिवार जङ्गलमा बस्नु, जेठी छोरीको विवाहको कुरा चल्नु, परिवारमा कान्छी छोरीले मात्र पढेको हुनु, छोरीको बिहे गर्न बुबा मृगसँग सम्पत्ति नहुनु, ऊ भालुकहाँ ऋण माग्न जानु, कान्छी छोरीसँगै जानु, भालुले सही गराउँदा ५०० दिएर कागजमा ५००० लेख्नु, कान्छी छोरीले यो कुरा देखी बुबालाई भन्नु, भालुले सच्याएर ऋण दिनु, धुमधामले बिहे हुनु

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# पाठ ३ स्वरोजगारीको महत्त्व

**विधा : संवाद** **कार्यघण्टा : ९**

## परिचय

'स्वरोजगारीको महत्त्व' संवाद विधाको पाठ हो । विद्यार्थीमा संवादात्मक अभिव्यक्ति सिपको विकास गराउनु संवाद विधाको प्रयोजन हो । संवाद शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । तसर्थ संवाद विधाको प्रमुख उद्देश्य भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो ।

यसबाट विद्यार्थीमा प्रतिक्रिया, धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर, छलफल, हाउभाउसहितको संवाद प्रस्तुति, संवेगात्मक सचेततासहित विषयवस्तुको सार प्रस्तुति, विषयवस्तुको मौखिक वा सिर्जनात्मक अभिव्यक्ति, घटना वर्णन, चित्र वर्णन, समस्या पहिचान र समाधानका उपाय प्रस्तुति जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । हाउभाउसहितको अभिनय सस्वरपठन, छलफल, प्रश्नोत्तर, विषयवस्तुको सन्दर्भ अनुकूलको स्वाभाविक वर्णन, चरित्र चित्रण र पात्र तुलना, परिवेश चित्रण, संवादको संरचना पहिचान, घटनाक्रम पहिचान, तर्क र समर्थनजस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटना टिपोट, सार लेखन, अनुकरणात्मक संवाद लेखन, तार्किक अभिव्यक्ति, सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना श्रुतिलेखन, अनुलेखन, प्रश्नोत्तरलगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत प्राविधिक र पारिभाषिक शब्दको शब्दार्थ र वाक्यमा प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचना र वर्णविन्यासअन्तर्गत लेख्य चिह्न र ह्रस्व उकारको पहिचान र प्रयोगका क्रियाकलाप गराउनुपर्छ । यो पाठमा अनुभूति वा अनुभवसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत निर्दिष्ट शीर्षकमा संवाद रचनाको अभ्यास तथा क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ ३ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप संवादात्मक अभिव्यक्तिजन्य अभ्यास गराउनु आवश्यक हुन्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध (पूर्व पठन)<br>• छलफल<br>• संवादको संरचना वर्णन | • पूर्व पठन खण्ड र मूल पाठ खण्डमा समाविष्ट चित्र अध्ययन गरी चित्रले व्यक्त गरेको भाव बोध गर्न<br>• चित्रमा आधारित भएर छलफल र प्रश्नोत्तर गर्न<br>• संवादको संरचना बताउन | • पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्र<br>• लिखित संवादको नमुना<br>• दुई जना व्यक्तिले गरेको संवादको भिडियो<br>• संवादको संरचना जनाउने तालिका |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई अगिल्लो दिन पढेको विषयवस्तुको बारेमा प्रश्न गरेर त्यसको उत्तरको प्रतीक्षा गरी फेरि आज पढ्ने विषयवस्तुप्रति प्रश्न राख्नुहोस् र त्यसको उत्तर प्राप्त भएपछि भर्खरै भएको कुराकानी र यस्तै प्रकृतिका छलफल नै संवाद हो भन्ने कुरा जानकारी गराउनुहोस् ।

(आ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

(इ) केही विद्यार्थीसँग आजको विषयवस्तुमा आधारित भई कुनै संवादात्मक अभिव्यक्ति प्रस्तुत गर्नुहोस् र सो अभिव्यक्ति संवाद हो भन्ने कुरालाई धारणा खुल्ने गरी प्रस्ट पारिदिनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी ढङ्गबाट विभिन्न समूहमा विभाजन गरी पाठको पूर्व पठन तथा मूल पाठ खण्डमा भएका चित्रमा केन्द्रित गराई छलफल गराउनुहोस् र प्रत्येक समूहलाई आफ्नो भागमा परेका चित्रमा अभिव्यक्त कामका बारेमा आफूले बोध गरेका कुरालाई साथी साथी वा समूह समूहबिचमा प्रश्नोत्तरका माध्यमबाट संवादात्मक शैलीमा भन्न लगाउनुहोस् ।

(आ) अन्य विद्यार्थीलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई शिक्षकले समेत साथ दिई संवादात्मक शैलीमा प्रस्तुतीकरण गर्नुहोस् र गर्न लगाउनुहोस् ।

(इ) छलफलमा आएका विषयवस्तु र पाठगत सन्दर्भलाई मिलाई आजको छलफलको निष्कर्ष

सुनाउनुहोस् ।

(ई) शिक्षकले तयार पारेको लिखित संवादको छोटो नमुना प्रदर्शन गरी त्यस संवादमा रहेका परिवेश चित्रण, पात्र र ती पात्रबिचमा भएका सन्दर्भानुकूल संवाद तथा तिनले गर्ने हाउभाउको बारेमा जानकारी गराउनुहोस् ।

(उ) शिक्षक आफूले तयार पारेको संवादको संरचनासँग मिल्दो कुनै संवादको भिडियो (आफैँले तयार गरेको भिडियो भए अझै राम्रो) प्रदर्शन गरी त्यस भिडियोमा रहेको परिवेश, पात्र र ती पात्रबिचमा भएका संवाद तथा हाउभाउको बारेमा समूह समूह बनाई छलफल गर्न लगाउनुहोस् र अगिल्लो लिखित संवाद र अहिलेको भिडियोमा भएको संवादको संरचनाबारेमा तुलनात्मक रूपमा छलफल गराउनुहोस् ।

(ऊ) संवादको संरचना जनाउने तालिका प्रदर्शन गरी संवादमा हुनुपर्ने पक्षहरूको जानकारीसहित अगिल्ला दुई संवादसँग तुलनात्मक अध्ययन गराई संवादको संरचनाबारे छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस्, जस्तै :

**संवादको संरचना**

- शीर्षक
- संवाद भएको स्थानको परिवेश वर्णन (१/२ वाक्यमा)
- पात्र चयन
- शीर्षकअनुकूल विषयवस्तुको उठान (अभिवादन वा सम्मानजनक शब्दबाट)
- सरल, सहज र स्तरअनुकूल भाषाशैलीमा विषयवस्तुको संवादात्मक प्रस्तुतीकरण
- संवादका क्रममा प्रश्नोत्तर शैलीको प्रयोग गर्न सकिने (आवश्यकताभन्दा बढी प्रश्नोत्तरले संवादलाई पट्यार लाग्दो बनाउने भएकाले यस्तो शैली प्रयोगमा विशेष ध्यान दिनुपर्ने)
- संवादमा उपयुक्त लेख्य चिह्न वा विराम चिह्नको प्रयोग
- पात्रले संवादका क्रममा गरेका शारीरिक चेष्टालाई कोष्ठक चिह्नभित्र समावेश गर्ने
- धन्यवाद, कृतज्ञता वा कुनै सकारात्मक धारणाबाट संवादको समापन

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई कुनै दुई जना व्यक्तिले संवाद गर्दै गरेको चित्र दिई त्यस चित्रले व्यक्त गर्न खोजेको भावलाई व्यक्त गर्न लगाउनुहोस् ।

(ख) संवादमा समावेश हुनुपर्ने पक्षहरू समेटेर संवादको संरचना व्यक्त गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • हाउभाउसहितको सस्वर पठन (पूर्ण पाठ)<br>• शुद्धोच्चारण | • पात्रानुकूलको भूमिकामा रही हाउभाउसहित संवादको सस्वरवाचन गर्न<br>• पाठमा रहेका नवीन तथा उच्चारणमा कठिनाइ देखिएका शब्दको शुद्ध उच्चारण गर्न | • पाठ्यपुस्तक<br>• शब्दपत्ती<br>• संवादमा आधारित अडियो तथा भिडियो सामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षक र विद्यार्थीबिचमा आजको विषयवस्तुका बारेमा संवादात्मक शैलीमा छलफल गर्दै सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तु बारेमा छोटो छलफल गरी आजको कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) दुई जना विद्यार्थीलाई पाठका दुई जना पात्र दोर्जे र दलबहादुरको भूमिका दिई पाठलाई हाउभाउसहित सस्वरवाचन गर्न प्रेरित गर्नुहोस् । यस क्रममा विद्यार्थीले उपयुक्त ढङ्गबाट वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) संवादमा हाउभाउको महत्त्वबारे जानकारी गराउँदै विषयवस्तु र सन्दर्भ अनुकूलको हाउभाउसहितको वाचन गर्न विद्यार्थीलाई अभ्यास गराउँदै जानुहोस् । यस क्रममा कोष्ठकमा राखिएका विषयवस्तुलाई वाचन नगरी त्यसको हाउभाउ मात्र प्रदर्शन गर्न निर्देशन गर्नुहोस् ।

(इ) शिक्षक आफैँले सहकर्मी शिक्षकको सहयोगमा पाठलाई वाचन गरी तयार पारेको अडियो तथा भिडियो सामग्री प्रदर्शन गरी उक्त संवाद हाउभाउसहित सस्वरवाचन गरेको नमुना प्रस्तुत गर्नुहोस् ।

(ई) अन्य विद्यार्थीलाई पनि पालैपालो दुई दुई जनाको समूहमा बाँधी पाठका पात्र दोर्जे र दलबहादुरको भूमिका दिई पाठलाई हाउभाउसहित सस्वरवाचन गर्न लगाउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् ।

(उ) कुनै पनि समूहले पाठ सस्वरवाचन गर्दैगर्दा अन्य विद्यार्थीलाई पाठ राम्ररी हेर्न निर्देश गर्नुहोस् । त्यसरी हेर्दा वाचकलाई उच्चारण गर्न कठिन भएका तथा हरेक विद्यार्थी आफूलाई नयाँ लागेका र उच्चारणमा कठिनाइ हुने शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) सस्वरवाचनको अभ्यास सकिएपछि विद्यार्थीले टिपोट गरेका शब्द पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र ती शब्दलाई शब्दपत्तीको सहायतामा उच्चारणको अभ्यास गराउनुहोस्, जस्तै :

इच्छाशक्ति /इच्.छा.सक्.ति/

उद्यमी /उद्.द्य.मि/

(ऋ) बोध र अभिव्यक्ति खण्डको अभ्यास नं. १ लाई पनि यसै क्रियाकलापअन्तर्गत समावेश गरी सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो दोर्जे र दलबहादुरको संवादका केही अंश तोकी हाउभाउसहित सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

सङ्कल्प, उद्यमी, व्यवसायी, अर्गानिक, पुँजी, स्वरोजगारी, प्रशिक्षण, उद्देश्य

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# तेस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (पुनरावृत्ति)<br>• शब्दभण्डार (शब्दार्थ, वाक्यमा प्रयोग, पारिभा(षिक वा प्राविधिक शब्द पहिचान र वाक्य पुरण)<br>• बोध प्रश्नोत्तर | • संवादलाई सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थ बताउन र जोडा मिलाउन<br>• पाठका निर्देशित शब्दलाई वाक्यमा प्रयोग गर्न<br>• पाठ्य संवादका आधारमा बोध प्रश्नोत्तर गर्न | • पाठ्यपुस्तक<br>• शब्दपत्ती, अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नसूची<br>• प्रश्नअनुकूलका उत्तरका नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै समसामयिक विषयवस्तु तथा पाठ्य विषयवस्तुसँग सम्बन्धित कुनै सन्दर्भमा आधारित भएर विद्यार्थीसँग छोटो संवाद गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुबारे जानकारी गराई कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) अगिल्लो दिनको सिकाइका आधारमा दोर्जे र दलबहादुरको भूमिकामा हाउभाउसहित पाठ सस्वरवाचन गर्न दुई दुई जना विद्यार्थीको समूह बनाई विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई पाठ राम्ररी हेर्न, अध्ययन गर्न र पाठमा भएका नयाँ तथा आफूले अर्थबोध गर्न नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(आ) सस्वरवाचन गर्ने विद्यार्थीको वाचनशैली हेरी आवश्यकतानुसार सहजीकरण गर्नुहोस् र अन्य विद्यार्थीले पाठ हेरे नहेरेको विचार गरी पाठ हेर्न र नयाँ शब्द टिपोट गर्न पटक पटक निर्देश गर्नुहोस् ।

(इ) सस्वरवाचनको अभ्यास सकिएपछि हरेक विद्यार्थीलाई आफूले टिपोट गरेका शब्दहरू पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र ती शब्दको अर्थ सकेसम्म विद्यार्थीलाई नै भन्न प्रेरित गर्नुहोस् । विद्यार्थीबाट समाधान हुन नसकेका समस्यामा केन्द्रित भई शिक्षकले शब्दपत्ती र अर्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

पुँजी : सम्पत्ति, धन

निरुत्साहित : उत्साहको अभाव भएको, हतोत्साहित

चुनौती : हाँक

(ई) शब्दार्थको अभ्यास गराइसकेपछि तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

(उ) पाठमा प्रयुक्त केही पारिभाषिक वा प्राविधिक शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस्, जस्तै :

आयआर्जन, स्वरोजगारी, उद्यमी, अर्गानिक, पुँजी

अर्गानिक : हामीले घरमै प्राङ्गारिक तरकारी खेती गर्न थालेपछि अर्गानिक तरकारी खान पाएका छौँ ।

(ऊ) विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी सोही किसिमका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

(ऋ) शब्दभण्डार खण्डको अभ्यास ४ का आधारमा वाक्यमा छुटेका शब्द कोष्ठकबाट पहिचान गरी पुनर्लेखन गर्न लगाउनुहोस्, जस्तै :

(क) हामीले आफ्नो संस्कृतिको अवमूल्यन गर्नुहुँदैन ।

(ख) सडक निर्माण गर्दा पर्यावरणको रक्षा गर्नुपर्छ ।

(ग) पौष्टिक आहारको कमीले कुपोषण हुन्छ ।

(घ) चितवन राष्ट्रिय निकुञ्जमा गैँडा छन् ।

(ङ) नेपाल एक भूपरिवेष्टित राष्ट्र हो ।

(ए) शिक्षकले पाठ्य संवादका कुनै अंशबाट कुनै शब्द झिकी वाक्य पुरणसँग सम्बन्धित थप अभ्यास गराउनुहोस्, जस्तै :

ल त म पनि घाँस लिन .................... जान्छु ।

उत्तर : ल त म पनि घाँस लिन वनतिर जान्छु ।

(ऐ) पाठ्य संवादमा आधारित भएर केही बोध प्रश्नको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) दलबहादुर कुन पेसामा लागेका छन् ?

(ख) स्वरोजगारी भनेको के हो ?

(ग) स्वरोजगार बन्नका लागि के कस्ता काम गर्न सकिन्छ ?

(ओ) माथिका प्रश्नको उत्तर पाठबाट खोज्न लगाउनुहोस् । विद्यार्थीले खोजेका उत्तरलाई संरचना मिलाई भन्न लगाउनुहोस् र विद्यार्थीको उत्तरलाई ध्यानमा राखी शिक्षकले तयार गरेका उत्तरका नमुना प्रदर्शन गरी प्रश्नको संरचनासँग मिलाई उत्तर दिन सिकाउनुहोस्, जस्तै :

दलबहादुर कुन पेसामा लागेका छन् ?

उत्तर : दलबहादुर तरकारी खेती पेसामा लागेका छन् ।

(औ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ३. का बोध प्रश्न दिई बोध प्रश्नोत्तरको थप अभ्यास गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो दोर्जे र दलबहादुरले बोलेका एक एकओटा संवाद तोकेर हाउभाउसहित वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

खेतीपाती, स्वरोजगार, परिश्रम, सहुलियत, गोडमेल, मलजल, रोजगारी, पुष्प व्यवसाय, कृषि

(ग) शब्दभण्डार खण्डको अभ्यास २ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् ।

(घ) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) यस संवादमा दोर्जे र दलबहादुर कति कति पटक बोलेका छन् ?

(आ) दोर्जे किन विदेश जान आँटेका हुन् ?

(इ) सफल उद्यमी व्यवसायी बन्न के गर्नुपर्छ ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# चौथो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भावविस्तार<br>• सङ्क्षिप्त बोध प्रश्नोत्तर | • पाठमा प्रयुक्त सन्देशमूलक महत्त्वपूर्ण भनाइ वा वाक्य पहिचान गर्न<br>• पाठका आधारमा निर्देशित पङ्क्तिको भावविस्तार गर्न<br>• पाठ्य संवादका आधारमा सङ्क्षिप्त बोध प्रश्नोत्तर गर्न | • भावविस्तारका लागि निर्देशित वाक्य वा भनाइको सूची<br>• भावविस्तारको संरचना जनाउने तालिका<br>• भावविस्तारको नमुना<br>• बोध प्रश्नको सूची<br>• प्रश्नोत्तरको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै प्रेरक व्यक्तिको प्रेरणादायक भनाइ सुनाएर त्यस भनाइले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) पाठमा दोर्जे र दलबहादुरले संवादका क्रममा बोलेका सन्देशमूलक महत्त्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्न सिकाउनुहोस् । यस क्रममा यस्ता भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुराको जानकारी गराउँदै टिपोट गराउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग पनि गर्नुहोस् ।

(आ) विद्यार्थीले टिपोट गरेका वाक्यलाई मध्यनजर गर्दै शिक्षकले पाठमा दोर्जे वा दलबहादुरले संवादका क्रममा बोलेका महत्त्वपूर्ण भनाइलाई टिपोट गरिएका वाक्य वा भनाइको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) अब त म अरूलाई पनि विदेश होइन स्वदेशमै स्वरोजगारीमा लागेर आफ्नै देशमा बस्न सल्लाह दिन्छु ।

(ख) युवाको जाँगर र श्रम देशको माटामा पर्याप्त उपयोग गरेर हामी आत्मनिर्भर बन्न सक्छौँ ।

(ग) जुन काम गर्दा आफू सफल हुन्छु जस्तो लाग्छ त्यही क्षेत्रमा दृढ इच्छाशक्ति र इमानदारीका साथ लाग्नुपर्छ ।

(इ) माथिका मध्ये कुनै एक भनाइको भावार्थ खुल्ने बुँदा प्रस्तुत गर्नुहोस्, जस्तै :

माथिका वाक्यमध्ये तेस्रो वाक्यको भावार्थ बुँदा

- मानिसका लागि स्वरोजगारीका धेरै क्षेत्र रहेका
- कृषि, पर्यटन, उद्योग आदि स्वरोजगारीका क्षेत्र
- यी विविध क्षेत्रमध्ये जुन क्षेत्रमा काम गरे पनि आफ्नै लागि गर्न सकिने
- यी क्षेत्रका काम गर्नका लागि अरूको भर पर्नु नपर्ने
- आफूलाई जुन काम मन लाग्छ वा जुन काममा आफू दक्ष छु जस्तो लाग्छ त्यो काम गर्न सकिने

- आफूले गर्न थालेको काममा जाँगर चलाएर इमानदारीका साथ काम गर्नुपर्ने
- यसरी काम गर्दा जहाँ वा जुनसुकै काममा पनि सफलता प्राप्त गर्न सकिने

(ई) विद्यार्थीलाई माथिको ग न. वाक्य पाठमा हेर्न लगाई पाठको सन्दर्भसँग मिल्ने गरी उपर्युक्त बुँदा समेटी भावविस्तार गर्न सिकाउनुहोस् । यसका लागि शिक्षकले तयार गरेको भावविस्तारको संरचना जनाउने तालिका वा बुँदाको सूचीसमेत प्रयोग गर्नुहोस् ।

(उ) भावविस्तारको प्रक्रिया सिकाउँदा वाक्यमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई जोड्दै मौखिक रूपमा भावविस्तार गर्ने अभ्यास गराउनुहोस् ।

**भावविस्तारको नमुना**

"जुन काम गर्दा आफू सफल हुन्छु जस्तो लाग्छ त्यही क्षेत्रमा दृढ इच्छाशक्ति र इमानदारीका साथ लाग्नुपर्छ ।"

मानिस सकेसम्म आफ्नै खुट्टामा उभिएर जीवन चलाउन चाहन्छ । केही मानिस अरूले ठिक्क पारिदिएको भाग खाने प्रकृतिका पनि हुन्छन् । जो मानिस आफ्नै खुट्टामा उभिन र स्वरोजगार हुन चाहन्छ त्यस्ता मानिसका लागि रोजगारीका अनेकौँ अवसर छन् । रोजगारीका लागि मानिसलाई कृषि, पर्यटन, उद्योगलगायतका थुप्रै अवसर छन् । यी विविध क्षेत्रमध्ये जुन क्षेत्रमा काम गरे पनि मानिसले आफ्नै लागि गर्ने हो । त्यसैले कुनै पनि व्यक्तिले म यो काम गर्छु वा गर्दिनँ भन्नु भन्दा पनि कुनै एक पेसा वा व्यवसाय अपनाएर आफ्ना लागि काम गर्न सक्यो भने उसले अरूको भर पर्नु पर्दैन । यी क्षेत्रमा काम गर्नका लागि कसैको भर पर्नु वा मुख ताक्नु पनि पर्दैन । त्यसैले स्वरोजगारीका जति पनि अवसर छन् तीमध्ये जुन कुनै काम पनि हामीले गर्न सक्छौँ । आफूलाई आफ्नो ज्ञान, सिप वा दक्षतामा आधारित जुन काम गर्न मन लाग्छ अथवा आफूलाई जुन काममा दक्ष छु जस्तो लाग्छ त्यही काम गरी स्वरोजगार बन्नु नै मानिसको सच्चा पहिचान पनि हो । यसमा व्यक्तिले आफ्नो रुचिअनुसारका जुनसुकै काम गर्न सक्छ । सिकर्मी, डकर्मी, प्लम्बिङ, वायरिङ, रेडियो, घडी मर्मतलगायतका काम गरेर मानिस आफ्नै खुट्टामा उभिन सक्छ । आफूले गर्न थालेको काममा जाँगर चलाएर इमानदारीपूर्वक जीवीकोपार्जनको माध्यम बनाउन सकिन्छ ।

समग्रमा जुनसुकै कामलाई पेसाको रूपमा विकास गर्न सक्दा त्यस्ता कामबाट मानिसले सफलता प्राप्त गर्न सक्छ । कामलाई पेसाका रूपमा विकास गर्न त्यस कामप्रति दत्तचित्त भएर लाग्नुपर्छ भन्ने कुरालाई उपर्युक्त अंशले पाठ्य संवादमार्फत व्यक्त गरेको छ ।

(ऊ) माथिका भावार्थका बुँदा र भावविस्तारको प्रक्रियालाई अन्तर्सम्बन्धित गर्दै भावविस्तार लेखनको नमुना प्रदर्शन गर्नुहोस् ।

(ऋ) विद्यार्थीले अगिल्लो क्रियाकलापमा खोजेका संवादको कुनै महत्त्वपूर्ण अंशको भाव व्यक्त गर्ने बुँदा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी भावार्थ लेख्न लगाउनुहोस् । विद्यार्थीले भावार्थ लेख्दै गर्दा त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) पाठ्य संवादको कुनै गहन भनाइसम्बद्ध भावार्थको बुँदा प्रदर्शन गरी सम्बन्धित भनाइ वा वाक्य पहिचान गर्न लगाउनुहोस् र यस्तै किसिमका थप अभ्यास गराई भावविस्तार लेखनसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ऐ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएको सङ्क्षिप्त प्रश्नका आधारमा उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

(औ) छोटो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) पाठबाट कुनै दुईओटा महत्त्वपूर्ण भनाइ टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई समूहमा विभाजन गरी दिइएका वाक्यको भावविस्तार गर्न लगाउनुहोस् ।

(अ) म आफ्नो पुँजी, ज्ञान र सिप आफ्नै देशको माटामा खन्याउन चाहन्छु ।

(आ) खाडी देशको उखरमाउलो गर्मीमा पसिना बगाउनुभन्दा त आफ्नै देशको माटामा पसिना बगाउनु राम्रो हो ।

(ग) तलका बोध प्रश्नका सङ्क्षिप्त उत्तर दिन लगाउनुहोस् :

(अ) स्वरोजगारीका क्षेत्र के के छन् ?

(आ) आफ्नै देशमा बसेर काम गर्दा के के फाइदा हुने रहेछन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • घटना टिपोट र सारांश लेखन<br>• लामो उत्तर लेखन | • पाठ्य विषयवस्तु सुनी मुख्य मुख्य घटना टिपोट गर्न<br>• टिपोट गरिएका मुख्य मुख्य घटनाजन्य बुँदालाई समेटी सारांश लेख्न<br>• पाठमा आधारित निर्देशित प्रश्नको लामो उत्तर लेख्न | • पाठको मुख्य मुख्य घटना टिपोट गरिएको सूची<br>• सारांशको नमुना<br>• लामो उत्तर आउने प्रश्नको सूची<br>• लामो उत्तर आउने प्रश्नको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइलो घटना वा विषयवस्तु प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले पाठलाई सस्वरवाचन गरी सुनाउनुहोस् र विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा केन्द्रित भई यस संवादका मुख्य मुख्य घटनालाई शिक्षकले वाचन गर्दागर्दै रेखाङ्कन गर्न लगाई ती घटना टिपोट गर्न लगाउनुहोस् ।

(आ) आवश्यकतानुसार विद्यार्थीले महत्त्वपूर्ण घटना टिपोट गर्न सके नसकेको अवलोकन गर्नुहोस् र मुख्य मुख्य घटनालाई सस्वर पठनकै क्रममा सङ्केत गरी विद्यार्थीलाई बुँदा टिपोटमा सहजीकरण गर्नुहोस् ।

(इ) घटना टिपोटको काम सकिएपछि विद्यार्थीलाई पालैपालो सुनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषणसहित आफूले टिपोट गरेर ल्याएका घटनाको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

उत्तर : पाठको विषयवस्तुसँग सम्बन्धित मुख्य मुख्य घटना

- विदेश जान लागेको दोर्जेको कुराकानी दलबहादुरसँग हुनु
- दलबहादुरले दोर्जेलाई स्वरोजगार बनेर स्वदेशमै काम गर्ने सल्लाह दिनु

- दक्षता, क्षमताअनुसार दोर्जेले दलबहादुरसँग स्वरोजगारीको बारेमा जान्ने जिज्ञासा प्रकट गर्नु
- दलबहादुरको विचारमा आफ्नै लगानीमा आफूले चाहेको काममा आफूलाई संलग्न गराई आयआर्जन गर्नु र आफूलाई जुन काममा रुचि छ, त्यही काम गरेर जीविकोपार्जन गर्नु नै स्वरोजगारी भएको बताउनु
- दलबहादुरले दोर्जेलाई सिकर्मी, डकर्मी, प्लम्बिङ, वाइरिङ, मार्बल र टायल जडान, रेडियो, घडी, टेलिभिजन, मोबाइल, कम्प्युटर, गाडी, मोटरसाइकल आदि मर्मतसम्बन्धी काम, नाम्लो, दाम्लो, सुकुल, गुन्द्री, कुचो, दुनाटपरी, राडी, पाखी सजावटका विभिन्न सामान, बच्चाका खेलौना, पोते, माला आदि निर्माण, कृषि, पर्यटन आदि थुप्रै स्वरोजगारीका क्षेत्र रहेको कुरा सुनाउनु
- दलबहादुरले दोर्जेलाई स्वरोजगारीका फाइदा र चुनौतीका सम्बन्धमा नीतिगत कुरासमेत प्रस्ट पार्नु
- दलबहादुरको कुराबाट प्रभावित भएर दोर्जे स्वरोजगार बन्ने र विदेश नजाने निर्णय लिनु

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा केन्द्रित भई टिपोट गरिएका मुख्य घटनालाई समेटेर सारांश लेख्ने तरिका र संरचनाको बारेमा आवश्यक छलफल गराउनुहोस् र आफूले तयार पारी ल्याएको सारांशको नमुना प्रस्तुत गर्नुहोस्, जस्तै :

**दोर्जेको निर्णय**

विदेश जान लागेको दोर्जेको कुराकानी दलबहादुरसँग हुन्छ । दलबहादुरले दोर्जेलाई स्वरोजगार बनेर स्वदेशमै काम गर्ने सल्लाह दिन्छन् । स्वरोजगारको कुरा उठाएपछि दोर्जेले दलबहादुरसँग स्वरोजगारीको बारेमा जान्ने जिज्ञासा प्रकट गर्छन् । दलबहादुरले आफ्नै लगानीमा आफूले चाहेको काममा आफूलाई संलग्न गराई आयआर्जन गर्नु र आफूलाई जुन काममा रुचि छ, त्यही काम गरेर जीविकोपार्जन गर्नु स्वरोजगारी भएको कुरामा दोर्जेलाई स्पष्ट पार्छन् । दलबहादुरले दोर्जेलाई सिकर्मी, डकर्मी, प्लम्बिङ, वाइरिङ, मार्बल र टायल जडान, रेडियो, घडी, टेलिभिजन, मोबाइल, कम्प्युटर, गाडी, मोटरसाइकल आदि मर्मतसम्बन्धी काम, नाम्लो, दाम्लो, सुकुल, गुन्द्री, कुचो, दुनाटपरी, राडी, पाखी सजावटका विभिन्न सामान, बच्चाका खेलौना, पोते, माला आदि निर्माण, कृषि, पर्यटन आदि थुप्रै स्वरोजगारीका क्षेत्र रहेको कुरा सुनाउँछन् । दलबहादुरले स्वरोजगारीका फाइदा र चुनौतीका बारेमा समेत दोर्जेलाई नीतिगत कुरासमेत प्रस्ट पारि दिन्छन् । दलबहादुरको कुराबाट प्रभावित भएर दोर्जेले स्वरोजगार बन्ने र अब विदेश नजाने निर्णय लिन्छन् ।

(उ) विद्यार्थीलाई पनि समूहगत रूपमा यसै नमुनाअनुसार सारांश लेख्न लगाउनुहोस् र विद्यार्थी समूहले तयार पारेका सारांश लेखनलाई पालैपालो सुनाउन लगाउनुहोस् । अन्य विद्यार्थीलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऊ) विद्यार्थीलाई दुई समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का प्रश्नलाई एक एक ओटा समूहमा बाँड्नुहोस् र विद्यार्थीलाई पाठ पढी ती प्रश्नको उत्तर समेट्ने खालका बुँदा तयार गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहयोग र निदे र्शन प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीले तयार पारेका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । तिनै बुँदालाई समेटेर मौखिक रूपमा लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् । विद्यार्थीलाई मौखिक रूपमा उत्तर भन्न लगाउनुहोस् ।

(ए) प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको लामो उत्तरको नमुना प्रस्तुत गर्नुहोस्, जस्तै :

प्रश्न : यस संवादमा स्वरोजगारीको महत्त्व कसरी देखाइएको छ, स्पस्ट पार्नुहोस् ।

उत्तर : आफ्नै लगानीमा आफूले चाहेको काममा आफूलाई संलग्न गराई आयआर्जन गर्नु नै स्वरोजगारी हो । आफूलाई जुन काममा रुचि छ, त्यही काम गरेर जीविको पार्जन गर्नुलाई स्वरोजगारी भनिन्छ । स्वरोजगारी पारिवारिक आम्दानीमा वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रका लागि निकै आवश्यक मानिन्छ ।

वैदेशिक रोजगारीका आफ्नै किसिमका समस्या छन् । यहाँबाट जुन सपना देखेर त्यहाँ गइन्छ, आखिर त्यो सपना पूरा हुन निकै गाह्रो हुन्छ । खाडी देशको उखरमाउलो गर्मीमा पसिना बगाउनुभन्दा आफ्नै देशको माटामा पसिना बगाउनु राम्रो हो । यसबाट आफूलाई पनि फाइदा हुन्छ र देशको पनि उन्नति हुन्छ । थोरै लगानीमा आफ्नो श्रम, सिप र क्षमताको सदुपयोग गरी आर्थिक रूपमा सबल हुनका लागि स्वरोजगार हुनु जस्तो राम्रो अरू केही हुँदैन । विदेश गएर अरूको अधीनमा बसेर निश्चित कमाइमा बाँच्नुभन्दा स्वतन्त्र भएर आफ्नै देशमा स्वरोजगारीमा लाग्न हुन्छ । त्यस्तै छोराछोरीलाई सजिलै राम्रो शिक्षादीक्षा दिन र ऋणमुक्त हुन पनि स्वरोजगारीले मदत गर्छ ।

समग्रमा अरूको भर नपरी आफ्नै खुट्टामा उभिएर जीविकोपार्जन गर्न स्वरोजगारी आवश्यक छ । आफ्नो पुँजी ज्ञान र सिप आफ्नै देशको माटामा खन्याएर व्यक्ति र र ाष्ट्रलाई आर्थिक रूपमा सबल बनाउन स्वरोजगारीको महत्त्व छ ।

(ऐ) यसै नमुनालाई आधार मानी दुवै प्रश्नको उत्तर अगि विद्यार्थीले टिपोट गरेका बुँदाका आधारमा लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई आफूले लेखेका उत्तर प्रदर्शन गरी पढेर सुनाउन लगाउनुहोस् र सबै विद्यार्थीमाझ आवश्यक छलफल गराई पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) संवादका मुख्य मुख्य घटना भन्न लगाई त्यसको सारांशसमेत मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् ।

(ख) तलका प्रश्नको लामो उत्तर लेख्न लगाउनुहोस् :

(अ) यस संवादले दिन खोजेको सन्देशमाथि विवेचना गर्नुहोस् ।

(आ) यस संवादले स्वरोजगारीको महत्त्वलाई कसरी व्यक्त गरेको छ ? स्पष्ट पार्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# छैटौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुलेखन<br>• श्रुतिलेखन<br>• सामूहिक छलफल<br>• चित्रवर्णन | • निर्देशित अनुच्छेदको अनुलेखन गर्न<br>• निर्देशित अनुच्छेदको श्रुतिलेखन गर्न<br>• नेपालमा स्वरोजगारीका सम्भावनाका बारेमा सामूहिक छलफल गरी कक्षामा सुनाउन<br>• निर्देशित चित्र हेरी त्यसले व्यक्त गर्न खोजेको सन्देशलाई वर्णन गर्न | • अनुच्छेद<br>• स्वरोजगारीका सम्भावना उल्लेख गरिएको सूचीपत्र<br>• रोजगारीका विभिन्न क्षेत्र झल्कने चित्र |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइलो घटना वा विषयवस्तु प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) अनुलेखनको अवधारणा र अनुलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्द बनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्द बनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस् र ती विषयवस्तुमा आधारित भई सो अनुच्छेदलाई अनुलेखन गर्न प्रेरित गर्नुहोस् ।

(इ) अभ्यास न. ९ का आधारमा निर्देशित अनुच्छेद खोज्न लगाई त्यस अनुच्छेदको अनुलेखन गराउनुहोस् ।

(ई) तोकिएको कार्य सकिएपछि शिक्षकले त्यसको परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्द बनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ऊ) विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्द बनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस् । त्यसपछि अभ्यास ११ का आधारमा श्रुतिलेखन अभ्यास गराउनुहोस् ।


(ऋ) तोकिएको कार्य सकिएपछि साथी साथीबिचमा कापी साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् र शिक्षकले त्यसको लागि आवश्यक सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् र शिक्षकले तयार गरेका अन्य अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

(ए) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी 'नेपालमा स्वरोजगारीका सम्भावना' भन्ने शीर्षकमा पाठका आधारमा समूह समूहमा छलफल गराउनुहोस् र छलफलबाट आएका मुख्य मुख्य विषयलाई टिपोट गर्न लगाई विद्यार्थीले निकालेको निष्कर्षलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऐ) फरक फरक समूहबाट आएको धारणा र शिक्षक आफूले पनि तयार गरेको बुँदालाई संयोजन गरी त्यसको सार निकाल्न सहयोग गर्नुहोस् ।

(ओ) अभ्यास १३. मा दिएको चित्र हेरी त्यस चित्रबाट बोध भएका धारणा व्यक्त गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । विद्यार्थीबाट आएका विचारलाई ध्यानमा राखी आवश्यकतानुसार थप

सहजीकरण गरी धारणा स्पष्ट पारिदिनुहोस् र अभ्यास १३. मा जस्तै विभिन्न भाव झल्कने चित्र शिक्षकले प्रदर्शन गर्नुहोस् ।

तस्बिर स्रोत : ब्राइन्ली डट इन

(औ) दिइएका चित्रवर्णनसम्बन्धी थप अभ्यास गराउनुहोस् ।


## ३. मूल्याङ्कन

(क) पाठको कुनै अनुच्छेद निर्देश गरी अनुलेखन गराउनुहोस् ।

(ख) शिक्षकले कुनै अनुच्छेद सुनाई त्यसको श्रुतिलेखन गराउनुहोस् ।

(ग) 'नेपालमा स्वरोजगारीका सम्भावना' के कस्ता छन्, सामूहिक रूपमा उत्तर दिन लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो तल दिइएको चित्रको बारेमा वर्णन गर्न लगाउनुहोस् ।




तस्बिर स्रोत : ब्राइन्ली डट इन

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • तार्किक उत्तर (विचार लेखन)<br>• भाषिक प्रकार्य (अनुभूति) | • पाठमा आधारित निर्देशित विचारसँग सहमती वा असहमती जनाई आफ्नो विचार व्यक्त गर्न<br>• कुनै विषयवस्तु, समस्या, घटना आदिमा केन्द्रित भई आफ्नो अनुभूति व्यक्त गर्न | • तार्किक उत्तरको नमुना<br>• अनुभूतिजन्य अनुच्छेद<br>• अडियो तथा भिडियो |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले आफ्नो जीवनमा घटेका कुनै सुखदुःखसम्बन्धी अनुभव सुनाउनुहोस् र विद्यार्थीलाई पनि आफ्नो जीवनमा घटेका त्यस्ता सुखदुःखका अनुभूति भए स्मरण गर्न (केही समयपछि प्रस्तुत गर्ने गरी) निर्देश गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठभित्रबाटै कुनै तर्कपूर्ण विषयवस्तु उठान गरी त्यसमा आफ्नो धारणा व्यक्त गर्न लगाउनुहोस्, जस्तै : दलबहादुरले दोर्जेलाई "विदेश नगई देशमै बसेर स्वरो जगारीतिर लाग" भनेको भनाइ तपाईंलाई कस्तो लाग्यो आफ्नो धारणा व्यक्त गर्नुहोस् ।

(आ) यस सन्दर्भमा विद्यार्थीलाई आफ्नो धारणा व्यक्त गर्दा आफूलाई लागेको विचार (राम्रो/नराम्रो, असल/खराब, उचित/अनुचित आदि) लाई तर्कपूर्ण ढङ्गले पुष्टि गर्नुपर्ने विषयमा आफूले तयार पारेको उत्तरको नमुना प्रदर्शन गरी जानकारी गराउनुहोस् र विद्यार्थीलाई मौखिक रूपमै पालैपालो सोहीअनुसार तर्कसहित पुष्टि गर्न अभ्यास गराउनुहोस् ।

(इ) अभ्यास न. १० का आधारमा विद्यार्थीलाई आफ्नो विचार लेखी कक्षामा सुनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ई) विद्यार्थीले मौखिक रूपमा व्यक्त गरेको विचारलाई लेख्य रूपमा उर्तान लगाउनुहोस् र उनीहरूको उत्तर परीक्षण गरी आवश्यक सुझाव दिनुहोस् ।

(उ) विद्यार्थीसँग अनुभव वा अनुभूतिसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । अनुभूति भनेको कुनै पनि व्यक्तिले आफ्नो जीवनमा अनुभव गरेका सुखदुःखजन्य घटना आदिको स्मरण हो । यो मानवीय संवेदनासँग प्रत्यक्ष जोडिएको हुन्छ त्यसैले यस्ता अनुभूतिलाई व्यक्त गर्दा सुखदुःखका सन्दर्भलाई मिलाएर भाषिक व्यवहार गर्नुपर्छ भन्ने कुरा सिकाउनुहोस् । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् र कक्षाको सुरुआतमै आफूले जीवनको एउटा अनुभूति प्रस्तुत गरेको कुरा स्मरण गराउँदै अर्को अनुभूतिजन्य सन्दर्भ सुनाउनुहोस्, जस्तै :

### अनुभूति

मदन : टिभीमा फुटबल आउने बेला भयो । अर्को च्यानल लगाऊ न कञ्चन ।

कञ्चन : (रिमोट चलाउँदै) ए हो त नि । आज कुन कुन देश भिड्दै छन् रे ।

मदन : आज नेपाल र भारतबिच प्रतिस्पर्धा हुँदै छ । तिमीलाई थाहा थिएन र ?

कञ्चन : म पनि कस्तो हुस्सु भएकी । नेपाल फाइनलमा पुगेको त थाहा पाएकी थिएँ । नेपाल भारतबिच प्रतिस्पर्धा हुने कुरा चाहिँ थाहा थिएन ।

मदन : आज त नेपालले खेल जित्नै पर्छ ।

कञ्चन : उ............उ............ खेल सुरु भइसकेछ । उद्घोषकले खेलको परिचय दिँदै छन् ।

मदन : आजको फुटबल खेलमा सिङ्गो नेपालको ध्यान तानिएको छ ।

कञ्चन : नेपालको मात्र ध्यान तानिएको हो र ? नेपाललाई माया गर्नेहरूको पनि ध्यान तानिएको छ ।

मदन : अस्तिको खेल जितेपश्चात् नेपाल फाइनलमा पुग्यो । म त खुसीले बुरुक्कै उफ्रिएको थिएँ ।

कञ्चन : मलाई पनि औधी खुसी लागेको थियो । अझै भन्नुपर्दा आफैँले खेल जिते जस्तो हर्षित भएकी थिएँ ।

मदन : नेपालीले खेलकुद क्षेत्रमा नयाँ परिचय बनाउनु गौरवको कुरा हो ।

कञ्चन : हो त नि मदन । अहिले सारा नेपालीलाई गौरवको अनुभूति भइरहेको छ ।

मदन : राष्ट्र र राष्ट्रियताप्रति गौरवबोध हुनु सुखद कुरा हो ।

(ऊ) यस्तै किसिमको उदाहरण प्रयोग गरी अनुभूतिका क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ऋ) शिक्षकले तयार पारी ल्याएको अडियो तथा भिडियो सामग्री पनि प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि पालैपालो यस्तै किसिमका अनुभूतिजन्य घटना मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ए) अभ्यास १४ मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

(ऐ) अनुच्छेद पठनपश्चात् तोकिएको निर्देशनका आधारमा सिर्जनको अनुभूति कस्तो रह्यो पालैपालो भन्न लगाउनुहोस् ।

(ओ) अनुच्छेदमा सिर्जन र मदनको अनुभूति लेखिए जस्तै गरी हरेक विद्यार्थीलाई अगि शिक्षकले देखाएको नमुना र विद्यार्थी आफूले व्यक्त गरेको अनुभूतिलाई समेटी एउटा अनुच्छेद तयार पार्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको सन्दर्भमा आधारित भई विद्यार्थीलाई आफ्नो विचार व्यक्त गर्न लगाउनुहोस् :

- संवादको अन्तिममा दोर्जे विदेश नजाने निर्णयमा पुगेको कुरा तपाईंलाई कस्तो लाग्यो ? आफ्नो विचार लेख्नुहोस् ।

(ख) वद्यार्थीको जीवनमा घटेको कुनै अनुभूतिजन्य घटना शिलशिला मिलाई बताउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • र्णविन्यास (लेख्य चिह्न र ह्रस्व उकार)<br>• सिर्जना र परियोजना कार्य | • पूर्णविराम, अल्पविराम, योजक, कोष्ठक, उद्गार र प्रश्न चिह्न पहिचान गर्न<br>• लेख्य चिह्न र लेख्य चिह्नका नामबिच जोडा मिलाउन<br>• निर्देशित अनुच्छेदबाट उपर्युक्त चिह्न प्रयोग भएका वाक्य पहिचान गरी टिपोट गर्न<br>• निर्देशित वाक्यमा उपयुक्त लेख्य चिह्न प्रयोग गरी वाक्य पूरा गर्न<br>• पाठबाट ह्रस्व उकार लागेर बनेका शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• आफ्नो समुदायमा भएका स्वरोजगारीका क्षेत्र पहिचान गर्न | • लेख्य चिह्न सूची<br>• उपयुक्त लेख्य चिह्न प्रयोग गरी निर्माण गरिएका वाक्यका नमुना<br>• उपयुक्त लेख्य चिह्न प्रयोग नगरी निर्माण गरिएका वाक्यका नमुना<br>• ह्रस्व उकार ( ु ) जनाउने वर्ण तथा शब्दपत्ती<br>• ह्रस्व उकार लागेर बनेका शब्दसूची<br>• ह्रस्व उकार लागेका शब्दलाई वाक्यमा प्रयोग गरिएका नमुना वाक्य |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कुनै छोटो क्रियाकलाप गराएर मस्तिष्क मन्थन गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुको छोटो स्मरण गराई आजको पाठ्यवस्तुबारे छलफल सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीमाझ लेख्य चिह्न नमिलेका र लेख्य चिह्नको प्रयोग नै नभएका वाक्य शैक्षणिक पाटीमा लेख्नुहोस् र ती वाक्यमा भएका अशुद्धि पत्ता लगाउन र सच्याउन लगाउनुहोस् । यस क्रममा विद्यार्थीले दिएका उत्तरअनुसार वाक्यमा लेख्य चिह्न राखी मिलाउँदै जानुहोस् । केही वाक्य सच्याउन विद्यार्थीलाई नै प्रेरित गरी शैक्षणिक पाटीमा उपयुक्त विराम चिह्न राखी वाक्य सच्याउन लगाउनुहोस् । यसरी सच्याइएका वाक्यमाथि विद्यार्थी समूहमै छलफल गराउनुहोस् र उपयुक्त ठाउँमा बिराम चिह्नको प्रयोग भए नभएको स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीलाई लेख्य चिह्न र तिनका नाम भन्न र लेख्न लगाउनुहोस् । विद्यार्थीमध्येबाटै एक जनालाई अगाडि बोलाएर शैक्षणिक पाटीमा लेख्न लगाउनुहोस् र ती चिह्नका बारे मा छलफल गराउनुहोस् ।

(इ) शिक्षकले तयार पारी ल्याएको लेख्य चिह्नको सूची प्रदर्शन गरी चिह्न र तिनको नाम पहिचान र बोध गर्न लगाउनुहोस्, जस्तै :

- पूर्णविराम चिह्न ।
- अल्पविराम चिह्न ,
- योजक चिह्न -
- कोष्ठक चिह्न ( )
- उद्गार चिह्न !
- प्रश्न चिह्न ?

(ई) उपयुक्त लेख्य चिह्न प्रयोग गरी निर्माण गरिएका वाक्यका नमुना प्रदर्शन गरी लेख्य चिह्नको प्रयोग वाक्यमा कहाँ कहाँ, कसरी र कुन सन्दर्भमा हुन्छ भन्ने विषयमा छलफल गराउनुहोस् ।

(उ) उपयुक्त लेख्य चिह्न प्रयोग नगरी निर्माण गरिएका वाक्यका नमुना पनि प्रदर्शन गर्नुहोस् र ती वाक्यमा लेख्य चिह्न नमिलेका स्थान पहिचान गरी उपयुक्त स्थानमा उपयुक्त लेख्य चिह्न राख्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीलाई पूर्णविराम, अल्पविराम, योजक, कोष्ठक, उद्गार र प्रश्न चिह्न प्रयोग भएका एक एकओटा वाक्य निर्माण गर्न लगाउनुहोस् र उपयुक्त चिह्न प्रयोग गरी वाक्य निर्माण गरे नगरेको निरीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ मा आधारित भएर अनुच्छेदमा प्रयोग भएका लेख्य चिह्न पहिचान गर्न लगाउनुहोस् र आवश्यक सहयोग गर्नुहोस् । भाषिक संरचना र वर्णविन्यासको अभ्यास २ मा आधारित भएर विराम चिह्नको नाम र विराम चिह्नबिच जोडा मिलाउन लगाउनुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

(ए) भाषिक संरचना र वर्णविन्यासको अभ्यास ३. मा आधारित भएर पाठबाट पूर्णविराम, अल्पविराम, योजक, कोष्ठक, उद्गार र प्रश्न चिह्न प्रयोग भएका दुई दुईओटा वाक्य टिप्न लगाउनुहोस् (यस क्रियाकलापका निम्ति विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई फरक फरक अनुच्छेद तोकेर पनि दिन सकिन्छ ।) र टिपोट कार्य सकिएपछि समूह समूहमा छलफल गराउनुहोस् ।

(ऐ) भाषिक संरचना र वर्णविन्यासको अभ्यास ४ मा आधारित भएर शब्द टिपोट गराई ति( नलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ओ) विद्यार्थीलाई ह्रस्व उकार ( उ / ु ) जनाउने वर्णपत्तीको प्रयोग गरी ह्रस्व उकारको परिचय दिनुहोस् र ह्रस्व उकार प्रयोग भएका शब्दपत्ती र वाक्यपत्तीको प्रयोग गरी यससम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(औ) शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार लागेर बनेका शब्दको उदाहरण पेस गर्नुहोस् र विद्यार्थीलाई पनि त्यस्ता शब्द भन्न र लेख्न प्रेरित गर्दै छलफल गराउनुहोस्, जस्तै :

कुन, बाबु, दाजु, दुवै, सुकुल, उनी, होउन् आदि ।

(अं) पाठबाट शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार लागेर बनेका कुनै पाँचओटा शब्द पहिचान गरी तिनलाई आफ्नै ढङ्गमा वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यक सहयोग गर्नुहोस् र सिर्जना र परियोजना कार्यअन्तर्गतको अभ्यास २ मा आधारित भई विद्यार्थीलाई आफ्नो समुदायमा भएका स्वरोजगारीका क्षेत्र पहिचान गरेर आउन निर्देश गर्नुहोस् । (यस क्रियाकलापलाई गृहकार्यका रूपमा प्रयोग गर्नुहोस्)

## ३. मूल्याङ्कन

(क) दिइएका वाक्यलाई उपयुक्त लेख्य चिह्न प्रयोग गरी लेख्न लगाउनुहोस् :

- रमण पासाङ नन्दनी र मिथिलेस विद्यालय गए
- स्पुतनिक २ नामको अन्तरिक्ष यान चन्द्रमामा पुग्यो
- के तिमीहरूले गृहकार्य गरेका छौ
- आहा कस्तो सुन्दर ठाउँ रहेछ ।
- हामी पढ्ने ठाउँ विद्यालय बाट पैदल हिँडेर घरसम्म आयौँ ।

(ख) दिइएका चिह्नको नाम लेख्न लगाउनुहोस् :

। , ? ! - ( )

(ग) शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार प्रयोग भएका कुनै पाँचओटा शब्द टिपोट गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ ३.<br>• सिर्जना र परियोजना कार्य | • सुनाइ पाठ ३. का आधारमा ठिक वा बेठिक वाक्य पहिचान गर्न<br>• सुनाइ पाठ ३. का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट शीर्षकमा निर्देशित संवाद लेख्न<br>• आफ्नो समुदायमा भएका स्वरोजगारीका क्षेत्र पहिचान गरी लेख्न | • सुनाइ पाठ ३. को अडियो सामग्री<br>• संवादको संरचना देखाउने सूची<br>• संवादको नमुना<br>• स्वरोजगारीका क्षेत्र लेखिएको सूचीपत्र |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) छोटो कथा वा कुनै व्यक्तिको सङ्क्षिप्त जीवनी सुनाई त्यसैसँग सम्बन्धित प्रश्नोत्तरको माध्यमबाट छोटो संवाद गर्नुहोस् र आजको कक्षा यस्तै सुनाइ बोलाइ र संवादमा केन्द्रित हुने जानकारी गराउँदै कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठका दुवै अभ्यास एक पटक राम्ररी पढ्न लगाउनुहोस् र यी अभ्यासको उत्तर सुनाइ पाठ सुनेका आधारमा मौखिक रूपमा दिनुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(इ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ ३. सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी सुनाइ पाठ कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(ई) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित ठिक बेठिक भन्न लगाउनुहोस्, जस्तै :

(क) टनेललाई संरक्षित संरचना भनिन्छ । (ठिक)

(ऊ) विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

(ए) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस्, जस्तै :

(क) नेपालमा कुन कुन प्रकारका टनेल प्रचलनमा छन् ?

उत्तर : नेपालमा अस्थायी, अर्धस्थायी र स्थायी प्रकारका टनेल प्रचलनमा छन् ।

(ऐ) विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ओ) शिक्षकले तयार पारेको लिखित संवादको छोटो नमुना प्रदर्शन गरी त्यस संवादमा रहेका परिवेश चित्रण, पात्र र ती पात्रबिचमा भएका सन्दर्भानुकूल संवाद तथा तिनले गर्ने हाउभाउको बारेमा जानकारी गराउनुहोस् । (यस क्रियाकलापलाई यस पाठको पहिलो दिनको क्रियाकलापसँग जोड्नुहोस् ।)

(औ) संवादमा हुनुपर्ने पक्षहरूको जानकारीसहित यसको संरचना तालिका र नमुना संवाद प्रदर्शन गरी छलफल गराउनुहोस् । (यसै पाठको पहिलो दिनको क्रियाकलापमा आधारित भएर)

(अं) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गरी सिर्जना र परियोजना कार्यको अभ्यास १ मा केन्द्रित भई वनजङ्गलको संरक्षण शीर्षकमा आआफ्नो भूमिका निर्वाह हुने गरी परिवेश चित्रण, पात्र र ती पात्रबिचमा भएका सन्दर्भानुकूल संवाद तथा तिनले गर्ने हाउभाउसहितको संवाद तयार गर्न लगाउनुहोस् । (यस अभ्यासलाई भोलिपल्टको कक्षामा मूल्याङ्कन गर्नुहोस् ।)

(अः) विद्यार्थीलाई चार चार जनाको समावेशी समूहमा विभाजन गरी प्रत्येक समूहलाई अगिल्लो दिनको क्रियाकलापमा दिइएको गृहकार्यमा आधारित भई आफ्नो समुदायमा भएका स्वरोजगारीका क्षेत्रमाथि छलफल गर्न लगाउनुहोस् र सिर्जना र परियोजना कार्यको अभ्यास २ मा केन्द्रित भई प्रत्येक समूहको निष्कर्षलाई कक्षामा सुनाउन लगाउनुहोस् र शिक्षकले तयार गरेर ल्याएको स्वरोजगारीका क्षेत्र जनाउने तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

**स्वरोजगारीका क्षेत्र**

- कृषि
- गाईपालन
- बङ्गुरपालन
- बाख्रापालन
- माछापालन
- तरकारी खेती
- कुखुरापालन
- मौरीपालन
- पुष्पव्यवसाय
- फलफूल खेती
- काष्ठकला
- वेतबाँस कला
- हस्तकला
- चित्रकला
- घरेलु उद्योग
- साना व्यापार
- घर निर्माण
- विभिन्न यन्त्र उपकरण निर्माण (बाइक,कम्प्युटर, गाडी, मोबाइल, रेडियो, टेलिभिजन)
- प्लम्बिङ

प्रत्येक समूहलाई आफूले छलफल गरी निकालेको निष्कर्ष र यस तालिकाबिच तुलना गर्न लगाउनुहोस् र थप छलफल गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(अ) सुनाइ पाठ ३. सुनाएर तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

- टनेलको स्थायी संरचनामा के के पर्छन् ?
- टनेलको निर्माण किन गरिन्छ ?

(आ) संवाद लेखन गर्दा कुन कुन पक्षलाई समावेश गर्नुपर्छ ?

(इ) प्रत्येक विद्यार्थीलाई आफ्नो समुदायमा भएका स्वरोजगारीका क्षेत्र उल्लेख गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ ४

# साहित्यकार भूपि शेरचन

**विधा : जीवन** **कार्यघण्टा : ९**

## परिचय

'साहित्यकार भूपि शेरचन' जीवनी विधाको पाठ हो । नेपाली साहित्य क्षेत्रमा विशेष योगदान पुऱ्याएका भूपि शेरचनको जीवनीमा आधारित यो पाठ राष्ट्रिय जीवनी हो । समाज राष्ट्र तथा मानव जातिका निम्ति विशिष्ट योगदान पुऱ्याउने व्यक्तिको व्यक्तित्वको विभिन्न पक्षमा प्रकाश पार्ने तथ्यमूलक सामग्रीको क्रमबद्ध तथा सुन्दर प्रस्तुति नै जीवनी हो । जीवनी शिक्षणबाट विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमता, लेखन क्षमता र शब्दभण्डारमा वृद्धि हुन्छ । जीवनी शिक्षणबाट विद्यार्थीमा उत्साह र प्रेरणा प्रदान हुन्छ । बालबालिकाको व्यक्तित्वको निर्माण र भाषिक सिपको विकासमा जीवनी शिक्षणबाट महत्त्वपूर्ण सहयोग पुग्छ ।

जीवनी शिक्षणअन्तर्गत सम्पन्न गरिने क्रियाकलापबाट विद्यार्थीमा गति यति मिलाएर पाठ्यसामग्रीको सस्वरवाचन गर्ने, मौन पठन गर्ने, बोधात्मक क्षमताको विकास गर्ने, जीवनी रचना गर्ने, घटना टिपोट तथा वर्णन गर्ने, घटनाक्रम मिलाउने र सारांश खिच्ने सिप विकास हुन्छ । यस पाठमा पढाइ लेखाइ सिपको विकासका लागि समयबद्ध पठन, घटनाक्रम मिलान, बोधात्मक प्रश्नोत्तर जस्ता पाठ्यवस्तु समावेश गरिएको छ भने शब्दभण्डार क्षमताको विकासका लागि श्रुतिसमभिन्नार्थी शब्दलाई उपयोग गरिएको छ ।

भाषिक संरचना र वर्णविन्यासअन्तर्गत पदसङ्गति पहिचान र दीर्घ ऊकारको प्रयोगलाई समावेश गरि एको छ । भाषिक प्रकार्यअन्तर्गत प्रशंसालाई समावेश गरिएको छ । सुनाइ तथा बोलाइ पाठ चारको उपयोग गरेर बोधात्मक प्रश्नोत्तर, घटनाक्रम पहिचान, व्यक्तिवृत्त वर्णन र छलफल तथा अनुमानका पाठ्यवस्तुको उपयोग गरी भाषिक सिपको विकासमा जोड दिइएको छ । अनुमानित कार्यघण्टाअनुसार तयार गरिएको पाठ्यवस्तुगत वितरणको योजना र निर्देशनको उपयोग तथा आवश्यकताअनुसार विविध विद्यार्थी केन्द्रित क्रियाकलापको उपयोग गरेर कक्षा शिक्षणलाई उपलब्धिमूलक बनाउन सकिन्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका र आवश्यकताअनुसार अन्य विविध थप अभ्यास गराउन सक्नुहुने छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध र छलफल<br>• सस्वर पठन (अनुच्छेद १ र २.<br>• शब्दभण्डार (शब्दार्थ र वाक्यमा प्रयोग)<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदहरू शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डका चित्र,<br>• भूपि शेरचनको तस्बिर,<br>• शब्दपत्ती, अर्थपत्ती, शब्दकोश, वाक्यपत्ती, प्रश्न सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै राष्ट्रिय व्यक्तित्त्वले गरेका ऐतिहासिक काम तथा उनको जीवनको महत्त्वपूर्ण सन्दर्भको उल्लेख गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी आधारमा छओटा समूहमा विभाजन गर्नुहोस् । पाठको पूर्व पठन खण्डमा दिइएका साहित्यकारको तस्बिर प्रदर्शन गरी ती साहित्यकारको योगदानका बारे मा एक समूहलाई एउटा पर्ने गरी तस्बिरका बारेमा छलफल गर्न लगाउनुहोस् । उक्त व्यक्तिका बारेमा समूहले निकालेको निष्कर्ष सुनाउन लगाई थप छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीलाई भूपि शेरचनको फोटो र सम्भव भएसम्म प्रोजेक्टरबाट साहित्यिक कृतिको भिडियो देखाएर वा मोबाइलबाट उनको कुनै गीत सुनाएर उत्प्रेरित गर्दै पाठ प्रारम्भ गर्नुहोस् ।

(इ) शिक्षकले निर्दिष्ट पाठको पहिलो अनुच्छेद सस्वरवाचन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

(ई) विद्यार्थीलाई पाठका विभिन्न अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य भाषाभाषी

विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वरवाचन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(उ) निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई टिपोट गर्नुहोस् । विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् । सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस्, जस्तै :

स्रष्टा /स्रस्.टा/

सुपुत्र /सु.पुत्.त्र/

गम्भीर /गम्.भिर्/

(ऊ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्दहरू टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गर्नुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपि( एका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र, शब्दकोश आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस्, जस्तै :

स्तरीय : उच्चस्तरको, उत्कृष्ट

स्रष्टा : रचयिता, सृष्टि गर्ने

गम्भीर : शान्त, धीर

(ऋ) शुद्ध र स्पष्ट उच्चारण तथा शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा तिनै शब्दलाई वाक्यमा प्रयोग गरिएका केही वा( क्यपत्ती प्रदर्शन गरी सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस्, जस्तै :

स्तरीय : तिमीले स्तरीय वाक्य निर्माण गरेछौ ।

(ए) निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित बोध प्रश्नहरूको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले उत्तर संशोधन तथा परिमार्जन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् र नमुना उत्तरसमेत प्रदर्शन गरी प्रस्ट पार्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

लोकप्रियता, निधन, गम्भीर, रुचि, औपचारिक

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) भूपि शेरचनको जन्म कहाँ भएको हो ?

(आ) भूपि शेरचनले कहाँ गएर अध्ययन गरे ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (अनुच्छेद ३., ४ र ५)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्यमा प्रयोग)<br>• बोध प्रश्नोत्त | • निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • शब्दपत्ती, अर्थपत्ती शब्दकोश, वाक्यपत्ती, प्रश्नसूची |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

(आ) विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका विभिन्न अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा विविध क्षमता भएका तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वरवाचन गर्दा विद्यार्थीले ठिकसँग पढेनपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(इ) निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई टिपोट गर्नुहोस् । विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

(ई) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् ।

(उ) पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गर्नुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

(ऊ) शुद्ध र स्पष्ट उच्चारण तथा शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । वाक्यपत्तीका सहयोगले वाक्य निर्माणको धारणालाई प्रस्ट पार्नुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ऋ) निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गराउनुहोस् । पाठमा आधारित छोटा बोध प्रश्नको सूची टाँस्नुहोस् र प्रश्न ध्यानपूर्वक अध्ययन गर्न तथा उत्तरको अनुमान गर्न लगाउनुहोस् ।

(ए) उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । प्राप्त उत्तरको पृष्ठपोषण प्रदान गर्नुहोस् । आवश्यकताअनुसार शिक्षकले नमुना उत्तर प्रदर्शन गरी विद्यार्थीले तयार गरेका उत्तरको संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो पाठका निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

मिलनसार, मृदुभाषी, चित्रकला, राष्ट्रवादी, विसङ्गति

(ग) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(अ) भूपि शेरचन कस्ता व्यक्ति थिए ?

(आ) भूपि शेरचनले लेखेका ३. साहित्यिक कृतिको नाम भन्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# तेस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (अनुच्छेद ५ देखि अन्तिमसम्म)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्यमा प्रयोग)<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद शुद्ध उच्चारण गरी सस्वरवाचन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ पहिचान वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • शब्दपत्ती, अर्थपत्ती, शब्दकोश, वाक्यपत्ती, प्रश्नसूची, उत्तरका नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई भूपि शेरचनले लेखेका कुनै साहित्यिक पुस्तक वा कृतिको अंश सम्भव भएसम्म प्रोजेक्टरबाट भिडियो देखाएर वा मोबाइलबाट उनको कुनै रचना सुनाएर उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद नमुना सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

(आ) विद्यार्थीलाई पालैपालो पाठका निर्दिष्ट अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा विविध क्षमता भएका तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वरवाचन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(इ) निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई टिपोट गर्नुहोस् । विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् ।

(ई) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् । शब्दोच्चारणका लागि बोध र अभिव्यक्ति खण्डको अभ्यास १ पनि गराउनुहोस् ।

(उ) पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गर्नुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

(ऊ) शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दलाई वाक्य तथा अनुच्छेदमा पनि प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ऋ) निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गराउनुहोस् । पाठमा आधारित छोटा बोध प्रश्नको सूची टाँस्नुहोस् र प्रश्न ध्यानपूर्वक अध्ययन गर्न तथा उत्तरको अनुमान गर्न लगाउनुहोस् ।

(ए) उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । प्राप्त उत्तरको पृष्ठपोषण प्रदान गर्नुहोस् । आवश्यकताअनुसार शिक्षकले नमुना उत्तर प्रदर्शन गरी विद्यार्थीले तयार गरेका उत्तरको संशोधन तथा परिमार्जन गरिदिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पाठको कुनै अनुच्छेद वाचन गर्न लगाई गति यति मिलाएर वाचन गरे नगरेको मूल्याङ्कन गर्नुहोस् ।

(ख) निर्दिष्ट पाठबाट विभिन्न प्रश्न सोधी जीवनीको भाव बोध र उत्प्रेरणा प्राप्त भए नभएको मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# चौथो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डा (श्रुतिसमभिन्नार्थी शब्द)<br>• सार लेखन | • श्रुतिसमभिन्नार्थी शब्दको पहिचान र प्रयोग गर्न<br>• पाठ्य जीवनीको सार लेख्न | • श्रुतिसमभिन्नार्थी शब्दको सूची<br>• वाक्यपत्ती<br>• सार लेखनका लागि तयार गरिएको बुँदासूची<br>• सार लेखनको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले सम्भव भएसम्म प्रोजेक्टरबाट विभिन्न श्रुतिसमभिन्नार्थी शब्द प्रस्तुत गर्नुहोस् । प्रस्तुत गरिएका शब्दलाई कुन शब्द सुन्दा उस्तै छन् भनी केही समय विद्यार्थीलाई सोच्न निर्देश गर्नुहोस् । प्रस्तुत गरिएका श्रुतिसमभिन्नार्थी शब्दका अर्थ फरक भएका कुरा बताउनुहोस् । उक्त शब्द सुन्दा उस्तै र अर्थ फरक भएका कुरा जानकारी गराइ ती शब्द

पटक पटक उच्चारण गरी सुन्न लगाउनुहोस् । छनोट गरी टिपोट गर्न निर्देश गर्नुहोस् । आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् ।

(आ) जुन शब्द सुन्दा उस्तै हुन्छन् तर ती शब्दका अर्थ फरक फरक हुन्छन् भने तिनै शब्द श्रुतिसमभिन्नार्थी शब्द हुन् भन्ने कुरा बताउनुहोस् । जस्तैः 'सिता' र 'सीता' शब्दमा सुन्दा उस्तै भए पनि ह्रस्व 'सिता' ले भातलाई बुझाउँछ भने दीर्घ 'सीता' ले राजा जनककी छोरीलाई जनाउँछ ।

(इ) पाठको शब्दभण्डारअन्तर्गतको अभ्यास १ मा केन्द्रित भई श्रुतिसमभिन्नार्थी शब्द र तिनको अर्थबिचमा जोडा मिलाउने अभ्यास गराउनुहोस् ।

(ई) श्रुतिसमभिन्नार्थी शब्दका शब्द र अर्थ लेखिएको सूची शैक्षणिक पाटीमा प्रस्तुत गर्नुहोस् र ती शब्दलाई कुनै एक विद्यार्थीलाई उठेर भन्न लगाउनुहोस् र अन्य विद्यार्थीलाई सुन्न निर्देश गर्नुहोस् । सुन्दा उस्तै भए पनि ती शब्दका अर्थ फरक फरक भएका कुरा छलफल गराउनुहोस् । आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) केही श्रुतिसमभिन्नार्थी शब्दको फरक अर्थअनुसार वाक्यमा प्रयोग गर्न दिनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरिएका केही नमुना प्रदर्शन गरी सहजीकरण गर्नुहोस् । विद्यार्थीले रचना गरेका वाक्य प्रस्तुत गरी सबैले सुन्ने गरी वाचन गर्न लगाउनुहोस् । आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऊ) पाठको शब्दभण्डारअन्तर्गतको अभ्यास २ मा केन्द्रित भई श्रुतिसमभिन्नार्थी शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(ऋ) पाठको शब्दभण्डारअन्तर्गतको अभ्यास ३. मा केन्द्रित भई श्रुतिसमभिन्नार्थी शब्द खोजी गर्न र तिनको अर्थ लेख्न लगाउनुहोस् ।

(ए) प्रोजेक्टरबाट श्रुतिसमभिन्नार्थी शब्द प्रयोग भएका अनुच्छेद प्रस्तुत गर्नुहोस् । अनुच्छेदमा भएका श्रुतिसमभिन्नार्थी शब्द विद्यार्थीलाई टिपोट गर्न लगाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई छओटा समूहमा विभाजन गरी ती समूहलाई पाठका एक एक अनुच्छेद भाग लगाउनुहोस् र आफ्नो समूहलाई परेको अनुच्छेद मौनपठन गर्न लगाउनुहोस् । मौनपठनकै क्रममा अनुच्छेदबाट मुख्य मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ओ) टिपोट गरिएका बुँदालाई भन्न लगाई शिक्षकले सबै समूहका, सबै अनुच्छेदका बुँदा क्रमशः शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र शिक्षकले तयार गरी ल्याएको बुँदासूची प्रदर्शन गरेर विद्यार्थीले तयार गरेका बुँदा र बुँदासूचीमा भएका बुँदाबिचमा तुलना गर्न लगाउनुहोस् । तिनै बुँदालाई आधार मानी प्रत्येक समूहलाई पाठ्य जीवनीको सार लेख्न प्रेरित गर्नुहोस् ।

(औ) विद्यार्थीले सार लेखिसकेपछि शिक्षकले तयार पारी ल्याएको सारको नमुना प्रदर्शन गर्नुहोस् । विद्यार्थीले लेखेको र शिक्षकले तयार पारेको सारको नमुनाबिच तुलना गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(अ) पाठको शब्दभण्डार खण्डको अभ्यास ३. गर्न लगाउनुहोस् ।

(आ) पाठको सार मौखिक रूपमा भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • घटनाक्रम मिलान<br>• प्रश्नोत्तर<br>• तार्किक उत्तर | • घटनाक्रम मिलान गर्न<br>• सङ्क्षिप्त उत्तर लेख्न<br>• भविष्यको योजनाबारे तर्क पेस गर्न | • घटनाक्रमका बुँदा<br>• नमुना उत्तर |

## २. सकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै व्यक्तिको उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) साहित्यकार भूपि शेरचनका जीवनीका मुख्य मुख्य घटनालाई क्रम बिगारेर प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट प्रस्तुत गर्नुहोस् ।

(आ) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गर्नुहोस् । समूहमा छलफल गरी क्रमबद्ध रूपमा घटनाक्रम मिलाएर टिपोट गर्न निर्देश गर्नुहोस् । सबैभन्दा पहिला क्रम मिलाउने समूहलाई

प्रस्तुत गर्न अवसर दिनुहोस् । अन्य समूहलाई पनि क्रमैसँग प्रस्तुत गर्न अवसर दिनुहोस् । आवश्यकताअनुसार शिक्षकले तयार गरी ल्याएको घटनाक्रमको सूची प्रदर्शन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

(इ) पाठ्यपुस्तकमा भएको बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ गराउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) सङ्क्षिप्त उत्तर लेख्ने प्रश्नहरू प्रस्तुत गर्नुहोस् । प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नहरूको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

(उ) माथिल्लो क्रियाकलापकै आधारमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ र ५ गर्न लगाउनुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ का आधारमा आफ्नो भविष्यको योजना तर्कसहित बताउन लगाउनुहोस् ।

(ऋ) शिक्षकले तार्किक उत्तर लेखनको तरिका र संरचना बताई विद्यार्थीले मौखिक रूपमा व्यक्त गरेको विचारलाई त्यही संरचना वा तरिकाका आधारमा लेख्न लगाउनुहोस् ।

(ए) विद्यार्थीले उत्तर लेख्दै गर्दा सबै विद्यार्थीका क्रियाकलापलाई निरीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबै लाई सुनाउन लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका प्रश्न सोधी मौखिक तथा लिखित रूपमा उत्तर दिन लगाउनुहोस् :

(अ) भूपि शेरचनले प्राप्त गरेका मान सम्मान र उपाधिहरू के के हुन् ?

(आ) भूपि शेरचन कसरी नेपाली साहित्य जगतमा सुपरिचित बने ?

(इ) भूपि शेरचनको जीवनीबाट के प्रेरणा पाइन्छ ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • बुँदा टिपोट<br>• भाषिक प्रकार्य (प्रशंसा) | • निर्दिष्ट अनुच्छेदको बुँदा टिपोट गर्न<br>• प्रशंसाको विषयमा आधारित भाषिक अभिव्यक्ति दिन | • बुँदा टिपोटको नमुना<br>• प्रशंसासम्बन्धी भाषिक अभिव्यक्तिको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) सम्भव भएसम्म प्रोजेक्टरबाट श्रव्यदृश्य सामग्री देखाएर वा मोबाइलबाट कसैले उद्घोषण गरेको सामग्री देखाएर वा सुनाएर विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले निर्दिष्ट बुँदा टिपोटका लागि कुनै नमुना अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । प्रस्तुत गरिएको नमुना अनुच्छेदलाई कुनै विद्यार्थीलाई पढेर सुनाउन निर्देश गर्नुहोस् । प्रस्तुत अनुच्छेदबाट बुँदा टिपोट कसरी गर्ने भन्ने सम्बन्धमा विद्यार्थीसँग सोधपुछ गरी उनीहरूको सिकाइ पृष्ठभूमि बुझ्नुहोस् ।

(आ) विद्यार्थीलाई बुँदा टिपोट के हो र बुँदा लेखन गर्दा ख्याल गर्नुपर्ने निम्न कुरामा जानकारी गराउनुहोस् :

बुँदा लेखन तथा बुँदा टिपोट

बुँदाले मुख्य कुरालाई बुझाउँछ । कुनै पाठ्यांशको मर्म बुझेर बुँदामा उतार्नु बुँदा टिपोट हो । यसमा कुनै अनुच्छेद वा वक्तव्यका मुख्य मुख्य कुरालाई सुव्यवस्थित र बुँदागत रूपमा पहिचान गरी लेख्ने कार्य हुन्छ ।

**बुँदा टिपोटका चरण**

(क) खेस्रा टिपोट

(ख) साफी लेखन

**बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्ष**

(क) बुँदा टिपोटका लागि दिइएको दृष्टांश वा अदृष्टांश अनुच्छेद ध्यानपूर्वक दुईतीन पटक पढ्ने

(ख) पठित पाठका सारभूत वा चिनोडमूलक तथ्यलाई रेखाङ्कन गर्ने

(ग) मुख्य मुख्य कुरालाई सिलसिलेवार रूपमा टिपोट गर्ने

(घ) टिपोट गरिएका कुरा र मूल अंशलाई पुनः एक पटक पढेर आवश्यकताअनुसार बुँदा⁄ संशोधन र परिमार्जन गर्ने

(ङ) तोकिएको सङ्ख्यामा मुख्य विषयवस्तु समेटिने गरी साफी लेखन गर्ने

(च) खास सङ्ख्यामा समेटिएका बुँदा अपूर्ण वाक्य वा असमापिका क्रियाका रूप राख्ने

(छ) भाषिक शुद्धताको परीक्षण गरी बुँदा सच्याउनुपर्ने

(इ) उल्लिखित पक्षमा विद्यार्थीलाई जानकारी गराउँदै प्रस्तुत गरिएको अनुच्छेदका आधार मा विद्यार्थीलाई मुख्य मुख्य बुँदा पहिल्याई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदा शैक्षिक पाटीमा टिप्दै जानुहोस् । आवश्यक संशोधनसहित शिक्षकले टिपोट गरेका बुँदालाई नमुनाका रूपमा प्रस्तुत गर्नुहोस् ।

(ई) पाठको कुनै एक अनुच्छेदलाई प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेद पढेर बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीले टिपोट गरेका बुँदालाई पढेर सुनाउन लगाउनुहोस् ।

(उ) विद्यार्थीसँग प्रशंसासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । प्रशंसा भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् र कुनै प्रशंसासम्बन्धी एउटा नमुना प्रस्तुत गर्नुहोस, जस्तै :

**प्रशंसा**

(नेपाली शिक्षकले विद्यार्थीको उत्कृष्ट उत्तर लेखनका सन्दर्भमा गरेको प्रशंसापूर्ण संवाद)

विद्यार्थी : शुभप्रभात ! गुरु ।

गुरु : शुभप्रभात ! शुभप्रभात ! के छ तपाईंहरूको खबर ?

विद्यार्थी : हाम्रो त ठिक छ अनि हजुरको ?

गुरु : मेरो पनि ठिक छ । हिजो मैले दिएको गृहकार्य गर्नुभयो त ?

विद्यार्थी : गरेका छौँ गुरु ।

गुरु : खै शीला तपाइँको कापी दिनुहोस् त ।

शीला : लिनुहोस् गुरु ।

गुरु : आहा ! कति राम्रो उत्तर लेख्नुभएको शीला । अक्षर पनि कति राम्रा ।

शीला : धन्यवाद ! गुरु ।

गुरु : विद्यार्थी सुन्नुहोस् त । शीलाले लेखेको उत्तर म सुनाउँछु है त सबैलाई ।

(गुरुले शीलाले लेखेको उत्तर सबैलाई सुनाउनुहुन्छ सबै विद्यार्थी ध्यान दिएर सुन्छन्)

गुरु : स्याबास् ! सबै जनाले यस्तै राम्रो मौलिक उत्तर लेख्ने अभ्यास गर्नुहोस् है त ।

विद्यार्थी : हस् गुरु ।

गुरु : मेरा प्यारा विद्यार्थी शीलाका हरेक विषयमा पढाइ उतिकै राम्रो छ अनुशासित तथा सुशील छिन् । तपाइँहरूले पनि उहाँसँग धेरै कुरा सिक्न सक्नुहुन्छ ।

विद्यार्थी : शीला असाध्यै असल र सहयोगी छिन् गुरु । हामीलाई पनि सक्दो सहयोग गर्छिन् । असल साथी पाएकामा हामी पनि खुसी छौँ ।

(ऊ) माथिको नमुनाका आधारमा बोध र अभिव्यक्ति खण्डको अभ्यास १० को क्रियाकलाप एक एक गरी विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुतिपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठको कुनै अनुच्छेद दिई बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ख) सहयोगी साथीको प्रशंसा गरी दुई जना साथीबिचमा भएको एउटा संवाद तयार गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● पदसङ्गति<br>● वर्णविन्यास (दीर्घ ऊकार को प्रयोग) | ● पदसङ्गति मिलाएर वाक्य रचना गर्न<br>● शब्दको सुरु बीच र अन्तिममा दीर्घ ऊकारको पहिचान र प्रयोग गर्न | ● पदसङ्गति मिलेका र नमिलेका वाक्यसूची,<br>● दीर्घ ऊकारको प्रयोग भएका शब्दसूची तथा शब्दपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई दिइएका प्रश्न सोधेर मस्तिष्क मन्थन गराउनुहोस् :

(क) मामाको बुबाको एक मात्र छोरी तिम्रो के नाता पर्छ ? (उत्तर : आमा)

(ख) बाह्र भाइ हेर्ने तीन भाइ नाच्ने के हो ? (उत्तर : घडी)

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले सङ्गति मिलेका र नमिलेका वाक्य मिसाएर प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई ती वाक्य पढ्न लगाउनुहोस् । सङ्गति मिलेका र नमिलेका वाक्य पहिचान गर्न लगाउनुहोस् । यस क्रममा सङ्गतिको धारणा बुझाउनुहोस् ।

(आ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १, २ र ३. गराउनुहोस् र शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

(इ) शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा दीर्घ वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) शब्दपत्ती प्रदर्शन गरी दीर्घ ऊकार प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

शब्दको सुरुमा दीर्घ ऊकार हुने शब्द : धूप, पूजा, सूर्य

शब्दको बिचमा दीर्घ ऊकार हुने शब्द : सम्पूर्ण, विभूति, पीयूष

शब्दको अन्त्यमा दीर्घ ऊकार हुने शब्द :फुपू ,आफू ,भाउजू

(उ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ४ का आधारमा दिइएका शब्दलाई वर्णविन्यास मिलाएर लेख्न निर्देशन दिनुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीको कापी परीक्षण गरी आवश्यक सल्लाह दिनुहोस् ।

(ऋ) भाषिक संरचना र वर्णविन्यासको अभ्यास ५ का आधारमा पाठबाट दीर्घ ऊकार लागेका शब्द खोजेर लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीले दीर्घ ऊकार लागेका शब्द खोजेर लेखिसकेपछि ती शब्दलाई वाक्यमा प्रयोग गर्न सिकाउनुहोस्, जस्तै :

अनुभूति : धरहराको अवलोकन गर्दा मलाई रमाइलो अनुभूति भयो ।

(ऐ) विद्यार्थीलाई दीर्घ ऊकार लागेका शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् ।

(ओ) विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यासको अभ्यास १, २ र ३ गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दजोडीबाट शुद्ध शब्द छानेर लेख्न लगाउनुहोस् :

(अ) दाजु दाजू ...............

(आ) भाउजू भाउजु ...............

(इ) फुपु फुपू ...............

(ई) फुपाजू फुपाजु ...............

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ ४)<br>• जीवनीको संरचना<br>• सिर्जना र परियोजना कार्य | • विषयवस्तुको सुनाइ र बोध गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• जीवनीको संरचना तयार गर्न<br>• कुनै साहित्यकारको व्यक्तिगत विवरण तयार पार्न | • सुनाइ पाठ ४ को श्रव्य सामग्री<br>• प्रश्न पत्ती, उत्तर पत्ती<br>• जीवनीको संरचना तालिका |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ ४ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तिमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(आ) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी ठिक बेठिक छुट्याउने अभ्यास गराउनुहोस् ।

(इ) शिक्षकले सुनाइ बोलाइसम्बन्धी अभ्यास २ का बोध प्रश्न प्रस्तुत गर्नुहोस् । आवश्यकताअनुसार सुनाइ पाठबाट अन्य प्रश्न पनि रचना गर्नुहोस् । प्रश्नको सूची प्रस्तुत गरेपछि विद्यार्थीलाई पालैपालो उत्तर भन्न प्रेरित गर्नुहोस् । विद्यार्थीले सही उत्तर भने नभनेको पहिचान गरी उत्तरका केही नमुना प्रदर्शन गरी सहजीकरण गर्नुहोस् । सही उत्तर भनेमा स्याबासी दिनुहोस् ।

(ई) विद्यार्थीलाई जीवनी लेखनको आधार के हो ? भन्ने प्रश्न गरी जीवनी लेखनका लागि

आवश्यक तथ्याङ्कबारे बताउन लगाउनुहोस् र शिक्षकले सहजीकरण गर्दै छलफल गराउनुहोस् ।

(उ) छलफलबाट आएको निष्कर्षलाई समेटी अभ्यासपुस्तिकामा बुँदागत रूपमा टिपोट गराउनुहोस् ।

(ऊ) शिक्षकले तयार गरी ल्याएको जीवनीको संरचना तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

**जीवनीको संरचना तालिका**

| | | |
|---|---|---|
| • नाम | • जन्ममिति | • जन्मस्थान |
| • आमाबुबाको नाम | • बाल्यकाल | • शिक्षा |
| • विवाह तथा सन्तान | • कृति | • जीविकोपार्जनको पेसा |
| • योगदान | • विशेषता | • संलग्नता |
| • सम्मान तथा पुरस्कार | • निधन (निधन भएको अवस्थामा मात्र) | |

(ऋ) विद्यार्थीले लेखेका बुँदा र शिक्षकले प्रस्तुत गरेको संरचना तालिकाबिच तुलना गर्न लगाई थप छलफल गराउनुहोस् ।

(ए) माथिको संरचनामा आधारित भई सिर्जना र परियोजना कार्यको अभ्यास २ मा निर्देश गरे अनुसार कुनै साहित्यकारको व्यक्तिगत विवरण तयार गरी ल्याउन लगाउनुहोस् । (यो क्रियाकलाप गृहकार्यका रूपमा दिनुहोस् ।)

## ३. मूल्याङ्कन

(अ) बालबालिकलाई आफू बस्ने ठाउँ आसपासका पर्वतारोही, खेलाडी, समाजसेवी विद्यालयका शिक्षक, माथिल्लो कक्षाका दाजु दिदी, आफ्ना साथीमध्ये कसैले गरेको महत्त्वपूर्ण कार्य बताउन लगाउनुहोस् ।

(आ) जीवनी लेख्दा के के विषयवस्तु समावेश गरिन्छन्, बताउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जना र परियोजना (निर्देशित र स्वतन्त्र जीवनी रचना) | • निर्देशित जीवनी रचना गर्न<br>• स्वतन्त्र जीवनी रचना गर्न | • जीवनीको नमुना<br>• बुँदाहरू<br>• कसैको जीवनीसँग सम्बन्धित श्रव्यदृश्य सामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै विशिष्ट व्यक्तिको छोटो जीवनी भन्दै विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले निर्देशित जीवनी रचनाका केही बुँदा प्रस्तुत गरी जीवनीको नमुना प्रस्तुत गर्नुहोस् । कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी जीवनी पढ्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

(आ) आवश्यकताअनुसार विद्यार्थीको समूह निर्माण गर्नुहोस् र अगिल्लो दिन सिकेको जीवनीको संरचनाका बारेमा पुनः स्मरण गराउनुहोस् ।

(इ) जीवनी लेखनका लागि तयार हुन निर्देश गर्नुहोस् र कुनै विशिष्ट व्यक्तिको जीवनीसम्बद्ध नाम, जन्ममिति, जन्मस्थान, आमाबुबाको नाम, शिक्षा, पेसा, कृति, योगदान आदि बुँदा लेखिएको सूचीपत्र प्रदर्शन गरी त्यस सूचीका आधारमा जीवनी लेख्न लगाउनुहोस् ।

(ई) सिर्जना र परियोजना खण्डको अभ्यास १ मा दिइएका बुँदाका आधारमा निर्देशित जीवनी लेख्न लगाउनुहोस् ।

(उ) जीवनी लेख्ने क्रममा दिइएका बुँदालाई समावेश गरी सिलसिलाबद्ध रूपमा सरल भाषाशैलीको प्रयोग गर्नुपर्ने कुरामा सचेत हुन निर्देश गर्नुहोस् र प्रत्येक समूहले गरेको समूहकार्य निरीक्षण गरी आवश्यक सहयोग गर्नुहोस् ।

(ऊ) अगिल्लो दिन गृहकार्यका रूपमा दिइएको सिर्जना परियोजनाको अभ्यास २ अनुसारको व्यक्तिगत विवरण विद्यार्थीलाई पालैपालो सुनाउन अवसर दिनुहोस् । विद्यार्थीले आफूले रचना गरेका व्यक्तिगत विवरण सुनाइसकेपछि धन्यवाद दिनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण पनि दिनुहोस् ।

(ऋ) विद्यार्थीले तयार गरेको व्यक्तिगत विवरण आपसमा साटासाट गरेर हेर्न लगाउनुहोस् । साथीले तयार गरेको र आफूले तयार गरेको व्यक्तिगत विवरणबिचमा तुलना गरी आपसमा छलफल गर्न पनि लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका बुँदाका आधारमा जीवनी तयार पार्न लगाउनुहोस् :

| | |
|---|---|
| नाम: | माधवप्रसाद घिमिरे |
| जन्ममिति: | वि.सं. १९७६, असोज ७ |
| जन्म: | पुस्तुन, लमजुङ |
| शिक्षा: | संस्कृतमा शास्त्री |
| पेशागत संलग्नता: | गोरखापत्रका सम्पादक, नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य, उपकुलपति र कुलपति |
| साहित्यिक कृतिहरू : | नवमञ्जरी, घामपानी (कविता सङ्ग्रह),<br>- किन्नर किन्नरी, सुनपङ्खी चरी (गीत सङ्ग्रह) गौरी, पापिनी आमा, राष्ट्र निर्माता (खण्डकाव्य),<br>- शकुन्तला, अश्वत्थामा (नाट(क) |
| साहित्यिक विशेषता : | - प्रकृति मानव र ईश्वरलाई भावभूमी बनाई कविता लेख्नु<br>- छन्दोबद्ध कविता मात्र लेख्नु<br>- बालसाहित्यका क्षेत्रमा पनि कलम चलाउनु<br>- परिष्कृत भाषा शैलीमा स्वच्छन्दवादी काव्यकृति रचना |
| निधन : | २०७७ भाद्र २ (एक सय एक वर्षको उमेरमा) |

(ख) विद्यार्थीको आफ्नै वा परिवारका कुनै सदस्यको जीवनी तयार पार्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ ५

# स्वस्थ जीवनका लागि योग

**विधा : प्रबन्ध** **कार्यघण्टा : ९**

## परिचय

'स्वस्थ जीवनका लागि योग' प्रबन्ध विधाको पाठ हो । विद्यार्थीलाई स्वतन्त्र लेखन अभिव्यक्ति सिपको विकास गराउनु निबन्ध विधाको मर्म हो । निबन्ध विधाको प्रमुख उद्देश्य भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । तसर्थ निबन्ध शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपमा केन्द्रित हुनु अपरिहार्य हुन्छ ।

यसबाट विद्यार्थीमा प्रतिक्रिया, धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर, छलफल, विषयवस्तुको सार प्रस्तुति, विषयवस्तुको मौखिक वा सिर्जनात्मक अभिव्यक्ति, घटना वर्णन, चित्र वर्णन, समस्या पहिचान र समाधानका उपाय अनुभव र अनुभूति वर्णन, स्वतन्त्र अभिव्यक्ति कल्पना वा सिर्जना जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । सस्वर पठन, छलफल, प्रश्नोत्तर, विषयवस्तुको सन्दर्भ अनुकूलको स्वाभाविक वर्णन, परिवेश चित्रण, घटनाक्रम पहिचान, समयबद्ध पठन, मौन पठन, निबन्धको संरचना पहिचान, सन्देश ग्रहण तर्क र समर्थन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटना टिपोट, सार लेखन, वर्णनात्मक प्रबन्ध लेखन, तार्किक अभिव्यक्ति, सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना श्रुतिलेखन, अनुलेखन, प्रश्नोत्तर बुँदाटिपोटलगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यस पाठमा शब्दभण्डारअन्तर्गत समावेशक र समावेश्य शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत भूत, वर्तमान र भविष्यत् कालको पहिचान र प्रयोग गराउनुपर्छ भने वर्णविन्यासअन्तर्गत 'ब' र 'व' को पहिचान र प्रयोग गराउनुपर्छ । यो पाठमा समस्या समाधान वा विशिष्टीकरण तथा सामान्यीकरणसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत निर्दिष्ट शीर्षकमा निबन्ध रचनाको अभ्यास तथा क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ ५ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

## पहिलो दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध<br>• छलफल तथा अनुभव वर्णन<br>• सस्वरपठन र शुद्धोच्चारण (१ देखि २ अनुच्छेदसम्म) | • पूर्व पठन खण्डका तस्बिर हेरी विषयवस्तु बोध गर्न<br>• पूर्व पठन खण्डका तस्बिर हेरी विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• पूर्व पठन खण्डका तस्बिर हेरी विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न | • पूर्व पठन खण्डका तस्बिर<br>• शब्दपत्ती |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

### (क) सुरुआती क्रियाकलाप

(अ) नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको यकिन गर्नुहोस् ।

(आ) उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाँच समूहमा विभाजन गरी पूर्व पठन खण्डमा भएका पाँचओटा चित्रमध्ये प्रत्येक समूहलाई एक एकओटा पर्ने गरी विभाजन गर्नुहोस् र ती चित्रको अध्ययन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएका योगसम्बन्धी तस्बिर प्रदर्शन गर्नुहोस् ।

(आ) विद्यार्थीलाई आआफ्नो समूहमा छलफल गरी प्रत्येक तस्बिरका बारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले तस्बिरका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गराउनुहोस् ।

(इ) छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

(ई) शिक्षकले योगको महत्त्वसम्बन्धी धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

| |
|---|
| उदाहरण : स्वस्थ रहन, आफूले आफैँलाई अनुशासनमा राख्न, मन तथा इन्द्रियलाई वशमा राख्न, गहिरो चिन्तन गर्न, एकाग्र हुन, मानसिक रूपमा स्वस्थ रहन, काममा ध्यान केन्द्रित गर्न, आनन्दको अनुभूति लिन आदि । |

(उ) विद्यार्थीलाई पूर्व पठन खण्डमा दिइएका तस्बिरमध्ये तपाईँले कुनै किसिमको योगाभ्यास गर्नुभएको छ ? भनेर प्रश्न गर्नुहोस् र गरेको भए किन गर्नुभएको र त्यसबाट के फाइदा भएको छ भनी छलफल गराउनुहोस् । यस क्रममा हरेक विद्यार्थीलाई अनुभव बताउने अवसर प्रदान गर्नुहोस् ।

(ऊ) प्रत्येक विद्यार्थीको अनुभव वर्णनपश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि हौसला प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई पाठको पहिलोदेखि दोस्रो अनुच्छेदसम्म गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) शिक्षकले पाठको पहिलो अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । विद्यार्थीहरूलाई अनुच्छेदमा प्रयोग भएका लेख्य चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् । शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् र शिक्षकले पनि वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गर्नुहोस् ।

(ऐ) अनुच्छेद १ देखि २ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका उच्चारणमा कठिनाइ भएका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर वा शब्दपत्तीको प्रयोग गरेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै : स्वस्थ = /स्वस्. थ/, व्यायामशाला = /ब्या.याम्.सा.ला/

(औ) यसै किसिमका विविध शब्दको उच्चारण विद्यार्थीलाई गर्न लगाई उच्चारणमा कठिनाइ भएका वा कठिनाइ हुन सक्ने सम्भावित शब्दको उच्चारणका लागि थप अभ्यास गराई विद्यार्थीलाई आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीमाझ योगसम्बन्धी कुनै चित्र प्रदर्शन गरी त्यस चित्रले व्यक्त गर्न खोजेको भावलाई व्यक्त गर्न लगाउनुहोस् ।

(ख) पाठको १ देखि २ अनुच्छेदभित्रका कुनै अनुच्छेद निर्देश गरी विद्यार्थीलाई गति र यति मिलाई सस्वरवाचन गराउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

प्राणायाम, सञ्चालन, ब्रह्मचर्य, अपरिग्रह

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरपठन र शुद्धोच्चारण (३. देखि अन्तिम अनुच्छेदसम्म) | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न | • शब्दपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) योगका कारण पुनर्जीवन प्राप्त गरेका कुनै व्यक्तिको छोटो जीवनी प्रस्तुत गरी विद्यार्थीलाई आजको कक्षाप्रति ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुमा आधारित भई छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठको पाँचौँदेखि अन्तिम अनुच्छेदसम्म गति, यति मिलाएर सस्वरवाचन

गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले पाठको तेस्रो अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका लेख्य चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

(ई) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् र शिक्षकले पनि वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गर्नुहोस् ।

(उ) अनुच्छेद ३. देखि अन्तिम अनुच्छेदसम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शै क्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर वा शब्दपत्तीको प्रयोग गरेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै : आत्मसंयम = /आत्.म.सम्.यम्/, निष्कासन = /निस्.का.सन्/, अभिवृद्धि = /अ.भि.ब्रिद्.धि/, सात्त्विक = /सात्.त्विक्/ आदि

(ऋ) यसै किसिमका विविध शब्दको उच्चारण विद्यार्थीलाई गर्न लगाई उच्चारणमा कठिनाइ भएका वा कठिनाइ हुन सक्ने सम्भावित शब्दको उच्चारणका लागि थप अभ्यास गराई विद्यार्थीलाई आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

(ए) बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा केन्द्रित भई विद्यार्थीलाई शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठको ३. देखि अन्तिम अनुच्छेदभित्रका कुनै अनुच्छेद निर्देश गरी विद्यार्थीलाई गति र यति मिलाई सस्वरवाचन गराउनुहोस् ।

(ख) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

समृद्ध, मांसपेशी, प्रतिरोधात्मक, एकाग्रता, प्रवृत्त

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौनपठन<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• शब्दभण्डार (समावेशक र समावेश्य शब्द, जोडा मिलान, वाक्य पुरण) | • निर्दिष्ट पाठ भाव बोध गरी मौनपठन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• समावेशक र समावेश्य शब्द पहिचान गर्न<br>• सम्बन्धित समावेशक र समावेश्य शब्दबिच जोडा मिलाउन<br>• सम्बन्धित समावेशक र समावेश्य शब्द पहिचान गरी वाक्यका खाली ठाउँ पूरा गर्न<br>• समावेशक र समावेश्य शब्दलाई अलग अलग सूचीकृत गर्न | • शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती<br>• शब्दतालिका<br>• शब्दसूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) आजको पाठ्य विषयवस्तुमै केन्द्रित भई यस कक्षामा विद्यार्थी भन्नाले ककसलाई चिनिन्छ ? वा केही विद्यार्थीको नाम लिई उहाँ यस विद्यालयको को हो ? जस्ता सान्दर्भिक प्रश्न गर्दै विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् र मैले यो प्रश्न किन गरेको हुँला ख्याल गरिराख्नुहोस् है भनी विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुबारे जानकारी गराई कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) पाठको पूर्ण अंश मौनपठन गर्न निर्देश गर्नुहोस् र विद्यार्थीलाई मौनपठनका क्रममा पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती, वाक्य, पर्यायवाची शब्द आदि प्रदर्शन गरी शब्दार्थसम्बन्धी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

अपेक्षित : आशा गरेअनुसार

दिनचर्या : दैनिकी

(आ) शब्दार्थको अभ्यास गराइसकेपछि तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । पाठमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस्, जस्तै :

दीर्घजीवी = नियमित योग साधना गर्नाले हामी दीर्घजीवी बन्न सक्छौँ ।

दिनचर्या = विद्यार्थीले आफ्नो दिनचर्या पढाइलेखाइमा बिताउनुपर्छ ।

(इ) विद्यार्थीले निर्माण गरेका वाक्यलाईसमेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी सोही किसिमका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् । शब्दभण्डार खण्डको अभ्यास ५ मा केन्द्रित भई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(ई) शिक्षकले अगि सुरुआती क्रियाकलापमा राखेका प्रश्नमा केद्रित भई विषयवस्तु उठान गर्नुहोस् । यस सन्दर्भमा समावेशक र समावेश्य शब्दलाई उदाहरणसहित पुष्टि गर्नुहोस्, जस्तै :

विद्यार्थी भन्नाले सुस्मिता, चाँदनी, चन्दन, प्रयोजन आदि (यस कक्षाका सम्पूर्ण व्यक्ति) लाई चिनिन्छ । यहाँ विद्यार्थी शब्दभित्र सुस्मिता, चाँदनी, चन्दन, प्रयोजन आदि (यस कक्षाका सम्पूर्ण व्यक्ति) समावेश हुनुभएको छ त्यसैले यहाँ विद्यार्थी शब्दले अन्य शब्दलाई आफूभित्र समावेश गरेकाले विद्यार्थी शब्द समावेशक हो र सुस्मिता, चाँदनी, चन्दन, प्रयोजन आदि (यस कक्षाका सम्पूर्ण व्यक्ति) विद्यार्थी शब्दभित्र समाहित भएकाले यी सुस्मिता, चाँदनी, चन्दन, प्रयोजन शब्द चाहिँ समावेश्य शब्द हुन् ।

(उ) यस्तै थप उदाहरणसहित समावेशक र समावेश्य शब्दमाथि छलफल गरी यससम्बन्धी धारणालाई स्पष्ट पार्नुहोस् । समावेशक शब्द र समावेश्य शब्दलाई अलग अलग लेखिएको तालिका प्रदर्शन गरी तुलनात्मक अध्ययन गर्न लगाउनुहोस् र समावेशक शब्दले त्यसअन्तर्गतका अन्य शब्दलाई आफूभित्र समाहित गरेको र समावेश्य शब्द अर्को कुनै मूल शब्दभित्र समाहित भएको कुरामाथि छलफल गरी समावेशक र समावेश्य शब्द पहिचान गर्ने आधार स्पष्ट पारिदिनुहोस्, जस्तै :

| **समावेशक शब्द** | **समावेश्य शब्द** |
|---|---|
| हिमाल | सगरमाथा, अन्नपूर्ण, माछापुच्छ्रे, कुम्भकर्ण |
| देश | नेपाल, भारत, पाकिस्तान, अमेरिका, चीन |
| जिल्ला | झापा, इलाम, काठमाडौँ, दार्चुला |
| विषय | नेपाली, अङ्ग्रेजी, विज्ञान, गणित, सामाजिक |
| तरकारी | लौका, फर्सी, सिमी, काउली, आलु |

यसरी नै विद्यार्थीलाई समावेशक शब्द र समावेश्य शब्दलाई दुई अलग खण्डमा राखी ती शब्दबिच एक अर्कामा सम्बन्धित गरी जोडा मिलाउन लगाउनुहोस्, जस्तै :

| समावेशक शब्द | समावेश्य शब्द |
|---|---|
| देश | चमेली |
| अन्न | गाई |
| हिमाल | पाकिस्तान |
| जनावर | मनास्लु |
| फूल | कोदो |

(ऊ) शब्दभण्डार खण्डको अभ्यास १ मा आधारित भई थप छलफल र अभ्यास गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई समावेशक शब्द र समावेश्य शब्दलाई दुई अलग खण्डमा राखी ती शब्दबिच एक अर्कामा सम्बन्धित गरी जोडा मिलाउन लगाउनुहोस्, जस्तै :

| **समावेशक शब्द** | **समावेश्य शब्द** |
|---|---|
| पोसाक | गोदावरी |
| कक्षा | कोसी |
| नदी | भैँसी |
| जनावर | एक/ दुई |
| फूल | दौरासुरुवाल |
| देश | अन्न |
| हिमाल | पाकिस्तान |
| | मनास्लु |
| | कोदो |

(ए) शब्दभण्डार खण्डको अभ्यास २ मा आधारित भई यस क्रियाकलापसम्बन्धी थप छलफल र अभ्यास गराउनुहोस् ।

(ऐ) शब्दभण्डार खण्डको अभ्यास ३. मा आधारित भई समावेशक र समावेश्य शब्द पहिचान गरी वाक्य पुनर्लेखनसहित खाली ठाउँ पूरा गर्ने अभ्यास गराउनुहोस् र यससम्बन्धी अन्य थप अभ्यास पनि गराउनुहोस्, जस्तै :

- फूलको समावेश्य शब्द बेली हो । (भानु, जुनार, बेली)

- बोडीको समावेशक शब्द तरकारी हो । (तरकारी, फलफूल, साग)

(ओ) वाक्यमा उपयुक्त समावेशक र समावेश्य शब्द पहिचान गरी वाक्य पुनर्लेखनसहित खाली ठाउँ पूरा गर्ने थप अभ्यास गराउनुहोस्, जस्तै :

(क) फूलको समावेश्य शब्द .......... हो । (भानु, जुनार, मखमली)

(ख) आलुको समावेशक शब्द ................ हो । (तरकारी, फलफूल, साग)

(औ) शब्दभण्डार खण्डको अभ्यास ४ मा आधारित भई दिइएका समावेशक र समावेश्य शब्द पहिचान गरी अलग अलग सूची निर्माण गर्न लगाउनुहोस् र आवश्यकतानुसार थप सहजीकरण गर्नुहोस्, जस्तै :

| समावेशक शब्द | समावेश्य शब्द |
|---|---|
| तरकारी, फल, फूल .................. | बोडी, काउली, सुन्तला, .................. |

(अं) शिक्षकले समावेशक र समावेश्य शब्द छ्यासमिस गरिएको सूची प्रदर्शन गर्नुहोस् र त्यसबाट समावेशक र समावेश्य शब्द पहिचान गरी अलग अलग सूची निर्माण गर्न लगाउनुहोस् र आवश्यकतानुसार थप सहजीकरण गर्नुहोस्, जस्तै :

पशु, काग, गाई, पन्छी, काँक्रा, गाजर, फलफूल, नदी, विराटनगर, सहर, कर्णाली ................................

## ३. मूल्याङ्कन

(क) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

धैर्य, अपेक्षित, जीवनोपयोगी, दीर्घजीवी, आत्मचिन्तन, चिरस्थायी, समृद्ध, मांसपेशी, ऊर्जा, प्रतिरोधात्मक, एकाग्रता, प्रवृत्त

(ख) दिइएका शब्दमध्ये समावेशक र समावेश्य शब्दलाई अलग अलग तालिकामा राख्न लगाउनुहोस् ।

हिमाल, गोरु, मैना, पशु, काग, गाई, पन्छी, काँक्रा, गाजर, फलफूल, नदी, विराटनगर, सहर, कर्णाली ................................

(ग) समावेशक र समावेश्य शब्दको अन्तरसम्बन्धित अलग अलग सूची प्रस्तुत गरी एक अर्कासँग जोडा मिलाउन लगाउनुहोस् ।

(घ) केही समावेश्य शब्द दिई तिनको समावेशक शब्द लेख्न लगाउनुहोस्, जस्तै :

| समावेश्य शब्द | समावेशक शब्द |
|---|---|
| केरा | फलफूल |
| पारिजात | ............... |
| ढुकुर | .................... |

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौनपठन<br>• बोध प्रश्नोत्तर<br>• सङ्क्षिप्त प्रश्नोत्तर | • पाठ्य निबन्ध मौनपठन गर्न<br>• पाठ्य निबन्धका आधारमा बोध प्रश्नोत्तर गर्न<br>• पाठ्य निबन्धका आधारमा सङ्क्षिप्त बोध प्रश्नोत्तर गर्न | • बोध प्रश्नको सूची<br>• प्रश्नोत्तरका नमुना<br>• सङ्क्षिप्त प्रश्नको सूची<br>• प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइला घटना वा विषयवस्तु प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अघिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठ्य निबन्ध एक पटक मौनपठन गर्न निर्देश गर्नुहोस् । यस सन्दर्भमा मौनपठनको तरिकाबारे जानकारी गराई पाठको भाव बुझ्ने गरी पढ्न लगाउनुहोस् र विद्यार्थीले ध्यानपूर्वक अध्ययन गरे नगरेको निरीक्षण गर्नुहोस् ।

(आ) मौनपठनको कार्य सकिएपछि विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ३. का क्रियाकलापतर्फ केन्द्रित गर्नुहोस् र पाठका आधारमा दिइएका भनाइ ठिक वा बेठिक पहिचान गरी भन्न लगाउनुहोस् ।

(इ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित ठिक बेठिक भन्न लगाउनुहोस्, जस्तै :

(क) नियमित योग गर्नु पनि राम्रा बानीमध्ये एक हो । (ठिक)

(ई) प्रत्येक भनाइमा यसरी नै अभ्यास गराई विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ४ का क्रियाकलापतर्फ केन्द्रित गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(ऊ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस्, जस्तै :

(क) योगका आठ अङ्गमध्ये दोस्रो अङ्गको प्रसङ्ग कुन अनुच्छेदमा छ ?

उत्तर : योगका आठ अङ्गमध्ये दोस्रो अङ्गको प्रसङ्ग तेस्रो अनुच्छेदमा छ ।

(ऋ) प्रत्येक प्रश्नको अभ्यास यसरी नै गराउँदै विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ए) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

(ऐ) विद्यार्थीलाई समावेशी आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएको सङ्क्षिप्त प्रश्नका आधारमा उत्तर लेख्ने तरिका सिकाइ अभ्यासका सबै प्रश्नको उत्तर लेख्ने अभ्यास गराउनुहोस् । उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस्, जस्तै :

प्रश्न : (क) महर्षि पतञ्जलिका अनुसार योगका अङ्ग कुन कुन हुन् ?

उत्तर : महर्षि पतञ्जलिका अनुसार योगका अङ्ग यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि हुन् ।

(औ) यसरी नै शिक्षकले निर्माण गरेका थप छोटो उत्तर लेख्ने प्रश्न विद्यार्थीमाझ प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सुनाउन लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठका आधारमा तलका जस्तै भनाइ सोधी ठिक वा बेठिक के छन् ? छुट्याउन लगाउनुहोस् :

(अ) योगका अङ्ग नौओटा छन् ।

(आ) स्वाध्याय भनेको आत्मचिन्तन गर्नु हो ।

(ख) पाठका आधारमा तलका जस्तै प्रश्न निर्माण गरी उत्तर भन्न लगाउनुहोस् :

(अ) आत्मचिन्तन भनेको के हो ?

(आ) हामी कसरी दीर्घजीवी हुन सक्छौँ ?

(ग) तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिन लगाउनुहोस् :

(अ) योगले मानिसको कुन कुन तहमा सुख प्रदान गर्न सक्छ ?

(आ) योग गर्नाले हामी के कस्ता क्रियाकलापमा अब्बल हुन सक्छौँ ?

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भावविस्तार | • पाठमा प्रयुक्त सन्देशमूलक महत्त्वपूर्ण भनाइ वा वाक्य पहिचान गर्न<br>• पाठका आधारमा निर्देशित अंशको भावविस्तार गर्न | • भावविस्तारका लागि निर्देशित वाक्य वा भनाइको सूची<br>• भावार्थ खुल्ने बुँदाको सूची<br>• भावविस्तारको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै प्रेरक व्यक्तिको प्रेरणादायक भनाइ सुनाएर त्यस भनाइले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) पाठमा प्रयुक्त सन्देशमूलक महत्त्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्न सिकाउनुहोस् । यस क्रममा यस्ता भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुराको जानकारी गराउँदै टिपोट गराउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग पनि गर्नुहोस् ।

(आ) विद्यार्थीले टिपोट गरेका वाक्यलाई मध्यनजर गर्दै शिक्षकले पाठमा प्रयुक्त महत्त्वपूर्ण भनाइलाई टिपोट गरिएका वाक्य वा भनाइको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) स्वाध्याय भनेको आत्मचिन्तन गर्नु हो । जीवनोपयोगी किताब वा शास्त्रको अध्ययन गर्नु हो ।

(ख) सास नै हाम्रो प्राण हो । यसैमा हाम्रो जीवन छ । सासको गति ठिक नभएसम्म मन शान्त हुँदैन ।

(ग) स्वस्थ रहनका लागि हामीले नियमित योगासन, ध्यान र प्राणायाम गर्नुका साथै हाम्रो दैनिक भोजनमा पनि सुधार गर्नु आवश्यक छ ।

(इ) माथिका मध्ये कुनै एक भनाइको भावार्थ खुल्ने बुँदा प्रस्तुत गर्नुहोस्, जस्तै :

माथिका वाक्यमध्ये तेस्रो वाक्यको भावार्थ बुँदा

- स्वास्थ्य नै मानिसका लागि सबैभन्दा ठुलो धन भएको
- मानिसले आफू स्वस्थ रहने अनेकौँ उपाय खोजी गरेको
- प्राकृतिकदेखि आधुनिक उपचार पद्धतिका माध्यमबाट मानिस स्वस्थ रहन प्रयत्नरत रहेको
- स्वस्थ रहनका लागि मानिसले नियमित योगासन, ध्यान र प्राणायाम गर्न सके उपचारका अन्य पद्धतिको खोजी गर्नु नपर्ने
- नियमित योगासन, ध्यान र प्राणायाम गर्न सके मानिस शारीरिक रूपमा मात्र नभई मानसिक र आध्यात्मिक रूपमा पनि स्वस्थ हुन सक्ने
- योगसँगै दैनिक भोजनमा पनि विशेष ध्यान दिनुपर्ने
- मौसमअनुकूलका खानेकुरा स्वस्थवर्धक हुने
- घरमै उत्पादित तथा घरमै तयार पारिएका ताजा र स्वस्थकर खानेकुरा खानु स्वास्थ्यका लागि लाभदायक

(ई) विद्यार्थीलाई माथिको ग नं. वाक्य पाठमा हेर्न लगाएर पाठको सन्दर्भसँग मिल्ने गरी उपर्युक्त बुँदा समेट्दै भावविस्तार गर्न सिकाउनुहोस् । यसका लागि शिक्षकले तयार गरेको भावविस्तारको संरचना जनाउने तालिका वा बुँदाको सूचीसमेत प्रयोग गर्नुहोस् ।

(उ) भावविस्तारको प्रक्रिया सिकाउँदा वाक्यमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई जोड्दै मौखिक रूपमा भावविस्तार गर्ने अभ्यास गराउनुहोस् ।

(ऊ) माथिका भावार्थका बुँदा र भावविस्तारको प्रक्रियालाई अन्तर्सम्बन्धित गर्दै भावविस्तार लेखनको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

> **नमुना भावविस्तार**
>
> "स्वस्थ रहनका लागि हामीले नियमित योगासन, ध्यान र प्राणायाम गर्नुका साथै हाम्रो दैनिक भोजनमा पनि सुधार गर्नु आवश्यक छ ।"
>
> मानिस जतिसुकै सम्पन्न भए पनि ऊ स्वस्थ छैन भने ऊ कहिल्यै खुसी हुन सक्दैन । यसकारण स्वास्थ्य नै मानिसको सबैभन्दा ठुलो सम्पत्ति हो । आजको मानिस आफू स्वस्थ जीवन बाँच्नका लागि अनेकौँ उपायको खोजीमा दौडेको छ । उसले प्राकृतिकदेखि आधुनिक उपचारका अनेकौँ पद्धतिको प्रयोग गर्न पछि परेको छैन । यसरी अनेकौँ उपचार पद्धति खोजेर प्रयोग गरे पनि तुलनात्मक रूपमा हेर्ने हो भने यी उपचार पद्धतिको प्रयोग गर्ने मानिसको तुलनामा नियमित योगासन, ध्यान र प्राणायाम गर्ने र स्वस्थकर खानेकुरा खाने व्यक्ति बढी स्वस्थ रहेको तथ्याङ्क सार्वजनिक भएको छ । यसैले स्वस्थ रहनका लागि मानिसले नियमित योगासन, ध्यान र प्राणायाम गर्न सके उपचारका अन्य पद्धतिको खोजी गर्नु नपर्ने कुरा स्वास्थ्यकर्मीहरूले पनि व्यक्त गरिरहेका छन् । नियमित योगासन, ध्यान र प्राणायाम गर्न सके मानिस शारीरिक रूपमा मात्र नभई मानसिक र आध्यात्मिक रूपमा पनि स्वस्थ हुन्छ । अष्टाङ्ग योगका हरेक चरणलाई अर्थपूर्ण ढङ्ले प्रयोग गर्ने हो भने मानिसले कुनै पनि रोग बोकेर हिँड्नु पर्दैन भनी योग गुरुहरूले भनिरहेका छन् । योगसँगै दैनिक भोजनमा ध्यान दिन सके मानिस स्वस्थ मात्र नभएर संसारकै सबैभन्दा सुखी बनेर बाँच्न सक्छ । मौसमअनुकूलका घरमै उत्पादित तथा घरमै तयार गरिएका ताजा र स्वस्थकर खानेकुरा खानु स्वास्थ्यका लागि लाभदायक छ । ताजा सागसब्जी, दुध, दही, मह, फलफूल आदिको नियमित सेवन गर्नाले शरीर र मन दुवै स्वस्थ हुन्छ ।
>
> अतः हामीले नियमित योगासन, ध्यान र प्राणायाम गर्नुका साथै हाम्रो दैनिक भोजनमा पनि सुधार गर्न सक्यौँ भने हामी स्वस्थ रहन सक्छौँ । स्वस्थ शरीरले स्वस्थ मानसिकताको निर्माण गर्छ र हामी निरोगी साथै सकारात्मक चिन्तक बन्न सक्छौँ भन्ने कुरा निबन्धमा प्रयुक्त माथिको अंशले व्यक्त गरेको छ ।

(ऋ) विद्यार्थीले अगिल्लो क्रियाकलापमा निबन्धबाट खोजेका महत्त्वपूर्ण अंशको भाव व्यक्त गर्ने बुँदा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी भावार्थ लेख्न लगाउनुहोस् । विद्यार्थीले भावार्थ लेख्दै गर्दा त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) पाठ्य निबन्धको कुनै गहन भनाइसम्बद्ध भावार्थको बुँदा प्रदर्शन गरी सम्बन्धित भनाइ

वा वाक्य पहिचान गर्न लगाउनुहोस् र यस्तै किसिमका थप अभ्यास गराई भावविस्तार लेखनसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

३. मूल्याङ्कन

(क) पाठबाट कुनै दुईओटा महत्त्वपूर्ण भनाइ टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएको निबन्धांशको भावविस्तार गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • तार्किक उत्तर<br>• बुँदाटिपोट | • आफ्नो परिवेशमा भएका कार्यसँग सहमती वा हुन नसकेका कार्यप्रति असहमती जनाई उचित सल्लाह सुझावसहित आफ्नो विचार व्यक्त गर्न<br>• निर्धारित अनुच्छेदबाट मुख्य मुख्य बुँदा टिपोट गर्न | • तार्किक उत्तरको नमुना<br>• बुँदा टिपोटका लागि अनुच्छेद<br>• बुँदा टिपोटको नमुना |

२. सिकाइ सहजीकरण क्रियाकलाप

(क) सुरुआती क्रियाकलाप

(अ) कक्षाकोठाभित्र वा विद्यालय परिवेशमा देखिएका कुनै कमजोरी (विद्यार्थीबाटै समाधान हुन सक्ने मात्र) देखाउँदै विद्यार्थीलाई त्यस कमजोरीलाई सुधार्न सुझाव दिँदै आजको कक्षाप्रति ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई आफ्नो परिवेशमा गर्न सकिने तर सुरुआत नभएको कुनै कार्यको विषयवस्तु उठान गरी त्यो कार्य थालनी के कसरी गर्न सकिन्छ आफ्नो धारणा व्यक्त गर्न लगाउनुहोस्,

जस्तै :

- विद्यालयको कक्षाकोठा र शौचालय नियमित सफाइ गरिँदैन । नियमित कक्षाकोठा र शौचालय सफाइ गर्न के गर्नुपर्छ ? तपाईंको सुझाव दिनुहोस् ।

(आ) यस सन्दर्भमा विद्यार्थीलाई आफ्नो सुझाव व्यक्त गर्दा आफूलाई लागेको विचारलाई तर्कपूर्ण ढङ्गले पुष्टि गर्नुपर्ने विषयमा आफूले तयार पारेको उत्तरको नमुना प्रदर्शन गरी जानकारी गराउनुहोस् । अगि कक्षामा प्रवेश गर्दैगर्दा आफूले कुनै सुझाव दिँदै प्रवेश गरेको कुरा पनि सन्दर्भअनुकूल जोड्नुहोस् ।

(इ) विद्यार्थीलाई मौखिक रूपमै माथिको विषयमा पालैपालो तर्कसहितको सुझाव दिन अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीले मौखिक रूपमा व्यक्त गरेको विचारलाई लेख्य रूपमा उर्तान लगाउनुहोस् र उनीहरूको उत्तर परीक्षण गरी आवश्यक सुझाव दिनुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा प्रस्तुत विषयमा आधारित भएर सुझाव लेख्न लगाउनुहोस् र विद्यार्थीको उत्तर हेरी आवश्यक सहयोग गर्नुहोस् ।

(ऊ) विद्यार्थीमाझ शिक्षकले तयार गरेको एउटा अनुच्छेद प्रदर्शन गर्नुहोस्, जस्तै :

अन्न उत्पादनका दृष्टिले नेपालमा जमिनलाई दुई वर्गमा बाँडिन्छ । समतल वा गरा गरामा बाँडिएको र आली लगाई पानी जमाएर धानको उत्पादन गरिने जमिनलाई खेत भनिन्छ । पाखाबाली मात्र लाग्ने आबादी जग्गालाई बारी भनिन्छ । बारीमा धान नउब्जाए पनि मकै, कोदो, आलुलगायतका खाद्यान्न उब्जाइन्छ । उर्वराशक्तिका आधारमा जमिन अब्बल, दोयम, सिम र चाहार गरी चार किसिमका हुन्छन् । सिँचाइको प्रशस्त सुविधा भएको र दुई वा त्यसभन्दा बढी बाली लाग्ने मलिलो भूमिलाई अब्बल भनिन्छ । अब्बलभन्दा अलि कमसल किसिमको र अब्बलभन्दा अलि कम उब्जाउ हुने भूमिलाई दोयम भनिन्छ । सिम चाहिँ दोयमभन्दा पनि कमसल हुन्छ । यस्तो कतिपय जमिनमा धान त फल्छ तर सिम जमिन ओसिलो र धापिलो हुन्छ । यस्तो भूमि गजगजे पनि हुन्छ । सिँचाइ सुविधा नहुने र आकासे पानीको भर पर्नुपर्ने सुक्खा माटो भएको जग्गा चाहार हो । सिँचाइ उपलब्ध भए पनि यस्तो जमिन रुखो हुने हुँदा अनाज फल्दैन वा फलिहाले पनि अत्यन्त कम मात्र फल्छ ।

(ऋ) दिइएको अनुच्छेद मौनपठन गरी त्यस अनुच्छेदका मुख्य मुख्य विषयवस्तुलाई समेटी चार ओटा बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्षहरूबारे जानकारी गराउनुहोस् ।

**बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्ष**

- दिइएको पाठ/अनुच्छेद स्पष्ट हुनेगरी पढ्ने
- महत्त्वपूर्ण शब्द/शब्दावलीलाई रेखाङ्कन गर्ने
- शब्द नदोहोऱ्याउने, मुख्य मुख्य बुँदाहरू टिप्ने
- टिपिएका बुँदाहरूलाई संशोधन र परिमार्जन गर्ने
- निर्देशित सङ्ख्यामा बुँदाहरूलाई अन्तिम रूप दिने
- अपूर्ण वाक्यहरूको प्रयोग गर्ने तथा असमापिका क्रियापदको प्रयोग गर्ने
- आवश्यकता हेरी शीर्षक दिने

(ए) उपर्युक्त निर्देशनका आधारमा विद्यार्थीलाई एकपछि अर्को चरणमा क्रमशः कार्य गर्न प्रेरित गर्नुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

विद्यार्थीबाट बुँदा टिपोटको कार्य सकिएपछि शिक्षकले तयार पारी ल्याएको .नमुना बुँदा टिपोटलाई प्रदर्शन गर्नुहोस्, जस्तै :

उत्तर : बुँदाहरू

(अ) नेपालमा खेत र बारी गरी दुई प्रकारको जमिन हुनु

(आ) धान उत्पादन गरिने जमिन खेत र पाखावाली लाग्ने आवादी जमिन बारी भएको

(इ) उर्वराशक्तिका आधारमा जमिन अब्बल, दोयम, सिम र चाहार गरी चार प्रकारको रहेको

(ई) सिँचाइ सुविधा भएको मलिलो अब्बल, अब्बलभन्दा कमसल दोयम, दोयमभन्दा कमसल धापिलो सिम र आकाशे पानीको भर पर्नुपर्ने सुख्खा जमिन चाहर भएको

(ऐ) विद्यार्थीका बुँदालाई समेत यस तालिकासँग तुलना गरी विद्यार्थीका राम्रा कार्यप्रति उत्प्रेरित गर्दै सुधार गर्नुपर्ने स्थानमा आवश्यक सुधार गर्न प्रेरित गरी बुँदा टिपोट गर्ने तरिकाको स्पष्ट धारणा दिनुहोस् ।

(ओ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा प्रस्तुत गरिएको अनुच्छेदमा आधारित भएर चारओटा बुँदा टिपोट गर्न लगाउनुहोस् । यस चरणमा बुँदा टिपोटका प्रक्रियालाई पूर्ण रूपमा पालना गर्न लगाई सोअनुसार काम भए नभएको मूल्याङ्कन गर्नुहोस् । बुँदा टिपोटको कार्य सकिएपछि परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) यदि शिक्षक कक्षाकोठामा समयभन्दा ढिलो प्रवेश गरेको खण्डमा तपाईं के सुझाव दिनुहुन्छ ? जस्ता जिज्ञासा राखी सुझाव पेस गर्न लगाउनुहोस् ।

(ख) पाठको दोस्रो अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिलेखन<br>• भाषिक प्रकार्य (समस्या समाधान) | • निर्देशित अनुच्छेदको श्रुतिलेखन गर्न<br>• कुनै विषयवस्तु, घटना, कार्य आदिमा देखिएका समस्या पहिचान गरी समाधान गर्न | • अनुच्छेद<br>• समस्या समाधानसँग सम्बन्धित अनुच्छेद<br>• श्रव्य तथा श्रव्यदृश्य सामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले आफ्नो जीवनमा आइपरेका कुनै समस्या सुनाउनुहोस् र त्यसको समाधान कसरी गर्न सकिएला भनी विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्नो जीवनमा घटेका त्यस्ता समस्याजन्य घटना वा विषयवस्तु भए स्मरण गर्न (केही समयपछि प्रस्तुत गर्ने गरी) निर्देश गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्द बनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्द बनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस् । त्यसपछि अभ्यास ९ का आधारमा श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

(इ) तोकिएको कार्य सकिएपछि साथी साथीबिचमा कापी साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् । शिक्षकले त्यसको लागि आवश्यक सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् र शिक्षकले तयार गरेका अन्य अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीसँग समस्या समाधानसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । समस्या समाधान भनेको कुनै पनि व्यक्तिले आफ्नो जीवनमा कुनै पनि विषयवस्तु, घटना वा काम गर्ने सन्दर्भमा आइपरेका समस्यालाई समाधान गर्ने सिप हो । यो मानवीय क्रियाकलाप र बुद्धिमत्तापूर्ण कार्यसँग प्रत्यक्ष जोडिएको हुन्छ त्यसैले कुनै पनि समस्यालाई समाधान गर्दा जीवनका अप्ठ्यारा परिस्थिति, घटना वा कार्य जुक्तिपूर्ण ढङ्गले समाधान गर्ने सन्दर्भलाई मिलाएर भाषिक व्यवहार गर्नुपर्छ भन्ने कुरा सिकाउँदै यस क्रममा चतुर तथा नम्र बोली, निडरपना, स्पष्ट विचार राख्न सक्ने, उचित शब्द चयन, खुलापन जस्ता व्यवहारमा सचेत हुन सिकाउनुहोस् र अगि कक्षाको सुरुआतमै आफूले आफ्नो जीवनको एउटा समस्या प्रस्तुत गरेको कुरा स्पष्ट पार्दै अर्को कुनै छोटो समस्या सुनाउनुहोस्, जस्तै :

**मेरो जीवनमा आइपरेको एउटा समस्या र त्यसको समाधान**

कक्षा सातमा पढ्दै गर्दाको कुरा हो, एक दिन म आफ्नो घरायसी कार्य व्यस्तताको कारण नेपाली विषयको गृहकार्य नगरी विद्यालय गएको थिएँ । विद्ययालयमा त्यतिबेला अहिले जस्तो बालमैत्री वातावरण थिएन । शिक्षकहरूले विद्यार्थीको भावनालाई गहिरोसँग बुझ्नु हुन्नथ्यो । त्यसैले त्यस दिन मैले सजाय भोग्ने निश्चित थियो । म त्यस दिन नेपाली गुरुको गाली खान तयार हुनैपर्ने बाध्यतामा थिएँ । मैले यो कुरा कुनै पनि साथीलाई भन्न सकिनँ । म पहिलो घण्टीदेखि नै उदास भई बसेको देखेर तेस्रो घण्टीको सुरुआतमै सरिताले (कक्षाकी प्रथम विद्यार्थी) मेरो अवस्थाप्रति लक्ष्य गर्दै प्रश्न गरिन् । मैले त्यस बखत केटा र केटी बोल्दा पनि अनेकौँ शङ्काको दृष्टिले हेर्ने चलन भएर  होला मेरो समस्या उनलाई भन्न सकिरहेको थिइनँ तर पनि उनका कारण मलाई अलिक सहज वातावरण भयो । मैले उनलाई यथार्थ कुरा भनेँ । उनले सजिलैसँग भनिन् "यति सानो कुरामा तिमी किन डराएर बसेका ? मैले पनि आज गृहकार्य गरेको छैन । अहिले एक बजेको खाजा समयमा हामी सँगै बसेर गृहकार्य गरौँला अनि पाँचौँ घण्टीमा गुरुबा कक्षामा आउँदा गृहकार्य देखाउन पाइन्छ ।" उनको सल्लाहअनुसार खाजा समयमा खाजा खाँदै, छलफल गर्दै गृहकार्य पूरा गर्‍यौँ । कक्षामा गुरु आउनुभएपछि हामीले कक्षा प्रस्तुति गर्‍यौँ । मेरो समस्या त समाधान भयो नै साथमा मेरै गृहकार्य कक्षामा सर्वोत्कृष्ट पनि भयो ।

(उ) शिक्षकले तयार पारी ल्याएको श्रव्य तथा श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि पालैपालो यस्तै किसिमका समस्यामूलक घटना र तिनको समाधान कसरी गरियो भन्ने सन्दर्भलाई मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी चतुर तथा नम्र बोली, निडरपना, स्पष्ट विचार राख्न सक्ने, उचित शब्द चयन, खुलापन जस्ता व्यवहारमा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ऊ) अभ्यास १० मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

(ऋ) अनुच्छेद पठनपश्चात् तोकिएको निर्देशनका आधारमा विद्यार्थीका समस्या र त्यस समस्याको समाधान कसरी भयो भन्ने विषयमा पालैपालो भन्न लगाउनुहोस् ।

(ए) अनुच्छेदमा विद्यार्थीको समस्या र त्यस समस्याको समाधानका उपाय खोजे जस्तै गरी हरेक विद्यार्थीलाई अगि आफूले व्यक्त गरेको समस्या र त्यसको समाधानलाई समेटी एउटा अनुच्छेद तयार पार्न लगाउनुहोस् । विद्यार्थीलाई उनीहरूले तयार पारेको समस्या र त्यसको समाधानसँग सम्बन्धित घटना पालैपालो व्यक्त गर्न लगाउनुहोस् र आवश्यकता पहिचान गरी चतुर तथा नम्र बोली, निडरपना, स्पष्ट विचार राख्न सक्ने, उचित शब्द चयन, खुलापन जस्ता व्यवहारमा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठको पहिलो अनुच्छेद श्रुतिलेखन गराउनुहोस् ।

(ख) विद्यार्थीको जीवनमा घटेका कुनै समस्या र त्यसको समाधान कसरी गरियो भन्ने विषयमा एक अनुच्छेदमा लेखेर ल्याउन निर्देश गर्नुहोस् । (यसको मूल्याङ्कन अर्को दिन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।)

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# आठौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • काल (भूत, वर्तमान र भविष्यत्)<br>• वर्णविन्यास (ब र व को प्रयोग)<br>• सिर्जना/परियोजना कार्य | • भूत, वर्तमान र भविष्यत् कालको पहिचान गर्न<br>• निर्देशनअनुसार सम्बन्धित काल जनाउने क्रियापद प्रयोग गरी वाक्य निर्माण गर्न<br>• निर्दिष्ट धातुका आधारमा तोकिएका काल बुझाउने क्रियापद बनाई वाक्यमा प्रयोग गर्न<br>• ब र व वर्ण प्रयोग भएका शब्द पहिचान गर्न<br>• ब र व वर्ण प्रयोग भएका शब्दको शुद्ध रूप पहिचान गर्न<br>• ब र व सँग सम्बन्धित समस्या भएका वा( क्यलाई शुद्ध गरी लेख्न<br>• आफ्नो समुदाय वा घरपरिवारमा हुने गरे का योगसम्बन्धी अभ्यासमाथि छलफल र अभिभावकसँग सोधपुछ गरी सूचीकृत गर्न | • भूत, वर्तमान र भविष्यत् कालसँग सम्बन्धित तालिका र क्रियापदका उदाहरण<br>• विभिन्न धातुहरू उल्लेख गरिएको सूचीपत्र<br>• ब र व को प्रयोग भएका शब्दसूची तथा वाक्यसूची |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई हिजो के गर्नुभयो ? आज के गर्नुहुन्छ ? भोलि के गर्नुहुने छ ? भन्ने रोचक क्रियाकलापबाट कक्षाको सुरुआत गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् र अगि आफूले सुरुमै राखेको जिज्ञासा नै आजको विषयवस्तुका आधार हुन् भन्ने कुरा जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई तीन समूहमा विभाजन गरी प्रत्येक समूहलाई क्रमशः भूत काल, वर्तमान काल र भविष्यत् काल भनी नामकरण गर्नुहोस्

(आ) प्रत्येक समूहलाई अगि सुरुमै राखेका प्रश्न दोहोऱ्याउँदै समूहअनुसार हिजो के गर्नुभयो ? आज के गर्नुहुन्छ ? भोलि के गर्नुहुने छ ? भन्ने प्रश्न गर्दै जानुहोस् ।

(इ) विद्यार्थीबाट आएका उत्तरलाई तीनओटा कालका अलग अलग तालिका निर्माण गरी शैक्ष(णिक पाटीमा टिपोट गर्नुहोस् र त्यसै टिपोट तालिकाबाट बितेको समय, अहिले चलिरहेको समय र पछि आउने समयलाई जनाउने समयको समष्टि नै काल हो । यी तीन किसिमका हुन्छन् र यिनले बितेको समय, अहिले चलिरहेको समय र पछि आउने समयलाई जना(उँछन् । त्यही कुरालाई विद्यार्थीको उत्तरले पुष्टि गरेको छ भनी भूत, वर्तमान र भविष्यत् कालको धारणा बताउनुहोस् ।

(ई) शिक्षकले तयार गरी ल्याएको भूत, वर्तमान र भविष्यत् कालसँग सम्बन्धित तालिका प्रदर्शन गरी यसको थप धारणा स्पष्ट पार्नुहोस् र तीनओटै काल जनाउने क्रियापदका अलग अलग उदाहरण प्रस्तुत गरी विद्यार्थीलाई पनि यस्ता क्रियापदहरू भन्न लगाई टिपोट गरी छलफल गराउनुहोस् ।

(उ) विद्यार्थीलाई धातुहरू उल्लेख गरिएको सूचीपत्र प्रदर्शन गरी ती धातुबाट तीनओटै का(लका क्रियापद निर्माण गर्न लगाई आवश्यक सहजीकरणसहित कापिमा टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले टिपोट गरेका क्रियापदकै आधारमा तीनओटै काल जनाउने वाक्य निर्माण गर्न प्रेरित गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले टिपोट गरेका वाक्यलाई एक कालबाट अर्को कालमा परिवर्तन गर्न सिकाउनुहोस् र विद्यार्थीले गरेका कार्यको निरीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई समावेशी ढङ्गबाट पाँच समूहमा विभाजन गरी भाषिक क्रियाकलापअन्तर्गतका १ देखि ५ सम्मका अभ्यासलाई एक एक भाग लगाई निर्देशनानुसार क्रियाकलाप गराउनुहोस् र ती कार्यको परीक्षण गरी प्रत्येक समूहलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ए) विद्यार्थीलाई पुनः दुई समूहमा विभाजन गर्नुहोस् र वर्णविन्यास खण्डको अभ्यास ६ मा आधारित भई एउटा समूहलाई पाठबाट ब वर्ण प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् र अर्को समूहलाई व वर्ण प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) दुई समूहले टिपोट टिपोट गरेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा अलग अलग तालिकामा टिपोट गर्नुहोस् । तिनै शब्दका माध्यमबाट ब र व सम्बन्धी धारणा स्पष्ट पारि दिनुहोस् र थप जानकारीका लागि शिक्षकले तयार पारी ल्याएको ब र व को प्रयोग भएका शब्दसूची तथा वाक्यसूची प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(ओ) ब र व सम्बन्धी धारणा स्पष्ट पार्न वर्णविन्यास खण्डको अभ्यास ७ का आधारमा थप अभ्यास गराउनुहोस् र विद्यार्थीलाई समावेशी ढङ्गबाट तीन समूहमा विभाजन गरी वर्णविन्यास खण्डको अभ्यास ८ का वाक्यलाई प्रत्येक समूहमा एक एकओटा विभाजन गरी शुद्ध पारी लेख्न लगाउनुहोस् । विद्यार्थीले तोकिएको काम सम्पन्न गरेपछि उत्तर परीक्षण गरी आवश्यक छलफल गराउनुहोस् ।

(औ) सिर्जना र परियोजना कार्यअन्तर्गतको अभ्यास २ मा आधारित भई विद्यार्थीलाई आफ्नो समुदायमा प्रचलित योगसम्बन्धी अभ्यास पहिचान गरेर आउन निर्देश गर्नुहोस् । (यस क्रियाकलापलाई गृहकार्यका रूपमा प्रयोग गर्नुहोस् )

## ३. मूल्याङ्कन

(क) अलग अलग तालिका निर्माण गराई तलका धातुका सहायताले तीनओटै कालका क्रियापद निर्माण गर्न लगाउनुहोस् :

जा, पढ्, खेल् घुम्, हिँड्, लेख्

(ख) मूल्याङ्कन न. १ मा निर्माण गरिएका क्रियापद प्रयोग गरी तीनओटै कालका वाक्य निर्माण गर्न लगाउनुहोस् ।

(ग) पाठबाट ब र व प्रयोग भएका पाँच पाँचओटा शब्द टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ ५)<br>• सिर्जना/ परियोजना कार्य | • सुनाइ पाठ ५ का आधारमा तोकिएका विकल्प छनोट गरी वाक्य पूरा गर्न<br>• सुनाइ पाठ ५ सुनेका आधारमा आफ्नो विचार व्यक्त गर्न<br>• निर्दिष्ट शीर्षकमा निर्देशित निबन्ध लेख्न<br>• आफ्नो समुदाय वा घरपरिवारमा हुने गरेका योगसम्बन्धी अभ्यासमाथि छलफल र अभिभावकसँग सोधपुछ गरी सूचीकृत गर्न र कक्षामा छलफल गर्न | • सुनाइ पाठ ५ को अडियो सामग्री<br>• निबन्धको संरचना देखाउने सूचीपत्र वा तालिका<br>• निबन्धको नमुना<br>• योगसम्बन्धी अभ्यास लेखिएको सूचीपत्र |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइलो घटना वा कुनै विषयलाई निबन्धात्मक रूपमा छोटो वर्णन गर्दै आजको कक्षा यस्तै वर्णनात्मक निबन्ध लेखनमा केन्द्रित हुने जानकारी गराउँदै कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठका दुवै अभ्यास एक पटक राम्ररी पढ्न लगाउनुहोस् र यी अभ्यासको उत्तर सुनाइ पाठ सुनेका आधारमा मौखिक रूपमा दिनुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(इ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ ५ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउ( नलोड गरी सुनाइ पाठ कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(ई) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा दिइएका विकल्पमध्ये सही विकल्प चयन गरी पूर्ण वाक्यसहित उत्तर भन्न लगाउनुहोस्, जस्तै :

(क) कपालभाँती भन्नाले मस्तिष्कको तेज बुझिन्छ । (तेज, शक्ति, तौल )

(ऊ) विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् । यस क्रममा विद्यार्थीले प्रशिक्षकबिना योग गर्न हुन्छ वा हुँदैन भन्ने विषयमा आफ्नो धारणा व्यक्त गर्दा सुनाइ पाठ ५ मा आधारित भएर तर्कपूर्ण विचार व्यक्त गर्न प्रेरित गर्नुहोस् । विद्यार्थीले आवश्यकता महसुस गरे भने सुनाइ पाठ पुनः एक पटक वाचन गरी सुनाउनुहोस् ।

(ए) विद्यार्थीले हुन्छ वा हुँदैन भनी विचार पेस गर्दा विषयवस्तुलाई तर्कपूर्ण ढङ्गले पुष्टि गर्न सके नसकेको ख्याल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऐ) सिर्जना र परियोजना खण्डको अभ्यास १ मा केन्द्रित हुँदै शिक्षकले तयार पारेको लिखित निबन्धको नमुना प्रदर्शन गरी त्यस निबन्धमा रहेका परिचय, विषयवस्तुको मूल खण्ड, विषयवस्तुको गहनता, तार्किकता, तथ्य, भावना, विचार, भाषाशैलीका बारेमा छलफल गराउनुहोस् र निबन्धको संरचना जनाउने तालिका प्रदर्शन गरी निबन्धमा हुनुपर्ने पक्ष (आदि, मध्य र अन्तिम) को जानकारीसहित निबन्धको सङ्गठन वा संरचनाबारे छलफल गराउनुहोस्, जस्तै :

१. **निबन्धको आदि भाग : पहिलो अनुच्छेद**

यो निबन्धको सुरुको भाग हो । निबन्धको शीर्षक लेखेर त्यसभन्दा तल एक हरफ जति ठाउँ खाली छोडेर पहिलो अनुच्छेद सुरु गरिन्छ । यसमा शीर्षकको शाब्दिक रूपमा परिचय, पृष्ठभूमि र विस्तार लगायत कुरा लेखिन्छन् । निबन्धको आदि भाग स्वरूप आउने पहिलो अनुच्छेद चित्ताकर्षक, पाठकलाई सहजै तानेर पाठमा खुसीसाथ प्रवेश गराउन सक्ने सामर्थ्यको हुनुपर्छ । यसले पाठकको मनलाई आन्दोलित गराउन र कुतूहलताको सिर्जना गर्न सक्नुपर्छ । आलङ्कारिक र प्रश्नात्मक कथनका रूपमा पनि निबन्धको थालनी प्रभावकारी बन्न सक्छ । निबन्धको प्रस्तुति आकर्षक ढङ्गले गर्नुपर्ने हुन्छ ।

२. **निबन्धको मध्य भाग : बिचका अनुच्छेद**

मध्य भाग निबन्धको मुख्य भाग हो । यस भागमा एक वा एकभन्दा बढी अनुच्छेद

आउन सक्छन् । यस भागमा विषयसँग सम्बद्ध सूचना र तथ्य तथा तिनीहरूप्रतिको धारणा सविस्तार प्रस्तुत गरिन्छ । सम्बन्धित विषयका गुण, दोष, शक्ति, सीमा एवम् तिनीहरूप्रतिको सहमति असहमति आदिलाई यस खण्डमा समावेश गरिन्छ । बिचको प्रत्येक अनुच्छेदमा एउटा शीर्ष वाक्य आउनु राम्रो मानिन्छ । प्रत्येक अनुच्छेदमा त्यस्तो शीर्ष वाक्यलाई समर्थन गर्ने कम्तीमा तीन चारओटा बुँदा समावेश गर्नुपर्ने हुन्छ । प्रत्येक सहयोगी बुँदाले शीर्ष वाक्यलाई र प्रत्येक शीर्ष वाक्यले पहिलो अनुच्छेदको सिद्धान्त कथनलाई टेवा पुऱ्याइरहेको हुनुपर्छ । बिचका अनुच्छेदमा यीबाहेक एउटा सारांश वाक्य पनि आउन सक्छ तर यसलाई अनिवार्य चाहिँ मानिँदैन ।

३. **निबन्धको अन्तिम भाग : निष्कर्ष अनुच्छेद**

यो निबन्धको अन्तिम भाग हो । निबन्धको अन्तिम अनुच्छेदलाई निष्कर्ष अनुच्छेद बनाउनुपर्छ । यसमा मध्य भागमा आएका प्रत्येक अनुच्छेदको सार खिचिएको हुनुपर्छ । निष्कर्ष अनुच्छेद धेरै लामो हुनु हुँदैन र यसमा केही नयाँ कुरा थप्नु पनि परिहार्य हुन्छ । निष्कर्ष लेख्ता सामान्यतयाः सार कथन को प्रयोग गरिन्छ । निष्कर्ष पाठकलाई गाली गर्ने वा उपदेश दिने वा अभिमान प्रकट गर्ने खालको हुनु हुँदैन । यसमा निबन्ध पूरा भयो भन्ने अनुभूति गराउने सामर्थ्य रहनुपर्छ । निष्कर्ष अनुच्छेदको अन्तिम वाक्य संवेगात्मक प्रकृतिको अर्थात् पाठकको मन छोएर दीर्घ प्रभाव छोड्न सक्ने हुनुपर्छ ।

(ओ) विद्यार्थीलाई माथिको संरचनाका बारेमा जानकारी दिइसकेपछि त्यसै संरचामा बाँ( धएर तयार गरेको कुनै एउटा निबन्धको नमुना प्रदर्शन गर्नुहोस् । नमुनाकै आधारमा सिर्जनात्मक र परियोजना कार्यअन्तर्गतको अभ्यास १ मा निर्देश गरिएअनुसारको निबन्ध तयार गर्न लगाउनुहोस् । (यस अभ्यासलाई भोलिपल्टको कक्षामा मूल्याङ्कन गर्नुहोस् ।)

(औ) सिर्जना र परियोजना कार्यको अभ्यास २ मा केन्द्रित गर्दै विद्यार्थीलाई कक्षाको अनुकूलतामा समूह विभाजन गरी प्रत्येक समूहलाई अगिल्लो दिनको क्रियाकलापमा दिइएको गृहकार्यमा आधारित भई उनीहरूले टिपोट गरी ल्याएका विषयवस्तुका आधारमा आफ्नो घरपरिवार वा समुदायमा योगसम्बन्धी के कस्ता अभ्यास भएका छन् भनी छलफल गर्न लगाउनुहोस् र प्रत्येक समूहको निष्कर्षलाई कक्षामा सुनाउन लगाउनुहोस् ।

(अं) शिक्षकले तयार गरेर ल्याएको योगसम्बन्धी अभ्यास जनाउने तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

**समुदायमा प्रचलित योग अभ्यास**

- सूर्य नमस्कार
- प्राणायाम
- गायत्री जप

- कपालभाँती
- एकाग्र चिन्तन
- अनुलोम, विलोम
- वज्रासन
- नटराज आसन
- वृक्षासन
- शवासन आदि

(अ:) प्रत्येक समूहलाई आफूले छलफल गरी निकालेको निष्कर्ष र यस तालिकाबिच तुलना गर्न लगाउनुहोस् र थप छलफल गराई लेख्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) सुनाइ पाठ ५ को अभ्यास १ मा आधारित भई वाक्य पूरण गर्न लगाउनुहोस् ।

(ख) निबन्ध लेखन गर्दा कुन कुन पक्षलाई समावेश गर्नुपर्छ ? जस्ता प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

(ग) प्रत्येक विद्यार्थीलाई आफ्नो परिवारमा प्रचलनमा रहेका योगसम्बन्धी अभ्यास उल्लेख गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ ६

# भाइलाई चिठी

**विधा : चिठी** **कार्यघण्टा : ९**

## परिचय

'भाइलाई चिठी' व्यावहारिक लेखन सिपअन्तर्गतको व्यावहारिक लेखन विधाको पाठ हो । चिठी शिक्षणको प्रमुख उद्देश्य व्यावहारिक लेखन सिपको विकास गर्नु हो । तसर्थ, चिठी शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ ।

यसबाट विद्यार्थीमा चिठीको संरचना पहिचान, विषयवस्तुमा आधारित संवेगात्मक प्रस्तुति, विषयवस्तुको विश्लेषण तथा सार प्रस्तुति, छलफल र प्रश्नोत्तर, सुनाइका आधारमा सन्देश प्रवाह जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र छलफल, चिठीको संरचना पहिचान, पाठको विषयवस्तु बोध, सन्देश ग्रहण र प्रतिक्रिया तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, लेखन ढाँचा र शैली अनुकरण, चिठीको प्रत्युत्तर लेखन, सन्दर्भ र आवश्यकताका आधारमा सन्देशमूलक रचनालगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत शिष्टाचार र सम्बोधनजन्य शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत काल र अपूर्ण पक्षको पहिचान र प्रयोग, पक्षका आधारमा वाक्य परिवर्तनका अभ्यास गराउनुपर्छ । द्वित्व शब्द पहिचान र प्रयोगका साथै निर्माण प्रक्रियाका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत 'य' र 'ए' को पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा जिज्ञासासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत घरायसी चिठी लेखन र विषयवस्तुको विश्लेषणसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ ६ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● दृश्यबोध<br>● छलफल<br>● श्रुतिबोध | ● पूर्व पठन खण्डमा समाविष्ट तस्बिर अध्ययन गरी बोध गर्न<br>● तस्बिरमा आधारित भएर अनुमान तथा कल्पना गर्न<br>● सुनेका विषयवस्तुको श्रुतिबोध गरी वर्णन गर्न | ● पूर्व पठन खण्डका तस्बिर<br>● घरायसी चिठीका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कक्षाकोठामा विभिन्न मनोरञ्जनात्मक कार्य गराएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) विद्यार्थीका सिर्जनात्मक प्रतिभाको कदर गरी पाठप्रति अभिरुचि जगाउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे प्रस्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) सम्भव भएसम्म प्रोजेक्टरमार्फत पूर्व पठन खण्डका चित्र प्रस्तुत गर्नुहोस् साथै सूचना आदानप्रदान गर्ने विभिन्न माध्यम प्रस्तुत गर्नुहोस् ।

(आ) पूर्व पठन खण्डका चित्रमा छलफल गराउनुहोस् ।

(इ) विद्यार्थीलाई विभिन्न समावेशी समूहमा विभाजन गर्नुहोस् । एउटा चिठीको नमुना देखाएर चिठीका विभिन्न भागको परिचय गराउनुहोस् ।

(ई) विद्यार्थीका समूहलाई चिठीका भाग भन्न लगाउनुहोस्, जस्तै : मिति, सम्बोधन, व्यहोरा, खाम (पठाउने र पाउनेको पूर्ण विवरणसहित)

(उ) चिठी, खाम, हुलाक, हुलाकी आदि विषयमा छलफल गराउनुहोस् ।

(ऊ) कक्षामा चिठी हाल्ने खाम बनाउन सिकाउनुहोस् ।

(ऋ) एउटा घरायसी चिठीको नमुना तयार गरी कक्षामा वाचन गर्न लगाउनुहोस् । चिठीका बारेमा व्यक्तिगत धारणा राख्न चाहने विद्यार्थीलाई मौका दिनुहोस् । छलफलमा आएका सान्दर्भिक तथ्यलाई पाठसँग जोड्दै निष्कर्ष सुनाउनुहोस् ।

(ए) कक्षाकोठामा विविधता व्यवस्थापन गर्दै फरक क्षमता र स्तरभएका विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(अ) विद्यार्थीलाई खामको नमुना देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(आ) समूहमा खामको नमुना बनाउन र त्यसमा समावेश गरिने विवरण भर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन (चिठीको पूर्ण अंश)<br>• शुद्धोच्चारण | • चिठीको गति, यति मिलाएर सस्वर वाचन गर्न<br>• शब्दको सही उच्चारण गर्न | • चिठी वाचनको श्रव्य सामग्री<br>• शब्दपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै कविताका श्लोक, चुट्किला, उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका चुट्किला, लघुकथा, गीत, कविता भन्ने मौका दिई उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) चिठीको सस्वरवाचन गर्न विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् ।

(आ) वाचनका क्रममा गति, यति मिले वा नमिलेको ख्याल गरी चिठी वाचनसम्बन्धी श्रव्य सामग्रीको सहायताले आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) पाठ्य चिठीको नमुना वाचन मोबाइलमा रेकर्ड गरेर पनि सुनाउन सक्नुहुने छ ।

(ई) पठनका क्रममा नयाँ लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले रेखाङ्कन गरेका शब्द पालैपालो भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) टिपोट गरिएका शब्द विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले उच्चारण गर्दा देखिएका त्रुटिक्षेत्र पहिचान गर्नुहोस् ।

(ए) शब्दपत्तीको सहायता लिई विद्यार्थीलाई उच्चारण गर्न कठिन भएका शब्दलाई त्रुटिक्षेत्रका आधारमा अक्षरीकरणसहित उच्चारण अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| कुशलता | /कु.सल्.ता/ |
| सन्चोसबिसन्चो | /सन्.चो.बि.सन्.चो/ |
| आवश्यकता | /आ.बस्.स्यक्.ता/ |
| सामग्री | /सा.मग्.ग्रि/ |

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो पाठका अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

सामग्री, मोबाइल, खर्च

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# तेस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौनपठन<br>• शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • पाठ्य चिठी मौनपठन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य र चना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै कविताका श्लोक, चुट्किला, उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका चुट्किला, लघुकथा, गीत, कविता भन्ने मौका दिई उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) पाठ्य चिठी मौनपठन गर्न निर्देश गरी विद्यार्थीले सही तरिकाबाट पठन गरे वा नगरेको ख्याल गरी सहजीकरण गर्नुहोस् ।

(आ) पठनका क्रममा कुनै शब्दको अर्थमा समस्या भएमा ती शब्द रेखाङ्कन गरी टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा प्रस्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| आदानप्रदान | लिनेदिने काम |
| नकारात्मक | कामकुरा नमान्ने |
| तालमेल | चाँजोपाँजो |
| कुशल | राम्रो, आराम |
| नोक्सान | बेफाइदा वा घाटा |
| आर्जन | प्राप्ति |

(इ) अर्थ स्पष्ट भएपछि तिनै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा वाक्यपत्तीको सहायता लिई वाक्य निर्माणका तरिकाका बारेमा जानकारी गराउनुहोस्, जस्तै :

आदानप्रदान : नववर्षको अगिल्लो दिन हामीले शुभकामना आदानप्रदान गऱ्यौँ ।

(ई) पाठका आधारमा बोधसम्बन्धी प्रश्नको सूची प्रदर्शन गरी बोध प्रश्नोत्तरका अभ्यास गराउनुहोस् ।

(उ) बोध प्रश्नको उत्तर लेख्ने क्रममा उत्तर लेख्ने तरिकासहित उत्तरका नमुनासमेत प्रस्तुत गरी सहजीकरण गर्नुहोस् । जस्तै :

प्रश्न : चिठी कुन मितिमा लेखिएको छ ?

उत्तर : चिठी मिति २०७८।०१।०१ मा लेखिएको छ ।

प्रश्न : बुबाले दिदीलाई आफ्नो चिठीमा के लेख्नुभएको रहेछ ?

उत्तर : बुबाले दिदीलाई आफ्नो चिठीमा मोबाइल पाएपछि भाइको पढाइ कमजोर भएको कुरा लेख्नुभएको रहेछ ।

प्रश्न : किन केटाकेटी निद्रामै रुने कराउने गर्छन् ?

उत्तर : मोबाइलको नसामा लागेर केटाकेटी निद्रामै रुने कराउने गर्छन् ।

प्रश्न : विदेशमा के के गर्न कठिन पर्दो रहेछ ?

उत्तर : विदेशमा आफ्नै खुट्टामा उभिएर प्रगति गर्न, पढाइ र कामको तालमेल मिलाउन कठिन पर्दो रहेछ ।

(ऊ) यसै नमुनामा आधारित भई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ५, ६ र ८ का अभ्यास गराउनुहोस् ।

(ऋ) विद्यार्थीले अभ्यास गर्दैगर्दा उनीहरूका क्रियाकलाप हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीले अभ्यास गरिसकेपछि केही विद्यार्थीलाई उनीहरूले तयार गरेको उत्तर कक्षामा सुनाउन लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

विदेश, मूल्यवान्, कोसिस, उत्पादन, दुरूपयोग, आर्जन

(ख) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) किन विदेशमा गएपछि आफ्नो देशको बढी माया लाग्ने रहेछ ?

(आ) भाइको पढाइ किन बिग्रियो ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार | • शिष्टाचार र सम्बोधन जनाउने शब्द पहिचान गर्न<br>• शिष्टाचार र सम्बोधन जनाउने शब्द सही ढङ्गले प्रयोग गर्न<br>• शिष्टाचार र सम्बोधन जनाउने शब्द जोडा बनाउन<br>• खाली ठाउँमा शिष्टाचार र सम्बोधन जनाउने शब्द पहिचान गरी लेख्न<br>• वाक्यमा प्रयोग गर्न | • शब्दपत्ती<br>• शिष्टाचार र सम्बोधन जनाउने शब्द सूची<br>• वाक्यपत्ती |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीका सिर्जनात्मक क्रियाकलापको सम्बोधन गर्दै विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापको छोटो पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह विभाजन गर्नुहोस् ।

(आ) सभाध्यक्ष, महोदय, नमस्कार, पूजनीय, गुरुवर्ग जस्ता शब्द शब्दपत्तीबाट देखाएर शिष्टाचार र सम्बोधन जनाउने शब्दको पहिचान गराउनुहोस् ।

(इ) विद्यार्थीका समूहलाई शब्दभण्डारअन्तर्गतका अभ्यास १ कापीमा गर्न लगाउनुहोस् । सबैभन्दा पहिले गर्ने समूहलाई पुरस्कृत गर्नुहोस् । सहयोग आवश्यक पर्ने र नेपाली विमातृभाषी विद्यार्थीलाई ध्यान दिनुहोस् । अन्त्यमा शब्दपत्तीबाट शिष्टाचार र सम्बोधन जनाउने शब्द देखाएर प्रस्ट पार्नुहोस् ।

ममतामयी

आशीर्वाद

प्यारी

सादर प्रणाम

(ई) समूहकार्य गरिसकेपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थी समूहलाई शब्दभण्डारअन्तर्गतको अभ्यास २ का आधारमा शिष्टाचार र सम्बोधन जनाउने शब्दको सूची प्रदर्शन गरी जोडा मिलाउन लगाउनुहोस् ।

(ऊ) अलमलमा परेका विद्यार्थीलाई सहयोगको वातावरण मिलाउनुहोस् ।

(ऋ) विद्यार्थीले लेखिसकेपछि कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । आफूले पनि कापी परीक्षण गर्नुहोस् ।

(ए) विद्यार्थीमध्येबाटै सही उत्तर लेख्ने विद्यार्थीलाई शैक्षणिक पाटीमा लेख्न लगाई साथी साथीबिच सहजीकरण गराइदिनुहोस्, जस्तै :

| | |
|---|---|
| (क) ममतामयी | आमा |
| (ख) श्रद्धेय | गुरुवर्ग |
| (ग) आत्मीय | मित्र |

(घ) सम्माननीय प्रधानन्यायाधीश

(ङ) श्रीमान् प्रधानाध्यापक

(ऐ) शिष्टाचार र सम्बोधन जनाउने शब्दमा स्पष्ट धारणा दिनका लागि विभिन्न शिष्टाचार र सम्बोधन जनाउने शब्द समूह सङ्कलन गरी हाजिरीजवाफ प्रतियोगिता पनि गराउन सक्नुहुन्छ ।

(ओ) विद्यार्थी समूहलाई शब्दभण्डारअन्तर्गतको अभ्यास ३. का आधारमा खाली ठाउँ भर्ने अभ्यास गराउनुहोस् । अभ्यासका क्रममा अलमलमा परेका विद्यार्थीलाई सहयोगको वातावरण मिलाउनुहोस् ।

(औ) विद्यार्थी समूहलाई शब्दभण्डारअन्तर्गतको अभ्यास ४ का आधारमा वाक्यमा प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् । सम्पूर्ण विद्यार्थीलाई कक्षा कार्यकलापमा सहभागिता जनाउने वातावरण मिलाउनुहोस् । विद्यार्थीले बनाएका अर्थयुक्त वाक्यको प्रशंसा गर्नुहोस्, र शिक्षकले पनि केही शब्दको वाक्यसूची प्रदर्शन गरी सहजीकरण गर्नुहोस्, जस्तै :

मोबाइल : हामी विद्यार्थीले पढाइसँग सम्बन्धित विषयवस्तु मात्र मोबाइलमा हेर्दा राम्रो हुन्छ ।

सूचना : हाम्रो विद्यालयको सूचनापाटीमा वादविवाद प्रतियोगिता हुनेबारे सूचना टासिएको थियो ।

(अं) विद्यार्थीको कापी परीक्षण गर्नुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् । अन्त्यमा वाक्यपत्तीको प्रयोग गरी वाक्यमा प्रयोगसम्बन्धी धारणा स्पष्ट पारिदिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई शिष्टाचार र सम्बोधन जनाउने शब्द लेख्न लगाउनुहोस् ।

(ख) दिइएका शब्द राखी वाक्य बनाउन लगाउनुहोस् :

सूचना, ल्यापटप

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चिठीको संरचना<br>• चिठी लेखन | • चिठीका विभिन्न भाग समेटी चिठी लेख्न | • चिठीको संरचना<br>• चिठीको नमुना<br>• खामको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कुनै रमाइलो प्रश्नको उत्तर सोधी ध्यानाकर्षण गर्नुहोस्, जस्तै :

एउटा यस्तो जिल्लाको नाम भन्नुहोस् जसको विचको अक्षर झिकिदिँदा अर्को जिल्ला बन्छ ?

उत्तर : बाजुरा

(आ) विद्यार्थीलाई पनि यस्ता रमाइला प्रश्नोत्तर गर्ने मौका दिनुहोस् ।

(इ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(ई) आजको कक्षाको विषयवस्तुमा छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) पाठ्य चिठीका आधारमा बोध र अभिव्यक्ति खण्डको अभ्यास २ अनुसारको चिठीको संरचना प्रदर्शन गरी चिठी लेख्ने तरिकाका बारेमा निम्न बुँदामा आधारित भई छलफल गराउनुहोस् :

चिठीको संरचनाको नमुना

१. मिति

२. ठेगाना

३. सम्बोधन

४. अभिवादन

५. सन्चो बिसन्चो खबर..........पत्र लेख्नुको कारण............

६. चिठीको पेटबोली...............

७. समापन.....

८. नाता

९. नाम

१०. खामको नमुना (पठाउने र पाउनेको पूर्ण विवरणसहित)

(आ) चिठीको आदि भागमा (मिति, ठेगाना, सम्बोधन, शिष्टाचार)लेख्ने कुरा प्रस्ट पार्नुहोस् ।

(इ) मध्य भाग/मुख्य भागमा (कुशल कामना/विषय प्रवेश, मुख्य कुरा, टुङ्ग्याउनी) लेख्ने कुरा प्रस्ट पार्नुहोस् ।

(ई) अन्त्य भागमा (सम्बोधितसँगको सम्बन्ध, हस्ताक्षर वा लेखकको नाम) लेख्ने कुरा प्रस्ट पार्नुहोस् ।

(उ) विद्यार्थीलाई आफ्ना आफन्तलगायत अन्य सन्दर्भमा चिठी लेख्ने तरिका सिकाउनुहोस् । यस क्रममा शिक्षकले चिठीको एउटा नमुना प्रदर्शन गर्नुहोस् ।

(ऊ) खामको नमुना (प्रेषक र प्रापकको नाम तथा ठेगानाको क्रम) बनाएर देखाउनुहोस् ।

(ऋ) विद्यार्थी समूहलाई उपर्युक्त चिठीको संरचनामै केन्द्रित भएर चिठी लेख्न निर्देश गर्नुहोस् ।

(ए) विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गर्ने र आवश्यकताअनुसार सहजीकरण गराउनुहोस् ।

(ऐ) विद्यार्थीले लेखेका चिठी परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • प्रश्न निर्माण गर्न र उत्तर भन्न<br>• भाषिक प्रकार्य (जिज्ञासा) | • अनुच्छेद पढी प्रश्न निर्माण गरी उत्तर भन्न<br>• कुनै विषय वा वस्तुका बारेमा थाहा नपाएपछि जिज्ञासा राख्न | • प्रश्नपत्ती<br>• उत्तरपत्ती<br>• जिज्ञासासँग सम्बन्धित श्रव्य तथा श्रव्यदृश्य सामग्री |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) बालमैत्री वातावरण सिर्जना गरी विद्यार्थीलाई स्वतः स्फूर्त रूपमा आफ्ना लेखरचना प्रस्तुत गर्न लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरवलोकन गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुमा छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले बोध अभिव्यक्ति खण्डको अभ्यास ४ मा आधारित भई अनुच्छेद मौनवाचन गर्न लगाउनुहोस् ।

(आ) कक्षाका सबै विद्यार्थीलाई प्रश्न निर्माण गर्ने तरिका सिकाएर प्रश्न निर्माण गर्न निर्देश गर्नुहोस् ।

(इ) प्रश्न निर्माण गर्दा के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता प्रश्नवाचक सर्वनाम प्रयोग गर्ने तरिका सिकाउनुहोस् र प्रश्नसूचीका माध्यमबाट नमुना प्रदर्शन गर्नुहोस्, जस्तैः

**प्रश्नका नमुना**

- दिदीले किन भाइलाई मोबाइल पठाएकी थिइन् ?

(ई) विद्यार्थीलाई समावेशी आधारमा समूहमा विभाजन गरेर एउटा समूहलाई बोध अभिव्यक्ति खण्डको अभ्यास ४ लाई आधार बनाई कुनै अनुच्छेद दिएर प्रश्न निर्माण गर्न लगाउनुहोस् र अर्को समूहलाई उत्तर भन्न लगाउनुहोस् ।

(उ) शिक्षकले एउटा प्रश्नको उत्तरको लिखित नमुना प्रदर्शन गर्नुहोस् र विभाजन गरिएको समूहलाई साथीले बनाएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् । शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीसँग जिज्ञासासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । जिज्ञासा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । मिठो बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् र त्यसैअनुसारको एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**जिज्ञासा**

सविनाले बेन्चबाट उठेर शिक्षिकालाई सोधिन्, “गुरुआमा ! रकेट कसरी उड्छ होला ? मलाई यस विषयमा जान्ने जिज्ञासा लाग्यो ।” सविनाको यो कुरामा कक्षाका सबै

साथीहरूले होमा हो थपे । शिक्षिका मुसुमुसु हाँसेर कक्षाबाट बाहिरिनुभयो । विद्यार्थीहरू छक्क परे । मुखामुख गरे । शिक्षिका सरासर विज्ञान प्रयोगशालामा जानुभयो । एउटा डट्पेन र बेलुन लिएर कक्षामा आउनुभयो । उहाँले भन्नुभयो, "भाइबहिनीहरू ! म तपाईंहरूको जिज्ञासा देखेर खुसी छु । अब रकेट उड्ने तरिका हेर्नुहोस् है त ।" विद्यार्थीहरूले 'हवस्' भनी मुन्टो हल्लाए । शिक्षिकाले बेलुनको मुखमा डट्पेन छिराएर रबरले बाँध्नुभयो । त्यसपछि डट्पेनको प्वालबाट फुकेर बेलुनमा हावा भर्नुभयो । बेलुनमा हावा भरिसकेपछि सबैलाई देखाएर भन्नुभयो, "सबैले हेर्नुहोस् है ।" गुरुआमाले त्यसलाई हावामा छोड्नुभयो । डट्पेनको प्वालबाट हावा बाहिरिँदा बेलुनचाँहि माथि माथि उड्दै गयो । शिक्षिकाले कुरा स्पष्ट पार्दै भन्नुभयो, "यही प्रक्रियाद्वारा रकेट अन्तरिक्षमा उडाइन्छ ।"

(ऋ) अभ्यास ९ का आधारमा भाषिक प्रकार्यसम्बन्धी अभ्यास गराउनुहोस् । जिज्ञासा झल्कने गरी साथी साथी समूह बनाई कुराकानी गर्ने वातावरण मिलाइदिनुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको अनुच्छेद पढी दुईओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

समयको गतिसँगसँगै टेरेसाद्वारा सञ्चालित परोपकारी संस्थाहरू भारतबाहेक अन्य मुलुकमा पनि विस्तार हुँदै गए । सन् १९६५ पछि भेनेजुएला, इटाली, जोर्डन, यमन, इथियोपिया, अस्ट्रेलिया, फिलिपिन्स, बेल्जियम, जर्मनी, हल्यान्ड, अमेरिका, कोलम्बिया, पेरु, रुस, सुडान, क्युबा, पोल्यान्ड, अफ्रिका, मेक्सिको, केन्यालगायत विभिन्न देशमा यस्ता संस्था खोलिए ।

(ख) कुनै नयाँ सामान पाएर कसरी प्रयोग गर्ने होला ? भनेर मनमा उठेका जिज्ञासाका भावलाई समेटी साथी साथीबिचमा संवाद गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अपूर्ण पक्ष(भूतकाल, वर्तमानकाल, भविष्यत्काल)<br>• वाक्य निर्माण | • तीनओटै कालका अपूर्ण पक्षका वाक्य पहिचान र प्रयोग गर्न<br>• तीनओटै कालका अपूर्ण पक्षका क्रियापद राखी वाक्य निर्माण गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• तालिका |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई हिजो के गर्दै थियौ ? आज के गर्दै छौ ? र भोलि के गर्दै हुने छौ ? जस्ता प्रश्न गरी मनोरञ्जनात्मक क्रियाकलापबाट विषयवस्तुमा प्रवेश गराउनुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुमा छलफल गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शैक्षणिक पाटीमा तीनओटै कालका अपूर्ण पक्ष जनाउने केही वाक्य लेख्नुहोस्, जस्तैः

बहिनी पाठ पढ्दै छे । भाइ कविता लेख्दै थियो । गुरुआमा व्याकरण सिकाउँदै हुनुहुने छ ।

(आ) माथिका वाक्य विद्यार्थीलाई नै चिनेर पहिचान गर्ने वातावरण मिलाइदिनुहोस् ।

(इ) विद्यार्थीलाई अपूर्ण पक्ष भूतकाल, अपूर्ण पक्ष वर्तमानकाल, अपूर्ण पक्ष भविष्यत्काल गरी तीन समूहमा विभाजन गर्नुहोस् । अपूर्ण पक्षका वाक्य लेखिएको वाक्यपत्ती वा सूची प्रदर्शन गरी प्रत्येक समूहलाई त्यस्तै वाक्य बनाउन लगाउनुहोस्, जस्तै :

**अपूर्ण पक्ष भूतकाल**

म कविता लेख्दै थिएँ । तिमी कविता वाचन गर्दै थियौ ।

**अपूर्ण पक्ष वर्तमानकाल**

राम खेत खन्दै छ । बहिनी कथा पढ्दै छे ।

**अपूर्ण पक्ष भविष्यत्काल**

ऊ पाठ पढ्ने छ । छिरिङ खेल खेल्ने छे ।

(ई) शैक्षणिक पाटीमा विभिन्न क्रियापद टिप्दै जानुहोस् । आफ्नो समूहमा परेका क्रियापद टिपोट गर्न लगाउनुहोस् । अपूर्ण पक्षका तीनओटै कालका क्रियापदमा विद्यार्थीलाई प्रस्ट हुने गरी तालिका प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

(उ) तीनओटै कालका अपूर्ण पक्षमा वाक्य परिवर्तन गर्न सिकाउनुहोस् । भाषिक संरचना र वर्णविन्यास अन्तर्गत अभ्यास २ र ४ गराउनुहोस् ।

(ऊ) अपूर्ण पक्षका क्रियापद लेखिएको सूची प्रदर्शन गरी ती क्रियापदबाट वाक्य निर्माण गर्न निर्देश गर्नुहोस्, जस्तै :

| | |
|---|---|
| पढ्दै छन् | कक्षामा विद्यार्थी अनुशासित भएर पढ्दै छन् । |
| भन्दै थियो | हिजो भाइ कथा भन्दै थियो । |
| आउँदै हुने छन् | दाजु पोखराबाट आउँदै हुने छन् । |

(ऋ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास ३. गराउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(ए) सबै विद्यार्थीले अभ्यास गरिसकेपछि केही विद्यार्थीलाई त्यस्तै अन्य समस्या दिई त्यसको समाधान शैक्षणिक पाटीमा गर्न लगाउनुहोस् र कक्षामा छलफल गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न लगाउनुहोस् :

म पाठ पढ्छु । (वर्तमान: अपूर्ण पक्ष)

हामी वनभोजमा रमाउँछौँ । (भूत : अपूर्ण पक्ष)

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • द्वित्व<br>• वर्णविन्यास (य र ए को प्रयोग)<br>• सिर्जना र परियोजना कार्य (सोधखोज) | • द्वित्व शब्द पहिचान र प्रयोग गर्न<br>• द्वित्व शब्दको निर्माण प्रक्रिया देखाउन<br>• य र ए को पहिचान र प्रयोग गर्न<br>• पत्रमञ्जुषाको प्रयोग र कार्यबारे अभिभावकसँग सोधखोज गर्न | • द्वित्व शब्द तालिका<br>• शब्दपत्ती |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई साथी साथी मिली कलमसलम, किताबसिताब लिएर सरसल्लाह गर्दै पढ्न तयार हुन निर्देश गरी ध्यानाकर्षण गर्नुहोस् र शिक्षकले भनेका यस्ता (द्वित्वजनित) शब्दलाई विशेष ख्याल गर्न निर्देश गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् ।

(आ) शब्दपत्तीबाट तीनै प्रकारका द्वित्व पर्ने गरी शब्दहरू देखाउनुहोस् ।

समूह १ घर घर, ठाउँ ठाउँ, तल तल

समूह २ आआफ्नो ससाना, झैंझगडा

समूह ३. चियासिया, पानीसानी, पैसासैसा

(इ) अगि आफूले कक्षामा प्रवेश गर्दा नै यस किसिमका शब्द प्रयोग गर्दै आएको जानकारी गराई विद्यार्थीलाई सिकाइप्रति थप उत्प्रेरित गर्नुहोस् ।

(ई) विद्यार्थीलाई द्वित्व शब्द लेखिएको सूची प्रदर्शन गरी ती शब्दको निर्माण प्रक्रिया सिकाउनुहोस्, जस्तैः

घर + घर = घर घर, माथि + माथि = माथि माथि

सल्लाह + सल्लाह = सरसल्लाह, मसला + मसला = मरमसला

बानी + बानी = आनीबानी, भात + भात = भातसात

(उ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास ५ र ६ मा आधारित भएर अभ्यास गराउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् । विद्यार्थीलाई यस्तै किसिमका थप शब्द खोज्न लगाई निर्माण प्रक्रिया पनि बताउन लगाउनुहोस् ।

(ऊ) द्वित्व शब्दका थप अभ्यास गर्न लगाई प्रस्ट पार्नुहोस् । विद्यार्थीलाई य र ए को समूहमा विभाजन गर्नुहोस् । शब्दपत्तीको प्रयोगबाट विभिन्न शब्द प्रदर्शन गर्नुहोस् । जसमा य र ए प्रयोग भएका शब्द परुन्, जस्तै :

यज्ञ, यात्रा, कार्यालय, नियम, यसरी, यश

एक, गए, एसिया, एकान्त, थिए, एकतारे

(ऋ) विद्यार्थीलाई आफ्नो आफ्नो समूहमा परेका शब्द पहिचान गरी थप ५/५शब्द खोज्न लगाउनुहोस् र शिक्षकले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । अलमलमा परेका विद्यार्थीलाई सहजीकरण पनि गर्नुहोस् । अभ्यास ८ लाई आधार मानी वाक्य शुद्ध गर्न लगाउनुहोस् ।

(ए) य र ए को प्रयोगमा ख्याल नगर्दा वाक्यले दिने अर्थमा अन्यर्थ र अनर्थ हुने तथ्यलाई प्रस्ट पार्नुहोस् । यसका लागि निम्नानुसारको शब्दसूची प्रयोग गर्नुहोस्, जस्तै :

| | |
|---|---|
| एक | यक |
| एसिया | यसिया |
| एवम् | यवम् |

(ऐ) पाठबाट य र ए को प्रयोग भएका वाक्य लेख्न निर्देशन दिनुहोस् । विद्यार्थीको अवस्था पहिचान गरी सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीको कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(औ) परियोजना कार्यअन्तर्गतको अभ्यास २ का आधारमा पत्रमञ्जुषाको प्रयोग र कार्यबारे सो धखोज गरी आउन निर्देश गर्नुहोस् । (यस क्रियाकलापलाई भोलिपल्टको क्रियाकलापसँग जोड्नुहोस् ।)

## ३. . मूल्याङ्कन

(क) तलका द्वित्वको निर्माण प्रक्रिया देखाउनुहोस् :

आआफ्नो, चियासिया, घरघर

(ख) तल दिइएको वाक्यलाई शुद्ध गरी लेख्न लगाउनुहोस् :

एसले मानव जीवन सहज बनायेको छ ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ ६)<br>• सिर्जना र परियोजना कार्य (चिठी लेखन र प्रदर्शन | • सुनाइ पाठ ६ का आधारमा श्रुति बोधात्मक अभ्यास गर्न<br>• निर्देशित चिठी रचना गर्न<br>• परियोजना कार्यको प्रस्तुतीकरण गर्न | • सुनाइ पाठका लागि श्रव्य सामग्री<br>• चिठीको नमुना<br>• पत्रमञ्जुषाको प्रयोग सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) आफूले रचना गरेको कुनै एक चिठी सुनाई विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(आ) विद्यार्थीलाई परिशिष्टमा भएको सुनाइ पाठ ६ सुनाउनुहोस् । यस क्रममा आफैँले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(इ) पाठको सुनाइ र बोलाइ खण्डका आधारमा सुनाइ बोलाइ अभ्यास १ गराउनुहोस्, जस्तै :

प्रश्न : कृषिमलको प्रयोग किन गरिन्छ ?

उत्तर : खेतबारीमा बालीनालीलाई हुर्काउन र धेरै उत्पादन लिन कृषिमलको प्रयोग गरिन्छ ।

प्रश्न : कृषिमल कति प्रकारका हुन्छन् ?

उत्तर : कृषिमल दुई प्रकारका हुन्छन् ।

(ई) विद्यार्थीलाई सिर्जना र परियोजना खण्डका आधारमा चिठी रचना गर्ने तरिका सिकाउनुहोस्, जस्तै :

- चिठी रचना गर्दा सुरु भागको दाँयापट्टि माथि मिति उल्लेख गर्न
- मितिको ठिक तल चिठी लेख्ने व्यक्तिको ठेगाना उल्लेख गर्न
- एक हरफ छोडेर बाँयापट्टि यथोचित सम्बोधन र अभिवादन उल्लेख गर्न
- पत्र लेखनको मुख्य भागमा कुशल कामनासहित विषयमा प्रवेश, मुख्य कुराको जानकारीसहित कुरा टुङ्ग्याउन
- अन्त्य भागमा चिठीको दाँयापट्टि प्रेषकको प्रापकसँगको सम्बन्ध, हस्ताक्षर र प्रेषकको नाम उल्लेख गर्न
- खामको नमुना बनाएर प्रेषक र प्रापकको नाम तथा ठेगानाको क्रम उल्लेख गर्न ।

(उ) शिक्षकले सम्भव भएसम्म प्रोजेक्टरमार्फत रचना गरिएको चिठीको नमुना प्रस्तुत गर्नुहोस् । एक जना विद्यार्थीलाई चिठीका विभिन्न भाग खुल्ने गरी पढ्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई चार्टपेपर, साइनपेन कलम उपलब्ध गराउनुहोस् । विद्यार्थीलाई उपर्युक्त ढाँचामा सिर्जना र परियोजना कार्यको अभ्यास १ मा आधारित भई चिठी लेख्न हौसला प्रदान गर्नुहोस् ।

(ऋ)) प्रत्येक समूहलाई चिठी लेख्न लगाउनुहोस् र कापी परीक्षण गरी आवश्यक सल्लाह र सुझाव दिनुहोस् ।

(ए) प्रत्येक समूहबाट रचना भएका चिठी कक्षाकोठामै वाचन गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई व्यक्तिगत रूपमा पनि चिठी लेख्न लगाई साफी गर्दै जानुहोस् ।

(ओ) सिर्जना र परियोजना कार्यअन्तर्गत अभ्यास २ को गृहकार्य प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(औ) शिक्षकले तयार गरेको पत्रमञ्जुषाको प्रयोग र कार्यको तालिका प्रस्तुत गरी विद्यार्थी र शिक्षकले तयार गरेका तालिकाबिच तुलना गर्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) कामको खोजीमा विदेश गएका दाजुलाई आफ्नै देश फर्केर काम गर्ने सल्लाह दिँदै दाजुलाई चिठी लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ ७

# परिकल्पना

**विधा : कथा** **कार्यघण्टा : १०**

## परिचय

'परिकल्पना' सामाजिक कथा हो । कथा शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण गर्नु हो । तसर्थ कथा शिक्षणका क्रममा भाषिक सिपका साथै विषयवस्तुमा आधारित भई चित्रकथा वर्णन, भूमिका निर्वाह, कथाकथन, घटना वर्णन, अनुमान, कल्पना र निष्कर्ष तथा सहयोग जस्ता विषयक्षेत्र समेटी विचारको मौखिक तथा लिखित प्रस्तुति गराउनुपर्छ ।

समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौनपठन र बोध साथै कथाको संरचना र घटना पहिचान, पाठको विषयवस्तु बोध, प्रश्न निर्माण तथा प्रश्नोत्तर, सन्दर्भअनुकूलको स्वाभाविक वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटनाक्रम मिलान, चरित्र वर्णन, सार लेखन, तार्किक लेखन अनुकरणात्मक कथा लेखन तथा स्वतन्त्र कथा रचनालगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यस पाठमा शब्दभण्डारअन्तर्गत अनेकार्थी शब्दको साथै उखान र टुक्काको पहिचान र प्रयोग गराउनुपर्छ ।

भाषिक संरचनाअन्तर्गत कालका पूर्ण पक्षको पहिचान र प्रयोग वर्णविन्यासअन्तर्गत 'ऋ' र 'रि' को अभ्यास गराउनुपर्छ । यस पाठमा तुलनासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत बुँदाका आधारमा कथा लेखन र समाजमा घट्ने घटनालाई लिएर सामाजिक कथा लेखनका क्रियाकलाप गराउनु अपररिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएको सुनाइ पाठ ७ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका थप अभ्यास गराउनु वान्छनीय हुन्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्य बोध<br>• छलफल<br>• श्रुतिवर्णन | • पूर्व पठन खण्डको तस्बिर र विषयवस्तुको भाव बोध गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• सुनेका आधारमा विषयवस्तुको श्रुति वर्णन गर्न | • पूर्व पठन खण्डका चित्र |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) उत्प्रेरणात्मक विषयवस्तुका प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई आजको कक्षाप्रति अभिरुचि जगाउनुहोस् ।

(आ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तु सम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समूहमा विभाजन गरी पूर्व पठन खण्डका तस्बिरमा छलफल गर्न लगाउनुहोस् । सम्भव भए प्रोजेक्टरको उपयोग गरी पूर्व पठन खण्डमा भएका तस्बिरमा जस्तै विभिन्न अतिरिक्त क्रियाकलाप तथा मनोरञ्जनात्मक क्रियाकलापका तस्बिर देखाउनुहोस् ।

(आ) विद्यार्थीलाई आफ्नो समूहमा छलफल गरी पूर्व पठन खण्डका तस्बिरले व्यक्त गर्न खोजेका विषयवस्तुमा छलफल गराउनुहोस् । छलफल भएका सान्दर्भिक विषयवस्तु र पाठका सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

(इ) शिक्षकले ग्रामीण क्षेत्रमा विकास गरिएका सुन्दर भौतिक वस्तुको परिकल्पना गर्न लगाई छलफल गराउनुहोस् ।

(ई) पूर्व पठन खण्डमा दिइएका जस्तै कुन कुन कामको कल्पना गर्नुभएको छ भनेर प्रश्न गर्नुहोस् र विद्यार्थीमाझ छलफल गराउनुहोस् ।

(उ) आफ्नो गाउँ समाजमा रहेका विद्यालयको परिकल्पनालाई समूह बनाई छलफल गराई पालै पालो भन्न लगाउनुहोस् ।

(ऊ) प्रत्येक समूहको प्रस्तुतिपश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि हौसला प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई सहभागी गराउने क्रममा फरक भाषा र फरक सिकाइ क्षमता आदिका आधारमा अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ए) शिक्षकले कुनै परिकल्पनामा आधारित विषयवस्तु सुनाउनुहोस् र त्यस विषयवस्तुमाथि सुनेका आधारमा थप वर्णन गर्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठको पूर्व पठन खण्डको अनुच्छेदमा व्यक्त विचारको आशय बताउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद १ देखि १२.<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दपत्ती<br>• शब्दार्थ पत्ती<br>• वाक्य पत्ती<br>• प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई रोचक कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गरेर ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् । विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तु सम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सकेनसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले पाठको अनुच्छेद १ देखि ४ सम्म नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

(ई) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्दा उच्चारणमा कठिनाइ भएका शब्द रेखाङ्कन गर्न निर्देश गर्नुहोस् ।

(उ) अनुच्छेद १ देखि १२ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरिएका शब्द पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार अप्ठ्यारा शब्दलाई उच्चारण अनुसार नै शैक्षणिक पाटीमा लेखेर वा शब्दपत्तीको सहायताले उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

समुन्नत : /स. मुन्. नत्/

शौचालय : /सौ. चा. ल. य/

(ऋ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थ बोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरेर धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| समुन्नत | विकास भएको, उन्नति भएको |
| दृश्य | देखिने वा हेर्न योग्य स्थल |

(ए) विद्यार्थीले टिपोट गरेका शब्दका अर्थ बोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरेर शब्दको अर्थ भन्नसमेत लगाउनहोस्, जस्तै :

| | |
|---|---|
| दृश्य | हाम्रो देश नेपालमा हेर्न लायक थुप्रै प्राकृतिक दृश्य छन् । |

(ऐ) पाठका आधारमा बोध प्रश्नोत्तरको अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| प्रश्न : | रजनीले बनाएको चित्रको शीर्षक के थियो ? |
| उत्तर : | रजनीले बनाएको चित्रको शीर्षक 'अबको मेरो गाउँ' थियो । |

(ओ) यसै क्रियाकलापमा आधारित भई बोध र अभिव्यक्ति खण्डको अभ्यास ३. गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

निर्माण, सुन्दर, सौर्यऊर्जा, परिकल्पना

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनहोस् :

(अ) राजनीले चित्रमा कस्ता कस्ता कुरा उतार्थिन् ?

(आ) रजनीले बनाएको चित्र कस्तो थियो ?

(इ) रजनीलाई बुबाले के भन्नुभएको थियो ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्ध उच्चारण (अनुच्छेद १३. देखि अन्तिम अनुच्छेदसम्म)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थ बोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दार्थ पत्ती<br>• वाक्य पत्ती<br>• प्रश्नोत्तरको नमुना |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै छोटा र रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि केही रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकाइएका विषयवस्तुबारे छोटकरीमा छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सकेनसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले निर्दिष्ट पाठका केही अनुच्छेद नमुना वाचन गरी सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनहोस् ।

(ई) शिक्षकले कक्षामा सबै विद्यार्थीलाई पालैपालो एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा कठिनाइ भएका शब्द रेखाङ्कन गर्न निर्देश दिनुहोस् ।

(उ) अनुच्छेद १३. देखि २५ सम्म सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरिएका शब्द पालैपालो भन्न लगाउनहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दहरूलाई शुद्ध उच्चारण गर्न अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ भएका शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

पुस्तकालय : /पुस्.त.का.ल.य/

परिकल्पना : /प.रि.कल्. प. ना/

(ऋ) विद्यार्थीलाई पाठमा अर्थबोध गर्न भनिएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ए) विद्यार्थीले टिपोट गरेका शब्दका अर्थ बोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएका नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ बोध गराउनुहोस् ।

(ऐ) पाठका आधारमा बोध प्रश्नोत्तरको अभ्यास गराउनुहोस्, जस्तै :

प्रश्न : सपनामा देख्नु भनेको के हो ?

उत्तर : सपना देख्नु भनेको कल्पना गरी सिर्जना क्षमता बढाउनु हो ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

कल्पना, विद्यालय, सिर्जना, प्रौढ

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनहोस् :

(अ) गुरुआमाले के गर्नुभयो ?

(आ) पुस्तकालयमा कुन कुन पुस्तक थिए ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार (अनेकार्थी शब्द, उखान र टुक्का<br>• प्रश्न निर्माण | • अनेकार्थी शब्दहरूको पहिचान र प्रयोग गर्न<br>• उखान र टुक्काहरूको पहिचान र प्रयोग गर्न<br>• निर्धारित अनुच्छेदबाट प्रश्न निर्माण गर्न | • शब्दपत्ती<br>• उखान टुक्काको अर्थ पत्ती<br>• वाक्य तालिका<br>• अनुच्छेदपत्ती<br>• प्रश्नको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै उत्प्रेरणात्मक विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका रमाइला घटना भन्न लगाई सिकाइप्रति प्रेरित गर्नुहोस् ।

(आ) अगिल्ला दिनमा सिकाइएका विषयवस्तुबारे छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले अनेकार्थी शब्द लेखिएको सूची प्रदर्शन गर्नुहोस् । कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनहोस्, जस्तै :

तर, ताल, रहर, जाली

(आ) विद्यार्थीलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई प्रदर्शित शब्दको के के अर्थ हुन सक्छन् ? छलफल गराउनुहोस् ।

(इ) विद्यार्थीको छलफलबाट आएका अर्थलाई समूहको एक एक जना प्रतिनिधि विद्यार्थीलाई सबैले सुन्ने गरी भन्न लगाउनहोस् ।

(ई) विद्यार्थीले छलफलबाट भनेका अर्थ मिलेनमिलेको हेर्न आफूले तयार पारेको अनेकार्थी शब्दपत्ती र अर्थपत्ती देखाउनुहोस् ।

(उ) आफूले प्रस्तुत गर्ने सामग्रीबाट विद्यार्थीलाई प्रस्ट पारिसकेपछि पाठ्यपुस्तकको शब्द भण्डार अन्तर्गतको अभ्यास २ र ३. गराउनुहोस् । विद्यार्थीलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई अभ्यास २ र ३. गरिसकेपछि कापी परीक्षण गर्नुहोस्  र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) अर्को पाठ्यवस्तुतिर लाग्न प्रेरित गर्दै समूह विभाजन गरी विद्यार्थीलाई आफ्नो घर गाउँ समाजमा सुनेका केही उखान र टुक्का भन्न प्रेरित गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्नुहोस् । विद्यार्थीले भनेका उखान टुक्काको अर्थ छलफल गराउनुहोस् र आफूले सहजीकरण गर्नुहोस् ।

(ए) शिक्षकले सङ्कलन गरेका उखान र टुक्का लेखिएको पत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई तिनको अर्थ र वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । राम्रो वाक्य निर्माण गरेर सुनाउने विद्यार्थी समूहलाई स्याबासी दिँदै अरू विद्यार्थीलाई पनि वाक्य निर्माण गर्न प्रेरित गर्नुहोस् र आफूले सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

(ऐ) पाठ्यपुस्तकमा रहेका शब्दभण्डारअन्तर्गतका अभ्यास ४ र ५ गराउनुहोस् । विद्यार्थीलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई कुनै एउटा अनुच्छेद दिई उक्त अनुच्छेद मौनपठन गरी प्रश्न निर्माण गर्न सिकाउनुहोस् । प्रश्न निर्माण गर्दा के, कसको, कहाँ, कति, किन, कहिले, कसरी जस्ता शब्द प्रयोग गर्ने तरिका सिकाउनुहोस् । प्रश्नात्मक वाक्यमा यी शब्दका भूमिकालाई स्पष्ट पार्नुहोस् र एउटा नमुना प्रश्न पनि प्रदर्शन गरी सोहीअनुसार प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

जस्तै :: रजनीको गाउँको मध्य भागमा के थियो ?

(औ) यसै क्रियाकलापअनुसार विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ गर्न लगाउनुहोस् र आवश्यक परेमा आफूले सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका अनेकार्थी शब्दको एक भन्दा बढी अर्थ लेख्न लगाउनुहोस् :

बेला, उनी, कल्पना

(ख) दिइएका उखान र टुक्काको अर्थ लेखी वाक्य निर्माण गर्न लगाउनुहोस् :

हात थाप्नु, कुरा खेल्नु, जसले मह काढ्छ उसले हात चाट्छ

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्क्षिप्त उत्तर लेखन<br>• भाव विस्तार लेखन | • पाठका आधारमा सङ्क्षिप्त उत्तर लेख्न<br>• निर्दिष्ट अंशको भाव विस्तार गर्न | • उत्तरको नमुना<br>• भाव विस्तारको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकाइएका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तु सम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी आधारमा समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

(आ) छोटो उत्तर लेख्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् ।

(इ) प्रत्येक समूहलाई एक एकओटा उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेका उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएका पङ्क्तिलाई भाव विस्तार गर्नका लागि समूहलाई निर्देश गर्नुहोस् र भाव विस्तार गर्ने तरिका नमुना प्रदर्शन गरी सिकाउनुहोस् ।

### भाव विस्तारको नमुना

**नमुना भावविस्तार**

गाउँले सबै एकजुट भएर अनि सरकारले पनि साथ दियो भने हाम्रो गाउँ साँच्चै मैले चित्रमा परिकल्पना गरेको जस्तै बन्छ ।

'परिकल्पना' कथाको यस कथांशमा गाउँको विकास गर्न स्थानीय बासिन्दा र सरकार एकजुट हुनुपर्छ अनि मात्र हाम्रो गाउँ वा ठाउँ हामीले सोचे जस्तो गरी विकास गर्न सकिन्छ भन्ने विचार व्यक्त गरिएको छ। विकसित गाउँको परिकल्पना गरेर बनाइएको चित्रको व्याख्या गर्ने क्रममा रजनीले आमासँग पछि ठुलो भएपछि चित्रमा उल्लेख भएजस्तै गाउँ बनाउने अभियानमा लाग्ने कुरा गरेकी छिन् । उनले प्रविधिले भरिपूर्ण गाउँ बनाउने सपना देखेकी छन् । गाउँलाई चित्रमा भए जस्तै बनाउन एक जना मात्रैले सम्भव हुँदैन । समाजका सबै व्यक्ति एकजुट भए भने चित्रमा परिकल्पना गरेको जस्तै विकसित र सम्पन्न गाउँ बनाउन सकिन्छ भन्ने रजनीको विश्वास रहेको छ । बालबालिका भनेका भविष्यका कर्णधार हुन् । उनीहरूको सोचले देशको भविष्यको रूपरेखा कोरिन्छ। हामीले सानैदेखि आफ्नो गाउँ आफैँ बनाउने सपना देख्नुपर्छ। यस्तो सपनालाई साकार बनाउन सबै युवा जुट्नुपर्छ । सबै मिलेर काम गर्ने हो भने नहुने कुरा केही छैन भन्ने कुरा रजनीको रहेको छ। सबै बालबालिकाहरूले गाउँको विकास गर्न आआफ्नो तर्फबाट जुट्नुपर्छ । गाउँलाई असल र सभ्य बनाउन सरकारले पनि उचित कदम चाल्नुपर्छ भन्ने विचार यस कथांशमा प्रस्तुत गरिएको छ।

यसरी हामीले सानैदेखि देश र गाउँ तथा समाज विकसित बनाउने सपना देख्नुपर्छ । विदेशमा गएर अरूको नोकर हुनुभन्दा आफ्नै देशमा बसेर गाउँको विकास गरी गाउँलाई सर्वसम्पन्न बनाउन सबै बालबालिकाले सानैदेखि असल सोच राखेमा वा सकारात्मक परिकल्पना गरेमा नेपाल समृद्ध बन्न धेरै समय लाग्दैन भन्ने विचार यस कथांशमार्फत व्यक्त गरिएको छ ।

(ऊ) यसै नमुनाअनुसार अन्य केही कथांश दिई भावविस्तार गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले लेखिसकेपछि कुनै एक समूहले लेखेका उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ए) यस्तै प्रकृतिका अन्य कथांश दिई ती कथांशको भावविस्तार गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

३. **मूल्याङ्कन**

(क) दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर दिन लगाउनुहोस् :

(अ) रजनीको स्वभाव कस्तो थियो ?

(ख) दिइएको कथांशको भावविस्तार गर्न लगाउनुहोस् :

(अ) तिमी मेरी छोरी मात्र नभएर गाउँकै छोरी बन्दै छौ ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • तार्किक लेखन<br>• शीर्षक छलफल | • विषयवस्तु घटना प्रसङ्गका आधारमा तार्किक उत्तर लेख्न<br>• निर्धारित पाठको शीर्षक सार्थकतामाथि छलफल गर्न | • बुँदासूची<br>• तार्किक उत्तरको नमुना<br>• नमुना प्रश्नोत्तर<br>• प्रोजेक्टर |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) "रजनी एक कल्पनाशील र सिर्जनशील बालिका हुन्" भन्ने भनाइलाई पाठका आधारमा तर्क दिनुहोस् । यस प्रश्नमा आधारित भई समूहमा बुँदा टिपोट गर्न लगाउनुहोस् । शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले विद्यार्थीलाई नमुना बुँदा प्रस्तुत गरी धारणा स्पष्ट पार्नुहोस् । ती बुँदालाई समेटी तयार गरिएको उत्तरको नमुना पनि प्रदर्शन गर्नुहोस् ।

(इ) विद्यार्थी समूहलाई माथिका बुँदा समेटेर नमुनाकै आधारमा तार्किक उत्तर लेख्न लगाई प्रस्तुति गर्न लगाउनुहोस् र अन्य विद्यार्थी समूहलाई प्रस्तुतिपश्चात् ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास २ का आधारमा पाठको शीर्षकअनुसार विषयवस्तु उल्लेख भएनभएका बारेमा छलफल गराउनुहोस् ।

(उ) शिक्षकले प्रोजेक्टरको माध्यमबाट वा चार्ट पेपरमा तयार गरिएको नमुना उत्तर प्रदर्शन गरी सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।

(ऊ) शिक्षकले प्रदर्शन गरेको नमुना उत्तरकै आधारमा पाठको विषयवस्तु र शीर्षकबिच तालमेल रहेनरहेको छलफल गराउनुहोस् ।

(ऋ) छलफलका क्रममा विद्यार्थीका धारणालाई विशेष प्राथमिकता दिई आवश्यक परेमा सहजीकरण गर्नुहोस् ।

(ए) छलफलबाट आएको निष्कर्षलाई उत्तरपुस्तिकामा लेख्न लगाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(ऐ) सबैको प्रस्तुति सुनिसकेपछि पाठको शीर्षक मिल्दोजुल्दो भए नभएको कुरा विश्लेषण गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास २ र ७ गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र वर्णन<br>• श्रुति लेखन | • चित्र हेरी वर्णन गर्न<br>• निर्दिष्ट अनुच्छेदको श्रुति लेखन गर्न | • निर्दिष्ट चित्र<br>• श्रुतिलेखनका लागि अनुच्छेद |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गरी अभ्यास ९ को चित्र हेरेर वर्णन गर्ने तरिका सिकाउनुहोस् ।

(आ) विद्यार्थी समूहलाई अभ्यास ९ को चित्र हेरी पालैपालो वर्णन गर्न निर्देशन दिनुहोस् । अन्य समूहलाई पनि क्रमैसँग प्रस्तुत गर्ने अवसर दिनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थीको सबै समूहबाट राम्रो प्रस्तुति भए नभएको शिक्षकले अवलोकन गरी आवश्यक परेको खण्डमा थप अभ्यास गराई पुनः प्रस्तुतिका लागि अवसर प्रदान गर्नुहोस् ।

(ई) शिक्षकले थप चित्र प्रस्तुत गरी विद्यार्थीलाई छलफल गराई आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

(उ) विद्यार्थीलाई श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिका दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ऊ) नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । त्यसपछि अभ्यास ४ का आधारमा श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

(ऋ) श्रुतिलेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी परीक्षणका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीलाई कथाको दोस्रो अनुच्छेद श्रुतिलेखन गर्न लगाउनुहोस् । श्रुतिलेखनपश्चात् केही विद्यार्थीको कापीलाई नमुना मानेर सम्भावित त्रुटिका क्षेत्र (जस्तै : ब, व, ओ श, ष, स, चन्द्रबिन्दु र शिरबिन्दु, ह्रस्व र दीर्घ) सम्बन्धी उदाहरणसहित छलफल गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ र ९ गर्न लगाई उत्तरपुस्तिका परीक्षण गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक प्रकार्य (तुलना)<br>• काल र पक्ष (पूर्ण पक्ष) | • समान वा भिन्न व्यक्ति, वस्तु वा विषयलाई तुलना गर्न<br>• कालको पूर्ण पक्षको पहिचान र प्रयोग गर्न | • तुलनासँग सम्बन्धित श्रव्य वा श्रव्यदृश्य सामग्री<br>• कालका पूर्ण पक्षको वाक्य सूची<br>• अनुच्छेदपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीसँग तुलनासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् ।

(आ) तुलनासम्बन्धी भाषिक प्रकार्यको नमुनासहित विद्यार्थीलाई स्पष्ट धारणा दिनुहोस्, जस्तै :

**तुलना**

(कक्षा ७ का दुई जना विद्यार्थीबिचमा आफूले प्राप्त गरेको स्तरीकृत श्रेणी र साथीले प्राप्त गरेको स्तरीकृत श्रेणीका बिचमा गरेको तुलनालाई संवादका रूपमा प्रस्तुत गरिएको छ :)

वेद : योग ! तिम्रो कति स्तरीकृत श्रेणी आयो परीक्षामा ?

योग : मेरो त २.५३ आएछ । तिम्रो नि ?

वेद : ए ! तिमीले त मलाई जितेछौ, त । स्तरीकृत अङ्क

योग : खै कसरी त ? परीक्षापश्चात छलफल गर्दा त तिम्रो र मेरो उस्तै थियो ।

| | |
|---|---|
| | नतिजा किन फरक पऱ्यो होला त ? |
| वेद : | अहिले गुरुबा आएपछि सोधौँला नि । |
| योग : | गुरुबाले भन्नुभएको तिम्रो र मेरो २ विषयमा गरी ४ अङ्कले फरक छ रे । |
| वेद : | पक्कै पनि नेपाली र गणित विषयमा फरक परेको हुनुपर्छ । |
| योग : | यी दुवै विषयको प्रकृति नै फरक छ । |
| वेद : | नेपाली भाषा विषय भएकोले धेरै लेख्नुपर्छ । मेरो त लेखाइ पनि शुद्ध हुँदैन । |
| योग : | अनि गणित चाहिँ व्यावहारिक र प्रयोगात्मक विषय पऱ्यो । |
| वेद : | हामीले विषयअनुसार अभ्यास बढाउनुपर्ने देखियो । |
| योग : | तिमीले ठिक भन्यौ । मैले पनि यही भन्न लागेको थिएँ । |

(इ) विद्यार्थीलाई अभ्यास १० का आधारमा भाषिक प्रकार्यसम्बन्धी क्रियाकलाप गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ई) भाषिक संरचनाको अभ्यास १ मा भए जस्तै एकै प्रकृतिका तर क्रियापद मात्र भिन्न भएका पूर्ण भूत, पूर्ण वर्तमान र पूर्ण भविष्यत्काल जनाउने वाक्यका सूची फलाटिन पाटीमा टाँस्नुहोस्, जस्तै :

बुबा बजार जानुभएको थियो । बुबा बजार जानुभएको छ । बुबा बजार जानुभएको हुने छ ।

सरोज कक्षामा प्रथम भएको थियो । सरोज कक्षामा प्रथम भएको छ । सरोज कक्षामा प्रथम भएको हुने छ ।

(उ) कुनै एउटा अनुच्छेद तोकी त्यस अनुच्छेदमा भएका वाक्यमा प्रयोग भएका क्रियापद फरक फरक समूहमा टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका क्रियापदमा के भिन्नता छ विद्यार्थीमा छलफल गराउनुहोस् । आवश्यकताअनुसार थप सिकाइ गरेर अवधारण स्पष्ट पार्नुहोस् ।

(ऊ) पूर्ण भूत, पूर्ण वर्तमान र पूर्ण भविष्यत् काल जनाउने क्रियापद प्रयोग भएका वाक्यहरू छ्यासमिस पारेर तयार गरेको अनुच्छेद प्रदर्शन गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई शैक्षिक पाटीमा लेखिएका वाक्य पूर्ण भूत, पूर्ण वर्तमान र पूर्ण भविष्यत् जनाउने तीन समूहमा पहिचान गरी भिन्न भिन्न समूहमा टिपोट गर्न लगाउनुहोस् ।

(ए) टिपोट गरिएका वाक्य प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले सही ढङ्गले टिपोट गर्न

सकेनसकेको विद्यार्थीलाई नै आपसमा छलफल गराउनुहोस् । अन्त्यमा आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(अ) भाषिक संरचना र वर्णविन्यासको अभ्यास ३. गर्न लगाउनुहोस् ।

(आ) भाषिक संरचना र वर्णविन्यासको खण्डको अभ्यास २ को कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# नवौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● वर्णविन्यास (ऋ र रि)<br>● श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ ७)<br>● परियोजना कार्य | ● ऋ र रि प्रयोग भएका शब्द पहिचान र प्रयोग गर्न<br>● सुनाइ पाठका आधारमा प्रश्नोत्तर गर्न<br>● पत्रपत्रिकामा प्राप्त कथा खोजेर लेख्न | ● ऋ र रि शब्दका शब्दपत्ती<br>● सुनाइ पाठ ७ को श्रव्य सामग्री |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(आ) विद्यार्थीलाई सुनाइसम्बन्धी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले 'रि' र 'ऋ' को उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर 'रि' र 'ऋ' को उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक संशोधन गरी शैक्षिक पाटीमा टिप्दै जानुहोस् ।

(आ) शिक्षकले 'रि' र 'ऋ' को उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द फलाटिन पाटीमा टाँस्नुहोस् । विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न र सबै विद्यार्थीलाई सार्न लगाउनुहोस्, जस्तै :

| | |
|---|---|
| ऋषि | रिषि |
| ऋस | रिस |
| ऋचा | रिचा |
| ऋण | रिण |

(इ) शिक्षकले शैक्षिक पाटीमा 'रि' र 'ऋ' को उपयुक्त प्रयोगगत त्रुटि भएका थप शब्द लेख्नुहोस् । विद्यार्थीलाई सच्याएर लेख्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीलाई अगाडि आएर शैक्षिक पाटीमै लेख्न प्रेरित गर्नुहोस् । शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) शिक्षकले 'रि' र 'ऋ' को उपयुक्त प्रयोग भएका शब्द भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र फलाटिन पाटीमा टाँसेर अनुच्छेद प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई 'रि' र 'ऋ' को उपयुक्त प्रयोग भएका शब्द छुट्टाछुट्टै टिपोट गर्न र टिपोट गरेका शब्द प्रस्तुत गर्न निर्देश गर्नुहोस् ।

(उ) शिक्षकले 'रि' र 'ऋ' को शुद्ध प्रयोग भएका र नभएका शब्द छ्यासमिस पारेर शैक्षिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई शुद्ध शब्द मात्र पहिचान गरेर टिपोट गर्न निर्देश गर्नुहोस् ।

(ऊ) शब्दपत्तीको प्रयोग गरेर 'रि' र 'ऋ' को उपयुक्त प्रयोग गरिने शब्दको अवधारणबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ सात सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउ( नलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(ए) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ गराउनुहोस् ।

(ऐ) शिक्षकले सुनाइ बोलाइ सम्बन्धी अभ्यास २ का बोध प्रश्न प्रस्तुत गर्नुहोस् । आवश्यकताअनुसार सुनाइ पाठबाट अन्य प्रश्न पनि रचना गर्नुहोस् । प्रश्नको सूची प्रस्तुत गरेपछि विद्यार्थीलाई पालै पालो उत्तर भन्न प्रेरित गर्नुहोस् र अवसर पनि दिनुहोस् । विद्यार्थीले सही उत्तर भन्न सके नसकेको पहिचान गरी सहजीकरण गर्नुहोस् । सही उत्तर भनेमा स्यावासी दिनुहोस् । अन्य विद्यार्थीलाई ताली पड्काउन लगाउनुहोस् ।

(ओ) सिर्जना र परियोजना कार्यअन्तर्गतको अभ्यास २ को निर्देशनानुसार पत्रपत्रिकाबाट कथा खोजेर ल्याउन निर्देश गर्नुहोस् । (यस क्रियाकलापलाई भोलिको कक्षाको क्रियाकलापसँग जोड्नुहोस् ।)

### ३. मूल्याङ्कन

(क) पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यासको अभ्यास ४ र ५ गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जना र परियोजना कार्य (निर्देशित कथा लेखन र कथा खोजी) | • निर्दिष्ट बुँदाका आधारमा कथा लेख्न<br>• पत्रपत्रिकाबाट कथा खोजी कक्षामा प्रस्तुत गर्न | • कथा लेखनको तरिका लेखिएको सूचीपत्र<br>• कथाका लागि बुँदा<br>• कथा लेखनको नमुना |

### (आ) सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(आ) विद्यार्थीलाई उनीहरूले रचना गरेका कुनै कथा सुनाउन लगाई सिकाइप्रति ध्यान केन्द्रित गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सिर्जना र परियोजना खण्डका आधारमा निर्देशित कथा रचना गर्ने तरिकाको सूचीपत्र प्रदर्शन गरी कथा लेख्ने तरिका सिकाउनुहोस् ।

- निर्देशित कथा रचना गर्दा दिइएका बुँदालाई ध्यानपूर्वक पढ्नुपर्ने
- सम्बन्धित विषयवस्तुमा आधारित भएर केही प्रसङ्ग थप गर्नुपर्ने

- आवश्यकताअनुसार छोटा छोटा संवाद प्रयोग गनुपर्ने
- कथामा आदि, मध्य र अन्त्यको शृङ्खला हुनुपर्ने
- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(आ) कथामा पात्र, परिवेश, घटना, कथावस्तु, उद्देश्य जस्ता तत्त्वको संयोजन हुनुपर्ने विषयमा सचेत गराउनुहोस् ।

(इ) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गरी समूहलाई सिर्जना र परियोजना खण्डको अभ्यास १ का आधारमा निर्देशित कथा रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् ।

(ई) तिनै सामग्रीका माध्यमबाट विद्यार्थीलाई अगिल्लो दिन दिइएको कथा रचनासम्बन्धी गृहकार्यलाई साफी गरी अन्तिमीकरण गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) प्रत्येक समूहबाट रचना भएका कथा कक्षामा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ऋ) सिर्जना र परियोजनाको अभ्यास २ को बारेमा शिक्षकले अगिल्लो दिन दिएको गृहकार्यका आधारमा आआफूले लेखेर ल्याएको कथा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(ए) प्रस्तुतीकरणका लागि विद्यार्थीलाई हौसला प्रदान गरी थप प्रोत्साहन गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका बुँदाका आधारमा एउटा कथा लेख्न लगाउनुहोस् :

भ्यागुताको बच्चाले हात्ती देखेको, उसले हात्ती ठुलो थियो भन्ने कुरा आमालाई भनेको, आमाले यत्रो थियो भन्दै जिउ फुलाउन थालेको, बच्चाले होइन अझै ठुलो थियो भनेको, जिउ फुलाउँदा (फुलाउँदै भ्यागुताको भुँडी फुटेको, सुरिएर आफूले गर्न नसक्ने कुरो गर्न नहुने ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ ८

# सिर्जनाका कोपिला

**विधा : निबन्ध** **कार्यघण्टा : ९**

## परिचय

'सिर्जनाका कोपिला' साहित्यकार झमक घिमिरेद्वारा लिखित आत्मपरक निबन्ध हो । विद्यार्थीलाई स्वतन्त्र लेखन अभिव्यक्ति सिपको विकास गराउनु निबन्ध विधाको मर्म हो । निबन्ध शिक्षणको प्रमुख उद्देश्य सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारओटै भाषिक सिपको विकास गर्नु हो । तसर्थ निबन्ध शिक्षणका क्रममा शिक्षक भाषिक सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ ।

यसबाट विद्यार्थीमा नयाँ शब्द तथा भाषा शैली पहिचान, संरचना पहिचान, छलफल र प्रश्नोत्तर, विषयवस्तु टिपोट र प्रस्तुति, विषयक्षेत्रमा आधारित ज्ञान र अनुभवको वर्णन, देखेका, सुनेका अनुभवका आधारमा घटना वर्णन, तथ्य विचार तथा मूल्य ग्रहण, प्रतिक्रिया जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समययबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र छलफल, संरचना पहिचान, घटनाक्रम पहिचान, पाठको विषयवस्तु बोध, सन्देश ग्रहण तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसै गरी लेखाइ सिपअन्तर्गत घटनाक्रम मिलान, प्रश्नोत्तर र विषय विस्तार, भाव विस्तार, प्रश्न निर्माण, श्रुति लेखन, बुँदा टिपोट, अनुच्छेद पूरण वा अनुच्छेद लेखन, अनुकरणात्मक लेखन सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचनालगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत लघुतावाची शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत कारक र विभक्तिको पहिचान र प्रयोगसम्बन्धी क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत क्ष र छ को पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा अपेक्षा र विश्वाससम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना/परियोजना खण्डअन्तर्गत निर्दिष्ट शीर्षकमा निबन्ध लेखनसम्बन्धी क्रियाकलाप र विचार लेखनसम्बन्धी अभ्यास गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ ८ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● पाठ बोध (पूर्व पठन)<br>● सस्वर पठन र शुद्धोच्चारण (१ देखि ३. अनुच्छेदसम्म )<br>● शब्दभण्डार (शब्दार्थ र वाक्य रचना) | ● पूर्व पठन खण्डको पाठ पढी विषयवस्तु बोध गर्न<br>● पूर्व पठन खण्डको पाठ पढी मूल पाठको विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>● निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>● नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | ● पूर्व पठन खण्डको पाठ<br>● शब्दपत्ती<br>● अर्थपत्ती<br>● वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको यकिन गर्नुहोस् ।

(आ) उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी पूर्व पठन खण्डमा भएको विष्यवस्तु (सम्भव भएसम्म प्रोजेक्टरमा प्रदर्शन गरी) पढ्न लगाई प्रत्येक समूहलाई सिर्जना, दृढ इच्छाशक्ति र सम्भावनाका विषयमा छलफल गराउनुहोस् । यस सन्दर्भमा पूर्व पठन खण्डमा भएको कवितांशको अर्थका बारेमा पनि छलफल गराउनुहोस् ।

(आ) पूर्व पठन खण्डको विषयवस्तुका आधारमा मूल पाठको विषयवस्तु अनुमान गर्न लगाउनुहोस् र अनुमान गरिएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई पूर्व पठन खण्डमा भनिए जस्तो साहित्य सिर्जना कसैले गर्नुभएको छ ? भनेर प्रश्न गर्नुहोस् र गरेको भए किन गर्नु भएको र त्यसबाट के फाइदा भएको छ भनी छलफल गराउनुहोस् । यस क्रममा हरेक विद्यार्थीलाई अनुभव बताउने अवसर प्रदान गर्नुहोस् ।

(ई) प्रत्येक विद्यार्थीको अनुभव वर्णनपश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि हौसला प्रदान गर्नुहोस् । झमक घिमिरे अपाङ्गताका बाबजुद साहित्य सिर्जनामा लागि सफलताको चुचुरो चुम्न सफल व्यक्तित्व भएको र यस पाठको पूर्व पठन खण्डले पनि त्यसै कुरालाई सङ्केत गरेको कुरा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् ।

(उ) विद्यार्थीहरूलाई पाठको पहिलोदेखि तेस्रो अनुच्छेदसम्म गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) शिक्षकले पाठको पहिलो अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

(ऋ) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् र शिक्षकले पनि वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गर्नुहोस् ।

(ए) अनुच्छेद १ देखि ३. सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै : उत्कण्ठा = /उत्.कन्.ठा/, पशुपन्छी = /प.सु.पन्.छि/, अस्थिर = /अस्.थिर्/

(ओ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| दर्द | पीडा, वेदना |
| अस्थिर | चञ्चल, स्थिर नभएको |
| बियाँ | बिउ |

(औ) शब्दार्थको अभ्यास गराइसकेपछि तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस्, जस्तै :

दर्द = मेरो खुट्टामा भएको दर्दका कारण म हिँड्न सकिनँ ।

(अं) निर्दिष्ट अनुच्छेदमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी सोही किसिमका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) साहित्यकार झमक घिमिरेको परिचयसम्बन्धी विभिन्न प्रश्न निर्माण गरी मौखिक उत्तर दिन लगाउनुहोस् ।

(ख) पाठको १ देखि ३. अनुच्छेदभित्रका कुनै अनुच्छेद निर्देश गरी विद्यार्थीलाई गति र यति मिलाई सस्वरवाचन गराउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

दर्द, उत्कण्ठा, घोत्लिएर, अङ्कुराउन, घन्टौँ

(घ) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

सिर्जना, उत्साहित, निकास

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# दोस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण (४ देखि अन्तिम अनुच्छेदसम्म)<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• मूल सन्देश (छलफल) | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठको मूल सन्देश मौखिक रूपमा व्यक्त गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• पाठका मुख्य मुख्य विषयवस्तुको टिपोटपत्र |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शारीरिक रूपमा कमजोर भएर पनि बौद्धिक रूपमा अब्बल कुनै व्यक्तिको छोटो जीवनी प्रस्तुत गरी विद्यार्थीलाई आजको कक्षाप्रति ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुमा आधारित भई छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठको चौथोदेखि अन्तिम अनुच्छेदसम्म गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले पाठको चौथो अनुच्छेद आदर्श वाचन गरेर सुनाउनुहोस् । यस क्रममा विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

(इ) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् र वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द शिक्षकले पनि सङ्कलन गर्नुहोस् ।

(ई) अनुच्छेद ४ देखि अन्तिम अनुच्छेदसम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै : अङ्कुराउन = /अङ्.कु.रा.उ.न/, पल्लव = /पल्.लब्/, उम्रिएर = /उम्.म्रि.ए.र/

यसै क्रियाकलापमा बोध र अभिव्यक्ति खण्डको अभ्यास १ लाई समेट्नुहोस् ।

(ऊ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| **विभेद** | **भेदभाव गर्ने काम** |
| **अनुभूति** | **मनले अनुभव गर्ने क्रिया** |
| **सार्थक** | **अर्थयुक्त** |

(ऋ) शब्दार्थको अभ्यास गराइसकेपछि तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस्, जस्तै :

विभेद = हामी साथी साथीबिचमा एकले अर्कोलाई विभेद गर्नु हुँदैन ।

(ए) पाठमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वा( क्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी सोही किसिमका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

(ऐ) विद्यार्थीलाई दुई समूहमा बाँडी प्रत्येक समूहलाई यस पाठका एक एकओटा अनुच्छेद भाग लगाई मौनपठन गराउनुहोस् ।

(ओ) विद्यार्थीले अनुच्छेद पढिसकेपछि ती प्रत्येक अनुच्छेदमा रहेका मुख्य मुख्य विषयवस्तु बुँदागत रूपमा पालैपालो भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र शिक्षकले तयार पारी ल्याएको पाठका मुख्य मुख्य विषयवस्तुको टिपोटपत्रसमेत प्रदर्शन गरी पाठको मूल विषयवस्तुमाथि छलफल गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठका ४ र ५ अनुच्छेदभित्रका कुनै अनुच्छेद निर्देश गरी विद्यार्थीलाई गति र यति मिलाई सस्वरवाचन गराउनुहोस् ।

(ख) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

समृद्ध, मांसपेशी, प्रतिरोधात्मक, एकाग्रता, प्रवृत्त

(ग) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

चिरस्थायी,समृद्ध, मांसपेशी, ऊर्जा, प्रतिरोधात्मक, एकाग्रता, प्रवृत्त

(घ) पाठको मुख्य विषयवस्तु लेख्न लगाई गृहकार्यका रूपमा भोलिपल्ट परीक्षण गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • लघुतावाची शब्द (जोडामिलान, वाक्य पुरण र वाक्य निर्माण)<br>• बोध प्रश्नोत्तर | • लघुतावाची शब्द पहिचान गर्न<br>• सम्बन्धित लघुतावाची र त्यसको सिङ्गो शब्दबिच जोडा मिलाउन<br>• सम्बन्धित लघुतावाची शब्द पहिचान गरी वाक्यका खाली ठाउँ पूरा गर्न<br>• निर्दिष्ट लघुतावाची शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दतालिका<br>• शब्दसूची<br>• अनुच्छेद<br>• बोध प्रश्नको सूची<br>• प्रश्नअनुकूलका उत्तरका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै चुट्किला, कथा आदि भन्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि चुट्किला, कथा आदि भन्ने अवसर दिनुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुबारे जानकारी गराई कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) कुनै पनि विषयवस्तु र त्यसको सानो रूप जनाउने शब्दको तालिका प्रदर्शन गरी आजको कक्षा सुरु गर्नुहोस् र त्यस तालिकाका माध्यमबाट विद्यार्थीमा लघुतावाची शब्दको धारणा प्रस्ट पारिदिनुहोस् जस्तै :

| शब्दको ठुलो रूप | लघुतावाची शब्द |
|---|---|
| लौरो | लौरी |
| खाट | खटिया |
| अचार | पित्को |
| दुध | सिर्को |
| तेल | तुर्को |
| पानी | थोपो |

(आ) यस्तै थप उदाहरणसहित लघुतावाची शब्दमाथि छलफल गरी कुनै पनि चिज, वस्तु वा विषयको सानो रूप जनाउने शब्द नै लघुतावाची शब्द हो भन्ने प्रसङ्ग जोडी यससम्बन्धी धारणालाई स्पष्ट पार्नुहोस् ।

(इ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई छलफल गरी आफूले सुनेका वा प्रयोग गरिरहेका लघुतावाची शब्द सङ्कलन गर्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीबाट आएका उत्तरलाई छलफल गराई ती शब्द लघुतावाची हुन् वा होइनन् यकिन गरी हुन् भने ती शब्द कुन विषय वा वस्तुको सानो बुझाउने शब्द हुन् भन्ने कुरामा पनि छलफल गराउनुहोस् ।

(ई) शिक्षकले केही ठुलो रूप जनाउने शब्दको सूची प्रदर्शन गर्नुहोस् र तिनको लघु रूप लेख्न लगाई मूल्याङ्कन गर्नुहोस्, जस्तै :

फर्सी, पटुका, जिब्रो, दाउरा, लौरो, घिउ

(उ) विद्यार्थीले तयार गरेको उत्तर हेरी शिक्षकले तयार गरेका तिनै शब्दको लघु रूप जनाउने शब्दसूची प्रदर्शन गरी छलफल गराउनुहोस्, जस्तै :

कैँडो, पटुकी, जिब्री, झिँजो/छेस्को, पित्को

(ऊ) शब्दभण्डार खण्डको अभ्यास १ मा आधारित भई लघुतावाची शब्द राखी वाक्य पुरण गर्ने अभ्यास गराउनुहोस् । यस सन्दर्भमा विद्यार्थीलाई वाक्य पुनर्लेखनसहित वाक्य पुरण गर्न निर्देश गर्नुहोस् ।

(ऋ) शब्दभण्डार खण्डको अभ्यास २ मा आधारित भई लघुतावाची शब्द र त्यसको सिङ्गो रूपबिच जोडा मिलाउन लगाउनुहोस् । यस क्रियाकलापसम्बन्धी थप छलफल र अभ्यास गराउनुहोस् ।

(ए) शब्दभण्डार खण्डको अभ्यास ३. मा आधारित भई दिइएका लघुतावाची शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस्, जस्तै :

सितो : आज मेरो मुखमा भातको सितो पनि परेको छैन ।

(यो क्रियाकलाप गर्दा सुरुमा मौखिक र पछि लिखित क्रियाकलाप गराउनुहोस् ।)

(ऐ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ३. एक पटक मौनपठन गर्न निर्देश गर्नुहोस् । यस सन्दर्भमा मौनपठनको तरिकाबारे जानकारी गराई पाठको भाव बुझ्ने गरी पढ्न लगाउनुहोस् र विद्यार्थीले ध्यानपूर्वक अध्ययन गरे नगरेको निरीक्षण गर्नुहोस् ।

(ओ) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ३. का क्रियाकलापतर्फ केन्द्रित गर्नुहोस् र बोध प्रश्नोत्तर सम्बन्धी अभ्यास गराउनुहोस् । विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् । यसका लागि नमुना उत्तर प्रदर्शन गरी सहजीकरण गर्नुहोस्,

जस्तै :

(क) म पात्र कस्तो कल्पनामा डुब्दै थिइन् ?

उत्तर : म पात्र सुनौलो आगतको कल्पनामा डुब्दै थिइन् ।

(औ) प्रत्येक प्रश्नको अभ्यास यसरी नै गराउँदै विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अं) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका शब्दमध्ये लघुतावाची शब्द पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

**केरा, धरो, कपडा, कोसो, चुस्की, पित्को अचार, सितो, गेडो, मकै, त्यान्द्रो**

(ख) विद्यार्थीलाई सिङ्गो शब्द र लघुतावाची शब्दलाई दुई अलग खण्डमा राखी ती शब्दबिच एक अर्कामा सम्बन्धित गरी जोडा मिलाउन लगाउनुहोस्, जस्तै :

| शब्दको ठुलो रूप | लघुतावाची शब्द |
|---|---|
| थुम्को | चुस्की |
| चोलो | त्यान्द्रो |
| पराल | कोदाली |
| कोदालो | थुम्की |
| चिया | चोली |

(ग) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ३. का प्रश्न सोधी मौखिक रूपमा उत्तर दिन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● मौनपठन<br>● सङ्क्षिप्त प्रश्नोत्तर<br>● लामो प्रश्नोत्तर | ● पाठ्य निबन्ध मौनपठन गर्न<br>● पाठ्य निबन्धका आधारमा सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न<br>● पाठ्य निबन्धका आधारमा सोधिएका प्रश्नको लामो उत्तर लेख्न | ● सङ्क्षिप्त प्रश्नको सूची<br>● प्रश्नोत्तरको नमुना<br>● लामो प्रश्नको सूची<br>● उत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइलो घटना वा विषयवस्तु प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई आज हामी सङ्क्षिप्त र लामो उत्तर लेख्ने क्रियाकलाप गर्ने छौँ भन्ने जानकारी गराई पाठ्य निबन्ध एक पटक मौनपठन गर्न निर्देश गर्नुहोस् । यस सन्दर्भमा मौनपठनको तरिकाबारे जानकारी गराई पाठको भाव बुझ्ने गरी पढ्न लगाउनुहोस् र विद्यार्थीले ध्यानपूर्वक अध्ययन गरे नगरेको निरीक्षण गर्नुहोस् ।

(आ) विद्यार्थीलाई समावेशी ढङ्गबाट चारओटा समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएको सङ्क्षिप्त प्रश्नका आधारमा उत्तर लेख्ने तरिका सिकाएर समूहगत रूपमा अभ्यासका सबै प्रश्नको उत्तर लेख्ने अभ्यास गराउनुहोस् । उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस्, जस्तै :

प्रश्न : किताब पढ्दा निबन्धकारको मनमा कस्ता विचार उत्पन्न हुन्थे ?

उत्तर : किताब पढ्दा निबन्धकारको मनमा आफूले पढेका कथा, कविताका पात्र जस्तै अलग पात्र खोजेर तिनका बारेमा लेख्न, जान्न चाहने विचार उत्पन्न हुन्थे ।

(इ) यसरी नै शिक्षकले निर्माण गरेका थप छोटो उत्तर लेख्ने प्रश्नहरू विद्यार्थीमाझ प्रस्तुत गर्नुहोस् । प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत

गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सुनाउन लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई दुई समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का प्रश्नलाई एक एकओटा समूहमा बाँड्नुहोस् र विद्यार्थीलाई पाठ पढी ती प्रश्नको उत्तर समेट्ने खालका बुँदा तयार गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहयोग र निर्देशन प्रदान गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । तिनै बुँदालाई समेटेर मौखिक रूपमा लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् । विद्यार्थीलाई मौखिक रूपमा उत्तर भन्न लगाउनुहोस् ।

(ऊ) प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । यसै नमुनालाई आधार मानी दुवै प्रश्नको उत्तर अगि विद्यार्थीले टिपोट गरेका बुँदाका आधारमा लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् र सबै विद्यार्थीमाझ आवश्यक छलफल गराई पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिन लगाउनुहोस् :

(अ) निबन्धकारको मन किन फुरुङ्ग भएको थियो ?

(आ) झमक घिमिरेलाई भेट्न आउने मानिसहरू किन छक्क परेर फर्किन्थे ?

(ख) सिर्जनाका कोपिला निबन्धबाट प्राप्त प्रेरणा उल्लेख गर्न लगाउनुहोस् । (यसको मूल्याङ्कन गृहकार्यका रूपमा भोलिपल्ट गर्नुहोस् ।)

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • झमक घिमिरेको सङ्क्षिप्त परिचय<br>• भावविस्तार | • झमक घिमिरेको परिचयमाथि सङ्क्षेपमा छलफल गर्न<br>• पाठमा प्रयुक्त सन्देशमूलक महत्त्वपूर्ण भनाइ वा वाक्य पहिचान गर्न<br>• पाठका आधारमा निर्देशित पङ्क्तिको भावविस्तार गर्न | • झमक घिमिरेको परिचयजन्य सूची<br>• भावविस्तारका लागि निर्देशित वाक्य वा भनाइको सूची<br>• भावविस्तारको संरचना जनाउने तालिका<br>• भावविस्तारको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै प्रेरक व्यक्तिको प्रेरणादायक भनाइ सुनाएर त्यस भनाइले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा केन्द्रित भई साहित्यकार झमक घिमिरेको सामान्य परिचयतर्फ विषयवस्तुलाई केन्द्रित गर्दै उनको नाम, जन्ममिति, जन्मस्थान, आमाबुबा, शिक्षा, साहित्यिक योगदान र पुरस्कारका विषयमा विद्यार्थीले सुनेजानेकै आधारमा छलफल गराउनुहोस् । यस क्रममा शिक्षकले तयार पारी ल्याएको परिचय तालिका उपयोग गर्नुहोस् ।

नाम : झमक घिमिरे

जन्ममिति : २०३७ असार २१

जन्मस्थान : धनकुटा

आमाबुबा : कृष्णबहादुर घिमिरे, आशादेवी घिमिरे

बाल्यकाल : झमकको बाल्यकाल अत्यन्तै कष्टकर थियो । लुला हातगोडा र विकलाङ्ग शरीर लिएर 'कति छाक भोकभोकै बस्ने परिवार' मा जन्मेकी झमकलाई जन्मनेबित्तिकै

आफन्तले 'मुर्कुट्टा' भने । दसैँमा टीका लगाएर आशीर्वाद दिँदा पनि उनलाई 'चाँडै मरेस्' भने । उनले कुनै पाठशाला र गुरुबाट सिक्न पाइनन् । सिक्न खोज्दा 'तैले सिकेर के गर्छेस् ?' भने । गोडाको बुढी औँलाले छर्छरी रगत निकाल्दै भुइँमा कपुरी क लेख्दा भुइँ भत्काई भनेर गाली गरे । गोलले लेख्दा 'रिन लाग्छ' भनेर गाली खाइन् । अरू बालकहरू पढेनन् भने कुटाई खान्छन् । उनी पढी भनेर कुटाई खान्थिन् । कापीकलम माग्दा कुटाई खाइन् । उनको 'कैलेकाहीँ ओठमा उम्रिएको हाँसो पनि 'धेरै नहाँस्' भन्ने आदेशमा बिलाउँथ्यो । जोखाना हेर्नेले सन्तान पिर्छे भने । मान्छेले उनलाई अलच्छिनी भनेर बाटो छले । पाँच वर्षको हुँदा भात खुवाइदिने हजुरआमा मरेपछि गोडाका औ ँलाले मुछेर भात खान थालिन् । आफैँले दिसा पुछ्ने प्रयत्नमा दिसामा लटपटिन्थिन् । भोकै, प्यासै, नाङ्गै, अधिकांश एकाकीपनमा हुर्किसकेपछि नौ (ऊ) दस वर्षको हुँदा घर बनाउन आएका सिकर्मी, डकर्मीले फाटेका लुगाबाट देखिने गुप्ताङ्गमा ताकेर ढुङ्गाका मसिना गिर्खाले हानिमागेर र कुरी कुरी भनेर गरेको यौन शोषण सहने जस्ता अनेक आपत्विपत सहँदै उनी हुर्किन् ।

**शिक्षा : स्वाध्याय**

साहित्यिक योगदान : कविताहरू (सङ्कल्प, आफ्नै चिता अग्नि शिखातिर, मान्छे भित्रका योद्धाहरू, झमक घिमिरेका कविताहरू), क्वाँटी सङ्ग्रह, अवसानपछिको आगमन (लघु कथा, कविता, दैनिक डायरी, गीत, निबन्ध आदि ।), जीवन काँडा कि फूल (आत्मकथा)

सम्मान तथा पुरस्कार : कविता राम बाल साहित्य प्रतिभा पुरस्कार २०५५, अस्वीकृत विचार साहित्य पुरस्कार २०५६, मदन पुरस्कार २०६७, लैनसिंह वाङ्देल पुरस्कार २०७२ ।

(आ) पाठमा प्रयुक्त सन्देशमूलक महत्त्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्न सिकाउनुहोस् । यस क्रममा यस्ता भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुराको जानकारी गराउँदै टिपोट गराउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग पनि गर्नुहोस् ।

(इ) विद्यार्थीले टिपोट गरेका वाक्यलाई मध्यनजर गर्दै शिक्षकले पाठमा प्रयुक्त महत्त्वपूर्ण भनाइलाई टिपोट गरिएका वाक्य वा भनाइको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) बिस्तारै बिस्तारै सिर्जनाका बियाँ उम्रिन थालेका थिए ।

(ख) अँ, उहाँले खुसी भएर राम्रो छ अझै राम्रो लेख भनिदिएपछि मेरो मन साह्रै फुरुङ्ङ भएको थियो ।

(ग) लेख्ने चाहना पनि साँच्चै उत्कण्ठासम्म पुगिसकेका रहेछन् क्यारे !

(ई) माथिका मध्ये कुनै एक भनाइको भावार्थ खुल्ने बुँदा प्रस्तुत गर्नुहोस्, जस्तै :

**माथिका वाक्यमध्ये पहिलो वाक्यको भावार्थ बुँदा**

- 'सिर्जनाका कोपिला' निबन्धकी निबन्धकार झमक घिमिरे २०३.७ सालमा जन्मेकी
- 'सिर्जनाका कोपिला' निबन्धकारको आफ्नै जीवन कहानीमा आधारित निबन्ध
- जन्मँदै अपाङ्ग भएर जन्मेकी हुनाले बाल्यकाल अत्यन्तै कष्टकर रहेको
- विस्तारै स्वाध्यायमार्फत साहित्यिक कृति लेखनतर्फ लागेकी
- लेखनले घिमिरेको जीवनमा नयाँ पालुवा दिएको
- उनका सिर्जनाले बिस्तारै मलजल पाउन थालेका
- विभिन्न साहित्यकार र शुभचिन्तकले भेटेर हौसला प्रदान गरेका
- उनका सिर्जना बिस्तारै बिउका रूपमा उम्रिन थालेका
- ती साहित्यिक बिरुवाले राम्रो गोडमेल पाएका
- कविता, लघुकथा, डायरी, निबन्ध, आत्मकथालगायतका साहित्यिक कृति लेखन

(उ) विद्यार्थीलाई माथि टिपोट गरिएको (क) न. निबन्धांश पाठमा हेर्न लगाई पाठको सन्दर्भसँग मिल्ने गरी उपर्युक्त बुँदा समेटी भावविस्तार गर्न सिकाउनुहोस् । यसका लागि शिक्षकले तयार गरेको भावविस्तारको संरचना जनाउने तालिका वा बुँदाको सूचीसमेत प्रयोग गर्नुहोस् ।

(ऊ) भावविस्तारको प्रक्रिया सिकाउँदा वाक्यमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई जोड्दै मौखिक रूपमा भावविस्तार गर्ने अभ्यास गराउनुहोस् ।

(ऋ) माथिका भावार्थका बुँदा र भावविस्तारको प्रक्रियालाई अन्तर्सम्बन्धित गर्दै भावविस्तार लेखनको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**नमुना भावविस्तार**

**"बिस्तारै बिस्तारै सिर्जनाका बियाँ उम्रिन थालेका थिए ।"**

'सिर्जनाका कोपिला' निबन्धको प्रस्तुत अंशमा सिर्जना जन्मन समयको लामो अवधि लाग्ने कुरा व्यक्त भएको छ । निबन्धकारको आफ्नै जीवन कहानीमा आधारित निबन्धको यस अंशमा झमक घिमिरे समयको लामो सङ्घर्षपश्चात् सिर्जनामा लागेको कुरा उठान भएको छ । झमक घिमिरे जन्मँदै शारीरिक अपाङ्ग थिइन् । अपाङ्गताकै कारण यिनको बाल्यकाल अत्यन्तै कष्टकर रह्यो । यिनले औपचारिक रूपमा विद्यालयमा भर्ना भएर पढ्न त पाइनन् तापनि आफ्नै सत्प्रयासमा स्वाध्यायमार्फत पढ्न लेख्न सक्ने भएपछि यिनी साहित्यिक कृतिहरू अध्ययन गर्थिन् । तिनै कृतिको अध्ययनले यिनको ध्यानलाई लेखनतर्फ मोडिदियो । लेख्ने अभ्यास बढ्दै गएपछि

यिनको जीवनमा नयाँपन आउन थाल्यो । सिर्जना पनि बिस्तारै राम्रा र पढ्न लायक हुन थाले । यिनका सिर्जना पढेपछि हिजो उनलाई छि छि र दुर्दुर गर्ने व्यक्ति पनि यिनका शुभचिन्तक हुन थाले । बिस्तारै नाम कहलिएका साहित्यकारहरू पनि यिनलाई भेटेर हौसला दिन घरमै जान थाले । चर्चित साहित्यकारहरूले समेत यसरी आफूलाई घरमै आएर भेट्न थालेपछि यिनको लेखनगति अझै बढ्न थाल्यो । यिनले पहिलेदेखि लेख्दै फाल्दै गरेका कृतिहरू अभ्यासकै कारण अब सुन्दर र सबैको मनलाई लोभ्याउने हुन थालिसकेका थिए । तिनै सिर्जना अब राम्रो प्रेरणारूपी मलजल र उचित स्थान पाएपछि माटोमा अन्नको बिरुवा उम्रिए जस्तै गरी उम्रिन थाले । पाठकले यिनका सिर्जनालाई अत्यन्तै मन पराउन थाले । जसरी हामी बालीबिरुवाको गोडमेल गर्छौं त्यसरी नै पाठकले यिनका कृति केलाई केलाई पढ्न थाले । यिनका बिउका रूपमा उम्रिन थालेका कविता, लघुकथा, डायरी, निबन्ध, आत्मकथालगायतका साहित्यिक कृतिको रूपमा विश्वमा चर्चित हुन पुगे ।

सिर्जना तुरुन्तै प्राप्त हुने विषय होइन । यसका लागि कठोर त्याग, तपस्या र समर्पण चाहिन्छ । लामो समयसम्म निरन्तर कुनै काममा लागिरहने हो भने त्यसले पक्कै पनि सफलताको चुचुरो चुम्न सकिन्छ र केही नयाँ उपलब्धि पनि हात पार्न सकिन्छ भन्ने कुरा निबन्धको यस अंशले व्यक्त गरेको छ ।

(ए) विद्यार्थीले अगिल्लो क्रियाकलापमा निबन्धबाट खोजेका महत्त्वपूर्ण अंशको भाव व्यक्त गर्ने बुँदा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी भावार्थ लेख्न लगाउनुहोस् । विद्यार्थीले भावार्थ लेख्दै गर्दा त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) पाठ्य निबन्धको कुनै गहन भनाइसम्बद्ध भावार्थको बुँदा प्रदर्शन गरी सम्बन्धित भनाइ वा वाक्य पहिचान गर्न लगाउनुहोस् र यस्तै किसिमका थप अभ्यास गराई भावविस्तार लेखनसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

### ३. मूल्याङ्कन

(अ) पाठबाट कुनै दुईओटा महत्त्वपूर्ण भनाइ टिपोट गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ मा दिइएका वाक्यको भावविस्तार गर्न लगाउनुहोस् । (यसको मूल्याङ्कन गृहकार्यका रूपमा भोलिपल्ट गर्नुहोस् ।)

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • तार्किक उत्तर<br>• बुँदाटिपोट र सारांश लेखन | • पाठमा आधारित निर्देशित विचारसँग आफ्नो धारणा राखी तर्क व्यक्त गर्न<br>• निर्धारित अनुच्छेदबाट मुख्य मुख्य बुँदा टिपोट गरी सारांश लेख्न | • तार्किक उत्तरको नमुना<br>• बुँदा टिपोटका लागि अनुच्छेद<br>• बुँदा टिपोटको नमुना<br>• सारांश लेखनको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले आफूलाई दृष्टिगत गर्दै "म यस कक्षामा किन आएको हुँ ?" भन्ने प्रश्न राख्नुहोस् र विद्यार्थीलाई आफ्नो तर्कपूर्ण भनाइ राख्न लगाउँदै कक्षाप्रति ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई कुनै पनि विषयवस्तुमा आफ्नो धारणा पेस गर्दा तार्किक रूपमा पेस गर्नुपर्ने कुरा कुनै उदाहरणबाट स्पष्ट पार्नुहोस् ।

(आ) यस सन्दर्भमा विद्यार्थीलाई आफ्नो सुझाव व्यक्त गर्दा आफूलाई लागेको विचारलाई तर्कपूर्ण ढङ्गले पुष्टि गर्नुपर्ने विषयमा आफूले तयार पारेको कुनै प्रश्न र त्यसको उत्तर को नमुना प्रदर्शन गरी जानकारी गराउनुहोस् । अगि कक्षामा प्रवेश गर्दैगर्दा आफूले कुनै प्रश्न राख्दै पसेको कुरा पनि सन्दर्भअनुकूल जोड्नुहोस् ।

(इ) विद्यार्थीलाई मौखिक रूपमै सुरुकै प्रश्न "म यस कक्षामा किन आएको हुँ ?" भन्ने विषयमा पालैपालो तर्कसहितको सुझाव दिन अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीले मौखिक रूपमा व्यक्त गरेका विचारलाई लेख्य रूपमा उतार्न लगाउनुहोस् र उनीहरूको उत्तर परीक्षण गरी आवश्यक सुझाव दिनुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ मा प्रस्तुत विषयमा आधारित भएर तर्क लेख्न लगाउनुहोस् र विद्यार्थीको उत्तर हेरी आवश्यक सहयोग गर्नुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा आधारित भएर पाठको दोस्रो अनुच्छेद मौनपठन गराई चारओटा बुँदा टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीमाझ शिक्षकले तयार गरेको एउटा अनुच्छेद प्रदर्शन गर्नुहोस् ।

(ऋ) प्रदर्शन गरिएको अनुच्छेद मौनपठन गरी त्यस अनुच्छेदका मुख्य मुख्य विषयवस्तुलाई समेटी चारओटा बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्षबारे जानकारी गराउनुहोस् ।

**बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्ष**

- दिइएको पाठ/अनुच्छेद स्पष्ट हुने गरी पढ्ने
- महत्त्वपूर्ण शब्द/शब्दावलीलाई रेखाङ्कन गर्ने
- शब्द नदोहोऱ्याउने, मुख्य मुख्य बुँदा टिप्ने
- टिपिएका बुँदालाई संशोधन र परिमार्जन गर्ने
- निर्देशित सङ्ख्यामा बुँदालाई अन्तिम रूप दिने
- अपूर्ण वाक्यको प्रयोग गर्ने तथा असमापिका क्रियापदको प्रयोग गर्ने
- आवश्यकता हेरी शीर्षक दिने

(ए) उपर्युक्त निर्देशनका आधारमा विद्यार्थीलाई एकपछि अर्को चरणमा क्रमशः गई कार्य गर्न प्रेरित गर्नुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । विद्यार्थीबाट बुँदा टिपोटको कार्य सकिएपछि शिक्षकले तयार पारी ल्याएको नमुना बुँदा टिपोटलाई प्रदर्शन गर्नुहोस् ।

(ऐ) विद्यार्थीका बुँदालाई समेत यस तालिकासँग तुलना गरी विद्यार्थीका राम्रा कार्यप्रति उत्प्रेरित गर्दै सुधार गर्नुपर्ने स्थानमा आवश्यक सुधार गर्न प्रेरित गरी बुँदा टिपोट गर्ने तरिकाको स्पष्ट धारणा दिनुहोस् ।

(ओ) तयारी बुँदालाई जोडेर मूल अनुच्छेदको एक तृतीयांशमा सारांश लेख्न प्रेरित गरी शिक्षकले मौखिक रूपमै सारांश भनी त्यसै अनुरूप लिपिबद्ध गर्न लगाउनुहोस् । विद्यार्थीका कार्य हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(औ) विद्यार्थीले तयार गरेको सारांशलाई नमुनाका रूपमा केही विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(अं) शिक्षकले तयार गरी ल्याएको नमुना सारांश प्रस्तुत गर्दै विद्यार्थीका सारांश तुलना गर्न लगाई आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थी विद्यालय आउनुको कारण सोधी त्यसको तार्किक उत्तर दिन लगाउनुहोस् ।

(ख) पाठको तेस्रो अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुच्छेद लेखन<br>• भाषिक प्रकार्य (अपेक्षा र विश्वास) | • निर्दिष्ट शीर्षकमा अनुच्छेद रचना गर्न<br>• अभिभावक र शिक्षकको अपेक्षा र विश्वास पूरा गर्ने प्रतिबद्धता उदाहरणसहित बताउन | • अनुच्छेद लेखनको प्रक्रिया उल्लेख गरिएको सूचीपत्र<br>• अनुच्छेद लेखनको नमुना<br>• प्रतिबद्धता र विश्वाससँग सम्बन्धित अनुच्छेद<br>• श्रव्य तथा श्रव्यदृश्य सामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले विद्यार्थीलाई आज आफू (शिक्ष(क) बाट के सिक्ने अपेक्षा वा विश्वास लिएका छौ ? भन्ने जिज्ञासा राखी यस विषयमा केही क्षण मस्तिष्क मन्थन गराउनुहोस् र यस विषयलाई आजको सिकाइले पुष्टि गर्ने जानकारी गराई सिकाइमा ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई अनुच्छेद लेखनको अवधारणा र अनुच्छेद लेख्ने तरिका (शीर्षक, विषयवस्तुको उठान, विषयवस्तुको पुष्टि, गहनता, अक्षर लेखाइ, शब्द बनोट, डिको दिने, शब्द शब्दबिचको अन्तर, वर्णविन्यास, लेख्यचिह्न, वाक्यगठन, समापन वाक्य आदि) सम्बन्धी धारणा अनुच्छेद लेखनको प्रक्रिया उल्लेख गरिएको सूचीपत्रका माध्यमबाट स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीमाझ कुनै एउटा शीर्षकमा लेखिएको नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका शीर्षक, विषयवस्तुको उठान, विषयवस्तुको पुष्टि, गहनता, अक्षर लेखाइ, शब्द बनोट, डिको दिने, शब्द शब्दबिचको अन्तर, वर्णविन्यास, लेख्यचिह्न, वाक्यगठन, समापन वाक्य आदि विषयमा छलफल गराउनुहोस् ।

(इ) विद्यार्थीलाई माथिका तरिका र नमुनाका आधारमा अभ्यास १० मा दिइएको शीर्षकमा आधारित भई अनुच्छेद लेखन अभ्यास गराउनुहोस् ।

(ई) तोकिएको कार्य सकिएपछि साथी साथीबिचमा कापी साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् र शिक्षकले त्यसको लागि आवश्यक सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् र शिक्षकले तयार गरेका अन्य शीर्षकमा अनुच्छेद लेखन अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीसँग अपेक्षा र विश्वाससम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । अपेक्षा वा विश्वास भनेको कुनै पनि व्यक्तिले अर्को व्यक्ति वा आफन्तबाट आशा गरेको व्यवहार वा व्यवहारजन्य क्रियाकलाप हो । यो मानवीय क्रियाकलाप, मेहनत, लगनशीलता, इमानदारी र बुद्धिमत्तापूर्ण कार्यसँग प्रत्यक्ष जोडिएको हुन्छ त्यसैले कुनै पनि व्यक्तिको अपेक्षा वा विश्वासलाई पूरा गर्न हरेक व्यक्तिले असल व्यवहार, मेहनत, लगनशीलता, इमानदारी र बुद्धिमत्तापूर्ण कार्य गर्नुपर्छ भन्ने कुरा सिकाउनुहोस् । अपेक्षा वा विश्वासजन्य भाषिक व्यवहारलाई व्यक्त गर्दा चतुर तथा नम्र बोली, निडरपना, स्पष्ट विचार राख्न सक्ने, उचित शब्द चयन, खुलापन, उत्सुकता, प्रेरणात्मक भनाइ जस्ता व्यवहारमा सचेत हुन सिकाउनुहोस् र अगि कक्षाको सुरुआतमै आफूले विद्यार्थीलाई आज आफू (शिक्ष(क) बाट के सिक्ने अपेक्षा वा विश्वास लिएका छौ? भन्ने जिज्ञासा राखेको कुरा स्पष्ट पार्दै अर्को कुनै छोटो उदाहरण सुनाउनुहोस्, जस्तै :

### अपेक्षा र विश्वास

छोरी : बुबा म नेपाल टेलिभिजनद्वारा आयोजित राष्ट्रिय गीत सङ्गीत प्रतियोगितामा भाग लिन जान्छु नि हुन्छ ?

बुबा : आहा ! साह्रै राम्रो कुरा गऱ्यो छोरी अनि उक्त प्रतियोगितामा भाग लिन के के गर्नुपर्छ ।

छोरी : त्यो त थाहा छ नि बुबा ! इमेलबाट नै नाम टिपाउन मिलिहाल्छ । त्यो त म आफैँ गरिहाल्छु ।

बुबा : ए........... त्यो त बुझेँ । राष्ट्रिय स्तरको गीत सङ्गीत प्रतियोगिता सहभागी हुन साधना त धेरै गर्नुपर्छ ।

छोरी : बुबा ! म विगत चार वर्षदेखि विद्यालयमा सङ्गीत सिकिरहेकी छु । घरमा पनि प्रत्येक दिन बिहान सङ्गीतको अभ्यास गर्छु ।

बुबा : छोरी ! तिम्रो भविष्यको लक्ष्यचाहिँ के हो नि ? यस विषयमा पनि ध्यानपूर्वक सोच्नुपर्छ है ।

छोरी : बुबा ! मैले भविष्यमा गीत सङ्गीतमा लागेर नाम कमाउने अपेक्षा गरेकी छु । मलाई विद्यालयबाट पनि हौसला प्राप्त भएको छ ।

बुबा : पक्कै पनि तिम्रो अपेक्षा पूरा हुने छ छोरी । तिम्रो साधना र तिम्रो विश्वासले

|  |  |
|---|---|
|  | तिमीलाई सफल बनाउने छ । |
| छोरी : | हजुरहरूले मलाई राम्रो विद्यालयमा भर्ना गरिदिनुभएको छ । परिवार र विद्यालय दुवैतिरबाट सहयोग पाएकी छु । |
| बुबा : | हुन्छ छोरी । तिमीले राष्ट्रिय गीत सङ्गीत प्रतियोगिताका लागि आवश्यक तयारी पूरा गर , बाँकी सरसहयोग र व्यवस्थापनको चिन्तै लिनु पर्दैन । |
| छोरी : | हवस् बुबा । म बेलुकी राष्ट्रिय गीत सङ्गित प्रतियोगितामा सहभागी हुनका लागि फारम भर्छु र इमेल गर्छु । |

(ऊ) शिक्षकले तयार पारी ल्याएको श्रव्य तथा श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि पालैपालो कसैको अपेक्षा वा विश्वास पूरा गरेको अनुभव मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी उत्प्रेरणात्मक बोली, हौसला, निडरपना, स्पष्ट विचार राख्न सक्ने, उचित शब्द चयन, खुलापन जस्ता व्यवहारमा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ऋ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

(ए) अनुच्छेद पठनपश्चात् तोकिएको निर्देशनका आधारमा अग्रिमले आफ्ना अभिभावकको अपेक्षा कसरी पूरा गऱ्यो भन्ने विषयमा पालैपालो भन्न लगाउनुहोस् ।

(ऐ) अनुच्छेदमा अग्रिमले अभिभावकको अपेक्षा पूरा गरे जस्तै गरी विद्यार्थीलाई आफूले अभिभावकको अपेक्षा कसरी पूरा गर्न सक्नुहुन्छ ? भन्ने विषयमा पालैपालो भन्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीको तह मिल्दो कुनै शीर्षक दिई अनुच्छेद लेखन गराउनुहोस् ।

(ख) अभिभावकको अपेक्षा पूरा गर्ने भाव व्यक्त गरी आफ्नो विचार प्रस्तुत गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना ( कारक र विभक्ति)<br>• वर्णविन्यास (क्ष र छ को प्रयोग)<br>• सिर्जना र परियोजना कार्य (विचार वर्णन) | • कारक र विभक्ति पहिचान गर्न र तिनको नाम लेख्न<br>• निर्दिष्ट विभक्ति चिह्न प्रयोग गरी वाक्य निर्माण गर्न<br>• विभिन्न कारक र विभक्ति प्रयोग भएका वाक्य पहिचान गर्न<br>• क्ष र छ वर्ण प्रयोग भएका शब्द पहिचान गर्न<br>• क्ष र छ वर्ण प्रयोग भएका शब्दको शुद्ध रूप पहिचान गर्न<br>• पाठबाट क्ष र छ वर्ण प्रयोग भएका शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्न<br>• शारीरिक रूपमा कमजोर व्यक्तिलाई देख्दा उत्पन्न विचार वर्णन गर्न | • कारक र विभक्ति सङ्केत भएको तालिका<br>• क्ष र छ को प्रयोग भएका शब्दसूची तथा वाक्यसूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रोचक क्रियाकलापबाट आजको कक्षाको सुरुआत गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे सामान्य छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सात समूहमा विभाजन गरी प्रत्येक समूहलाई क्रमशः कर्ता/प्रथमा, कर्म/द्वितीया, करण/तृतीया, सम्प्रदान/चतुर्थी, अपादान/पञ्चमी, षष्ठी र अधिकरण/सप्तमी भनी नामकरण गर्नुहोस्

(आ) शिक्षकले तयार गरी ल्याएको कारक र विभक्तिको तालिका प्रस्तुत गरी त्यसलाई ध्यानपूर्वक पढ्न लगाउनुहोस् ।

(इ) निर्माण गरिएका सातआटै समूहसँग त्यस तालिकाका सातओटै कारक र विभक्तिलाई सामान्यीकरण गर्नुहोस् र प्रत्येक कारक र विभक्तिले गर्ने कामलाई ती समूहसँग सामान्यीकरण गरी अब प्रत्येक समूहको काम बताउनुहोस्, जस्तै :

| | |
|---|---|
| **समूह १** | **काम गर्ने कर्ता (ले, बाट)** |
| **समूह २** | **कामको असर भोग्ने कर्म (लाई) आदि ।** |

(ई) प्रत्येक समूहलाई आफ्नो समूहमा परेका विभक्ति प्रयोग गरी एक एक शब्द भन्न निर्देश गर्नुहोस् । विद्यार्थीले भनेका शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देश गर्नुहोस् । ती वाक्य भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् साथै शिक्षकले तयार गरी ल्याएको कारक र विभक्तियुक्त तालिका प्रदर्शन गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार गरेका वाक्य कारक र विभक्तिअनुकूल भए नभएको तुलनात्मक अध्ययन गर्न लगाई आवश्यक संशोधन गर्नुहोस् र कारक र विभक्तिको काम र अर्थ स्पष्ट पारिदिनुहोस् । यस क्रममा कर्ता र कर्म कारकमा विभक्ति नहुन पनि सक्ने र षष्ठी विभक्तिको कारक नहुने विषय पनि स्पष्ट पार्नुहोस् ।

(ऊ) भाषिक संरचना खण्डको अभ्यास २ मा आधारित भई वाक्यमा प्रयुक्त कारक र विभक्ति पहिचान गराउनुहोस् ।

(ऋ) भाषिक संरचना खण्डको अभ्यास ३. मा आधारित भई निर्दिष्ट शब्दको कारक र विभक्तिको नाम लेख्न लगाउनुहोस् ।

(ए) भाषिक संरचना खण्डको अभ्यास ४ मा आधारित भई निर्दिष्ट विभक्ति चिह्नलाई वाक्यमा प्रयोग गरी एउटा अनुच्छेद लेख्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई पुनः दुई समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई पाठबाट क्ष वर्ण प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् र अर्को समूहलाई छ वर्ण प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) दुई समूहले टिपोट टिपोट गरेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा अलग अलग तालिकामा टिपोट गर्नुहोस् । तिनै शब्दका माध्यमबाट क्ष र छ सम्बन्धी धारणा स्पष्ट पारिदिनुहोस् र थप जानकारीका लागि शिक्षकले तयार पारी ल्याएको क्ष र छ को प्रयोग भएका शब्दसूची तथा वाक्यसूची प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(औ) विद्यार्थीलाई दुई समूहमा विभाजन गरी वर्णविन्यास खण्डको अभ्यास ६ र ७ को निर्देशनअनुसार प्रत्येक समूहलाई क्ष र छ वर्ण प्रयोग भएका शब्द खोजी वाक्यमा प्रयोग गर्न लगाई प्रस्तुतीकरण गराउनुहोस् र आवश्यक छलफल गराउनुहोस् ।

(अं) सिर्जना र परियोजना कार्यअन्तर्गतको अभ्यास २ मा आधारित भई विद्यार्थीलाई उनीहरूले

शारीरिक रूपमा कमजोर व्यक्तिलाई देख्दा मनमा उत्पन्न विचार लेखी ल्याउन निर्देश गर्नुहोस् । (यस क्रियाकलापलाई गृहकार्यको रूपमा प्रयोग गर्नुहोस् )

## ३. मूल्याङ्कन

(क) तलका विभक्ति प्रयोग गरी अलग अलग वाक्य निर्माण गर्न लगाउनुहोस् :

ले, बाट, द्वारा, लाई, लागि, निम्ति, बाट, देखि, को, री, ना, मा

(ख) तलका वाक्यमा प्रयुक्त कारक विभक्ति पहिचान गरी तिनको नाम लेख्न लगाउनुहोस् :

- मैले कलमले कविता लेखेँ ।
- तिमी बसबाट काठमाडौँ गयौ ।
- रुखबाट आँप खस्यो ।

(ग) पाठबाट क्ष र छ प्रयोग भएका पाँच पाँचओटा शब्द टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# नवौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ ८)<br>• सिर्जना र परियोजना कार्य | • सुनाइ पाठ ८ का आधारमा ठिक वा बेठिक वाक्य पहिचान गर्न<br>• सुनाइ पाठ ८ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट शीर्षकमा निर्देशित निबन्ध लेख्न<br>• आफ्नो समाजमा भएका शारीरिक रूपमा कमजोर तर मानसिक रूपमा सशक्त मानिसलाई देखेर मनमा उत्पन्न भएका विचार लेख्न | • सुनाइ पाठ ८ को श्रव्य सामग्री<br>• निबन्धको संरचना देखाउने सूची<br>• निबन्धको नमुना<br>• मनमा उत्पन्न विचार लेखिएको सूचीपत्र |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइला घटना वा कुनै विषयलाई निबन्धात्मक रूपमा छोटो वर्णन गर्दै आजको कक्षा यस्तै वर्णनात्मक निबन्ध लेखनमा केन्द्रित हुने जानकारी गराउँदै कक्षा सुरु गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठका दुवै अभ्यास एक पटक राम्ररी पढ्न लगाउनुहोस् र यी अभ्यासको उत्तर सुनाइ पाठ सुनेका आधारमा मौखिक रूपमा दिनुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(इ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ ८ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी सुनाइ पाठ कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(ई) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित ठिक बेठिक भन्न लगाउनुहोस्, जस्तै :

(क) हाम्रो देशको उत्तरपट्टि धेरै हिमाल श्रृङ्खलाबद्ध रूपमा रहेका छन् । (ठिक)

(ऊ) विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

(ए) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस्, जस्तै :

(क) घामको झुल्कोसँगै यस धरतीमा छरिने कुरा के हो ?

उत्तर : घामको झुल्कोसँगै यस धरतीमा छरिने हिमाली सौन्दर्य हो ।

(ऐ) विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ओ) शिक्षकले तयार पारेको लिखित निबन्धको नमुना प्रदर्शन गरी त्यस निबन्धमा रहेका परिचय, विषयवस्तुको मूल खण्ड, विषयवस्तुको गहनता, तार्किकता, तथ्य, भावना, विचार, भाषाशैलीका बारेमा छलफल गराउनुहोस् ।

(औ) निबन्धको संरचना जनाउने तालिका प्रदर्शन गरी निबन्धमा हुनुपर्ने पक्षहरू (आदि, मध्य

र अन्तिम) को जानकारीसहित निबन्धको सङ्गठन वा संरचनाबारे छलफल गराउनुहोस्, जस्तै :

१. **निबन्धको आदि भाग : पहिलो अनुच्छेद**

यो निबन्धको सूरुको भाग हो । निबन्धको शीर्षक लेखेर त्यसभन्दा तल एक हरफ जति ठाउँ खाली छोडेर पहिलो अनुच्छेद सुरु गरिन्छ । यसमा शीर्षकको शाब्दिक रूपमा परिचय, पृष्ठभूमि र विस्तार लगायत कुरा लेखिन्छन् । निबन्धको आदि भाग स्वरूप आउने पहिलो अनुच्छेद चित्ताकर्षक, पाठकलाई सहजै तानेर पाठमा खुसीसाथ प्रवेश गराउन सक्ने सामर्थ्यको हुनुपर्छ । यसले पाठकको मनलाई आन्दोलित गराउन र कुतूहलताको सिजना गर्न सक्नुपर्छ । आलङ्कारिक र प्रश्नात्मक कथनका रूपमा पनि निबन्धको थालनी प्रभावकारी बन्न सक्छ । निबन्धको प्रस्तुति आकर्षक ढङ्गले गर्नुपर्ने हुन्छ ।

२. **निबन्धको मध्य भाग : बिचका अनुच्छेद**

मध्य भाग निबन्धको मुख्य भाग हो । यस भागमा एक वा एकभन्दा बढी अनुच्छेद आउन सक्छन् । यस भागमा विषयसँग सम्बद्ध सूचना र तथ्य तथा तिनीप्रतिको धारणा सविस्तार प्रस्तुत गरिन्छ । सम्बन्धित विषयका गुण, दोष, शक्ति, सीमा एवम् तिनीहरूप्रतिको सहमति असहमति आदिलाई यस खण्डमा समावेश गरिन्छ । बिचको प्रत्येक अनुच्छेदमा एउटा शीर्ष वाक्य आउनु राम्रो मानिन्छ । प्रत्येक अनुच्छेदमा त्यस्तो शीर्ष वाक्यलाई समर्थन गर्ने कम्तीमा तीन चारओटा बुँदा समावेश गर्नुपर्ने हुन्छ । प्रत्येक सहयोगी बुँदाहरूले शीर्ष वाक्यलाई र प्रत्येक शीर्ष वाक्यहरूले पहिलो अनुच्छेदको सिद्धान्त कथनलाई टेवा पुऱ्याइरहेको हुनुपर्दछ । बिचका अनुच्छेदमा यीबाहेक एउटा सारांश वाक्य पनि आउन सक्छ । तर यसलाई अनिवार्य चाहिँ मानिँदैन ।

३. **निबन्धको अन्तिम भाग : निष्कर्ष अनुच्छेद**

यो निबन्धको अन्तिम भाग हो । निबन्धको अन्तिम अनुच्छेदलाई निष्कर्ष अनुच्छेद बनाउनुपर्छ । यसमा मध्य भागमा आएका प्रत्येक अनुच्छेदको सार खिचिएको हुनुपर्छ । निष्कर्ष अनुच्छेद धेरै लामो हुनु हुँदैन र यसमा केही नयाँ कुरा थप्नु पनि परिहार्य हुन्छ । निष्कर्ष लेख्ता सामान्यतया: सार कथनको प्रयोग गरिन्छ । निष्कर्ष पाठकलाई गाली गर्ने वा उपदेश दिने वा अभिमान प्रकट गर्ने खालको हुनु हुँदैन । यसमा निबन्ध पूरा भयो भन्ने अनुभूति गराउने सामर्थ्य रहनुपर्छ । निष्कर्ष अनुच्छेदको अन्तिम वाक्य संवेगात्मक प्रकृतिको अर्थात् पाठकको मन छोएर दीर्घ प्रभाव छोड्न सक्ने हुनुपर्छ ।

(अं) विद्यार्थीलाई माथिको संरचनाका बारेमा जानकारी दिइसकेपछि सिर्जनात्मक र परियोजना कार्यअन्तर्गतको अभ्यास १ मा निर्देश गरिएअनुसारको निबन्ध तयार गर्न लगाउनुहोस् । (यस अभ्यासलाई भोलिपल्टको कक्षामा मूल्याङ्कन गर्नुहोस् ।)

(अ:) सिर्जना र परियोजना कार्यको अभ्यास २ मा केन्द्रित गर्दै विद्यार्थीलाई कक्षको अनुकूलतामा समूहमा विभाजन गरी प्रत्येक समूहलाई अगिल्लो दिनको क्रियाकलापमा दिइएको गृहकार्यमा आधारित भई उनीहरूले टिपोट गरी ल्याएका विषयवस्तुका आधारमा प्रत्येक समूहलाई शारीरिक रूपमा कमजोर तर मानसिक रूपमा सशक्त व्यक्ति देख्दा मनमा के कस्ता भावना उत्पन्न हुन्छन्, छलफल गर्न लगाउनुहोस् र प्रत्येक समूहको निष्कर्षलाई कक्षामा सुनाउन लगाउनुहोस् । साथै शिक्षकले त्यस्ता व्यक्ति देख्दा मनमा उत्पन्न भएको विचार लेखिएको सूचीपत्र प्रदर्शन गर्नुहोस् । प्रत्येक समूहलाई आफूले छलफल गरी निकालेको निष्कर्ष र यस तालिकाबिच तुलना गर्न लगाउनुहोस् र थप छलफल गराई लेख्न लगाउनुहोस्, जस्तै :

**शारीरिक रूपमा कमजोर तर मानसिक रूपमा सशक्त व्यक्ति देख्दा मनमा उत्पन्न भएका वा हुन सक्ने भावना**

- दया,माया
- करुणा
- स्नेह
- दु:ख
- पीर
- सहयोग
- उत्प्रेरणा / हौसला
- प्रेरणा
- खुलदुली
- जिज्ञासा/कौतुहलता
- आनन्द
- सकारात्मक ऊर्जा

## ३. मूल्याङ्कन

(क) सुनाइ पाठ ८ को अभ्यास १ मा आधारित भई वाक्य ठिक वा बेठिक भएको पत्ता लाउन लगाउनुहोस् ।

(ख) निबन्ध लेखन गर्दा कुन कुन पक्षलाई समावेश गर्नुपर्छ ? जस्ता प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

(ग) प्रत्येक विद्यार्थीलाई आफूले शारीरिक रूपमा कमजोर तर मानसिक रूपमा सशक्त व्यक्ति देख्दा मनमा उत्पन्न हुने भावना लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ ९

# आमा

**विधा : कविता** **कार्यघण्टा : १०**

## परिचय

कवि कृष्णप्रसाद भट्टराईद्वारा रचित 'आमा' सामाजिक विषयवस्तुमा आधारित कविता हो । विद्यार्थीमा आनन्दानुभूति प्राप्त गराउनु, काव्यिक भाषाको बोध तथा सम्प्रेषणीय अभिव्यक्ति प्रदान गर्नु, शब्दभण्डार वृद्धि गर्नु, साहित्यप्रति अभिरुचि बढाउनु, विविध भाषाशैलीगत अनुभव प्राप्त गर्नु कविता शिक्षणको प्रमुख उद्देश्य हो । तसर्थ कविता शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । कविता अनुभूतिप्रधान साहित्यिक विधा हो ।

यसबाट विद्यार्थीलाई विषयवस्तुको अनुमान तथा कल्पना, विषयवस्तुमा आधारित छलफल, प्रश्न निर्माण र श्रुति वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । लयबद्ध पठन, पाठ्य कविताको संरचना पहिचान र सन्दर्भ बोध तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत श्रुति लेखन, गद्यमा रूपान्तरण, शब्दभरण, प्रश्नोत्तर र भाव विस्तारलगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत समूहवाची शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत नामयोगी र क्रियायोगी शब्दको पहिचान र प्रयोग साथै नामयोगी र क्रियायोगी शब्द राखेर वाक्यमा  प्रयोगका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत शब्दको श, ष र स को पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा ध्यानाकर्षणसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत खाली ठाउँ भरेर कविता सिर्जना तथा आफ्नो समुदायमा आमाबुबालाई सम्मान गर्न के के गरिएको छ ? सोधखोज गरी लेख्ने अभ्यास गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ ९ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउन सक्नुहुने छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध<br>• छलफल<br>• श्रुतिबोध | • पूर्व पठन खण्ड र मूल पाठमा समाविष्ट तस्बिरहरू अध्ययन गरी बोध गर्न<br>• तस्बिरमा आधारित भएर अनुमान तथा कल्पना गर्न<br>• सुनेका विषयवस्तुको श्रुतिबोध गरी वर्णन गर्न | • पूर्व पठन खण्डका तस्बिर<br>• मूल पाठ खण्डका तस्बिर<br>• विभिन्न प्राणीका आमा बच्चासहितका तस्बिर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कक्षाकोठामा विभिन्न मनोरञ्जनात्मक कार्य गराएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) विद्यार्थीका सिर्जनात्मक प्रतिभाको कदर गरी पाठप्रति अभिरुचि जगाउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे प्रस्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) सम्भव भएसम्म प्रोजेक्टरमार्फत पूर्व पठन खण्डका तस्बिर प्रस्तुत गर्नुहोस् । आमा र बच्चाका केही वृतचित्र प्रदर्शन गर्नुहोस् ।

(आ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी तस्बिरको आशय भन्न लगाउनुहोस् ।

(इ) तस्बिरका बारेमा व्यक्तिगत धारणा राख्न चाहने विद्यार्थीलाई मौका दिनुहोस् । छलफलमा आएका सान्दर्भिक तथ्यलाई पाठसँग जोड्दै निष्कर्ष सुनाउनुहोस् ।

(ई) विद्यार्थीलाई आफ्नी आमाका बारेमा मनमा लागेका केही भावना लेख्न लगाउनुहोस् ।

(उ) लेखेका कुरा सुनाउन लगाउनुहोस् ।

(ऊ) संसारमा निःस्वार्थ माया गर्ने एक मात्र प्राणी भनेकी आमा हुन् । आमासँग सम्बन्धित कुनै रेडियो नाटक सुनाउनुहोस् ।

(ऋ) नाटक सुनेका आधारमा मौखिक प्रश्नोत्तर गराउनुहोस् ।

(ए) तस्बिर बनाउन जान्ने विद्यार्थीको पहिचान गरी आमा र बच्चाको तस्बिर बनाउन लगाउनुहोस् ।

(ऐ) तस्बिरका बारेमा छलफल गराउनुहोस् ।

(ओ) कक्षाकोठामा विविधता व्यवस्थापन गर्दै फरक क्षमता र स्तर भएका विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई आमा र बच्चाको तस्बिर देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले एउटा आमाको महिमा गाइएको कविता सुनाएर सुनेकै आधारमा वर्णन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविताको लयबद्ध पठन (कविताको संरचना पहिचान (उच्चारण, शब्दार्थ र वाक्य रचना) | • छन्द कवितालाई लययबद्ध वाचन गर्न<br>• शब्दको सही उच्चारण गर्न<br>• कविताको संरचना पहिचान गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | • श्लोकपत्ती<br>• कविता वाचनको नमुना<br>• कविताको संरचना जनाउने तालिका<br>• शब्दार्थपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै कविताका श्लोक, चुट्किला, उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका चुट्किला, लघुकथा, गीत, कविता भन्ने मौका दिई उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) कविता वाचन गर्न विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । वाचनका क्रममा लय मिले नमिलेको ख्याल गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) पाठ्य कवितालाई अनुष्टुप छन्दको नियमअनुसार लयबद्ध वाचन गरेर सुनाउनुहोस् ।

(इ) अनुष्टुप छन्दको यस कवितामा प्रत्येक पाउमा आठ आठ अक्षर हुन्छन् । तिनलाई आठ आठ अक्षरमा विश्राम गरी लयबद्ध वाचन गर्नुपर्ने जानकारी दिनुहोस् र त्यससँग सम्बन्धित संरचना तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

मातृवात्सल्य रित्तिन्न जस्तै दुःख भए पनि

बचरा गुँड छोडेर टाढा टाढा गए पनि ।

(ई) अनुष्टुप छन्दको प्रत्येक पाउमा पाँचौँ वर्ण ह्रस्व (लघु) छैटौँ दीर्घ (गुरु) दोस्रो र चौथो पाउमा सातौँ वर्ण ह्रस्व (लघु) को आधारमा संरचना गरिएको हुनुपर्ने जानकारी गराउँदै कविता लयबद्ध वाचन गराउनुहोस् ।

(उ) पाठ्य कविताको नमुनावाचन मोबाइलमा रेकर्ड गरेर वा इन्टरनेटबाट डाउनलोड गरेर पनि सुनाउन सक्नुहुने छ ।

(ऊ) पाठ्य कवितालाई आफूसहित विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा क्रमशः विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी वाचन अभ्यास गराउनुहोस् । युगल र एकल गरेर पनि वाचन अभ्यास गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई समूहमा फरक फरक लयको अभ्यास गराउनुहोस् ।

(ए) विद्यार्थीलाई कविताको प्रत्येक पाउमा छलफल गरी अक्षर गनेर संरचना प्रस्ट पार्नुहोस् । विद्यार्थीलाई कवितामा ह्रस्व, दीर्घ भनेका लघु, गुरु हुन् भनेर चिन्ने आधार सिकाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई नयाँ लागेका शब्द जस्तै : टुक्रा, इतिहास, मातृवात्सल्य, जिन्दगानी जस्ता शब्दको उच्चारण अभ्यास गराउनुहोस् ।

(ओ) कुनै शब्दको अर्थमा समस्या भएमा रेखाङ्कन गरी टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा प्रस्ट पार्नुहोस् ।

| | |
|---|---|
| स्रष्टा | सृष्टि गर्ने, निर्माता |
| अल्प | थोरै |
| निःस्वार्थ | कुनै स्वार्थ नभएको |

(औ) अर्थ स्पष्ट भएपछि शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् । सृष्टि, इतिहास, सन्तान

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार (शब्दार्थ र वाक्य रचना)<br>• कविता पुरण<br>• बोध प्रश्नोत्तर | • नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• कविताको अपूरो श्लोकलाई पूरा गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दार्थ पत्ती<br>• कविताका अपूरा श्लोक<br>• प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कक्षामा आवश्यकताअनुसार मनोरञ्जनात्मक वातावरण सिर्जना गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अनुष्टुप छन्दका अन्य कविताका केही श्लोक आफू पनि वाचन गर्नुहोस् र विद्यार्थीलाई पनि वाचनका लागि अवसर दिनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे प्रस्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) कविताका आधारमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाटै अर्थ खोजी गर्नुहोस् । अन्त्यमा शब्दार्थ पत्ती देखाएर प्रस्ट पार्नुहोस्, जस्तै:

| | |
|---|---|
| गुँड | चरा बस्ने ठाउँ |
| सेवा | सहयोगको भावना |

(आ) शब्दका अर्थबोध भइसकेपछि विद्यार्थीलाई तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् ।

(इ) वाक्यपत्ती देखाइदिएर प्रस्ट पार्नुहोस् ।

सेवा: मानिसमा सेवाको भावना हुनुपर्छ ।

(ई) बोध र अभिव्यक्तिको अभ्यास ४ का आधारमा छुटेका शब्द भरी कविता पुनर्लेखन गराउनुहोस् ।

को खा को खा भनी खाना नानीलाई खुवाउँछिन्

बगाई दुधको धारा शिशुलाई नुहाउँछिन्

मातृवात्सल्य रित्तिन्न जस्तै दुःख भए पनि

बचरा गुँड छोडेर टाढा टाढा गए पनि ।

(उ) कविताको कुनै श्लोकबाट शब्द झिकी तयार गरेको सामग्री प्रदर्शन गरी कविता पुरणको थप अभ्यास गराउनुहोस् ।

(ऊ) बोध अभिव्यक्ति खण्डको अभ्यास ३. का आधारमा उत्तर भन्न लगाउनुहोस् । यसमा प्रश्नको संरचनाअनुसार उत्तर ख्याल गर्न निर्देश गर्नुहोस् र प्रश्न तथा उत्तरका केही नमुना प्रदर्शन गरी अभ्यास गराउनुहोस्, जस्तै :

(क) आमाले मुटुको टुक्रालाई कहाँ अटाउँछिन् ?

उत्तरः आमाले मुटुको टुक्रालाई आँखाभित्र अटाउँछिन् ।

(ख) आमाले कसको सृष्टि बचाउँछिन् ?

उत्तरः आमाले विधाताको सृष्टि बचाउँछिन् ।

(ग) बालकको जिन्दगी कसरी बन्छ ?

उत्तरः आमाले खाएको गाँस गाँसले बालकको जिन्दगी बन्छ ।

(घ) आमाले बच्चालाई के गर्न खटाउँछिन् ?

उत्तर : आमाले बच्चालाई छाती चुस्न खटाउँछिन् ।

(ऋ) नमुना उत्तरका आधारमा अन्य प्रश्नोत्तर गराउनुहोस् ।

(ए) विद्यार्थीले लेखेका उत्तरलाई कक्षामा प्रस्तुतीकरण गर्ने अवसर प्रदान गरी ती उत्तरको संर चनाबारेमा छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

विधाता, बचरा, कोख, गीत

(ख) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(अ) आमाको रूप कहिले बिग्रिन्छ ?

(आ) आमाले कसरी तोते बोली सिकाउँछिन् ?

(इ) आमालाई सिर्जनाकी मूल किन भनिएको हो ?

(ई) आमा कहिले गीत गाउँछिन् ?

(उ) आमा किन राति अल्प अल्प निदाउँछिन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● शब्दभण्डार<br>● कविताको सन्देश लेखन | ● समूहवाची शब्द पहिचान गर्न<br>● समूहवाची शब्द सही ढङ्गले प्रयोग गर्न<br>● समूहवाची शब्दबीच जोडा मिलाउन<br>● समूहवाची शब्द पहिचान गरी लेख्न<br>● वाक्यमा प्रयोग<br>● पाठ्य कविताका आधारमा सन्देश लेख्न | ● समूहवाची शब्दसूची<br>● शब्दपत्ती<br>● वाक्यपत्ती<br>● कविताको सन्देश लेखिएको चार्ट |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीका सिर्जनात्मक क्रियाकलापको सम्बोधन गर्दै विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापको छोटो पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गर्नुहोस् ।

(आ) गोलो, चाङ, ताँती, फौज जस्ता शब्द शब्दपत्तीबाट देखाएर समूहवाचक शब्दको पहिचान गराउनुहोस् ।

(इ) विद्यार्थीका समूहलाई शब्दभण्डारअन्तर्गत अभ्यास कापीमा गर्न लगाउनुहोस् । सबैभन्दा पहिले गर्ने समूहलाई पुरस्कृत गर्नुहोस् । सहयोग आवश्यक पर्ने विद्यार्थीलाई ध्यान दिनुहोस् । अन्त्यमा समूहवाची शब्द लेखिएको सूचीबाट विद्यार्थीमार्फत् जोडा मिलाउन

लगाई प्रस्ट पार्नुहोस् ।

| | |
|---|---|
| **कमिला :** | **ताँती** |
| **बाास :** | **घारी** |
| **घाास :** | **भारी** |
| **दाउरा :** | **खलियो** |
| **किताब :** | **चाङ** |
| **हात्ती :** | **बथान** |

(ई) समूहकार्य गरिसकेपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थी समूहलाई शब्दभण्डारअन्तर्गतको अभ्यास २ का आधारमा उपयुक्त समूहवाची शब्द छानी खाली ठाउँ भर्ने अभ्यास गराउनुहोस् ।

(ऊ) अलमलमा परेका विद्यार्थीलाई सहयोगको वातावरण मिलाउनुहोस् । विद्यार्थीले लेखिसकेपछि कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । आफूले पनि कापी परीक्षण गर्नुहोस् ।

(ऋ) विद्यार्थीमध्येबाटै सही उत्तर लेख्ने विद्यार्थीलाई शैक्षणिक पाटीमा लेख्न लगाई साथी साथी( बिच सहजीकरण गराइदिनुहोस्, जस्तै :

(क) रुखमा बारुलाको गोलो देखेर सबै डराए । (घार, गोलो, जालो)

(ख) जात्रामा मानिसको भिड भएकोले हिँड्ने ठाउँ थिएन । (बथान, फौज, भिड)

(ग) चोकमा फोहोरको डङ्गुर थियो । (डङ्गुर, भारी, चाङ)

(घ) विद्यार्थी फूलको गुच्छा लिएर गुरुको स्वागत गर्दै थिए । (मुठा, झुप्पा, गुच्छा)

(ए) समूहवाची शब्दमा स्पष्ट धारणा दिनका लागि विभिन्न समूहवाची शब्द समूह सङ्कलन गरी हाजिरीजवाफ प्रतियोगिता पनि गराउन सक्नुहुने छ ।

(ऐ) विद्यार्थी समूहलाई शब्दभण्डारको अभ्यास ३. का आधारमा वाक्यमा प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् । यसका लागि वाक्यपत्तीको उपयोग गरी वाक्यपत्तीमा वाक्य रचना गर्न लगाउनुहोस् र ती पत्ती सङ्कलन गरी छलफल गराउनुहोस् ।

(ओ) सम्पूर्ण विद्यार्थीलाई कक्षा कार्यकलापमा सहभागिता जनाउने वातावरण मिलाउनुहोस् । विद्यार्थीले बनाएका वाक्यको प्रशंसा गर्नुहोस्, जस्तै :

**धुवाँ : सवारी साधनको धुवाँले वातावरण ज्यादै प्रदूषित भएको छ ।**

**पराल : बुबाले खेतबाट परालको भारी बोकेर ल्याउनुभयो ।**

(औ) विद्यार्थीको कापी परीक्षण गर्नुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् । अन्त्यमा वाक्यपत्तीको प्रयोग गरी धारणा स्पष्ट पारिदिनुहोस् । कविताको सन्देश लेखनसम्बन्धी धारणा प्रस्ट पारी सन्देश लेखन पूरै कवितामा केन्द्रित हुनुपर्ने बताउनुहोस् । विद्यार्थीलाई समावेशी आधारमा ६ समूहमा विभाजन गरी प्रत्येक समूहलाई पर्ने गरी एक एकओटा श्लोकको सन्देश लेख्नका लागि बुँदा बनाउन लगाउनुहोस् । विद्यार्थीले बुँदा बनाउँदा आवश्यकता हेरी सहजीकरण गर्नुहोस् ।

(अं) विद्यार्थी समूहले तयार गरेका बुँदालाई आवश्यकता हेरी थपघट, तलमाथि गरी सन्देश लेखनसम्बन्धी धारणा प्रस्ट पार्नुहोस् । शिक्षकले कविताको सन्देश लेखिएको चार्ट प्रदर्शन गरी सोही नमुनाका आधारमा सन्देश लेख्न लगाउनुहोस् । सन्देश लेखनमा अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई समूहवाची शब्दबिच जोडा मिलाउन लगाउनुहोस् ।

| | |
|---|---|
| कमिला | घारी |
| बाँस | ताँती |
| दाउरा | चाङ |
| किताब | खलियो |

(ख) दिइएका शब्द राखी वाक्य बनाउन लगाउनुहोस् ।

सेना, पराल, पर्वत

(ग) कविताको पहिलो श्लोकको सन्देश लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • गद्यमा रूपान्तरण<br>• सङ्क्षिप्त प्रश्नोत्तर | • कविताका पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • श्लोक पत्ती<br>• प्रश्नोत्तर सूची |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै सिर्जनात्मक क्रियाकलाप गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीका सिर्जनात्मक कार्यको सम्बोधन गर्नुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुमा छोटो पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी आधारमा समूह विभाजन गर्नुहोस् ।

(आ) प्रत्येक समूहलाई शिक्षकले सामग्रीका रूपमा तयार पारी ल्याएको एउटा/एउटा श्लोक दिनुहोस् ।

(इ) बोध अभिव्यक्ति खण्डको अभ्यास ५ लाई नमुनाको रूपमा लिई गद्यमा रूपान्तरण गर्ने तरिका सिकाउनुहोस् ।

(ई) कवितात्मक वाक्य र सामान्य वाक्यबिचको फरक बताउनुहोस् ।

(उ) गद्यमा रूपान्तरण गर्दा पदक्रम मिलाउनुपर्ने (कर्ता, कर्म, क्रिया) जानकारी दिनुहोस्, जस्तैः

कवितात्मक वाक्य : आमाको रूप बिग्रन्छ सन्तान जन्मिएपछि

सामान्य वाक्य : आमाको रूप सन्तान जन्मिएपछि बिग्रन्छ ।

कवितात्मक वाक्य : सन्तान पर भै जान्छन् डोलीमा अन्मिएपछि

सामान्य वाक्य : सन्तान डोलीमा अन्मिएपछि पर पर हुन्छन् ।

(ऊ) विद्यार्थीले समूहमा अभ्यास गरिसकेपछि प्रत्येक समूहको कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

(ऋ) प्रत्येक समूहमा कापी साटासाट गरी अभ्यास गर्ने मौका दिनुहोस् ।

(ए) विद्यार्थीलाई बोध अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् । तरिकाबारे छलफल भइसकेपछि उत्तरलेखनको नमुनासमेत प्रदर्शन गरी सहजीकरण गर्नुहोस्, जस्तै :

- प्रश्नलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नको आशय बुझी उत्तर पहिचान गर्ने

- ४/५ वाक्यसम्ममा उत्तर पूरा गर्ने
- प्रश्नमा आधारित भई उत्तरको निष्कर्ष वाक्य लेख्ने

**सङ्क्षिप्त उत्तर लेखनको नमुना**

(क) कविताको पहिलो हरफमा कति अक्षर छन् ?

उत्तर : कविताको पहिलो हरफमा सोह्र अक्षर छन् ।

(ख) आमाले शिशुको कसरी हेरचाह गर्छिन् ?

उत्तर : आमाले आफू भोकभोकै बसेर छाती चुस्न लगाउँछिन् । आफ्नो गाँस काटेर शिशुलाई खुवाउँछिन् । ताते ताते भनी मिठो तोते बोली सिकाउँछिन् । शिशुलाई काखकाखै नचाएर आमाले शिशुको हेरचाह गर्छिन् ।

(ऐ) विद्यार्थीलाई बोध अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेख्ने ढाँचा नबुझेका विद्यार्थीलाई साथी समूहबाट वा आफैँ सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीले तयार गरेका उत्तर जाँची पृष्ठपोषण दिनुहोस् ।

(औ) यसैगरी शिक्षकले पाठ्य कवितालाई आधार बनाएर प्रश्न निर्माण गरी उत्तर लेख्ने अभ्यास गराउनुहोस् ।

(अं) कक्षामा आवश्यकताअनुसार साथीसाथीमा सहयोग गर्ने वातावरण बनाइदिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको कवितांशलाई गद्यमा भन्नुहोस् ।

जिन्दगी बन्छ आमाले खाएको गाँस गाँसमा
सिर्जनामूल हुन् आमा स्रष्टाको इतिहासमा ।

(ख) दिइएका प्रश्नको उत्तर लेख्नुहोस् ।

(अ) आमा कसरी निःस्वार्थ देवी हुन् ?

(आ) कविताको दोस्रो हरफमा कति अक्षर छन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • लामो उत्तर लेखन<br>• व्याख्या | • पाठ्य कविताका आधारमा प्रश्नका लामो उत्तर लेख्न<br>• तोकिएका श्लोकको व्याख्या गर्न | • लामो उत्तर लेख्ने तरिकाको सूची<br>• लामो उत्तरको नमुना<br>• श्लोक पत्ती<br>• व्याख्याको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइलो प्रश्नको उत्तर सोधी ध्यानाकर्षण गर्नुहोस् ।

(आ) विद्यार्थीलाई पनि यस्ता रमाइला प्रश्न सोध्ने मौका दिनुहोस् ।

(इ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(ई) आजको कक्षाको विषयवस्तुमा छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा प्रश्न प्रदर्शन गरी लामो उत्तर लेख्ने तरिकाका बारेमा निम्न बुँदामा आधारित भई छलफल गराउनुहोस् :

- सर्वप्रथम प्रश्न पढ्ने र प्रश्नको आशय ठम्याउने
- प्रश्नमा केन्द्रित रहेर पाठका आधारमा मुख्य मुख्य बुँदा टिपोट गर्ने
- बुँदालाई जोडेर अनुच्छेद बनाउने
- विषयवस्तुको प्रकृतिअनुसार उत्तरलाई विभिन्न अनुच्छेदमा विभाजन गर्ने
- उत्तरलाई विभाजन गर्दा कम्तीमा पनि तीन अनुच्छेद हुनुपर्ने
- प्रश्नको केन्द्रीयतामा उत्तरको निष्कर्ष अनुच्छेद हुनुपर्ने

(आ) विद्यार्थी समूहलाई प्रश्न दिएर छलफल गर्दै लामो उत्तरका बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यकताअनुसार सहजीकरण गराउनुहोस् ।

(ई) लामो उत्तरका बुँदा तयार भइसकेपछि प्रत्येक समूहलाई पालैपालो कक्षामा प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा अन्य समूहबाट प्रतिक्रिया लिएर शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) एउटा नमुना उत्तर प्रदर्शन गरी विद्यार्थीलाई क्रमिक सिकाइ रणनीति (म गर्छु, हामी

गर्छौं, तपाईं गर्नुहुन्छ) उपयोग गरी बुँदा संयोजन गरेर लामो उत्तर लेख्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले लेखेका उत्तर परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) बोध अभिव्यक्ति खण्डको अभ्यासका आधारमा व्याख्या सिकाउन श्लोक लिनुहोस्, जस्तै :

धर्तीमै छ सबै चिज खोजे मिल्छ घरी घरी
तर जन्म दिने आमा पाइँदैन कसै गरी ।

(ए) व्याख्याका बुँदा :

- धर्तीमा तन, मन, वचन लगाएर खोज्दा सबै चिज पाइने
- खोजेका चिजहरू पटक पटक पाइने
- जन्मदिने आमा कसै गरी पनि नपाइने
- आमाको माया, ममता अरूबाट केही गरे पनि नपाइने

(ऐ) बुँदालाई आधार बनाएर पहिले विद्यार्थीलाई नै व्याख्या भन्न सिकाउनुहोस् । कवितामा दिइएको श्लोकको आशय र अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्य बिचको सम्बन्धलाई ख्याल गर्न लगाउनुहोस् ।

(ओ) माथिका बुँदालाई आधार बनाएर व्याख्याको नमुना प्रदर्शन गर्नुहोस् ।

**व्याख्याको नमुना**

**धर्तीमै छ सबै चिज खोजे मिल्छ घरी घरी**
**तर जन्म दिने आमा पाइदैन कसै गरी ।**

'आमा' कविताको प्रस्तुत अंशमा जन्म दिने आमा र उनको माया त कहीँ कतै जति खोजे पनि पाउन सकिँदैन भन्ने कुरालाई अघि सारिएको छ । यस धर्तीमा तन, मन र धन लगाएर खोजी गर्ने हो भने सबै कुरा सहजै पाउन सकिन्छ । सोही चिज पटक पटक पनि पाउन सकिन्छ तर जन्म दिने आमा भने कुनै पनि हालतमा पाउन सकिँदैन । जननी, माता, आमाले आफ्ना सन्तानलाई आफूले जतिसुकै अप्ठ्यारो अवस्थामा पनि खुसी राख्न हरतरहले प्रयत्न गरेकी हुन्छिन् । आमाको माया अटल, निस्वार्थ हुन्छ । सन्तानप्रति सदैव आमाको आशीर्वाद रहिरहन्छ । त्यसैले आमा शब्द आफैँमा प्यारो छ । भगवान्को एक अंश मानिएकी आमालाई जसले सम्मान, स्नेह र श्रद्धा गर्छ उसको जीवन पनि सुखी हुन्छ । नौ महिना कोखमा बोकेर यस सुन्दर धरतीमा जन्म दिने आमा आफ्नो सन्तानका लागि प्राण दिन पनि तयार हुन्छिन् तर अरू जो कोहीले जतिसुकै माया गरे तापनि हामीले आमाको जस्तो वात्सल्य प्राप्त गर्न सक्दैनौं ।

अतः संसारमा खोजेपछि सबै कुरा सहजै पाउन सकिन्छ तर जन्म दिने आमालाई पाउन सकिँदैन । यस कारण आमा सधैँ सबैका निम्ति पूजनीय हुने आशय प्रस्तुत कवितांशले व्यक्त गरेको छ ।

(औ) यसै किसिमका कवितांश निर्देश गरी त्यस कविताको श्लोकको राम्ररी आशय बुझेर बुँदा बनाउन लगाउनुहोस् । तिनै बुँदालाई आधार बनाएर व्याख्या गर्न लगाउनुहोस् ।

(अं) बुँदा बनाउने वेलामा प्रत्येक विद्यार्थीको अवस्था पहिचान गर्नुहोस् । बुँदा बनाइसकेपछि व्याख्या गर्ने समयमा पनि आवश्यक सहजीकरण गरी व्याख्यासम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(अः) विद्यार्थीलाई व्याख्या लेख्न लगाउनुहोस् । प्रत्येक विद्यार्थीको कापी परीक्षण गरी आवश्यक सल्लाह तथा सुझाव दिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) तलको प्रश्नको लामो उत्तर लेखाउनुहोस् :

आमा कवितामा कविले आमाका सम्बन्धमा व्यक्त गरेका विचार कस्ता छन् ? वर्णन गर्नुहोस् ।

(ख) दिइएको श्लोकको व्याख्या गर्न लगाउनुहोस् :

धर्तीमै छ सबै चिज खोजे मिल्छ घरी घरी
तर जन्म दिने आमा पाइँदैन कसै गरी ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • प्रश्न निर्माण गर्न र उत्तर भन्न<br>• भाषिक प्रकार्य (ध्यानाकर्षण) | • पाठ्य कविताका आधारमा प्रश्न निर्माण गरी उत्तर भन्न<br>• कुनै विषयवस्तु वा समस्यामा केन्द्रित भई सम्बन्धित व्यक्ति वा समूहलाई ध्यानाकर्षण गर्न | • श्लोकपत्ती<br>• प्रश्नपत्ती<br>• ध्यानाकर्षणसँग सम्बन्धित नमुनापत्र<br>• ध्यानाकर्षणसँग सम्बन्धित श्रव्य तथा श्रव्यदृश्य सामग्री |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) बालमैत्री वातावरण सिर्जना गरी विद्यार्थीलाई स्वत: स्फूर्त रूपमा आफ्ना लेखरचना प्रस्तुत गर्न लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरावलोकन गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुमा छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले बोध अभिव्यक्ति खण्डको अभ्यास ९ मा आधारित भई पाठ्य कविताको दोस्रो श्लोक प्रदर्शन गराई प्रश्न बनाउन लगाउनुहोस् । ती प्रश्नलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(आ) प्रश्न निर्माण गर्दा के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता प्रश्नवाचक सर्वनाम प्रयो ग गर्ने तरिका सिकाउनुहोस् र एउटा श्लोकपत्ती प्रदर्शन गरी प्रश्न निर्माण गर्न लगाई त्यसका लागि एउटा नमुना पनि प्रदर्शन गर्नुहोस्, जस्तैः

**कोखबाट निकालेर यो धर्ती टेक्न लाउँछिन्**
**ताते ताते भनी मिठो तोते बोली सिकाउँछिन्**
**राखेर काखमा नानी कहिले गीत गाउँछिन्**
**बालो सुतोस् भनी आमा हातले थुम्थुम्याउँछिन् ।**

**प्रश्नका नमुना**

- आमाले बालकलाई कोखबाट निकालेर कहाँ टेक्न लगाउँछिन् ?
- किन आमाले हात थुम्थुम्याउँछिन् ?

(इ) विद्यार्थीलाई समूहमा विभाजन गरी बोध अभिव्यक्ति खण्डको अभ्यास ९ लाई आधार बनाई कुनै श्लोक दिएर प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

(ई) अर्को समूहलाई उत्तर भन्न लगाउनुहोस् ।

(उ) आवश्यकता अनुसार विभाजन गरिएको समूहलाई साथीले बनाएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीसँग ध्यानाकर्षण सम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । ध्यानाकर्षण विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । मिठो बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत

हुन सिकाउनुहोस् र एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**ध्यानाकर्षण**

(कक्षामा विद्यार्थी अशान्त भएपछि शिक्षकले विद्यार्थीको ध्यानाकर्षण गराउने सन्दर्भमा शिक्षक र विद्यार्थीबिच भएको संवादको अंश )

विद्यार्थी : शुभ प्रभात गुरुआमा !

गुरुआमा : शुभ प्रभात भाइबहिनीहरू !

विद्यार्थी : (कक्षामा कल्याङमल्याङको आवाज)

गुरुआमा : भाइबहिनीहरू ! मेरो कुरा ध्यान दिएर सुन्नुहोस् त ।

विद्यार्थी : हस् गुरुआमा ! (फेरि कक्षामा कल्याङमल्याङको आवाज)

गुरुआमा : मैले ध्यानपूर्वक सुन्नुहोस् भनेको फेरि बिर्सनुभयो । म एउटा चुट्किला भन्छु, सुन्नुहोस् है त !

विद्यार्थी : हवस् गुरुआमा, (सबै चुप लाग्छन्)

गुरुआमा : एक जना यात्रु गाडीमा चढ्नेबित्तिकै गाडीका सहचालकले यात्रुसँग 'भाडा' मागेछन् । यो सुन्नासाथ यात्रुले बाटामा खानका लागि खाजा बोकेको 'भाँडा' निकालेर दिएछन् ।

विद्यार्थी : हा हा हा

गुरुआमा : अब आजको पाठमा प्रवेश गरौँ है त

विद्यार्थी : हस् गुरुआमा ! (वातावरण शान्त हुन्छ)

(ऋ) विद्यार्थीमाझ ध्यानाकर्षणसँग सम्बन्धित श्रव्य तथा श्रव्यदृश्य सामग्री प्रस्तुत गरी सो हीअनुसार बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ का आधारमा भाषिक प्रकार्यसम्बन्धी क्रियाकलाप गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको श्लोक पढी दुईओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

**कोखबाट निकालेर यो धर्ती टेक्न लाउँछिन्**
**ताते ताते भनी मिठो तोते बोली सिकाउँछिन्**

(ख) आफू उद्घोषक भएर कार्यक्रम सञ्चालन गर्दा स्रोताको ध्यानाकर्षण गराउने कुनै एक क्रियाकलाप गराउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • क्रियायोगी<br>• नामयोगी | • क्रियायोगीको पहिचान र प्रयोग गर्न<br>• नामयोगीको पहिचान र प्रयोग गर्न | • वाक्यपत्ती<br>• क्रियायोगीको तालिका<br>• नामयोगीको तालिका<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई मनोरञ्जनात्मक क्रियाकलाप गराएर ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुमा छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) नामयोगी र क्रियायोगी शब्द प्रयोग गरिएका वाक्य विद्यार्थीमाझ प्रदर्शन गर्नुहोस्, जस्तै :

रामलखन घर**तर्फ** लाग्यो । आमा**सँग** बहिनी पनि छे । बहिनी **बिस्तारै** हिँड्छे । रामलखन चाहिँ **फटाफट** हिँड्छ ।

(आ) माथिका वाक्यबाट विद्यार्थीलाई नै रेखाङ्कन गरिएका शब्दहरूको क्रियायोगी वा नामयोगी पहिचान गर्ने वातावरण मिलाइदिनुहोस् ।

(इ) नामयोगी विशेषतः नाम, सर्वनाम र विशेषणको पछाडि जोडिन्छन् ।

(ई) क्रियाको विशेषता तथा परिवेश जनाउने शब्दलाई क्रियायोगी भनिन्छ । रीति, परिमाण, आवृत्ति आदि विशेषता र काल, स्थान, हेतु, परिणाम, प्रयोजन, शर्त, स्थिति आदि परिवेश बुझिने शब्द क्रियायोगी हुन् भन्ने कुरामा हेक्का राख्नुहोस् र नामयोगी र क्रियायोगी शब्दहरू लेखिएका तालिका प्रदर्शन गर्नुहोस् ।

(उ) विद्यार्थीलाई नामयोगी समूह र क्रियायोगी समूह गरी दुई समूहमा विभाजन गर्नुहोस् ।

(ऊ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १ लाई आधार बनाएर रातो रङ लगाएका शब्दबाट क्रियायोगी र नामयोगी शब्दको पहिचान गराउनुहोस्, जस्तै :

नामयोगी : **सित,सँग, तिर, मार्फत्, बाहेक, समेत, अन्तर्गत**

क्रियायोगी : **हिजो, आज, बाहिर, अलिकति, सटुक्क, पढेर, हुनाले**

(ऋ) अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) पाठ्य कविताबाट प्रत्येक विद्यार्थीलाई तीनतीन क्रियायोगी र नामयोगी शब्दको पहिचान गराउनुहोस् ।

(ऐ) अभ्यास २ र ३. लाई आधार बनाएर क्रियायोगी र नामयोगी शब्दको पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

(ओ) विद्यार्थीको कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(औ) अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् र नामयोगी र क्रियायोगी शब्दमा प्रस्ट पार्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठबाट कुनै तीनओटा नामयोगी शब्द पहिचान गर्न लगाउनुहोस् ।

(ख) पाठबाट कुनै तीनओटा क्रियायोगी शब्द पहिचान गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# नवौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वाक्य निर्माण<br>• वर्णविन्यास श, ष र स को प्रयोग<br>• सिर्जना र परियोजना कार्य | • नामयोगी र क्रियायोगी पद राखी वाक्यमा प्रयोग गर्न<br>• शब्दमा श, ष र सको पहिचान र प्रयोग गर्न<br>• निर्दिष्ट विषयवस्तुमा छलफल र प्रस्तुति दिन | • वाक्यपत्ती<br>• शब्दपत्ती |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीबाट सिर्जनात्मक प्रतिभा सुनी ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

(आ) शब्दपत्तीबाट क्रियायोगी पद र नामयोगी पद देखाउँदै वाक्यमा प्रयोगका लागि विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

(इ) शिक्षकले पनि केही वाक्यका नमुना वाक्यपत्तीको माध्यमबाट प्रदर्शन गर्नुहोस् र विद्यार्थीले बनाएका वाक्यको प्रशंसा गर्नुहोस्, जस्तै :

सुटुक्क : भाइ सुटुक्क खेल्न गएछ । (क्रियायोगी)

अनुसार : गुरुआमाले भनेअनुसार मैले गृहकार्य गरेँ । (नामयोगी)

(ई) वाक्यपत्तीबाट क्रियायोगी पद र नामयोगी पदको वाक्यमा प्रयोग गरी प्रस्ट पार्नुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास ४ मा आधारित भएर वाक्यमा प्रयोग गराउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

(ऊ) विद्यार्थीलाई श, ष र स नाम दिई तीन समूहमा विभाजन गर्नुहोस् ।

(ऋ) शब्दपत्तीको प्रयोगबाट विभिन्न शब्द प्रदर्शन गर्नुहोस् । जसमा श, ष र स को प्रयोग भएका शब्द लिनुहोस् ।

शब्दपत्ती : **शङ्ख, विश्व, समय, सहर, श्लोक, यश, पोषण, कृष्ण, सफल, शिशु, सुवास, औषधी**

(ए) आफ्नो आफ्नो समूहका शब्द पहिचान गर्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ऐ) अलमलमा परेका विद्यार्थीलाई सहजीकरण पनि गर्नुहोस् ।

(ओ) अभ्यास ५ लाई आधार मानी शब्द वर्गीकरण गर्न लगाउनुहोस् । पाठ्य कविताबाट श, ष, स प्रयोग भएका शब्द लेखी वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । विद्यार्थीको अवस्था पहिचान गरी सहजीकरण गर्नुहोस् ।

(औ) विद्यार्थीको कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अं) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गरी टोली नेता छानेर परियोजना कार्यमा निर्देश गरेअनुसार आफ्नो समुदायमा आमाबुबाको सम्मानमा गरिने क्रियाकलाप खोजी गरी लेखेर ल्याउन निर्देशन गर्नुहोस् । यस क्रियाकलापलाई भोलिपल्टको विषयवस्तुमा जोड्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका नामयोगीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

पछाडि, सित

(ख) दिइएका क्रियायोगीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

सुटुक्क, भोलि

(ग) सही शब्दमा गोलो घेरा लगाउन लगाउनुहोस् ।

सफल : शफल

औसधी : औषधी

कृसक : कृषक

शिशु : सिसु

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ ९)<br>• सिर्जना र परियोजना कार्य (कविता पुरण र रचना) | • सुनाइ पाठ ९ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट शीर्षकमा निर्देशित कविता पुरण गर्न<br>• सोधखोज र प्रस्तुतीकरण गर्न | • सुनाइ पाठका लागि श्रव्य सामग्री<br>• कविताका श्लोक पत्ती<br>• अपुरो कविता<br>• आमाबुबाको सम्मानमा गरिने क्रियाकलापको सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) आफूले रचना गरेको कविताको एक श्लोक सुनाई विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा उत्तर दिने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचना अनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(आ) विद्यार्थीलाई परिशिष्टमा भएको सुनाइ पाठ सुनाउनुहोस् । यस क्रममा आफैँले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(इ) पाठको सुनाइ र बोलाइ खण्डका आधारमा सुनाइ र बोलाइ अभ्यास गराउनुहोस्, जस्तै :

प्रश्न : अमृत के हो ?

उत्तर : अमृत भनेको सच्चा कमाइ हो ।

प्रश्न : सबैले खोज्ने सुख कहाँ छ ?

उत्तर : सबैले खोज्ने सुख सहयोगको भावनामा छ ।

(ई) विद्यार्थीलाई सिर्जना र परियोजना खण्डको अभ्यास १ का आधारमा कविता रचना गर्ने तरिका सिकाउनुहोस्, जस्तै :

- कविता रचना गर्दा लयलाई ध्यान दिनुपर्ने
- कविताका प्रत्येक पङ्क्तिमा अन्त्यानुप्रासयुक्त शब्द हुनुपर्ने
- कविता रचनाका क्रममा शब्द चयनको विशेष भूमिका रहने
- सम्बन्धित विषयवस्तु वा शीर्षकका आधारमा कविता रचना गर्नुपर्ने
- छन्दमा लेखिने कवितामा अक्षर सङ्ख्या र गणमा ध्यान दिनुपर्ने

(उ) शिक्षकले सिर्जना र परियोजनाअन्तर्गत कविता पुरण गर्नका लागि कविताको अपुरो श्लोक प्रस्तुत गर्नुहोस्, जस्तै:

**शब्दको उपयुक्त प्रयोग गरी श्लोक पूरा गर्नुहोस् :**

बोकी, साथी, किन, होला

कहाँ जाने होला साथी पर्ख एकैछिन
सँगै खेल्ने साथीलाई बिर्सिएको .किन ?
पढ्न लेख्न भनिकन बोकी आएँ झोला
छुट्टिएर गयो भनी रिस उठ्यो होला ।

(ऊ) भिन्न भिन्न कविताका श्लोक प्रस्तुत गरी कविता पुरण गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । कविता लेख्न हौसला प्रदान गर्नुहोस् ।

(ए) कुनै शीर्षक दिएर प्रत्येक समूहलाई एक एक श्लोक कविता लेख्न लगाउनुहोस् र कापी परीक्षण गरी आवश्यक सल्लाह र सुझाव दिनुहोस् ।

(ऐ) प्रत्येक समूहबाट रचना भएका कविता कक्षाकोठामै वाचन गर्न लगाउनुहोस्

(ओ) आवश्यकताअनुसार सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

(औ) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गरिएको आधारमा अगिल्लो दिन गृहकार्यका रूपमा दिएको विषयवस्तुलाई टोली नेताका माध्यमबाट प्रस्तुत गर्न लगाउनुहोस् र शिक्षकले तयार पारेको आमाबुबाको सम्मानमा गरिने क्रियाकलापको सूचीसमेत प्रदर्शन गरी तुलनात्मक अध्ययन गर्न लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) मेरो फूलबारी शीर्षकमा एउटा कविता लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ १०

# अवसरको सदुपयोग

**विधा : दैनिकी** **कार्यघण्टा : ९**

## परिचय

अवसरको सदुपयोग' दैनिकी विधाको पाठ हो । दिनदिनै गरेका कार्यको मौखिक तथा लिखित वर्णनमा आधारित रचना भएकाले यसको शिक्षणका क्रममा शिक्षक भाषिक सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीमा सुनाइ र प्रतिक्रिया, विषयवस्तुको सार प्रस्तुति, छलफल र प्रश्नोत्तर, स्वअनुभवको पहिचान र प्रस्तुति, मूल्य मान्यताको पहिचान र तार्किक प्रस्तुति जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । सस्वर पठन, परिवेश पहिचान, संरचना पहिचान, घटनाक्रम पहिचान तथा टिपोट र मिलान, पाठको विषयवस्तु बोध र प्रश्नोत्तर, घटना तथा सन्दर्भको सिलसिलाबद्ध प्रस्तुति जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ ।

त्यसै गरी लेखाइ सिपअन्तर्गत घटनाक्रम मिलान, सार लेखन, श्रुति लेखन, प्रश्नोत्तर, विधामा आधारित स्वतन्त्र रचना, कुनै दिन विशेषमा गरेका क्रियाकलापको सिलसिलाबद्ध लिखित प्रस्तुति, विषयवस्तुको वर्णन, स्वअनुभवका आधारमा स्वतन्त्र रचनालगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यस पाठमा शब्दभण्डारअन्तर्गत प्राविधिक वा पारिभाषिक शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत शब्दवर्ग (संयोजक, विस्मयादिबोधक र निपात) को पहिचान र प्रयोगसम्बन्धी क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत ग्यँ र ज्ञ को पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा निष्कर्ष पहिचानसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत निर्दिष्ट शीर्षकमा दैनिकी लेखनसम्बन्धी क्रियाकलाप र स्थान पहिचानसम्बन्धी अभ्यास गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ १० का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइसम्बन्धी ज्ञानात्मक र बोधात्मक प्रश्नोत्तरको अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउन सक्नुहुने छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● पाठ बोध (दैनिकीको परिचय र संरचना पहिचान)<br>● दृश्यबोध र छलफल<br>● सस्वरपठन (पहिलो दिनको दैनिकी)<br>● शुद्धोच्चारण<br>● शब्दार्थ र वाक्यमा प्रयोग | ● दैनिकीको परिचय दिन<br>● पूर्व पठन खण्डको तस्बिर र विषयवस्तुका आधारमा दैनिकीको संरचना पहिचान गर्न<br>● मूल पाठ खण्डको तस्बिर अध्ययन गरी चित्रवर्णन गर्न<br>● निर्दिष्ट अनुच्छेदहरू (पहिलो दिनको दैनिकी) शुद्ध उच्चारण गरी सस्वर वाचन गर्न<br>● निर्दिष्ट अनुच्छेदमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न | ● दैनिकीको संरचना जनाउने तालिका<br>● दैनिकीको नमुना<br>● शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले आजको दिन बिहानदेखि अहिलेसम्म गरेका क्रियाकलापलाई समेटी दैनिकी प्रस्तुत गर्दै कुनै एक विद्यार्थीलाई पनि आफूले बिहानदेखि अहिलेसम्म गरेका क्रियाकलापबारे वर्णन गर्न लगाई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी पूर्व पठन खण्डमा भएको तस्बिर वर्णन र विषयवस्तु पढ्न लगाई प्रत्येक समूहलाई दैनिकीका विषयमा छलफल गराउनुहोस् । यस सन्दर्भमा पूर्व पठन खण्डमा भएका विषयवस्तुका बारेमा पनि छलफल गराउनुहोस् ।

(आ) पूर्व पठन खण्डको विषयवस्तुका आधारमा मूल पाठको विषयवस्तु अनुमान गर्न लगाउनुहोस् र अनुमान गरिएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई पूर्व पठन खण्डमा भनिएजस्तो दैनिकी कसैले लेख्ने गर्नुभएको छ ? भनेर प्रश्न गर्नुहोस् र लेखेको भए दैनिकीको संरचनाका बारेमा छलफल गराउनुहोस् । यस

क्रममा विद्यार्थीलाई दैनिकी लेखनको अनुभव बताउने अवसर प्रदान गर्नुहोस् । अगि कक्षामा प्रवेश गर्दागर्दै आफूले भने जस्तै कुनै पनि दिनको दैनिकी प्रस्तुत गर्न विद्यार्थीलाई अवसर दिनुहोस् ।

(ई) विद्यार्थीको दैनिकी लेखनको अनुभव वर्णनपश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि हौसला प्रदान गर्नुहोस् ।

(उ) मानिसले कुनै पनि दिन गरेका दिनभरिका क्रियाकलापलाई समेटी तयार गरिएको रचना विशेष नै दैनिकी हो । यो कुनै पनि दिनको दिनभरिका विषयमा केन्द्रित हुन्छ भन्ने कुरा जनाउँदै दैनिकीको संरचना बोध गराउने तालिका प्रस्तुत गर्नुहोस्, जस्तै :

**दैनिकी के हो ? र यसको संरचना कस्तो हुन्छ ?**

- दिनदिनै भएगरेका कुरालाई शृङ्लाबद्ध रूपमा प्रस्तुत गरिएको रचना
- प्रत्येक दिन गरिएका महत्त्वपूर्ण काम भएका घटना र तिनले दिएको सन्देश समावेश गरेर दैनिकी रचना गरिने
- दैनिकी लेखनबाट आफूले पहिले गरेका कामको मूल्याङ्कन गर्दै अगि बढ्न सहयोग पुग्ने
- यसलाई बितेको समयका आधारमा भविष्यको बाटो देखाउने ऐनाका रूपमा लिन सकिने
- दिनहुँ दैनिकी रचना गर्दा पछि जीवनी तयार पार्न पनि सहज हुने
- दैनिकी लेखनका लागि शीर्षक अनिवार्य हुने
- कुन दिनको दैनिकी लेख्ने हो, त्यसको पूरा मिति उल्लेख गरेर त्यस दिनका क्रियाकलाप वर्णन गर्ने ।

(ऊ) दैनिकीको संरचना माथिका विषयवस्तुमा आाधारित हुने र यस पाठको पूर्व पठन खण्डले पनि त्यसै कुरालाई सङ्केत गरेको कुरा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् । मूल पाठको सुरुमा रहेको तस्बिर देखाई यस चित्रले के व्यक्त गरेको छ ? छलफल गराउनुहोस् र सम्भव भएसम्म विद्यार्थीलाई कुनै दैनिकीको नमुना प्रदर्शन गरी दैनिकी लेखनका बारेमा थप छलफल गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई पाठको पहिलो दिनको दैनिकी उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सकेनसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । शिक्षकले पनि पाठको पहिलो अनुच्छेद हाउभाउसहित नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(ए) विद्यार्थीलाई पहिलो दिनको दैनिकीका बाँकी अनुच्छेद उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् । यस क्रममा वाचकले पाठ सस्वरवाचन गर्दै गर्दा अन्य विद्यार्थीहरूलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् र शिक्षकले पनि वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गर्नुहोस् ।

(ऐ) निर्दिष्ट पाठ सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दहरूलाई उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै : अतिरिक्त = /अ.ति.रिक्.त/, प्रदर्शनी = /प्र.दर्.स.नि/, विश्राम = /बिस्.स्राम्/

(ओ) विद्यार्थीलाई निर्दिष्ट पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| **कार्यसूची** | **काम गर्नका लागि तयार गरिएको तालिका** |
| **व्याकुल** | **आत्तिएको** |

(औ) शब्दार्थको अभ्यास गराइसकेपछि तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस्, जस्तै :

**व्याकुल = लामो समयदेखि भेट नभएको साथीलाई भेट्न म व्याकुल थिएँ ।**

(अं) निर्दिष्ट अनुच्छेदमा प्रयुक्त अन्य नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् ।

(अ) विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी सोही किसिमका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दैनिकी लेख्दा समावेश गर्नुपर्ने पक्ष के के हुन् ? लेख्न लगाउनुहोस् ।

(ख) पाठको पहिलो दिनको दैनिकीलाई निर्देश गरी विद्यार्थीलाई गति, यति र हाउभाउ मिलाई सस्वरवाचन गराउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

चित्रकला, अत्यधिक

(घ) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

मूल्याङ्कन, विश्राम

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरपठन (दोस्रो र तेस्रो दिनको दैनिकी)<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार (शब्दार्थ र वाक्यमा प्रयोग) | • दोस्रो र तेस्रो दिनको दैनिकी गति, यति, हाउभाउ मिलाई शुद्धसँग सस्वर वाचन गर्न<br>• नयाँ शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• शब्दभण्डारअन्तर्गतका अभ्यास गर्न | • दैनिकीको पाठ (प्रोजेक्टरमा)<br>• श्रव्य सामग्री<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै एक विद्यार्थीलाई कुनै रमाइलो दिनको दैनिकी भन्न लगाई आजको कक्षा सुरुआत गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले विद्यार्थीलाई दैनिकीको पाठ पाठ्यपुस्तक वा प्रोजेक्टरमा प्रस्तुत गरी हेर्न निर्देश गर्नुहोस् । आफूले पाठमा रहेको दोस्रो दिनको दैनिकीको पहिलो अनुच्छेद उपयुक्त गति, यति र हाउभाउसहित सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यान दिएर सुन्न निर्देशन दिनुहोस् । सम्भव भएसम्म श्रव्य सामग्री प्रस्तुत गर्नुहोस् ।

(आ) विद्यार्थीले गरेको प्रस्तुतिको समीक्षा गर्न केही विद्यार्थी छनोट गर्नुहोस् । विद्यार्थीलाई पनि पालैपालोसँग उपयुक्त गति, यति र हाउभाउसहित दोस्रो र तेस्रो दिनको दैनिकीको अंश सस्वरवाचन गर्न लगाउनुहोस् । यसै क्रममा अन्य विद्यार्थीलाई वाचकले पाठ सस्वरवाचन गर्दै गर्दा उच्चारणमा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् र शिक्षकले पनि वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गर्नुहोस् ।

(इ) विद्यार्थीले गरेको प्रस्तुति कस्तो भयो भनेर समीक्षा गर्न छानिएका विद्यार्थीलाई सोध्नुहोस् । यसपछि सबै विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । छलफलपछि निष्कर्ष निकाली पुनः केही विद्यार्थीलाई गति, यति र हाउभाउसहित सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ई) सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) विद्यार्थीहरूलाई टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै : **सङ्क्रमण = /सङ्.क्र.मन्/, ज्वलन्त = /ज्व.लन्.त/**

(ऊ) यसरी नै बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा आधारित भई उच्चारणका थप अभ्यास गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई निर्दिष्ट पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| **अब्बल** | **उत्तम** |
| **विश्राम** | **आराम गर्ने ठाउँ आदि ।** |

(ए) शब्दार्थको अभ्यास गराइसकेपछि तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस्, जस्तै :

अब्बल = **मिहिनेती विद्यार्थी नै अब्बल हुन्छन् ।**

(ऐ) शब्दभण्डार खण्डको अभ्यास १ का अर्थ प्रदान गर्ने शब्द खोज्न लगाई छलफल गराउनुहोस् र आवश्यकतानुसार शब्दार्थपत्तीको माध्यमबाट ती शब्दको अर्थसम्बन्धी धारणा प्रस्ट पारिदिनुहोस्, जस्तै :

पैदल माध्यमबाट एक ठाउँबाट अर्को ठाउँमा पुग्ने वा घुम्ने काम : पदयात्रा

(ओ) यी क्रियाकलापसँगै शब्दभण्डार खण्डको अभ्यास २ र ४ का क्रियाकलाप पनि गराउनुहोस् ।

अभ्यास ४ का लागि विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी सोही किसिमका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

प्रदूषण : **सहरमा बढ्दो प्रदूषणका कारण हाम्रो फोक्सो कमजोर भइसक्यो ।**

(औ) शब्द भण्डार खण्डको अभ्यास ३ मा आधारित भई पाठबाट पारिभाषिक शब्द पहिचान गर्न लगाउनुहोस् र ती शब्दको अर्थमाथि छलफल गराई लेख्न लगाउनुहोस्, जस्तै :

वादविवाद : कुनै विषयको तत्त्व निरूपणका निम्ति आफ्ना विचारको समर्थन र विपक्षीका विचारको खण्डन गरी गरिने छलफल

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको उच्चारण गर्न लगाउनुहोस् :

सम्प्रेषण, पर्यटक

(ग) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

समझदारी, वेशभूषा

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# तेस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौनपठन<br>• पाठको विषयवस्तु वर्णन तथा सन्देश लेखन<br>• बोध प्रश्नोत्तर | • अवसरको सदुपयोग दैनिकीको पाठ मौनपठन गर्न<br>• पाठको विषयवस्तु वर्णन गर्न<br>• पाठले व्यक्त गरेको सन्देश लेख्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • मूल सन्देश लेखिएको नमुना पत्र<br>• बोध प्रश्नको सूची<br>• प्रश्नअनुकूलका उत्तरका नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै चुट्किला, कथा, सान्दर्भिक तथा अर्थपूर्ण भनाइ आदि भन्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् र विद्यार्थीलाई पनि यस्तै रमाइला सन्दर्भ भन्ने अवसर दिनुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुबारे जानकारी गराई कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) अवसरको सदुपयोग दैनिकीको पाठ धारणा बुझ्ने गरी मौनपठन गर्न लगाउनुहोस् र हरेक विद्यार्थीले अध्ययन गरे नगरेको निरीक्षण गरी आवश्यक सुझावसहित पढाइमा प्रेरित गर्नुहोस् ।

(आ) मौनपठनको कार्य सकिएपछि बोध तथा अभिव्यक्ति खण्डको अभ्यास २ मा आधारित भई पाठको विषयवस्तुका बारेमा मौखिक छलफल गराउनुहोस् ।

(इ) मौखिक छलफलपछि बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ९ का क्रियाकलापतर्फ केन्द्रित गर्नुहोस् र विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी पाठबाट प्राप्त सन्देशमाथि छलफल गराई शिक्षकले तयार पारी ल्याएको मूल सन्देश लेखिएको नमुना पत्र प्रदर्शन गनुहोस् र त्यसमा छलफल गराउनुहोस् ।

(ई) छलफल सकिएपछि सोही नमुनाका आधारमा पाठको मूल सन्देश लेख्न लगाउनुहोस् । (यस क्रियाकलापलाई गृहकार्यको रूपमा दिई भोलिपल्टको कक्षामा मूल्याङ्कन गर्नुहोस् ।)

(उ) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ३ का क्रियाकलापतर्फ केन्द्रित गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(ऊ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस्, जस्तै :

(क) दैनिकीमा कति दिनका विषयवस्तु समावेश छन् ?

उत्तर : दैनिकीमा तीन दिनका विषयवस्तु समावेश छन् ।

(ऋ) प्रत्येक प्रश्नको अभ्यास यसरी नै गराउँदै विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी  आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ए) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप प्रश्न र उत्तरका सूची प्रदर्शन गरी प्रश्नोत्तरसम्बन्धी थप अभ्यास गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ३. का प्रश्न सोधी मौखिक रूपमा उत्तर दिन लगाउनुहोस् ।

(ख) पाठको मूल सन्देश मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# चौथो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • व्याख्या<br>• सङ्क्षिप्त उत्तरात्मक प्रश्न | • पाठमा प्रयुक्त सन्देशमूलक महत्त्वपूर्ण भनाइ वा वाक्य पहिचान गर्न<br>• पाठका आधारमा निर्देशित पङ्क्तिको व्याख्या गर्न<br>• पाठ्य दैनिकीका आधारमा सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न | • व्याख्याका लागि निर्देशित वाक्य वा भनाइको सूची<br>• व्याख्याको संरचना जनाउने तालिका<br>• व्याख्याको नमुना<br>• सङ्क्षिप्त प्रश्नको सूची<br>• उत्तरको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै प्रेरक व्यक्तिको प्रेरणादायक भनाइ सुनाएर त्यस भनाइले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) पाठमा रहेका सन्देशमूलक महत्त्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्न सिकाउनुहोस् । यस क्रममा यस्ता भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुराको जानकारी गराउँदै टिपोट गराउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग पनि गर्नुहोस् ।

(आ) विद्यार्थीले टिपोट गरेका वाक्यलाई मध्यनजर गर्दै शिक्षकले पाठमा रहेका महत्त्वपूर्ण भनाइलाई टिपोट गरिएका वाक्य वा भनाइको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) मलाई लाग्छ, आफ्नो रुचिको विषयमा लगनशील भएर मिहिनेत गर्ने हो भने पक्कै पनि सफल भइन्छ ।

(ख) अवसर एकै स्थानमा बसिरहँदैन, यो उडेर अन्यत्र गइरहन्छ ।

(ग) हाम्रो देश जातीय विविधताभित्र एकता भएको देशको ज्वलन्त उदाहरण हो ।

(इ) माथिका मध्ये कुनै एक भनाइको भावार्थ खुल्ने बुँदा प्रस्तुत गर्नुहोस्, जस्तै :

**माथिका दैनिकीको अंशमध्ये तेस्रो अंशको व्याख्याका लागि बुँदा :**

- कक्षा सातको पाठ्यपुस्तकमा समावेश भएको 'अवसरको सदुपयोग' शीर्षकको दैनिकीबाट साभार गरिएको अंश
- पाठ्यपुस्तक लेखक समूहबाट तयार पारिएको
- दैनिकीको यो अंश दीपा कार्कीले लेखेको तेस्रो दिनको दैनिकीमा इन्द्रजात्राको अवलोकन गर्न जाँदा भनेकी
- तेस्रो दिनको दैनिकीअनुसार दीपा र उनको परिवार इन्द्रजात्रा हेर्न काष्ठमण्डप गएका
- उनीहरूले इन्द्रजात्राका बारेमा धेरै जानकारी पनि हासिल गरेका
- दीपाले त्यहाँ इन्द्रजात्रा मनाउन आएका विविध वेशभूषामा सजिएका मानिस देखेकी
- उनलाई हाम्रो देश जातीय विविधताभित्र एकता भएको देशको ज्वलन्त उदाहरण हो भन्ने कुरा महसुस भएको
- उनलाई यहाँका मानिस हरेक संस्कृति मिलजुली मनाउँदा रहेछन् भनेर विदेशीमा पनि सन्देश पुग्दो रहेछ भन्ने लागेको
- यस्ता सांस्कृतिक विविधतासम्बन्धी किताबमा पढेका कुरा आज प्रत्यक्ष देख्न पाउँदा उनलाई निकै खुसी लागेको
- यस्तो विविधता भएको देशमा जन्मेर यस देशको नागरिक हुन पाएकामा उनलाई गर्वको अनुभूति भएको

(ई) विद्यार्थीलाई माथिको ग न. अंश पाठमा हेर्न लगाई पाठको विषयवस्तुसँग संयोजन गरी उपर्युक्त बुँदा समेटी भावविस्तार गर्न सिकाउनुहोस् । यसका लागि शिक्षकले तयार गरेको व्याख्याको संरचना जनाउने तालिका वा बुँदाको सूचीसमेत प्रयोग गर्नुहोस् ।

(उ) व्याख्याको प्रक्रिया सिकाउँदा निर्दिष्ट अंशमा अभिव्यक्त विषयवस्तुको श्रृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई जोड्दै मौखिक रूपमा भावविस्तार गर्ने अभ्यास गराउनुहोस् ।

(ऊ) माथिका व्याख्याका बुँदा र व्याख्याको प्रक्रियालाई अन्तर्सम्बन्धित गर्दै भावविस्तार लेखनको नमुना प्रदर्शन गर्नुहोस् ।

**नमुना व्याख्या**

"हाम्रो देश जातीय विविधताभित्र एकता भएको देशको ज्वलन्त उदाहरण हो ।"

'अवसरको सदुपयोग' दैनिकीको यो अंश दीपा कार्कीले तेस्रो दिनको दैनिकीमा इन्द्रजात्राको अवलोकन गर्न जाँदा भनेकी हुन् । तेस्रो दिनको दैनिकीअनुसार दीपा र उनको परिवार इन्द्रजात्रा हेर्न काष्ठमण्डप जान्छन् । त्यहाँ उनीहरूले इन्द्रजात्राका बारेमा धेरै जानकारी पनि हासिल गर्छन् । दीपाले त्यहाँ इन्द्रजात्रा मनाउन आएका विविध वेशभूषामा सजिएका मानिस देख्छिन् । त्यस वेला उनलाई हाम्रो देश जातीय विविधताभित्र एकता भएको देशको ज्वलन्त उदाहरण हो भन्ने कुरा महसुस हुन्छ । उनलाई यहाँका मानिसले हरेक संस्कृति मिलजुली मनाउँदा रहेछन् भनेर विदेशीमा पनि सन्देश पुग्दो रहेछ भन्ने लाग्छ । यस्ता सांस्कृतिक विविधतासम्बन्धी किताबमा पढेका कुरा आज प्रत्यक्ष देख्न पाउँदा उनलाई निकै खुसी लाग्छ । यस्तो विविधता भएको देशमा जन्मेर यस देशको नागरिक हुन पाएकामा उनलाई गर्वको अनुभूति भएको छ । हाम्रो देश जातीय विविधताले भरिएको छ । जातीय विविधता भए पनि समग्रमा हामी नेपाली भएकोमा गर्व गर्छौं । तसर्थ विविधताभित्रको एकता नै हाम्रो सांस्कृतिक पहिचान हो ।

विविध पहिचानका आधारमा हाम्रो देश विश्वमै उदाहरणीय बनेको छ । यस्ता सांस्कृतिक विविधता जस्ता कुराहरू किताबमा मात्र होइन, बालबालिकालाई प्रत्यक्ष रूपमा सहभागी गराएर बुझ्ने अवसर दिनुपर्छ भन्ने विचारलाई उक्त गद्यांशले प्रस्ट पारेको छ ।

(ऋ) विद्यार्थीले अगिल्लो क्रियाकलापमा खोजेका दैनिकीको कुनै महत्त्वपूर्ण अंशको भाव व्यक्त गर्ने बुँदा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी व्याख्या गर्न लगाउनुहोस् । विद्यार्थीले व्याख्या लेख्दै गर्दा त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) पाठ्य दैनिकीको कुनै गहन भनाइसम्बद्ध व्याख्याको बुँदा प्रदर्शन गरी सम्बन्धित भनाइ वा वाक्य पहिचान गर्न लगाउनुहोस् र यस्तै किसिमका थप अभ्यास गराई व्याख्या लेखनसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ऐ) विद्यार्थीलाई समावेशी आधारमा आवश्यक समूहमा विभाजन गर्नुहोस् ।

(ओ) सङ्क्षिप्त उत्तर आउने प्रश्नको सूची प्रदर्शन गरी कुनै एक प्रश्नको नमुना उत्तर प्रदर्शन

गर्नुहोस् । प्रदर्शन गरिएका प्रश्नको उत्तर लेख्ने तरिकाबारे छलफल गराई प्रत्येक समूहलाई एक एकओटा प्रश्न दिई उत्तर लेख्नका लागि प्रेरित गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् । प्रत्येक समूहलाई आफूले लेखेको उत्तर प्रदर्शन गरी पढेर सुनाउन लगाउनुहोस् ।

(औ) विद्यार्थीलाई पाँच समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ मा दिइएका एक एकओटा प्रश्न वितरण गरी प्रश्नका आधारमा उत्तर लेख्ने अभ्यास गर ाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । पालैपालो उत्तर भन्न लगाई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठबाट कुनै दुईओटा महत्त्वपूर्ण भनाइ टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा आधारित भई दिइएका वाक्यको भावविस्तार गर्न लगाउनुहोस् । (यस अभ्यासलाई गृहकार्यको रूपमा दिई भोलिपल्टको कक्षामा मूल्याङ्कन गर्नुहोस् ।)

(ग) विद्यार्थीलाई दुईओटा समूहमा बाँडी बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ मा आधारित भई पालैपालो प्रश्न सोध्ने र मौखिक रूपमा उत्तर दिने अभ्यास गराउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • घटना टिपोट र सार लेखन<br>• लामो उत्तर लेखन | • पाठ्य विषयवस्तु सुनी मुख्य मुख्य घटना टिपोट गर्न<br>• टिपोट गरिएका मुख्य मुख्य घटना( जन्य बुँदालाई समेटी सार लेख्न<br>• पाठमा आधारित निर्देशित प्रश्नको लामो उत्तर लेख्न | • पाठको मुख्य मुख्य घटना टिपोट गरिएको सूची<br>• सारको नमुना<br>• लामो उत्तर आउने प्रश्नको सूची<br>• लामो उत्तरको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइलो घटना वा विषयवस्तु प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी आधारमा तीन समूहमा विभाजन गर्नुहोस् ।

(आ) शिक्षकले पाठलाई सस्वरवाचन गरी सुनाउनुहोस् र विद्यार्थीको तीनओटा समूहलाई यस दैनिकीका तीन दिनका घटनालाई अलग अलग भूमिका दिई मुख्य मुख्य घटनालाई शिक्षकले वाचन गर्दागर्दै रेखाङ्कन गर्न लगाई ती घटना टिपोट गर्न लगाउनुहोस् र विद्यार्थीले महत्वपूर्ण घटना टिपोट गर्न सके नसकेको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) घटना टिपोटको काम सकिएपछि विद्यार्थी समूहलाई पालैपालो सुनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषणसहित आफूले टिपोट गरेर ल्याएको घटनाको सूची प्रदर्शन गर्नुहोस् ।

(ई) टिपोट गरिएका मुख्य घटनालाई समेटेर सार लेख्ने तरिका र संरचनाको बारेमा आवश्यक छलफल गराउनुहोस् र आफूले तयार पारी ल्याएको सारको नमुना प्रस्तुत गर्नुहोस् ।

(उ) विद्यार्थीलाई पनि समूहगत रूपमा यसै नमुनाअनुसार सार लेख्न लगाउनुहोस् र विद्यार्थी समूहले तयार पारेका सार लेखनलाई पालैपालो सुनाउन लगाउनुहोस् । अन्य विद्यार्थीलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऊ) विद्यार्थीलाई दुई समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का प्रश्नलाई एक एकओटा समूहमा बाँड्नुहोस् र विद्यार्थीलाई पाठ पढी ती प्रश्नको उत्तर समेट्ने खालका बुँदा तयार गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहयोग र निर्देशन प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीले तयार पारेका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । तिनै बुँदालाई समेटेर मौखिक रूपमा लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् । विद्यार्थीलाई मौखिक रूपमा उत्तर भन्न लगाउनुहोस् ।

(ए) प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस्, जस्तै :

'अवसरको सदुपयोग' पाठमा 'म' पात्रले समयको सदुपयोग कसरी गरेकी छन्, लेख्नुहोस् ।

**उत्तर :** फुर्सदको समयलाई कुनै सिर्जनात्मक काममा लगाउने कार्यलाई अवसरको सदुपयोग भनिन्छ । यस पाठमा दीपाले आफ्नो फुर्सदको समयलाई विविध सिर्जनात्मक कार्य र भ्रमण अवलोकन गरेर अवसरको सदुपयोग गरेकी छिन् ।

पहिलो दिनको दैनिकीमा 'म' पात्रको विद्यालयमा अतिरिक्त क्रियाकलापअन्तर्गत चित्रकला प्रतियोगिता र प्रदर्शनीको आयोजना गरिएको थियो । उक्त प्रतियोगिताको निर्णायकमा चित्रकारलाई बोलाइएको र उनले बनाएको चित्रले सबैको ध्यान आकर्षित गरेको थियो । निर्णायकले अवसरको चित्रमार्फत समयको महत्त्व प्रष्ट्याएका थिए । चित्र प्रदर्शनीपछि चित्रकलाको नतिजा आएको र त्यसमा 'म' पात्र प्रथम भएकी थिइन् । त्यस्तै दोस्रो दिन पदयात्रा गरेर 'म' पात्रले समयको सदुपयोग गरेको देखिन्छ । पदयात्राको गन्तव्य काठमाडौं उपत्यकाको शिवपुरी नागार्जुन राष्ट्रिय, निकुञ्जअन्तर्गत पर्ने तारकेश्वर क्षेत्रमा पदयात्रा र तारकेश्वर मन्दिरको दर्शन गर्नु थियो । त्यहाँ उनले जहाँ सद्भावना र हार्दिक मित्रता छ त्यहाँ जस्तो परिस्थितिमा पनि आनन्दको अनुभव हुन्छ । तसर्थ जुन ठाउँमा सद्भावना, मेलमिलाप र सहकार्य हुन्छ त्यस्तो परिवार वा समाजको समूहमा सबै खुसी र सुखी हुन्छन् भन्ने कुरा सिक्ने अवसरसमेत पाइन् । तेस्रो दिन 'म' पात्रले इन्द्रजात्रा हेरेर समयको सदुपयोग गरिन् । त्यहाँ उनीहरूले इन्द्रजात्राको बारेमा धेरै जानकारी पनि हासिल गर्छन् । इन्द्रजात्रा हेर्नका लागि त्यहाँ दीपाले विविध वेशभूषामा उपस्थित भएका मानिसहरू देख्छिन् । त्यसबेला उनलाई हाम्रो देश जातीय विविधताभित्र एकता भएको देशको ज्वलन्त उदाहरण हो भन्ने प्रत्यक्ष महसुस गर्ने अवसर मिलेको थियो ।

अत: 'अवसरको सदुपयोग' पाठमा 'म' पात्रले समयको सदुपयोग गरिन् जसले गर्दा उनलाई व्यावहारिक ज्ञान प्राप्त गर्नुका साथै मनोरञ्जनसमेत गर्ने अवसर प्राप्त भयो । म पात्रले जस्तै हामीले पनि कुनै काम गर्न अनुकूल स्थिति वा मौका आउँदा सिर्जनात्मक कार्यमा आफूलाई लगाई अवसरको सदुपयोग गर्नुपर्छ ।

(ऐ) यसै नमुनालाई आधार मानी दुवै प्रश्नको उत्तर अगि विद्यार्थीले टिपोट गरेका बुँदाका आधारमा लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीसमूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् र सबै विद्यार्थीमाझ आवश्यक छलफल गराई पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दैनिकीका मुख्य मुख्य घटना भन्न लगाई त्यसको सारसमेत मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् ।

(ख) तलका प्रश्नको लामो उत्तर लेख्न लगाउनुहोस् :

(अ) यस दैनिकीले दिन खोजेको सन्देशमाथि विवेचना गर्नुहोस् ।

(आ) यस पाठमा म पात्रले अवसरको सदुपयोग कसरी गरिन् ? लेख्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दैनिकी लेखन | • दैनिकीको संरचना बताउन<br>• निर्दिष्ट शीर्षकमा एक दिनको दैनिकी लेख्न | • दैनिकीको संरचना जनाउने तालिका<br>• दैनिकीको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै दिनको रमाइलो क्रियाकलापलाई समेटी एक दिनको दैनिकी सुनाई विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) कक्षामा प्रवेश गर्दैगर्दा शिक्षकले भने जस्तै गरी विद्यार्थीलाई पनि आफ्नो कुनै रमाइलो दिनको क्रियाकलाप समेटी दैनिकी भन्न लगाउनुहोस् ।

(आ) शिक्षकले तयार पारी ल्याएको दैनिकी लेख्ने तरिका जनाउने सूचीपत्र प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा रहेको संरचनाबारे छलफल गराउनुहोस् र अगि आफूलो भनेको दै निकीमा ती विषयवस्तु रहेको वा नरहेको तुलना गर्न लगाउनुहोस् जस्तै :

### दैनिकी लेख्ने तरिका

१. दैनिकी लेख्दा पेजको सिरानमा शीर्षक लेखी बायाँतिर सुरुमा दैनिकी लेख्ने व्यक्तिले आफूले जुन ठाँउमा बसी सो दैनिकी लेखेको हो त्यस ठाँउको ठेगाना छोटकरीमा लेख्नुपर्छ ।

२. ठेगानाको ठिक मुनि दैनिकी लेखेका दिनको पूरा मिति लेख्नुपर्छ ।

३. मितिको ठिक मुनि दैनिकी लेख्ताको समय लेख्नुपर्छ, जस्तैः

सामाखुसी काठमाडौं,

२०७६/१२/२७ गते

रातको ८ बजे

४. ठेगाना, मिति र समय खुलाइसकेपछि दैनिकीका मुख्य भागको लेखाइ सुरु हुन्छ । त्यस क्रममा दैनिकी लेख्नेले आफूले सम्बन्धित दिनमा गरेका मुख्य मुख्य काम कुराको सिलसिलाबारे वर्णन एक वा आवश्यकताअनुसार एकभन्दा बढी अनुच्छेदमा गर्नुपर्छ ।

५. जुन ठाँउ, मिति र समयमा दैनिकी लेखिन्छ त्यही ठाँउ, मिति र समयको सेरोफेरोमा रही अरू ठाँउ बितेका वा आउँदा दिन र समयका बारेमा पनि केही सङ्केत गर्न सकिन्छ ।

६. दैनिकी कुनै व्यक्तिले एक दिनभरमा गरेका कामकुराका बारेमा आफैँले गरेको बयान हो । त्यसैले दैनिकी लेख्नेले आफूलाई "म" का रूपमा उपस्थित गराई प्रथम पुरुषका कथन (ऊ) ढाँचामा लेख्नुपर्छ ।

(इ) शिक्षकले यसै संरचनामा आधारित भई तयार पारेको लिखित दैनिकीको नमुना प्रदर्शन गरी त्यस दैनिकीमा रहेका शीर्षक, स्थान वा ठेगाना, मिति र दिनभरिका क्रियाकलाप उल्लेख गर्नुपर्ने विषयमा छलफल गराउनुहोस्, जस्तै :

### दैनिकी

लकडाउनको १६ औं दिन

स्थान : सामाखुसी, काठमाडौँ

मिति : २०७६/१२/२६ गते बुधबार

समय : रातको ९:३०बजे

उषाका गाला मुसार्दै उदाएका सूर्यदेवले आफ्ना बालकिरणद्वारा हिमालयको कञ्चन मुहारलाई सुम्सुम्याइरहेका बेला म बिहानको ६ बजे उठ्ने तरखर गर्दै थिएँ । विश्वमा

फैलिएको कोरोना भाइरसको महामारीले सिर्जना गरेको परिस्थितिमा सरकारले गरेको लकडाउनको १६ औँ दिन आज ।

वसन्त ऋतुका बिहानी चरा चिरिबिरी गरी अँध्यारोलाई लखेटेर उज्यालाको स्वागतमा रमाइरहेका रहेछन् । त्यति धेरै जाडो नभए पनि सिरकको न्यानोले ननिस्किन गरेको अनुरोधलाई शरीरले स्वीकारे पनि मनले मानेन र म नित्यकर्मका लागि निस्कें । नित्यकर्म सिध्याई भान्साकोठामा जाँदा आमाको न्यानो माया मिसिएको चियाले मलाई पर्खेर बसेको रहेछ । मैले चिसिएर रिसाएको चिया पिएँ र आमालाई भान्साको काममा सघाएँ ।

बिहानको खाजा खाइसकेपछि ७ बजे बुबा, आमा र म समाचार हेर्न टिभीको नजिक गयौँ । कोरोना भाइरसले संसारका सम्पन्न देशमा पारेको प्रभाव र नेपालमा यससम्बन्धी भएगरेका घटनाका बारेमा हेर्‍यौँ । टिभीमा समाचार हेरिसकेपछि बुबाले हिजो नै बनाएको तालिकाअनुसारको काममा लाग्न अग्रसर भयौँ । बिहान ११ बजे खाना खाने, खाना पकाउँदा बाबाले तरकारीको बन्दोबस्त गर्ने, मैले आमाको काममा सहयोग गर्नुका साथै आलुको अचार बनाउने काम गरेँ । खाना खाइसकेपछि एकै छिन आराम गर्‍यौँ । त्यसपछि मेरो विद्यालयले हाम्रा लागि गर्ने काम भनी आफ्नो अनलाइन पेजमा राखेको परियोजना कार्य गर्नतर्फ लागेँ । अङ्ग्रेजी र नेपाली दुवै विषयसँग सम्बन्धित "हाम्रो विद्यालय" र "विद्यार्थी जीवनमा अनुशासनको महत्त्व" शीर्षकमा निबन्ध लेख्न थालेँ । निबन्ध लेख्दा ध्यान पुर्‍याउनुपर्ने विषयमा यससँग सम्बन्धित जानकारी लिने काम गरेँ । यस कार्यमा बुबाले मलाई सहयोग गर्नुभयो । दुईओटा शीर्षकमा निबन्ध लेखिसिध्याउँदा दिउँसोको ४ बजेछ । मैले मेरो काम सक्ने बित्तिकै आमाले बनाउनुभएको मिठो खाजा रोटीतरकारी हामी सँगै बसेर खायौँ । त्यसपछि मैले लेखेका निबन्ध आमाबुबालाई सुनाएँ । उहाँहरू निकै खुसी हुनुभयो ।

आज आमाले विगतका आफ्ना अनुभव सुनाउने पालो थियो । आमाको विगत सुन्न पाउँदा म ज्यादै खुसी भएँ । आमाबुबासँग बसेर ज्ञानगुनका कुरा सुन्न पाएकामा मैले आफूलाई भाग्यमानी सम्झिएँ । बेलुकाको खानाको तयारीमा आमालाई बुबाले सघाउँदै गर्दा म पनि त्यसमा सहभागी भएँ । खाना बनाएर सक्दा ८:३० बजेछ अनि हामीले सँगै खाना खायौँ । खाना खाएपछि एकैछिन टिभी हेर्‍यौँ । त्यसपछि म आफ्नो कोठामा गई यो दैनिकी लेख्न थालेँ । दैनिकी लेखेर सिध्याउँदा रातको १०:३० बजेछ । अनि मिठो निद्रामा लुटपुटिन न्यानो सिरकभित्र पसेँ ।

(ई) विद्यार्थीलाई माथिको नमुना र संरचनाका बारेमा जानकारी दिइसकेपछि त्यसै संरचनामा आधारित भई बोध र अभिव्यक्तिअन्तर्गतको अभ्यास ८ मा निर्देश गरिएअनुसारको दैनिकी तयार गर्न लगाउनुहोस् ।

(उ) दैनिकी लेख्दै गर्दा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) दैनिकी तयार भएपछि विद्यार्थीलाई आआफूले तयार गरेको दैनिकी कक्षामा सुनाउन लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले आफ्नो रचना सुनाइसकेपछि तुरुन्तै उक्त रचनामाथि सामूहिक छलफल गराई राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्ष केलाउन लगाउनुहोस् ।

(ए) विद्यार्थीलाई आवश्यक सहजीकरण गर्दै पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) निबन्ध लेखन गर्दा कुन कुन पक्षलाई समावेश गर्नुपर्छ ? जस्ता प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

(ख) सरस्वती पूजाको दिनमा गरेका क्रियाकलापलाई समेटी एक दिनको दैनिकी लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# सातौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पठनबोध<br>• भाषिक प्रकार्य (निष्कर्षात्मक अभिव्यक्ति) | • निर्देशित पाठ मौनपठन गरी भावबोध गर्न<br>• पठित पाठको निष्कर्ष लेख्न वा कक्षामा सुनाउन | • छोटा कथा वा कथाका अंश<br>• निष्कर्षपूर्ण अभिव्यक्तिको परिचय तालिका<br>• निष्कर्षपूर्ण अभिव्यक्तिको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले सर्वप्रथम आफूले पढेको कुनै कथाको रोचक अंश सुनाई त्यसको निष्कर्ष वा सन्देश पनि सुनाउनुहोस् र विद्यार्थीलाई पनि आफूले पढेका कथाको निष्कर्ष भन्न लगाई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई आवश्यक समूहमा विभाजन गर्नुहोस् ।

(आ) प्रत्येक समूहलाई शिक्षकले तयार पारी ल्याएका कथाका पाठ एक एकओटा पर्ने गरी वितरण गर्नुहोस्, जस्तै :

### हाम्रा सपना

मोते देब्रे हातले कपाल कन्याउँदै आफ्ना बाबुको अगाडि पुग्छ र भन्छ "ए बाउ !......."

अनि चुप लाग्छ र बाबुको उत्तरको प्रतीक्षामा हुन्छ । बाबुको कुनै प्रतिक्रिया नआएपछि एक्लै बर्बराउन थाल्छ, बाउ ! पाखाबारीकी लीलाको कस्तो राम्रो मोबाइल छ ? त्यसमा त टाढा टाढाका मान्छेसँग बोल्न हेर्न र मोबाइलमै खेल्न पनि मिल्दो र'छ ।

बाबुले जवाफ दिन्छन् "त्यो त हामीभन्दा धेरै टाढाको कुरा हो बाबु ! तँ अहिले राम्ररी पढ् । म कामतिर लागेँ ।"

मोतेको मनमा अनेकौँ सपना थिए तर बाबुले त्यति ध्यान दिएनन् । मोते बाबु गएको बाटोतिरै दौडेर गई फेरि सम्बोधन गर्छ "बाउ ! पढ्न पनि त मोबाइल चाहियो नि ! सबै साथीहरू मोबाइलमै पढ्दै छन् क्यारे ।"

मोतेका बा सुनेको नसुन्यै गरी आफ्नो कामतर्फ लागे र बेलुका घर आए ।

मोते ज्वरोको रनामा बर्बराइरहेको थियो "मोबाइलमा पढ्न मलाई पनि रहर छ बाउ !

बाबुका आँखा रसिला भए । बरर आँसु झारेर आफ्नो भाग्यलाई पटक पटक धिक्कारे । छोराको निधार छामे । पानीपट्टी गरिदिए । बिहान उठ्दा पनि ज्वरो ओर्लने कुनै छाँटछन्द थिएन ।

मोतेलाई निकै गाह्रो भएको महसुस गरी मोतेका बाले घरका सम्पूर्ण काम छाडेर उसलाई गाउँको अस्पतालसम्म पुऱ्याए । भदौरे झरी बर्सिरहेको थियो । अस्पतालको शय्यामा पनि मोतेले मोबाइलकै कुरा बारम्बार गरिरह्यो । हिजो मात्र मोतेका बाले महिनाभरि काम गरेर आएको पारिश्रमिकबापतको आठ हजार रूपैँयाँ आफ्नो कमिजको भित्री खल्तीमा राखेका थिए । एक पटक निकाले, हेरे र फेरि छोराको अनुहार हेरे । आफैँले छोराको अनुहारमा खुसी देखे ।

उता मोते पनि "बाउ ! मलाई मोबाइल किन्दिनुस् म निको हुन्छु बिरामी भएर तपाईंलाई दु:ख दिन्न" भनी ज्वरोकै सुरमा बर्बराइरहेको थियो ।

छोराको खुसी खोज्न मोतेका बा मोतेसँग केही क्षणमा फर्कने बाचा गरी बजारतर्फ लागे । निरोधार पानी परिरहेको थियो । मोतेका बाले आफ्नो खुसीलाई मारेर मोते को खुसीका लागि डेढ घण्टाको पैदल दुरीमा रहेको बजारसम्म गएर मोबाइलबाटै पढ्न मिल्ने, भएमध्येको सस्तो मोबाइल किनिदिए । आउँदो महिना गाँसको जो हो गर्नका निम्ति कमाएको सम्पूर्ण पैसा छोराको खुसीका लागि खर्च गरेर पनि फुर्तीसाथ भदौरे झरीमा अस्पतालतर्फ मोतेका बा लम्किरहेका थिए । उनले चालेका पाइलामाथि अचानक बाटोमाथिको ठुलो थुम्को धस्सिएर आयो । मोतेका सम्पूर्ण सपनासँगै उसका बा पनि त्यही भदौरे झरीसँगै झरेको माटाको ढिस्कोमा विलीन भए । (स्रोत : लघुकथाको सुगन्ध, राजेन्द्रप्रसाद रिमाल)

(इ) आफ्नो समूहलाई परेको कथाको पाठ बुझ्ने गरी मौनपठन गर्न लगाउनुहोस् । विद्यार्थीले पढेनपढेको निरीक्षण गरी पढाइप्रति उत्प्रेरित गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) मौनपठन गरिसकेपछि विद्यार्थीलाई कुनै पनि पाठको निष्कर्ष व्यक्त गर्न सकिने र त्यस निष्कर्षबाट हुने फाइदाका बारेमा बताउँदै निष्कर्षपूर्ण अभिव्यक्तिको परिचय तालिका प्रदर्शन गरी त्यसमा छलफल गराउनुहोस्, जस्तै :

- निष्कर्ष समयको सदुपयोग गर्ने माध्यम
- लामो विषयवस्तुलाई छोटकरीमा व्यक्त गर्न सकिने
- निबन्धमा सुरुमा परिचय, बिचमा विषय विस्तार र अन्त्यमा निष्कर्ष वा उपसंहार हुनैपर्ने
- कुनै विषयमा बोल्दा वा लेख्दा अन्तिममा निष्कर्षपूर्ण अभिव्यक्ति दिनुपर्ने
- यसरी लेख्दा वा बोल्दा अन्त्यमा आउने निचोड नै निष्कर्ष हो ।

(उ) माथिको परिचय तालिकामा छलफल सकिएपछि बोध र अभिव्यक्ति खण्डको अभ्यास १० को निर्देशनलाई सामूहिक रूपमै राम्ररी पढ्न लगाउनुहोस् ।

(ऊ) यस अगि छलफल गरिएका विषयवस्तुका आधारमा अगि समूहमा पढेको पाठको सामूहिक रूपमै निष्कर्ष वाक्य लेख्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले तोकिएको कार्य सम्पन्न गरेपछि लेखिएको निष्कर्ष पालैपालो सुनाउन लगाउनुहोस् र शिक्षकले पनि तीमध्ये कुनै एक पाठको निष्कर्ष वाक्य लेखिएको तालिका प्रदर्शन गरी थप सहजीकरण गर्नुहोस्, जस्तै :

**माथिको कथाको निष्कर्ष**

गरिबीमा पिल्सिएका व्यक्तिको पनि चाहना अन्य साधारण व्यक्ति सरहकै हुन्छ । उनीहरूले पनि आफ्ना छोराछोरीलाई सुखी र खुसी राख्न चाहन्छन् । आफ्नो गाँस काटेरै भए पनि सन्तानको खुसीमा रमाउन चाहन्छन् तर तिनै गरिबमाथि आर्थिक भार त हुन्छ नै प्रकृति पनि निष्ठुरी बनेर कालको रूपमा आइदिन्छ ।

(ए) बोध र अभिव्यक्ति खण्डको अभ्यास १० मा आधारित भई दिएको सन्दर्भका आधारमा आफूले पढेको कुनै कथाको निष्कर्ष सुनाउन लगाउनुहोस्

## ३. मूल्याङ्कन

(क) पाठको कुनै अनुच्छेद निर्देश गरी पढ्न लगाउनुहोस् र निष्कर्ष भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# आठौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ ९)<br>• सिर्जना र परियोजना कार्य (कविता पुरण र रचना) | • सुनाइ पाठ ९ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट शीर्षकमा निर्देशित कविता पुरण गर्न<br>• सोधखोज र प्रस्तुतीकरण गर्न | • सुनाइ पाठका लागि श्रव्य सामग्री<br>• कविताका श्लोक पत्ती<br>• अपुरो कविता<br>• आमाबुबाको सम्मानमा गरिने क्रियाकलापको सूची |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई छोटो क्रियाकलाप गराएर मस्तिष्क मन्थन गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुको छोटो स्मरण गराई आजको पाठ्यवस्तुबारे छलफल सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई तीन समूहमा विभाजन गरी संयोजक/विस्मयादिबोधक/निपात भनी समूहको

नामकरण गर्नुहोस् ।

(आ) प्रत्येक समूहलाई आआफ्नो समूहको नामअनुसारका पाँच पाँचओटा संयोजक/विस्मयादिबोधक/निपात शब्द टिपोट गर्न लगाउनुहोस् ।

(इ) प्रत्येक समूहले टिपोट गरेका संयोजक/विस्मयादिबोधक/निपात शब्द पालैपालो भन्न लगाई आवश्यक छलफल गराउनुहोस् र शिक्षकले तयार पारी ल्याएको संयोजक/विस्मयादिबोधक/निपात शब्दको सूची प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(ई) विद्यार्थीलाई तिनै प्रदर्शन गरिएका शब्दलाई सामूहिक रूपमै वाक्यमा प्रयोग गर्न प्रेरित गर्नुहोस् ।

(उ) विद्यार्थीले वाक्यमा प्रयोग गरिसकेपछि सामूहिक छलफल गराउँदै शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् वा वाक्यपत्तीको सहायताले सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थी समूहलाई भाषिक संरचनाअन्तर्गतको अभ्यास १, २ र ४ लाई विभाजन गरी एक एकओटा समूहलाई दिनुहोस् र निर्देशनानुसारको कार्य गर्न प्रेरित गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) विद्यार्थी समूहलाई भाषिक संरचनाअन्तर्गतको अभ्यास ३. अध्ययन गर्न लगाई आवश्यक छलफल गराउनुहोस् ।

(ए) प्रत्येक विद्यार्थीलाई भाषिक संरचनाअन्तर्गतको अभ्यास ५ तर्फ केन्द्रित गरी दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देश गर्नुहोस् ।

(ऐ) तोकिएको कार्य विद्यार्थीले पूरा गरिसकेपछि छलफलसहित शिक्षकले सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई समावेशी ढङ्गबाट पुनः दुई समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई ज्ञ वर्ण प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् र अर्को समूहलाई ग्यँ वर्ण प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(औ) दुई समूहले टिपोट टिपोट गरेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा अलग अलग तालिकामा टिपोट गर्नुहोस् । तिनै शब्दका माध्यमबाट ज्ञ र ग्यँ सम्बन्धी धारणा स्पष्ट पारिदिनुहोस् र थप जानकारीका लागि शिक्षकले तयार पारी ल्याएको ज्ञ र ग्यँ को प्रयोग भएका शब्दसूची तथा वाक्यसूची प्रदर्शन गरी छलफल गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| ज्ञानी | ग्याँनी |
| ज्ञाँस | ग्याँस |
| यज्ञ | यग्यँ |

(अं) ज्ञ र ग्यँ सम्बन्धी धारणा स्पष्ट पार्न वर्णविन्यास खण्डको अभ्यास ६ का आधारमा थप अभ्यास गराउनुहोस् । सिर्जना र परियोजना कार्यअन्तर्गतको अभ्यास २ मा आधारित भई विद्यार्थीलाई आफ्नो समुदायमा भएका पदयात्राका लागि उपयुक्त स्थान पहिचान गरेर आउन निर्देश गर्नुहोस् । (यस क्रियाकलापलाई गृहकार्यका रूपमा प्रयोग गर्नुहोस् )

## ३. मूल्याङ्कन

(क) दिइएका शब्दबाट संयोजक/विस्मयादिबोधक/निपात पहिचान गरी अलग अलग सूची बनाउन लगाउनुहोस् :

र, आहा, पो, त, छि, ज्या, हरे, हे भगवान्, अनि आदि

(ख) दिइएका शब्द प्रयोग गरी एक एकओटा वाक्य बनाउन लगाउनुहोस् ।

र, आहा, पो, त, छि, ज्या, हरे, हे भगवान्, अनि

(ग) कुनै एक अनुच्छेद दिई ज्ञ र ग्यँ प्रयोग भएका पाँच पाँचओटा शब्द टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# नवौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ १०)<br>• सिर्जना र परियोजना (दैनिकी लेखन र स्थान पहिचान) | • सुनाइ पाठका आधारमा प्रश्नोत्तर गर्न<br>• दैनिकी लेख्न<br>• आफ्नो समुदाय वा विद्यालय नजिकमा रहेका पदयात्रा गर्न लायक स्थानहरू पहिचान गरी सूची बनाउन | • सुनाइ पाठको श्रव्य सामग्री<br>• प्रश्न सूची, उत्तरको नमुना<br>• दैनिकीको नमुना<br>• स्थान सूची |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले आफ्नो कुनै दिनको रमाइलो दैनिकी प्रस्तुत गरी विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठका दुवै अभ्यास एक पटक राम्ररी पढ्न लगाउनुहोस् र यी अभ्यासको उत्तर सुनाइ पाठ सुनेका आधारमा मौखिक रूपमा दिनुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(इ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ १० सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउ( नलोड गरी सुनाइ पाठ कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(ई) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा खाली ठाउँमा सही शब्द चयन गरी पूर्ण वाक्यसहित उत्तर भन्न लगाउनुहोस् र एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) सहदेव सुन्दर र अनुशासित थिए ।

(ऊ) विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी प्रश्नोत्तरको अभ्यास गराउनुहोस् । विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् र एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) पाँच पाण्डवकी आमाका नाम के थियो ?

उत्तर : पाँच पाण्डवका आमाको नाम एउटीको कुन्ती र अर्कीको माद्री  थियो ।

(ए) विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ओ) शिक्षकले तयार पारेको लिखित दैनिकीको छोटो नमुना प्रदर्शन गरी त्यस दैनिकीमा

रहेका विभिन्न तत्वको जानकारी गराउनुहोस् । दैनिकीको संरचना जनाउने तालिका प्रदर्शन गरी दैनिकीमा हुनुपर्ने पक्षहरूको जानकारीसहित दैनिकीको संरचनाबारे छलफल गराउनुहोस्, जस्तै :

**दैनिकी के हो ? र यसको संरचना कस्तो हुन्छ ?**

**परिचय**

- दिनदिनै भएगरेका कुरालाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको रचना
- प्रत्येक दिन गरिएका महत्त्वपूर्ण काम भएका घटना र तिनले दिएको सन्देश समावेश गरेर दैनिकी रचना गरिने
- दैनिकी लेखनबाट आफूले पहिले गरेका कामको मूल्याङ्कन गर्दै अगि बढ्न सहयोग पुग्ने
- यसलाई बितेको समयका आधारमा भविष्यको बाटो देखाउने ऐनाका रूपमा लिन सकिने
- दिनहुँ दैनिकी रचना गर्दा पछि जीवनी तयार पार्न पनि सहज हुने

**यसको संरचना कस्तो हुन्छ ?**

१. दैनिकी लेख्दा पेजको सिरानमा शीर्षक लेखी बायाँतिर सुरुमा दैनिकी लेख्ने व्यक्तिले आफूले जुन ठाँउमा बसी सो दैनिकी लेखेको हो त्यस ठाउँको ठेगाना छोटकरीमा लेख्नुपर्छ ।

२. ठेगानाको ठिकमुनि दैनिकी लेखेका दिनको पूरा मिति लेख्नुपर्छ ।

३. मितिको ठिकमुनि दैनिकी लेख्ताको समय लेख्नुपर्छ,जस्तै : सामाखुसी काठमाडौँ

२०७६/१२/२७ गते ।

रातको ८ बजे ।

४. ठेगाना, मिति र समय खुलाइसकेपछि दैनिकीका मुख्य भागको लेखाइ सुरु हुन्छ । त्यस क्रममा दैनिकी लेख्नेले आफूले सम्बन्धित दिनमा गरेका मुख्य मुख्य काम कुराको सिलसिलाबारे वर्णन एक वा आवश्यकताअनुसार एकभन्दा बढी अनुच्छेदमा गर्नुपर्छ ।

५. जुन ठाँउ, मिति र समयमा दैनिकी लेखिन्छ त्यही ठाँउ, मिति र समयको सेरोफेरोमा रही अरू ठाँउ बितेका वा आउँदा दिन र समयका बारेमा पनि केही सङ्केत गर्न सकिन्छ ।

६. दैनिकी कुनै व्यक्तिले एक दिनभरमा गरेका कामकुराका बारेमा आफैँले गरेको बयान हो । त्यसैले दैनिकी लेख्नेले आफूलाई “म” का रूपमा उपस्थित गराई प्रथम पुरुषका कथन ढाँचामा लेख्नुपर्छ ।

(औ) अगिको उदाहरण र यस संरचना तालिकाका आधारमा विद्यार्थीलाई चार चारजनाको समूहमा विभाजन गरी सिर्जना र परियोजना कार्यअन्तर्गतको अभ्यास १ मा दिइएको आधारमा कुनै पर्वका बारेमा दैनिकी लेख्न प्रेरित गर्नुहोस् । विद्यार्थीले तोकिएको कार्य पूरा गरेपछि समूह समूहलाई प्रस्तुतीकरण गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(अं) विद्यार्थीलाई चार चार जनाको समावेशी समूहमा विभाजन गरी प्रत्येक समूहलाई अगिल्लो दिनको क्रियाकलापमा दिइएको गृहकार्यमा आधारित भई सिर्जना र परियोजना कार्यअन्तर्गतको अभ्यास २ अनुसार आफ्नो विद्यालय वा समुदाय नजिकमा रहेका पदयात्राका लागि उपयुक्त क्षेत्रको सूची बनाउन लगाउनुहोस् । विद्यार्थीले तयार गरेका स्थानसूची प्रस्तुत गर्न लगाई शिक्षकले आफ्नै वरिपरि रहेका स्थानका बारेमा स्थानीय परिवेशमा आधारित भएर सहजीकरण गर्नुहोस् जस्तै :

**आफ्नो परिवेशमा रहेका पदयात्राका लागि उपयुक्त क्षेत्रहरू :**

- ताल वा पोखरी
- जङ्गल
- नदी
- पहाड
- गोरेटो, घोडेटो बाटो
- पर्यटकीय स्थल
- सांस्कृतिक स्थल
- धार्मिक स्थल

(अः) प्रत्येक समूहलाई आफूले छलफल गरी निकालेको निष्कर्ष र यस तालिकाबिच तुलना गर्न लगाउनुहोस् र थप छलफल गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(अ) सुनाइ पाठ १० सुनाएर सुनाइ अभ्यास १ र २ को उत्तर भन्न लगाउनुहोस् ।

(आ) दैनिकी लेखन गर्दा कुन कुन पक्षलाई समावेश गर्नुपर्छ ? जस्ता प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

(इ) प्रत्येक विद्यार्थीलाई आफ्नो परिवेशमा रहेका पैदलयात्रा गर्न लायक स्थानहरू उल्लेख गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ ११

# अबोध

**विधा : कथा** **कार्यघण्टा : १०**

## परिचय

कथाकार किशोर पहाडीद्वारा लिखित 'अबोध' बाल मनोविज्ञानमा आधारित कथा हो । कथा विधा शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण गर्नु हो । तसर्थ कथा शिक्षणका क्रममा भाषिक सिपका साथै विषयवस्तुमा आधारित भई चित्र छलफल, भूमिका निर्वाह, कथाकथन, घटना वर्णन, अनुमान, कल्पना र निष्कर्ष तथा बाल मनोभावनाको कदर सहयोग लेनदेन जस्ता विषयक्षेत्र समेटी विचार प्रस्तुति जस्ता क्रियाकलाप गराउनुपर्छ ।

समयबद्ध सस्वरपठन र गतिवृद्धि, मौनपठन र बोध साथै कथाको संरचना र घटना पहिचान, पाठको विषयवस्तुबोध, प्रश्ननिर्माण तथा प्रश्नोत्तर, सन्दर्भअनुकूलको स्वाभाविक वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटनाक्रम मिलान, चरित्रवर्णन, सार लेखन, श्रुतिलेखन, तार्किक लेखन अनुकरणात्मक कथा लेखन तथा स्वतन्त्र कथा रचनालगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत पर्यायवाची शब्दको पहिचान र प्रयोग, अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत वाक्य परिवर्तनको पहिचान र प्रयोग गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत हलन्त र अजन्तको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा उत्सुकता सम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत चित्रकथा रचना तथा स्वतन्त्र कथा रचना गराउनुपर्छ । स्वतन्त्र कथा रचना र अनुभव लेखन गराउनुपर्ने हुन्छ ।

पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएको सुनाइ पाठ ११ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्य बोध<br>• धारणा निर्माण र छलफल<br>• सस्वर पठन (टेलिभिजनमा आइसक्रिमको .................... तयार भइसकेका थिए सम्म )<br>• शुद्धोचारण<br>• शब्दार्थ र वाक्य रचना | • विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित भई छलफल र प्रश्नोत्तर गर्न<br>• पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थ बोध तथा वाक्य रचना गर्न | • पूर्व पठन खण्डका तस्बिर<br>• शब्दपत्ती, अर्थपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई बालमनोवैज्ञानिक विषयवस्तुमा आधारित उत्प्रेरणात्मक लघुकथा सुनाउनुहोस् ।

(आ) विद्यार्थीलाई पनि मनोवैज्ञानिक विषयवस्तुमा आधारित लघुकथा सुनाउन प्रोत्साहन गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टर को उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएका तस्बिर प्रदर्शन गर्नुहोस् ।

(आ) प्रत्येक विद्यार्थी समूहलाई चित्रका बारेमा समूहमा छलफल गरी बताउन लगाउनुहोस् । यस क्रममा विद्यार्थीले चित्रका बारेमा थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि चित्रका बारेमा थप विषयवस्तु भन्न लगाई छलफल गराउनुहोस् ।

(इ) प्रत्येक समूहको प्रस्तुतिपश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् । प्रस्तुतिका लागि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ई) छलफलबाट निस्किएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष

सुनाउनुहोस् ।

(उ) पाठका केही अनुच्छेदलाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, भाव र हाउभाउसहित वाचन गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीलाई पाठका केही अनुच्छेद पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई शब्दपत्तीको माध्यमबाट आवश्यक सहजीकरण गर्नुहोस्, जस्तै :

| | |
|---|---|
| टेलिभिजन | /टे.लि.भि.जन्/ |
| आइसक्रिम | /आइस्.क्रिम्/ |
| विशेष | /बि.सेस्/ |

(ए) शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोधको अभ्यास गराउनुहोस्, जस्तै :

लगनशील : काममा दत्तचित्त रहने

(ऐ) यस क्रममा विद्यार्थीलाई शब्दार्थको अभ्याससँगै अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस्, जस्तै :

लगनशील : कक्षा सातका विद्यार्थी लगनशील भई आफ्नो कक्षाकार्य गर्दै छन् ।

### ३. मूल्याङ्कन

(क) पाठको पूर्व पठन खण्डमा भएका चित्रका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई तलका शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

आइसक्रिम, विज्ञापन, पसल, ट्वाल्ल

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (बुबा आज .... टीका लगाइदिइन् सम्म )<br>• शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्य रचना<br>• श्रुतिबोध | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको अनुच्छेदका आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर चार्ट<br>• श्रव्यसामग्री |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) पाठका अनुच्छेदलाई सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट प्रदर्शन गर्नुहोस् । शिक्षकले गति, यति, भाव र हाउभाउसहित आदर्श वाचन गरेर सुनाउनुहोस् ।

(आ) विद्यार्थीलाई पाठका निर्दिष्ट अनुच्छेद पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्दहरू भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दहरू शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले शब्दार्थ पत्तीकको प्रयोग गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) पाठको निर्दिष्ट अनुच्छेद सुनाउनुहोस् । त्यसपछि श्रुतिबोधात्मक प्रश्नोत्तरको चार्ट प्रदर्शन गरी उत्तर भन्ने अभ्यास गराउनुहोस् ।

**नमुना प्रश्न**

एक वाक्यमा उत्तर भन्नुहोस् :

(क) उदय के कारणले झस्किए ? (ख) उदयले के योजना बनाएका थिए ?

ग) उदयले छोरीलाई के भनेर बाहिर हिँडे ?

(ए) शिक्षकले यसै नमुनाका आधारमा थप श्रव्य सामग्री प्रयोग गरी श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

अभिनय, बैठक, योजना, वाक्क

(ग) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस्

(अ) उदयले छोरीको कपाल मुसार्दै के भने ?

(आ) उदयको योजना के थियो ?

(इ) उमा कहाँ खेल्न गएकी थिइन् ?

(ई) उदयलाई श्रीमतीले के भनिन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरपठन (कथाका बाँकी अनुच्छेद )<br>• शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्य रचना<br>• पठन बोध | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति, भाव र हाउभाउसहित सस्वरपठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको निर्दिष्ट अनुच्छेदबाट बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर चार्ट |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकिएका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) यही पाठसँग सम्बन्धित शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट उत्पादित सामग्रीलाई नमुनाका रूपमा प्रदर्शन गरी विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) विद्यार्थीलाई पाठका बाँकी अनुच्छेद पालैपालो गति, यति, भाव र हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा सिकाइको स्तरलाई ख्याल गरी सहपाठी सिकाइको वातावरण तयार पार्नुहोस् ।

(इ) विद्यार्थीले गरेका कार्यको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ई) विद्यार्थीलाई उच्चारणका दृष्टिले कठिन लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्दलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) शिक्षकले क्रमशः शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई सामूहिक, युगल तथा एकल रूपमा उच्चारण अभ्यास गराउनुहोस् । शब्दोच्चारणमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई अर्थबोधका दृष्टिले नयाँ लागेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थी समूहलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले शब्दार्थपत्तीको प्रयोग गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) शब्दपत्ती प्रदर्शन गर्दै पाठमा प्रयोग भएका शब्द र अर्थ बोध गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अर्थ खुल्ने गरी वाक्य भन्न तथा लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीद्वारा रचना गरिएको वाक्य मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ए) पाठको निर्दिष्ट अनुच्छेद मौनपठन गर्न लगाउनुहोस् । त्यसपछि बोधात्मक प्रश्नोत्तर को नमुना प्रदर्शन गरी अभ्यास गराउनुहोस् । यस क्रममा निम्न पक्षलाई ध्यान दिन लगाउनुहोस् ।

- अनुच्छेदलाई ध्यानपूर्वक सुन्ने
- अनुच्छेदका विषयवस्तुलाई बोध गर्ने
- प्रश्नको आशयलाई बुझ्ने
- अनुच्छेदमा उत्तर पहिचान गर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर भन्ने वा लेख्ने

**दिइएका प्रश्नका उत्तर लेख्नुहोस्**

(क) उदयको बैठक कति बजे सकियो ?

(ख) उमाले आमालाई कति बज्यो भनी सोध्नुको कारण थियो ?

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस्

(अ) उमा खुशी भएर के गरी ?

(आ) उदयलाई श्रीमतीले के भनिन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कथाको संरचना पहिचान<br>• घटनाक्रम मिलान<br>• शब्दभण्डार (पाठगत शब्दार्थ, पर्यावाची शब्द र अनुकरणात्मक शब्द) | • कथाको संरचना पहिचान गर्न<br>• घटनाक्रम पहिचान गर्न<br>• घटनाक्रम मिलाउन<br>• शब्दको अर्थ पहिचान गर्न<br>• पर्यायवाची शब्दको पहिचान र प्रयोग गर्न<br>• अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्न | • घटनाक्रम सूची<br>• शब्दपत्ती<br>• शब्दार्थपत्ती |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **सुरुआती क्रियाकलाप**

(अ) कुनै लोकगीत, कथा, चुट्किला सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि लोकगीत, कथा, चुट्किला सुनाउन प्रोत्साहन गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई अबोध कथा प्रदर्शन गरी संरचना बोध गराउनुहोस् । यस क्रममा कथाको आदि, मध्य र अन्त्य भागका मुख्य मुख्य घटना प्रदर्शन गर्नुहोस् ।

(आ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । विद्यार्थी समूहलाई कथाको आदि, मध्य र अन्त्यका घटना टिपोट गर्न लगाई कक्षामा प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् ।

(इ) शिक्षक आफूले तयार पारी ल्याएको घटनाक्रमको सूची प्रदर्शन गर्नुहोस् । यस क्रममा कथाको संरचनालाई पुनरावृत्ति गराई आदि, मध्य र अन्त्यका मुख्य मुख्य घटना देखाउनुहोस् ।

(ई) विद्यार्थीलाई पाठको अन्त्य भागका घटनाका बुँदापत्तीलाई छ्यासमिस गरी बाँड्नुहोस् । त्यसपछि आआफ्ना हातमा भएका बुँदालाई पढ्न लगाउनुहोस् ।

(उ) कथाको आदि भागको घटनाक्रमका आधारमा विद्यार्थीलाई कक्षाको अगिल्तिर क्रमशः उभिन लगाउनुहोस् । त्यसपछि क्रमैसँग कथाका घटनाहरू भन्न लगाउनुहोस् । सहभागी विद्यार्थीलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ गर्न लगाउनुहोस् । यसक्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास १ मा भएका पदावलीका नमुना प्रदर्शन गरी पदावली र अर्थबिच जोडा मिलाउन सिकाउनुहोस्, जस्तै :

विज्ञापन : समाचार

अचानक : एक्कासि

(ए) विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको अभ्यास २ का आधारमा पर्यायवाची शब्द र तिनका अर्थ प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

(क) माया : स्नेह, ममता

(ख) पैसा : धन, रकम

(ग) विद्यालय : शिक्षालय, पाठशाला

(ऐ) विद्यार्थीलाई शब्दभण्डारको अभ्यास ३ का अनुकरणात्मक शब्दको धारणा दिई उदाहरण प्रस्तुत गर्नुहोस् र अभ्यास ३ गर्न लगाउनुहोस् । आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थी समूहलाई कथाको आदि, मध्य र अन्त्यका घटना टिपोट गर्न लगाउनुहोस् ।

(ख) अभ्यास १ को शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई शब्दभण्डार अन्तर्गतको अभ्यास ३ को कापी परीक्षण गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिलेखन<br>• बोध प्रश्नोत्तर<br>• पात्र परिचय<br>• प्रश्न निर्माण र प्रश्नोत्तर | • श्रुतिलेखन गर्न<br>• एक वाक्यमा उत्तर दिन<br>• कथाका पात्रका बारेमा भन्न र लेख्न<br>• अनुच्छेद पढी प्रश्न निर्माण गर्न र उत्तर भन्न | • अनुच्छेदपत्ती<br>• प्रश्नसूची<br>• प्रश्नोत्तरपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै बाल मनोविज्ञानमा आधारित कथन सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि यस किसिमका कथन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा दिइएको कथांशको अनुच्छेद शिक्षकले भनेर विद्यार्थीलाई श्रुतिलेखन गर्न लगाउनुहोस् । यस क्रममा निम्न कुरालाई ध्यान दिन लगाउनुहोस् ।

- शब्द शब्दलाई ख्याल गर्नुपर्ने
- वर्णविन्यासलाई ख्याल गर्नुपर्ने
- लेख्य चिह्नलाई ख्याल गर्नुपर्ने
- स्पष्ट र शुद्धसँग श्रुतिलेखन गर्नुपर्ने

(आ) विद्यार्थीलाई एकआपसमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ का आधारमा एक वाक्यमा उत्तर दिन सिकाउनुहोस्, जस्तै :

(क) पाठमा कति जना पात्र छन् ?

उत्तर : पाठमा ३ जना मुख्य पात्र छन् ।

(ख) टेलिभिजनमा केको विज्ञापन आएको थियो ?

उत्तर : टेलिभिजनमा आइसक्रिमको विज्ञापन आएको थियो ।

(ई) विद्यार्थी समूहले क्रियाकलाप पूरा गरेपछि विभिन्न अनुच्छेद प्रदर्शन गरी त्यस अनुच्छेदसँग सम्बन्धित प्रश्नको सूची प्रदर्शन गरेर पालैपालो प्रश्न सोध्ने र उत्तर भन्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले छलफलसहित उत्तरको नमुना प्रदर्शन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । पाठसम्बद्ध थप अभ्यास पनि गराउनुहोस् ।

(उ) पाठमा प्रयोग भएका पात्रको परिचय भन्न र लेख्न सिकाउनुहोस् । यस क्रममा निम्न पक्षलाई ख्याल गर्न लगाउनुहोस् ।

- कथालाई ध्यानपूर्वक पढ्ने
- कथामा रहेका मुख्य मुख्य पात्र र तिनका भूमिकालाई टिपोट गर्ने
- सम्बन्धित पात्रमा केन्द्रित भएर एक दुई वाक्यमा चरित्र चित्रण गर्ने
- स्पष्ट र शुद्धसँग चरित्र चित्रण लेख्ने

(ऊ) पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा प्रत्येक समूहलाई निम्न कुराका आधारमा प्रश्न बनाउन सिकाउनुहोस् र प्रश्न निर्माणसँग सम्बन्धित केही नमुना प्रदर्शन गर्नुहोस् :

- दिइएको अनुच्छेदलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नमा को, के, कहाँ, कहिले, कति, कुन, किन, कसरी जस्ता शब्द रहनुपर्ने
- प्रश्न बनाउने क्रममा मुख्य उत्तरलाई ठम्याउनुपर्ने
- विभिन्न प्रश्नात्मक शब्द प्रयोग गरी प्रश्नलाई विविधतायुक्त बनाउनुपर्ने

(ऋ) विद्यार्थी समूहलाई पाठको निर्दिष्ट अनुच्छेदबाट अन्तिम अनुच्छेदसम्म साथी साथीबिच छलफल गरी प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थी समूहले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) विद्यार्थी समूहलाई क्रमैसँग प्रश्न प्रस्तुति गर्न लगाउने र अन्य विद्यार्थी समूहलाई प्रश्नका उत्तर भन्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठको अन्तिम अनुच्छेद पढी दिइएका प्रश्नको एक वाक्यमा उत्तर दिन लगाउनुहोस् :

(अ) उमा कसरी उठी ?  (आ) बिहान आइसक्रिम खाँदा के हुन्छ ?

(इ) उदयको मनमा केले प्रहार गऱ्यो ?

(ख) कथाका पात्रमध्ये तपाईंलाई मन परेको पात्रको चरित्रचित्रण गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कथाकथन<br>• सङ्क्षिप्त उत्तर लेखन | • कथाका आधारमा कथाकथन गर्न<br>• पाठ्य कथाका आधारमा प्रश्नका सङ्क्षिप्त उत्तर लेख्न | • अनुच्छेदपत्ती<br>• सङ्क्षिप्त उत्तरको नमुना<br>• प्रोजेक्टर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कुनै स्मरणीय घटना वा प्रसङ्गमा आधारित कथाकथन सुनाएर ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि कथाकथन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) समावेशी आधारमा युगल वा बेन्चगत समूह निर्माण गर्नुहोस् ।

(आ) 'अबोध' कथाकी प्रमुख पात्र उमाले टेलिभिजनमा आइसक्रिमको विज्ञापन नदेखेको भए कथा कसरी अगि बढ्थ्यो होला ? विद्यार्थी समूहबिच छलफल गर्न लगाई कथाकथनको विषयवस्तु उठान गरिदिनुहोस् । त्यसपछि कल्पना गरी कथाकथन गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले कथाकथन गरिसकेपछि शिक्षकले प्रोजेक्टरका माध्यमबाट वा चार्ट पेपरका माध्यमबाट माथिको समस्यासँग सम्बन्धित भएर कल्पना गरी लेखिएको एउटा नमुना कथाकथन प्रदर्शन गर्नुहोस् ।

(ई) उक्त नमुनाका आधारमा विद्यार्थीलाई त्यस्तै किसिमका कल्पना गरी कथालाई अगाडि बढाउन प्रेरित गर्नुहोस् ।

(उ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् । यस क्रममा निम्न तरिकालाई ध्यान दिन लगाउनुहोस्:

- प्रश्नलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नले मागेको उत्तर पहिचान गर्ने
- ४/५ वाक्यमा उत्तर पूरा गर्ने

- प्रश्नमा आधारित भई उत्तरको निष्कर्ष वाक्य लेख्ने
- प्रश्नलाई ध्यानपूर्वक पढी आवश्यक बुँदा टिपोट गर्ने

(ऊ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् ।

(ऋ) उत्तर लेख्न अलमलमा परेका विद्यार्थी वा विद्यार्थी समूहलाई उत्तरको नमुना प्रदर्शन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीले लेखेका उत्तरका बारेमा छलफल गरी कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) 'अबोध' कथाकी प्रमुख पात्र उमाले टेलिभिजनमा आइसक्रिमको विज्ञापन नदेखेको भए कथा कसरी अघि बढ्थ्यो होला ? कल्पना गरी कथा कथन गर्न लगाउनुहोस् ।

(ख) पाठका आधारमा छोटो उत्तर लेख्न लगाउनुहोस् ।

(अ) उमाको आइसक्रिम खाने रहर किन पूरा भएन ?

(आ) उदय किन समयमा घर आउन सकेनन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# सातौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • तार्किक उत्तर लेखन<br>• सार लेखन<br>• भाषिक प्रकार्य (उत्सुकता) | • विषयवस्तु, घटना वा प्रसङ्गका आधारमा तार्किक उत्तर लेख्न<br>• पाठ्य विषयवस्तुमा आधारित भई सार लेख्न<br>• कुनै विषयवस्तु, समस्या, घटना आदिमा केन्द्रित भई आफ्नो उत्सुकता व्यक्त गर्न | • तार्कित उत्तरको नमुना<br>• सार लेखनको नमुना<br>• प्रोजेक्टर<br>• उत्सुकता जनाउने भाषिक प्रकार्यको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कथा, मुक्तक आदि उत्प्रेरणात्मक विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा प्रत्येक समूहलाई निम्न कुरा समेटी तर्क र विचार लेख्न सिकाउनुहोस्

- दिइएको विषयवस्तुलाई ध्यानपूर्वक पढ्ने
- आफ्नो तर्क वा विचार लेख्नुपर्ने पक्ष ठम्याउने
- सम्बन्धित विषयवस्तुलाई जोड्दै स्वतन्त्र किसिमबाट सकारात्मक रूपमा तार्किक उत्तर लेख्ने
- तार्किक उत्तर सामान्यतया एक अनुच्छेदमा लेखिने

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा 'बालबालिकाको चाहना पूरा गर्न अभिभावकको भूमिका कस्तो हुनु आवश्यक छ ? पाठ पढी तार्किक उत्तर दिनुहोस् ।' यो प्रश्नमा आधारित भई समूहलाई बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थी अलमल परेमा नमुना बुँदा प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् र शिक्षकले एउटा नमुना प्रर्दशन गर्नुहोस् ।

(ई) नमुनाकै आधारमा विद्यार्थी समूहलाई तार्किक उत्तर लेख्न लगाई क्रमैसँग प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई टिप्पणी गर्न लगाउनुहोस् ।

(उ) निम्न पक्षलाई ख्याल गर्न लगाई अनुच्छेदको सार लेख्न सिकाउनुहोस् ।

- दिइएको अनुच्छेदलाई ध्यानपूर्वक पढ्ने
- सिसाकलमले मुख्य मुख्य वाक्यमा रेखाङ्कन गर्ने
- दिइएको विषयवस्तुलाई करिब आधा हुने गरी सार लेख्ने
- विषयवस्तुको सार लेख्दा मुख्य मुख्य कुराहरू छुट्न नहुने
- सार लेखनको अभ्यासात्मक चरणमा खेस्रा लेखन र साफी लेखन गर्नुपर्ने

(ऊ) कथाको कुनै २ अनुच्छेद पढी सुनाउनुहोस् । यस क्रममा मुख्य मुख्य वाक्यमा रेखाङ्कन गर्नुहोस् । त्यसपछि विषयवस्तुको सार प्रदर्शन गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई छलफलसहित अनुच्छेदको सार लेख्न लगाउनुहोस् । उनीहरूका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ७ गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) विद्यार्थीसँग उत्सुकतासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । उत्सुकता भनेको कुनै पनि व्यक्तिले आफ्नो जीवनमा अनुभव गरेका सुखदुःखजन्य घटना आदिको स्मरण हो, यो मानवीय संवेदनासँग प्रत्यक्ष जोडिएको हुन्छ त्यसैले यस्ता अनुभूतिलाई व्यक्त गर्दा सुख वा हर्षका सन्दर्भलाई मिलाएर भाषिक व्यवहार गर्नुपर्छ भन्ने कुरा सिकाउँदै यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् र अगि कक्षाको सुरुआतमै आफूले आफ्नो जीवनको एउटा अनुभूति प्रस्तुत गरेको कुरा स्पष्ट पार्दै अर्को कुनै छोटो अनुभव सुनाउनुहोस्, जस्तै :

### उत्सुकता

(दिया र लोहन विद्यालयमा भेट भएपछि लोहनको उत्सुकताका बारेमा दियाले प्रश्न गर्दा उनीहरूबिचमा भएको संवादको एक अंश )

दिया : लोहन, किन आज तिमी मक्ख परेर हिँडेकाछौ नि ?

लोहन : दिया ! तिम्रो ठट्ट गर्ने बानी चाहिँ कहिल्यै हटेन है । अँ साँच्ची तिमीले थाहा पायौ नि ?

दिया : के कुरा ? भन न । भन्दै नभनी कसरी थाहा पाउनु र ! म त हिजो विद्यालय आउन पनि पाइनँ

लोहन : हो ....। त्यही भएर त तिमीले केही थाहा पाइनौ नि ।

दिया : आफूलाई कुरा सुन्न कस्तो हतार भइसक्यो । तिमी चाहिँ .........।

लोहन : म भन्दै त छु । सुन न दिया, हामो विद्यालयले आउँदो शनिबार वनभोज आयोजना गरेको छ नि ।

दिया : ए, हो र ! कस्तो रमाइलो कुरा सुनायौ । वनभोजमा सबै जना जानुपर्छ है ।

लोहन : हो त नि सबै जना मिलेर खेल पनि खेल्नुपर्छ ।

दिया : हुन्छ, हुन्छ रमाइलो गर्नुपर्छ ।

(ओ) शिक्षकले तयार पारी ल्याएको श्रव्य तथा श्रव्यदृश्य सामग्री प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि पालैपालो यस्तै किसिमका उत्सुकताजन्य घटना मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(औ) अभ्यास १० मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

(अं) अनुच्छेदका आधारमा हरेक विद्यार्थीलाई अगि आफूले व्यक्त गरेको उत्सुकतालाई समेटी एउटा अनुच्छेद तयार पार्न लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) अभ्यास ५ को कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ख) अभ्यास ७ को कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ग) पाठका अन्तिम ३. अनुच्छेद पढी सार लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वाक्य परिवर्तन (लिङ्ग र वचन)<br>• हलन्त र अजन्त | • वाक्य परिवर्तन पहिचान र प्रयोग<br>• लिङ्गका आधारमा वाक्य परिवर्तन<br>• वचनका आधारमा वाक्य परिवर्तन गर्न<br>• वर्णविन्यासको पहिचान र प्रयोग (हलन्त र अजन्त) | • वाक्यपत्ती<br>• शब्दपत्ती<br>• प्रोजेक्टर<br>• चार्टपेपर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले लिङ्ग र वचनअनुसार कर्ता र क्रियापदको उपयुक्त सङ्गति मिलेका र नमिलेका वाक्य प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई चार्टपेपरका माध्यमबाट प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर लिङ्ग र वचनअनुसार कर्ता र क्रियायापदको उपयुक्त सङ्गति मिलेका र नमिलेका वाक्य टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका वाक्य भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक संशोधन गरी शैक्षिक पाटीमा टिप्दै जानुहोस् ।

(आ) वाक्यमा लिङ्ग र वचन आदिका आधारमा क्रियायापद मिलाई वाक्य निर्माण गर्न लगाउनुहोस् । वाक्य निर्माण गर्दा लिङ्ग, वचन, आदिका आधारमा क्रियापद मिलाएर वाक्य निर्माण गर्नुपर्छ भन्ने कुरा उदाहरण दिएर बताइदिनुहोस् ।

(इ) शिक्षकले शैक्षिक पाटीमा लिङ्ग र वचनअनुसार कर्ता र क्रियायापदको उपयुक्त सङ्गतिगत त्रुटि भएका वाक्य लेख्नुहोस् वा वाक्यसूची प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई सच्याएर वाक्य लेख्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीलाई अगाडि आएर शैक्षिक पाटीमै लेख्न प्रेरित गर्नुहोस् । शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) भाषिक संरचना र वर्णविन्यासको अभ्यास ३. गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) शिक्षकले हलन्त र अजन्तको उपयुक्त प्रयोग मिलेका र नमिलेका वाक्य प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई चार्टपेपरमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आपसमा छलफल गरेर हलन्त र अजन्तको उपयुक्त प्रयोग मिलेका र नमिलेका शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्द भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक संशोधन गरी शैक्षिक पाटीमा टिप्दै जानुहोस् ।

(ऊ) हलन्त र अजन्त प्रयोग भएका शब्दका पत्तीहरू फलाटिन पाटीमा टाँस्नुहोस् । हलन्त लेखिने शब्द र हलन्त उच्चरण भएर पनि अजन्त लेखिने शब्दहरूलाई उदाहरण दिई प्रस्ट पार्नुहोस् ।

जस्तै : हलन्त लेखिने शब्द : बृहत्, संसद्, संवत्, अहम्

हलन्त उच्चारण भएर पनि अजन्त लेखिने शब्द : भात, उठ, जून, असल

(ऋ) शिक्षकले शैक्षिक पाटीमा हलन्त र अजन्तको प्रयोग मिलेका र नमिलेका शब्द लेख्नुहोस् । विद्यार्थीलाई सच्याएर शब्द लेख्न निर्देश गर्नुहोस् । कुनै विद्यार्थीलाई अगाडि आएर शैक्षिक पाटीमै लेख्न प्रेरित गर्नुहोस् । शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

(ए) शिक्षकले शैक्षिक पाटीमा हलन्त र अजन्तको प्रयोग नमिलेका शब्द लेख्नुहोस् । छलफलका आधारमा ती शब्दको शुद्ध रूप पत्ता लाउन निर्देशन गर्नुहोस् ।

(ऐ) शिक्षकले हलन्त र अजन्तको प्रयोग भएका शब्द भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र चार्टपेपरमा टाँसेर अनुच्छेद प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई हलन्त र अजन्तको प्रयोग भएका शब्दहरू छुट्टाछुट्टै टिपोट गर्न र टिपोट गरेका शब्द प्रस्तुत गर्न निर्देश गर्नुहोस् ।

(ओ) शिक्षकले हलन्त र अजन्तको शुद्ध प्रयोग भएका र नभएका शब्द छ्यासमिस पारेर शैक्षिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई शुद्ध शब्द मात्र पहिचान गरेर टिपोट गर्न निर्देश गर्नुहोस् ।

(औ) शब्दपत्तीको प्रयोग गरेर हलन्त र अजन्तको प्रयोग हुने शब्दको अवधारणाबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शब्द हलन्त र अजन्त के हुन् ? छुट्याएर तालिकामा लेख्नुहोस् ।

संरचना, जान्छन्, वाक्य, अर्थ, सङ्कट

(ख) पाठ्यपुस्तकबाट भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न २ गर्न लगाउनुहोस् ।

अन्त्यमा आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पाठ्यवस्तु<br>• श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ ११)<br>• सिर्जना र परियोजना | • विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर<br>• सिर्जना परियोजना गर्न<br>• अनुभव लेख्न | • श्रव्य सामग्री<br>• प्रश्न सूची<br>• उत्तरको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कुनै गीत, चुट्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ ११ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउ( नलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(आ) शिक्षकले सुनाइ बोलाइसम्बन्धी अभ्यास १ का प्रश्नहरू प्रस्तुत गर्नुहोस् । आवश्यकताअनुसार सुनाइ पाठबाट अन्य प्रश्न पनि रचना गरी लेख्न लगाउनुहोस् ।

(इ) प्रर्दन गरिएका प्रश्नमध्ये कुनै एउटाको उत्तर नमुनाका रूपमा प्रदर्शन गरी विद्यार्थीलाई सुनाउनुहोस् र त्यस्तै तरिकाले अन्य प्रश्नको उत्तर पनि भन्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई युगल समूहमा राखी बोलाइसम्बन्धी अभ्यास १ का प्रश्नोत्तर आपसमा गर्न लगाई सहपाठी सिकाइका लागि प्रेरित गर्नुहोस् ।

(उ) विद्यार्थीलाई पालैपालो प्रश्नोत्तर गर्न प्रेरित गर्नुहोस् । विद्यार्थीले सही उत्तर भने नभनेको पहिचान गरी सहजीकरण गर्नुहोस् । सही उत्तर भनेमा स्याबासी दिनुहोस् र आवश्यक सहजीकरण तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऊ) सुनाइ र बोलाइ पाठ ११ का आधारमा थप प्रश्न निर्माण गरी अभ्यास गराउनुहोस् ।

(ऋ) सुनाइ र बोलाइ खण्डको अभ्यास २ गराउनुहोस् ।

(ए) विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना र परियोजना खण्डको प्रश्न १ लेखेर ल्याउन लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीले लेखेका बोध प्रश्नहरूको उत्तर कापीमा जाँची आवश्यक मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जना र परियोजना (अनुभव लेखन) | • कथा रचना गर्न<br>• अनुभव लेख्न | • कथाको नमुना<br>• अनुच्छेदको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कुनै गीत, कथा आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) सिर्जना र परियोजना खण्डको अभ्यास १ अनुसार 'मेरो साथी' शीर्षकमा शिक्षकले एउटा नमुना प्रदर्शन गरी सुनाउनुहोस् र अगिल्लो दिन गृहकार्यका रूपमा लेख्न दिइएको कथा पालैपालो सुनाउन अवसर दिनुहोस् ।

(आ) विद्यार्थीहरूले लेखेको उत्तर सुनाइसकेपछि धन्यवाद दिँदै अन्य विद्यार्थीलाई ताली पड्काउन लगाउनुहोस् । प्रस्तुतिका बारेमा छलफल गराउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण पनि दिनुहोस् ।

(इ) उत्कृष्ट कथालाई सबैसामु प्रदर्शन र वाचन गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई पनि त्यस्तै कथा लेख्न प्रोत्साहन गर्नुहोस् ।

(ई) विद्यार्थीलाई सिर्जना र परियोजना खण्डको अभ्यास २ को प्रश्न बुझाउनुहोस् ।

(उ) विद्यार्थी समूहलाई पालैपालो आफ्नो अभिभावकले गर्ने माया र हेरचाहको बारेमा भन्न लगाउनुहोस् । विद्यार्थीले सुनाइसकेपछि शिक्षकले त्यससँग सम्बन्धित भएर लेखिएको एउटा अनुच्छेद प्रदर्शन गर्नुहोस् ।

(ऊ) शिक्षकबाट देखाइएको नमुनाका आधारमा सिर्जना र परियोजना खण्डको अभ्यास २ छलफल गराउनुहोस् ।

(ऋ) छलफल गरिएका विषयलाई अनुभव लेखनका रूपमा लेख्न लगाउनुहोस् । आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।

(ए) विद्यार्थीलाई एकआपसमा कापी साटासाट गरेर हेर्न लगाउनुहोस् र साथीहरूलाई उत्तरको प्रतिक्रिया दिन लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) सिर्जना र परियोजना खण्डको अभ्यास १ र २ को कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ १२

# मदर टेरेसा

**विधा : जीवनी** **कार्यघण्टा : ९**

## परिचय

'मदर टेरेसा' जीवनी विधाको पाठ हो । जीवनी शिक्षणको प्रमुख उद्देश्य भाषिक सिपको विकास गर्नु हो । तसर्थ जीवनी शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीमा मुख्य मुख्य विषय वा तथ्य बोध, घटनाक्रम पहिचान र प्रस्तुति, व्यक्तिवृत्त वर्णन, श्रुति वर्णन, प्रश्नोत्तर, छलफल र अनुमान, धारणा निर्माण र प्रस्तुति जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ ।

समययबद्ध सस्वर पठन, मौन पठन र छलफल, जीवनीको संरचना पहिचान, घटनाक्रम पहिचान, प्रेरणा ग्रहण र लक्ष्य निर्धारण जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत घटनाक्रम मिलान, प्रश्नोत्तर, प्रश्न निर्माण तथा व्याख्या, व्यक्तित्वमा आधारित भई लिखित मूल्याङ्कन, अनुकरणात्मक जीवनी लेखन, बुँदा टिपोट सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचनालगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत विपरीतार्थी शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत वचन र आधारको पहिचान, उपसर्गद्वारा शब्द निर्माण (अ, प्र, उप, अन, आ, अति, बे) का क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत (चन्द्रबिन्दु) को पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यस पाठमा प्रेरणासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत निर्दिष्ट जीवनी लेखनसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएको सुनाइ पाठ १२ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइको अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउन सक्नुहुने छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध र छलफल<br>• सस्वरवाचन (अनुच्छेद १ र २.<br>• शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • पूर्व पठन खण्डका तस्बिर अध्ययन गरी छलफल गर्न<br>• निर्दिष्ट अनुच्छेद शुद्ध उच्चारण गरी सस्वरवाचन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • पूर्व पठन खण्डका तस्बिर<br>• मदर टेरेसाको तस्बिर<br>• शब्दपत्ती, अर्थपत्ती, शब्दकोश, वाक्यपत्ती, प्रश्नोत्तरसूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप


(अ) कुनै अन्तर्राष्ट्रिय व्यक्तित्वले गरेका ऐतिहासिक काम तथा उनको जीवनको महत्त्वपूर्ण सन्दर्भको उल्लेख गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई ६ समूहमा विभाजन गरी पूर्व पठन खण्डका एक एकओटा तस्बिरका बारेमा छलफल गर्न लगाउनुहोस् । चित्रमा प्रस्तुत गरिएका व्यक्तिको नाम छलफल गराउनुहोस् । विद्यार्थीले नाम नजानेमा नाम भनिदिनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको पूर्व पठन खण्डमा भएका व्यक्तिको वृत्तचित्र प्रदर्शन गर्नुहोस्, जस्तै :





माथिका व्यक्ति क्रमश : फ्लोरेन्स नाइटिङ्गेल, दयावीरसिंह कंसाकार, स्वामी विवेकानन्द, सत्यमोहन जोशी, पुष्पा बस्नेत र महावीर हुन् ।

(आ) विद्यार्थीलाई मूल पाठ खण्डमा रहेको मदर टेरेसाको फोटो र सम्भव भएसम्म प्रोजेक्टर बाट भिडियो देखाएर उत्प्रेरित गर्दै पाठ प्रारम्भ गर्नुहोस् ।

(इ) शिक्षकले निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

(ई) विद्यार्थीलाई पालैपालो पाठका विभिन्न अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढेनपढको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(उ) निर्धारित पाठका विभिन्न अनुच्छेदमा रहेका नयाँ शब्दलाई टिपोट गर्नुहोस् । विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले शब्दपत्तीको प्रयोग गरी उच्चारण संरचनासहित उच्चारण गरेर सुनाउनुहोस् । सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराउनुहोस्, जस्तै :

दीनदुखी : /दिन्.दु.खि/

समर्पित :　　/स.मर्.पित्/

विवश :　　/बि.बस्/

(ऊ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गर्नुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् । टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, चित्र आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

(ए) शुद्ध र स्पष्ट उच्चारण तथा शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दहरूलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई प्रशस्त अभ्यास गराउनुहोस् । वाक्यपत्तीको प्रयोगद्वारा वाक्य निर्माणको अभ्यास गराउनुहोस् र निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ऐ) निर्दिष्ट पाठको विषयवस्तुमा आधारित छलफल गर्नुहोस् । पाठमा आधारित बोध प्रश्नको सूची टाँस्नुहोस् । उक्त प्रश्नको उत्तर भन्न तथा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले उत्तर संशोधन तथा परिमार्जन गरिदिनुहोस् र नमुना समेत प्रदर्शन गर्नुहोस् । यसै क्रियाकलापमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ लाई पनि समेट्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

लोकप्रियता, निधन, गम्भीर, रुचि, औपचारिक

(ग) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(अ) मदर टेरेसाको जन्म कहाँ भएको हो ?

(आ) मदर टेरेसाको बाल्यकाल कसरी बित्यो ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सस्वर पठन (अनुच्छेद ३ देखि अन्तिमसम्म)<br>● शब्दोच्चारण<br>● शब्दार्थ र वाक्यमा प्रयोग | ● निर्दिष्ट अनुच्छेद शुद्ध उच्चारण गरी सस्वरवाचन गर्न उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न | ● शब्दपत्ती, अर्थपत्ती, शब्दकोश, वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले पाठका निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न निर्देश गर्नुहोस् ।

(आ) विद्यार्थीलाई पालैपालो पाठका निर्दिष्ट अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गराउँदा कक्षाका जेहेनदार, मध्यम, कमजोर तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढेनपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(इ) पाठका निर्धारित अनुच्छेदमा रहेका नयाँ शब्द टिपोट गर्नुहोस् । विद्यार्थीलाई पनि टिपोट गर्न निर्देश गर्नुहोस् । शिक्षकले शब्दपत्तीको प्रयोग गरी उच्चारणको संरचनाअनुसार अभ्यास गराउनुहोस् र सँगसँगै विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् । साथै बोध र अभिव्यक्ति खण्डको अभ्यास १ लाई यसै क्रियाकलापमा समावेश गरी अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वरवाचन प्रतियोगिता गराउनुहोस् ।

(उ) विद्यार्थीलाई निर्धारित पाठ पुनः मनमनै पढ्न निर्देश गर्नुहोस् । पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्दहरू टिपोट गर्न निर्देश गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न निर्देश गनुहोस् ।

(ऊ) पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई आफूले टिपोट गर्नुहोस् ।

(ऋ) टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके अर्थपत्ती, अभिनय, तस्बिर आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न निर्देश गर्नुहोस् ।

(ए) शुद्ध र स्पष्ट उच्चारण तथा शब्दको अर्थ सिक्नका लागि नयाँ शब्दहरूलाई वाक्य तथा अनुच्छेदमा पनि उच्चारण गर्न तथा वाक्यमा प्रयोग गर्न लगाई अभ्यास गराउनुहोस् ।

(ऐ) थप अभ्यासका लागि वाक्यपत्तीको प्रयोगद्वारा वाक्य निर्माणको अभ्यास गराउनुहोस् र निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो पाठका निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

स्याहारसुसार, अहोरात्र, असक्त, समर्पित

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार (शब्दार्थ, वाक्य रचना, विपरीतार्थी शब्द)<br>• छलफल | • शब्दको अर्थबोध गर्न<br>• पद र पदावलीको पहिचान र प्रयोग गर्न<br>• विपरीतार्थ शब्दको पहिचान र प्रयोग गर्न<br>• मदर टेरेसाले गरेका कामका बारेमा सामूहिक छलफल गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• मदर टेरेसाले गरेका सेवामूलक कार्यहरूको सूची |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समूहमा विभाजन गरी शब्दभण्डार खण्डको अभ्यासमा १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे/नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार शब्दपत्ती र अर्थपत्तीको सहायताले जोडा मिलाउने कार्यमा सहजीकरण गर्नुहोस् ।

(आ) विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् कापी परीक्षण गर्नुहोस् । यस क्रममा सफा र शुद्धसँग लेख्ने तरिकासमेत सिकाइ आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(इ) विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको अभ्यास २ का आधारमा विपरीत अर्थ दिने शब्द पाठबाट खोजेर लेख्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार शब्दपत्तीको प्रयोगद्वारा सिकाइ सहजीकरण गर्नुहोस्, जस्तै :

सीमित : असीमित

सशक्त : अशक्त

(ई) विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) यसै अभ्यासका आधारमा विपरीत अर्थ आउने अन्य शब्द पनि दिई तिनको विपरीतार्थी शब्द पहिचान गर्न लगाउनुहोस् । विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको अभ्यास ३ का आधारमा दिइएका शब्दलाई वाक्य बनाउन निर्देशन दिनुहोस् र वाक्यपत्तीका सहायताले एउटा नमुना वाक्य प्रदर्शन गर्नुहोस्, जस्तै :

सफल : हामी कक्षा सातको परीक्षामा सफल भयौँ भने कक्षा आठमा अध्ययन गर्ने छौँ ।

(ऊ) विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा वाक्य निर्माण गरी नमुना देखाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई सातओटा समूहमा विभाजन गरी पाठका एक एकओटा अनुच्छेद प्रत्येक समूहलाई दिएर मनमनै पढ्न लगाउनुहोस् ।

(ए) मौनपठनको काम सकिएपछि आफूले पढेका अनुच्छेदका आधारमा मदर टेरेसाले गरेका सामाजिक सेवासम्बन्धी कार्यहरू बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् ।

(ऐ) टिपोट गरिएका बुँदा समूह समूहबाट प्रस्तुतीकरण गर्न लगाई छलफल गराउनुहोस् ।

(ओ) छलफलपश्चात् शिक्षकले तयार गरी ल्याएको मदर टेरेसाले गरेका सेवामूलक कार्यहरूको सूची प्रदर्शन गरी थप छलफल गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

कुष्ठरोग, पुरस्कार, प्रेरणा

(ख) विद्यार्थीलाई विपरीतार्थी शब्द दिई भन्न लगाउनुहोस् :

पुरस्कार, जटिल, जन्म

(ग) मदर टेरेसाले गरेका सामाजिक सेवासम्बन्धी कुनै पाँचओटा कार्य बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • समयबद्ध पठन<br>• घटनाक्रम मिलान<br>• ठिक बेठिक<br>• जोडा मिलान | • तोकिएको समयमा निर्दिष्ट अनुच्छेद पठन गर्न<br>• घटनाक्रम मिलान गर्न<br>• ठिक बेठिक वाक्य पहिचान गरी उत्तर भन्न<br>• कार्य र तिथिमितिबिच जोडा मिलाउन | • घटनाक्रमका बुँदाहरू<br>• वाक्यपत्ती<br>• तालिका |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पालैपालो पाठका एक एकओटा अनुच्छेद तोकी समय ती अनुच्छेद सस्वर पठनका लागि उत्प्रेरित गर्नुहोस् । यो चरणको पढाइ समयबद्ध हुने जानकारी गराई विद्यार्थीलाई उक्त अनुच्छेद पढ्न लागेको समय टिपोट गर्दै पालैपालो पढ्न लगाउनुहोस् ।

(आ) समयबद्ध पठनको कार्य सकिएपछि विद्यार्थीलाई सातओटा समूहमा विभाजन गरी एक एकओटा अनुच्छेद तोकेर ती अनुच्छेदमा भएका मुख्य मुख्य घटना टिपोट गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थी समूहले टिपोट गरेका घटना टोलीनेताबाट प्रस्तुत गर्न लगाई सामूहिक छलफल गराउनुहोस् र शिक्षकले तयार पारी ल्याएको घटनाक्रमका बुँदा प्रस्तुत गरी थप छलफल गराउनुहोस् ।

(ई) शिक्षकले तयार पारी ल्याएको घटनाक्रम विचलन भएको सूची प्रदर्शन गरी त्यसलाई सिलसिलाबद्ध रूपमा घटनाक्रम मिलान गर्न प्रेरित गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) ठिक बेठिक उत्तर लेख्ने प्रश्नको अभ्यासका लागि ठिक र बेठिक वाक्य प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । अन्य प्रश्नहरूको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्याथीहरूमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । यसै क्रियाकलापमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ समेत गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । समूहमा छलफल गरी क्रमबद्ध रूपमा पाठका आधारमा दिइएका मिति र घटनाको आधारमा तयार गरिएको तालिका प्रस्तुत गर्नुहोस् ।

(ए) तालिकामा दिइएका घटना र मितिका बिचमा जोडा मिलाएर टिपोट गर्न निर्देश गर्नुहोस् । सबैभन्दा पहिला जोडा मिलाउने समूहलाई प्रस्तुत गर्न अवसर दिनुहोस् । अन्य समूहलाई पनि क्रमैसँग प्रस्तुत गर्न अवसर दिनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् । यस क्रियाकलापमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ समेत गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) पाठको पहिलो अनुच्छेद समयबद्ध पठन गराउनुहोस् ।

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ र ५ का अभ्यास गर्न लगाई परीक्षण गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • लामो उत्तर लेखन<br>• भाव विस्तार | • पाठका आधारमा प्रश्नको लामो उत्तर लेख्न<br>• निर्देशित पङ्क्तिको भाव विस्तार गर्न | • नमुना उत्तर<br>• भावविस्तारको संरचना जनाउने तालिका वा बुँदाको सूची<br>• भाव विस्तारको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा सपष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) जीवनीको पाठ मौनपठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीलाई भाव बुझ्रेर पढ्न प्रेरित गर्नुहोस् ।

(आ) पाठसँग सम्बन्धित लामो उत्तर आउने प्रश्न प्रस्तुत गरी प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर देखाउनुहोस् । अभ्यास ७ का प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई दुई समूहमा विभाजन गरी उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थी समूहले लेखेका उत्तर प्रदर्शन गरी पढेर सुनाउन लगाउनुहोस् ।

(इ) पाठबाट सन्देशमूलक महत्त्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्न सिकाउनुहोस् । यस क्रममा यस्ता भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुराको जानकारी गराउँदै वाक्यांश टिपोट गराउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग पनि गर्नुहोस्, जस्तै :

(क) मदर टेरेसा मानव समाजमा सेवाको प्रतिमूर्तिका रूपमा संसारभरि चिनिएकी छन् ।

(ख) मदर टेरेसा त्याग र समर्पणकी प्रतिमूर्ति हुन् ।

(ग) जब म कुष्ठरोगीहरूको घाउ सफा गर्छु तब मलाई भगवान्लाई मलमपट्टी गरेको महसुस हुन्छ ।

(ई) विद्यार्थीले टिपोट गरेका वाक्यलाई मध्यनजर गर्दै शिक्षकले पाठका महत्त्वपूर्ण भनाइलाई टिपोट गरिएका वाक्य वा भनाइको सूची प्रदर्शन गर्नुहोस् ।

(उ) विद्यार्थीलाई माथिको ग न. वाक्य पाठमा हेर्न लगाई पाठको सन्दर्भसँग मिल्ने गरी उपर्युक्त बुँदा समेटी भावविस्तार गर्न सिकाउनुहोस् । यसका लागि शिक्षकले तयार गरेको भावविस्तारको संरचना जनाउने तालिका वा बुँदाको सूचीसमेत प्रयोग गर्नुहोस्, जस्तै :

**माथिका वाक्यमध्ये तेस्रो वाक्यको भावार्थ बुँदा**

- प्रस्तुत भनाइ कक्षा ७ को 'मदर टेरेसा' को जीवनी पाठबाट साभार गरिएको
- टेरेसा सानैदेखि असहाय, अनाथ र बेसहारा विद्यार्थीको सेवामा समर्पित
- सबै प्राणीलाई दया र माया बाँड्दै हिँड्ने निःस्वार्थ समाजसेवी
- समाजसेवाको क्षेत्रमा योगदान गरेवापत मदर टेरेसा जत्तिकै सम्मानित हुने यो संसारमा अरू मानिस बिरलै पाइने
- निःस्वार्थ रूपमा परोपकारी भावना लिएर काम गरेकी
- मदर टेरेसाले यस संसारबाट बिदा भए पनि सधैँ अजर र अमर भएर बाँचिरहेकी

(ऊ) भावविस्तारको प्रक्रिया सिकाउँदा वाक्यमा अभिव्यक्त विषयवस्तुको श्रृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई जोड्दै मौखिक रूपमा भावविस्तार गर्ने अभ्यास गराउनुहोस् ।

(ऋ) माथिका भावार्थका बुँदा र भावविस्तारको प्रक्रियालाई अन्तर्सम्बन्धित गर्दै भावविस्तार लेखनको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**नमुना भावविस्तार**

"जब म कुष्ठरोगीहरूको घाउ सफा गर्छु तब मलाई भगवान्‌लाई मलमपट्टी गरेको महसुस हुन्छ ।"

सानैदेखि असहाय, अनाथ र बेसहारा बालबालिकाको सेवामा समर्पित मदर टेरेसा सबै प्राणीलाई दया र माया बाँड्दै हिँड्ने निस्वार्थ समाजसेवी थिइन् । कुष्ठरोगीहरूको सेवा गर्ने क्रममा प्रस्तुत अंश टेरेसाले व्यक्त गरेकी हुन् । 'जब म कुष्ठरोगीहरूको घाउ सफा गर्छु तब मलाई भगवान्‌लाई मलमपट्टी गरेको महसुस हुन्छ' भन्ने विचार मदर टेरेसाको थियो । उनी सबै प्राणीलाई दया र माया बाँड्दै हिँड्ने निःस्वार्थ समाजसेवी थिइन् । समाजसेवाको क्षेत्रमा योगदान गरेवापत मदर टेरेसा जत्तिकै सम्मानित हुने यो संसारमा अरू मानिस बिरलै पाइन्छन् । सबै धर्मको सार भनेको नै सेवा हो । गरिब, दुःखी, असहाय, रोगी आदिको सेवा गर्नु नै वास्तविक धर्म हो । धर्म गर्नका लागि मठमन्दिर, चर्च, गुम्बा आदि गएर प्रार्थना गर्नु पर्दैन । निःस्वार्थ र परोपकारी भावना लिएर समाजसेवामा मन, वचन र कर्मले तल्लीन हुन सकेमा त्यो नै वास्तविक धर्म हो । मदर टेरेसाले पनि निःस्वार्थ रूपमा परोपकारी भावना लिएर काम गरिन् । उनले सन् १९५६ मा भारतको गोवामा कुष्ठरोगीका लागि उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइन् । उनले 'कुष्ठरोगीलाई दयापूर्वक स्पर्श गरौं भन्ने नारासहित 'ले प्रोसी कलेक्सन डे' कार्यक्रमसमेत आयोजना गरिन् । उनको परोपकारी संस्थाले संसारका धेरै देशमा मान्यता पायो । कुष्ठरोगीको घाउ सफा गर्दा उनलाई भगवान्‌लाई मलमपट्टी गरेको अनुभव हुन्थ्यो ।

निस्वार्थ सेवा, महान् विचार र कार्यले नै मानिस सदा अमर बन्न सक्छ भन्ने सन्दर्भ मदर टेरेसाको जीवनीको प्रस्तुत अंशमा स्पष्ट पारिएको छ । यस्ता महान् विचार र कार्यले नै भौतिक रूपमा मदर टेरेसाले यस संसारबाट बिदा भए पनि सधैँ अजर र अमर भएर बाँचिरहेकी छिन् ।

(ए) विद्यार्थीले अगिल्लो क्रियाकलापमा खोजेका जीवनीको कुनै महत्त्वपूर्ण अंशको भाव व्यक्त गर्ने बुँदा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी भाव विस्तार लेख्न लगाउनुहोस् । विद्यार्थीले भाव विस्तार लेख्दै गर्दा त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) पाठ्य जीवनीको कुनै गहन भनाइसम्बद्ध भावक विस्तारको बुँदा प्रदर्शन गरी सम्बन्धित भनाइ वा वाक्य पहिचान गर्न लगाउनुहोस् र यस्तै किसिमका थप अभ्यास गराई भाव विस्तार लेखनसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठसँग सम्बन्धित विभिन्न प्रश्न सोधी मौखिक तथा लिखित रूपमा उत्तर दिन लगाउनुहोस् ।

(अ) मदर टेरेसा कसरी संसार प्रसिद्ध भइन् ?

(आ) मदर टेरेसाको जीवनीबाट हामीले के प्रेरणा पाउँछौं ?

(ख) पाठको अभ्यास नं. ८ मा आधारित भई भावविस्तारका थप अभ्यास गराउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# छैटौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • प्रश्न निर्माण<br>• भाषिक प्रकार्य (प्रेरणा) | • निर्दिष्ट अनुच्छेदबाट प्रश्न निर्माण गर्न<br>• (प्रेरणा) विषयमा आधारित भाषिक अभिव्यक्ति दिन | • प्रश्न निर्माणका लागि अनुच्छेद<br>• नमुना प्रश्न सूची<br>• भाषिक अभिव्यक्तिको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) सम्भव भएसम्म प्रोजेक्टरबाट भिडियो देखाएर वा मोबाइलबाट कसैले उद्घोषण गरेको सामग्री देखाएर वा सुनाएर विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले कुनै अनुच्छेद प्रोजेक्टर वा छापापत्रका माध्यमबाट प्रस्तुत गर्नुहोस् । प्रस्तुत गरिएको अनुच्छेद कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । उक्त अनुच्छेदबाट के कस्ता प्रश्न रचना गर्न सकिन्छ ? विद्यार्थीलाई प्रश्न निर्माण गर्न प्रोत्साहन गर्नुहोस् ।

(आ) विद्यार्थीले निर्माण गरेका प्रश्न पालैपालो भन्न लगाउनुहोस् । कक्षामा उच्च, मध्यम र निम्न क्षमता तथा फरक फरक मातृभाषा भएका सबै प्रकृतिका विद्यार्थीलाई अवसर दिनुहोस् । विद्यार्थीले रचना गरेर भनेका प्रश्न शिक्षकले शैक्षिक पाटीमा टिपोट गर्नुहोस् ।

(इ) विद्यार्थीले रचना गरेका प्रश्न के कस्ता भए ? आवश्यक छलफल गराउनुहोस् । आवश्यकताअनुसार संशोधन गरी शिक्षकले पनि प्रश्न थपी प्रश्न सूची तयार गर्नुहोस् ।

(ई) के, किन, कहिले, कसरी आदि सर्वनामको प्रयोग गरी प्रश्न निर्माण गर्न सकिने पक्षका बारेमा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् ।

(उ) टिपोट गरिएका प्रश्नको उत्तर अनुच्छेदबाटै खोजेर भन्न विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । यस क्रममा प्रश्न सूचीबाट कुनै एउटा प्रश्न छानेर विद्यार्थीलाई उक्त प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीलाई बोध अभिव्यक्ति खण्डको अभ्यास नं १० गराउनुहोस् ।

(ऋ) विद्यार्थीसँग प्रेरणासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । प्रेरणा भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा प्रदान गरिने हौसलासम्बन्धी भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् र एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

### प्रेरणा

कृपा तेर वर्षकी भइन् । उनी नाइटिङ्गेल देउराली आधारभूत विद्यालयमा कक्षा सातमा अध्ययनरत छिन् । एक दिन कृका बुबाआमा विद्यालय आउनुभयो । उहाँहरूले कक्षा शिक्षकसँग शिवानीको आनीबानी र पढाइलेखाइका विषयमा धेरै गुनासो गर्नुभयो । कृपा घरमा मोबाइल मात्र चलाएर बसिरहन्छिन् । पढाइलेखाइप्रति पटक्कै चासो राख्दिरहिनछिन् । अभिभावकबाट यो कुरा थाहा पाएपछि कक्षा शिक्षकले कृपालाई अफिसमा बोलाउनुभयो । कृपाले रुँदै आफ्नो गल्ती स्वीकारिन् । केही हप्तापछि विद्यालयमा दोस्रो त्रैमासिक परीक्षा सञ्चालन भयो । कृपाले राम्रो नतिजा ल्याइन् । कक्षा शिक्षकले कृपालाई बोलाएर सोध्नुभयो, “तिपाईंले त राम्रो प्रगति गर्नुभयो । नढाँटी भन्नुहोस् त, तपाईंले कसरी आफूलाई परिवर्तन गर्नुभयो ?” कृपाले मुसुक्क

हाँसेर भनिन्, "गुरु हजुरले नै मलाइ पढाइलेखाइप्रति जागरुक बन्ने प्रेरणा दिनुभयो । मैले हजुरको मायालु व्यवहार र प्रेरणात्मक उपदेशलाई मनैदेखि सकारात्मक रूपमा लिएँ ।" कक्षा शिक्षकले भन्नुभयो, "ए....! त्यो घटना है । मैले त बिर्सिसकेको थिएँ । तपाईंमा धेरै सम्भावना छन् । आफ्नो मिहिनेत र प्रतिभालाई हर तवरबाछ उजागर गर्नुहोस् ।" कृपाले गम्भीरतापूर्वक भनिन्, "गुरु ! हजुरको प्रेरणालाई म कदापि भुल्ने छैन । हजुरका यी शब्दहरू अमृतरूपी वाणी हुन् ।"

(ए) विद्यार्थीलाई विभिन्न भूमिकामा बाँड्नुहोस् । तपाईं कस्ता व्यक्तिबाट प्रेरित हुनुहुन्छ ? तपाईंले कोही व्यक्तिबाट केही प्रेरणा प्राप्त गर्नुभएको छ ? भनी दुई छोटा अनुच्छेदमा लेख्न निर्देश गर्नुहोस् ।

(ऐ) विद्यार्थीले रचना गरेका अनुच्छेद पालैपालो प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् र शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(अ) विद्यार्थीले बोध अभिव्यक्तिको प्रश्न १० मा आधारित भएर रचना गरेका प्रश्न जाँची मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वाक्य परिवर्तन (वचन, पुरुष, आदर) | • वचन, पुरुष र आदरको पहिचान<br>• वचन, पुरुष र आदरको आधारमा वाक्य परिवर्तन गर्न | • पुरुष, वचन र आदर प्रयोग भएको अनुच्छेद<br>• वाक्यपत्ती<br>• वाक्य परिवर्तनका सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई देहाय प्रकृतिका रोचक प्रश्न सोधेर सिकाइप्रति अभिप्रेरित गर्नुहोस् :

(क) किन्नेले राख्दैन राख्नेले किन्दैंन के हो ? (उत्तर : उपहार)

(ख) मभन्दा जोडिने ऊ भन्दा नजोडिने के हो ? (उत्तर : ओठ)

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विभिन्न पुरुष, वचन र आदर प्रयोग भएको अनुच्छेद विद्यार्थीमाझ प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट प्रस्तुत गर्नुहोस् ।

(आ) विद्यार्थीलाई आपसमा छलफल गरेर पुरुष, वचन र आदरअनुसार कर्ता र क्रियापदको उपयुक्त सङ्गति मिलेका र नमिलेका वाक्य टिपोट गर्न निर्देश गर्नुहोस् ।

(इ) विद्यार्थीले टिपेका वाक्य भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक संशोधन गरी शैक्षिक पाटीमा टिप्दै जानुहोस् ।

(ई) वाक्यमा पुरुष, वचन, आदर आदिका आधारमा क्रियापद मिलाई वाक्य निर्माण गर्न लगाउनुहोस् । वाक्य निर्माण गर्दा पुरुष, वचन, आदर आदिका आधारमा क्रियापद मिलाएर वाक्य निर्माण गर्नपर्छ भन्ने कुरा उदाहरण दिएर बताइदिनुहोस् ।

(उ) भाषिक संरचनाअन्तर्गतको अभ्यास १ र २ राम्ररी अध्ययन गर्न लगाई यस तालिकामा पुरुष, वचन र आदरजन्य सङ्गतिको पहिचान गर्न सिकाइएको विषय प्रस्ट पार्नुहोस् ।

(ऊ) शिक्षकले शैक्षिक पाटीमा पुरुष, वचन र आदरअनुसार कर्ता र क्रियापदको उपयुक्त सङ्गतिगत त्रुटि भएका वाक्य लेख्नुहोस् । विद्यार्थीलाई ती वाक्य सच्याएर लेख्न लगाउनुहोस् ।

(ऋ) केही विद्यार्थीलाई अगाडि आएर शैक्षिक पाटीमै लेख्न प्रेरित गर्नुहोस् । शिक्षकले आवश्यक संशोधन गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

(ए) वचन, पुरुष र आदरजन्य विभिन्न वाक्य प्रदर्शन गरी वचन परिर्वतन, पुरुष परिवर्तन र आदर परिवर्तनको अभ्यास गराउनुहोस् । यस अभ्यासका लागि वचन, पुरुष र आदरको तालिका प्रदर्शन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) यस अभ्याससँगै भाषिक संरचना र वर्णविन्यासको अभ्यास ३. र ४ गराउनुहोस् ।

३. **मूल्याङ्कन**

(क) कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्न लगाउनुहोस् :

(अ) म गृहकार्य गर्छु । (तृतीय पुरुष)

(आ) चरा उडे । (एक वचन)

(इ) तँ चिठी लेख्छस् । ( मध्यम आदर )

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • उपसर्गद्वारा शब्द निर्माण<br>• वर्णविन्यास (चन्द्रबिन्दु प्रयोग)<br>• सिर्जना र परियोजना | • उपसर्ग लगाई शब्दनिर्माण गर्न<br>• चन्द्रबिन्दु लागेका अक्षर र शब्द पहिचान र प्रयोग गर्न<br>• व्यक्तिवृत्त तयार गर्न | • उपसर्ग सूची, शब्दपत्ती<br>• चन्द्रबिन्दु लागेका शब्दपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले शैक्षणिक पाटीमा उपसर्ग लागेर बनेका केही शब्द लेखी ती शब्द कसरी बनेका छन् भनी छलफल गराउनुहोस्, जस्तै :

उपहार, संवाद, निराकार

(आ) विद्यार्थीबाट आएका निष्कर्षलाई ध्यान दिई शब्दपत्तीको प्रयोगद्वारा ती शब्दको निर्माण प्रक्रियाका बारेमा जानकारी गराउनुहोस्, जस्तै :

उप + हार        संम् + वाद        निर् + आकार

(इ) यस्तै किसिमका अन्य शब्द प्रदर्शन गरी उपसर्गबाट शब्द निर्माण हुने प्रक्रियाका बारेमा धारणा प्रस्ट पार्नुहोस् र उपसर्गको परिचय पनि दिनुहोस् ।

(ई) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ५ मा दिइएका शब्द पढ्न लगाउनुहोस् र शब्दको बनोटका बारेमा छलफल गराउनुहोस् ।

(उ) विद्यार्थीका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजकिरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ६ मा दिइएका उपससर्ग लगाई शब्द निर्माण गर्न लगाउनुहोस्, जस्तै :

सम् + हार = संहार, कृ + तव्य= कर्तव्य ।

(ऋ) चन्द्रबिन्दु लागेका र नलागेका शब्दसूची प्रदर्शन गरी ती शब्दले दिने अर्थको भिन्नताबारे छलफल गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| बास | बाँस |
| गर्दिन | गर्दिनँ |

(ए) माथिका शब्दमा भएको भिन्नताका बारेमा स्पष्ट पार्दै चन्द्रबिन्दुले शब्दको अर्थमा भिन्नता ल्याउने कुरामा छलफल गराउनुहोस् ।

(ऐ) विद्यार्थीलाई यसै प्रकृतिका चन्द्रबिन्दु लागेका र नलागेका शब्द सङ्कलन गर्न लगाउनुहोस् र तिनका अर्थमा रहेको भिन्नताबारे छलफल गराउनुहोस् ।

(ओ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ७, ८ र ९ का क्रियाकलाप गर्न लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(औ) परियोजना कार्यअन्तर्गतको अभ्यास २ का आधारमा आफ्ना आमाबुबाको व्यक्तिवृत्त तयार पारी ल्याउन निर्देश गर्नुहोस् । (यसका लागि व्यक्तिवृत्त तयार गर्ने आधारको जानकारी दिनुहोस् ।)

### ३. मूल्याङ्कन

(क) दिइएका उपसर्ग लगाई शब्द निर्माण गर्नुहोस् :

बे, कु, प्र, वि, अधि

(ख) आवश्यकताअनुसार चन्द्रबिन्दु प्रयोग गरी दिइएका शब्दलाई शुद्ध गरी लेख्नुहोस् :

आखा, गाउ, हिड्दै छ,

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ १२.<br>• सिर्जना र परियोजना (निर्देशित र स्वतन्त्र जीवनी रचना) | • सुनाइ पाठका आधारमा प्रश्नोत्तर गर्न<br>• निर्देशित जीवनी रचना गर्न<br>• व्यक्तिवृत्तको प्रस्तुति गर्न | • सुनाइ पाठको श्रव्य सामग्री<br>• प्रश्न सूची, उत्तरको नमुना<br>• जीवनी लेखनका लागि बुँदा<br>• जीवनीको नमुना<br>• व्यक्तिवृत्तको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कुनै प्रेरक व्यक्तिको सङ्क्षिप्त जीवनी सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठका दुवै अभ्यास एक पटक राम्ररी पढ्न लगाउनुहोस् र यी अभ्यासको उत्तर सुनाइ पाठ सुनेका आधारमा मौखिक रूपमा दिनुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(इ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ १२ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी सुनाइ पाठ कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(ई) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् । यसका लागि सर्वप्रथम प्रश्नसूचीका माध्यमबाट प्रश्नहरू प्रदर्शन गर्नुहोस् र शिक्षकले सुनाइ पाठ ध्यानपूर्वक सुन्न लगाई पाठ सुनाउनुहोस् ।

(उ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा खाली ठाउँमा सही शब्द चयन गरी पूर्ण वाक्यसहित उत्तर भन्न लगाउनुहोस् र यसको लागि एउटा नमुना उत्तर पनि प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) नारायणगोपालको जन्म वि.सं. १९९६ असोज १८ गते भएको थियो ।

(ऊ) विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी प्रश्नोत्तरको अभ्यास गराउनुहोस् ।

(ए) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् र नमुना उत्तर प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) नारायणगोपालका मातापिताको नाम के हो ?

उत्तर : नारायणगोपालका पिताको नाम आशागोपाल गुरुवाचार्य र माताको नाम रामदेवी गुरुवाचार्य हो ।

(ऐ) विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ओ) शिक्षकले निर्देशित जीवनी रचनाका लागि कुनै व्यक्तिको जीवनीमा आधारित केही बुँदा प्रस्तुत गरी जीवनीको नमुना प्रस्तुत गर्नुहोस् । कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी जीवनी पढ्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

(औ) आवश्यकताअनुसार विद्यार्थीको समूह निर्माण गर्नुहोस् र अगिल्लो दिन सिकेको जीवनीको संरचनाका बारेमा पुनः स्मरण गराई जीवनी लेखनका लागि तयार हुन निर्देश गर्नुहोस् ।

(अं) सिर्जना र परियोजना खण्डको अभ्यास १ मा दिइएका बुँदाका आधारमा निर्देशित जीवनी लेख्न लगाउनुहोस् । जीवनी लेख्ने क्रममा दिइएका बुँदालाई समावेश गरी सिलसिलाबद्ध रूपमा सरल भाषाशैलीको प्रयोग गर्नुपर्ने कुरामा सचेत हुन निर्देश गर्नुहोस् र प्रत्येक समूहले गरेको समूहकार्य निरीक्षण गरी आवश्यक सहयोग गर्नुहोस् ।

(अः) अगिल्लो दिन गृहकार्यको रूपमा दिइएको सिर्जना परियोजनाको अभ्यास २ अनुसारको व्यक्तिवृत्त विद्यार्थीलाई पालै पालो सुनाउन अवसर दिनुहोस् । विद्यार्थीले आफूले रचना गरेको व्यक्तिवृत्त सुनाइसकेपछि धन्यवाद दिनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण पनि दिनुहोस् । विद्यार्थीले तयार गरेको व्यक्तिवृत्त आपसमा साटासाट गरेर हेर्न लगाउनुहोस् । साथीले तयार गरेको र आफूले तयार गरेको व्यक्तिवृत्तबिच तुलना गरी आपसमा छलफल गर्न पनि लगाउनुहोस् । शिक्षकले पनि व्यक्तिवृत्तको एउटा नमुना प्रदर्शन गरी धारणा स्पष्ट पारिदिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीले सिर्जना परियोजना अभ्यास १ मा लेखेका जीवनीलाई मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ १३

# ज्येष्ठ नागरिकहरूप्रति हाम्रो दायित्व

**विधा : वक्तृता** **कार्यघण्टा : ९**

## परिचय

'ज्येष्ठ नागरिकहरूप्रति हाम्रो दायित्व' शीर्षकमा रहेको वक्तृता रूपक विधाअन्तर्गतको एक उपविधाको रूपमा रहेको पाठ हो । वक्तृता कुनै विषयमाथि दिइने प्रवचन वा वक्ताको धारणा हो । अभिव्यक्ति क्षमता बढाउन र तर्कवितर्क गर्ने क्षमता विकास गर्न वक्तृताको विशेष भूमिका हुन्छ । वक्तृता शिक्षणले अरूको कुरा सुन्ने, आफ्नो विचार अभिनय र हाउभाउसहित प्रस्तुत गर्ने सिपको विकास गराउँछ । वक्तृतालाई सिकाइको सहकार्यकलापका रूपमा पनि उपयोग गरिन्छ ।

यस पाठमा भाषिक सिपअन्तर्गतका सुनाइ र बोलाइ सिपको विकासका लागि सुनाइ र प्रतिक्रिया, संवेगात्मक सचेततासहितको तर्कको प्रस्तुति, विषयवस्तुको सार प्रस्तुति, छलफल र प्रश्नोत्तर, अन्तर क्रिया र समस्या पहिचान, समस्या समाधानपरक निष्कर्ष निर्माण र कथन, समयबद्ध पठन जस्ता पाठ्यवस्तु समावेश गरिएको छ । पढाइ सिपको विकासका लागि अभिनयात्मक पठन, संरचना पहिचान, घटनाक्रम पहिचान, पाठको विषयवस्तुको बोध जस्ता पाठ्यवस्तु समावेश गरिएको छ । त्यसै गरी लेखाइ सिप विकासका लागि घटनाक्रम लेखन, सार लेखन, अनुलेखन, प्रश्नोत्तर, तार्किक लेखन, बुँदाटिपोट, स्वतन्त्र रचना जस्ता पाठ्यवस्तु समावेश गरिएको छ । शब्दभण्डार क्षमताको विकासका लागि सिङ्गो शब्दको पहिचान र प्रयोगलाई समावेश गरिएको छ ।

भाषिक संरचनाअन्तर्गत करण र अकरणको पहिचान र प्रयोग, प्रत्ययबाट शब्द निर्माण तथा वर्णविन्यासअन्तर्गत शिरबिन्दुको पहिचान र प्रयोगलाई समावेश गरिएको छ । भाषिक प्रकार्यअन्तर्गत सम्प्रेषणलाई समावेश गरिएको छ । सुनाइ तथा बोलाइ पाठ '१३' को उपयोग गरेर ज्ञानात्मक र बोधात्मक प्रश्नोत्तर जस्ता पाठ्यवस्तुको उपयोग गरी भाषिक सिपको विकासमा जोड दिइएको छ । सिर्जना र परियोजना कार्यअन्तर्गत वक्तृता लेखन र समस्या पहिचान तथा समाधानका उपायको खोजीलाई समावेश गरी अभिव्यक्ति कलाको विकास गराउन खोजिएको छ । अनुमानित पाठ्यघण्टाअनुसार तयार गरिएको पाठ्यवस्तुगत वितरणको योजना र निर्देशनको उपयोग तथा आवश्यकताअनुसार विविध विद्यार्थी केन्द्रित क्रियाकलापको उपयोग गरेर कक्षा शिक्षणलाई उपलब्धिमूलक बनाउन सकिन्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका र आवश्यकताअनुसार अन्य विविध थप अभ्यास गराउनु प्रभावकारी हुन्छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पाठ बोध (वक्तृताको परिचय र संरचना पहिचान)<br>• दृश्यबोध र छलफल<br>• पठनबोध (उद्घोषकको अभिव्यक्ति) | • पूर्व पठन खण्डको विषयवस्तुका आधारमा वक्तृताको परिचय दिन<br>• वक्तृताको संरचना पहिचान गर्न<br>• मूल पाठ खण्डको चित्र अध्ययन गरी चित्रवर्णन गर्न<br>• निर्दिष्ट अनुच्छेदहरू (पृष्ठभूमि र उद्घोषकको अभिव्यक्ति) शुद्ध उच्चारण गरी सस्वरवाचन गर्न<br>• वक्तृताको नियम बताउन<br>• उद्घोषकको अभिव्यक्ति खण्डमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न | • वक्तृताको संरचना जनाउने तालिका, श्रव्यदृष्य सामग्री (वक्तृताको), वक्तृताको नियम लेखिएको सूचीपत्र, शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै विषयमा छोटो वक्तृता प्रस्तुत गर्दै विद्यार्थीलाई पनि कुनै विषयमा आफ्नो भनाइ राख्न (केही क्षणपछि) तयारी अवस्थामा रहन निर्देश गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी ढङ्गबाट विभिन्न समूहमा विभाजन गरी पूर्व पठन खण्डमा भएको विषयवस्तु पढ्न लगाई प्रत्येक समूहलाई वक्तृताका विषयमा छलफल गराउनुहोस् । यस सन्दर्भमा पूर्व पठन खण्डमा भएका विषयवस्तुका बारेमा पनि छलफल गराउनुहोस् ।

(आ) पूर्व पठन खण्डको विषयवस्तुका आधारमा मूल पाठको विषयवस्तु अनुमान गर्न लगाउनुहोस् र अनुमान गरिएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई पूर्व पठन खण्डमा भनिए जस्तो वक्तृता कसैले प्रस्तुत गर्नुभएको वा

वक्तृत्वकला प्रतियोगितामा सहभागी हुनुभएको छ ? भनेर प्रश्न गर्नुहोस् र सहभागी भएको भए त्यसको अनुभव वर्णन गर्न लगाई छलफल गराउनुहोस् । यस क्रममा हरेक विद्यार्थीलाई अनुभव बताउने अवसर प्रदान गर्नुहोस् । अगि कक्षामा प्रवेश गर्दागर्दै आफूले भने जस्तै कुनै विषय वा शीर्षक दिई छोटो वक्तृता पनि प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) प्रत्येक विद्यार्थीको अनुभव वर्णनपश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि हौसला प्रदान गर्नुहोस् ।

(उ) मानिसको बोल्ने कलालाई नै वक्तृता भनिन्छ । यो कुनै विषयमा केन्द्रित हुन्छ भन्ने कुरा जनाउँदै वक्तृताको संरचना बोध गराउने तालिका प्रस्तुत गर्नुहोस्, जस्तै :

**वक्तृता के हो र यसको संरचना कस्तो हुन्छ ?**

- बोल्ने कला वा वाक्कला
- यसबाट बोलीको खुबी वा चतुऱ्याइँ प्रस्तुत हुने
- वक्तृत्वकला पनि भनिने
- वक्तृता प्रस्तुत गर्दा सम्बोधन, विषयवस्तुको उठान, विषयवर्णन, तर्क वा विचार, तथ्यको प्रस्तुति, व्याख्या, पुष्टीकरण र निष्कर्षको श्रृङ्खला रहनुपर्ने
- काल्पनिक विषय प्रस्तुत नगरी तथ्य कुरा मात्र राख्नुपर्ने
- मौलिक रूपमा शारीरिक हाउभाउसहित आत्मविश्वासका साथ विषयवस्तु प्रस्तुत गर्नुपर्ने
- समयसीमालाई ख्याल गरी विषयवस्तु प्रस्तुत गर्नुपर्ने
- कसैलाई आक्षेप लाग्ने वा असर पर्ने विचार व्यक्त गर्न नहुने
- एउटै विषयवस्तुलाई नदोहोऱ्याई धाराप्रवाह प्रवचन दिनुपर्ने

(ऊ) वक्तृताको संरचना माथिका विषयवस्तुमा आाधारित हुने र यस पाठको पूर्व पठन खण्डले पनि त्यसै कुरालाई सङ्केत गरेको कुरा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् ।

(ऋ) मूल पाठको सुरुमा रहेको चित्र देखाई यस चित्रले के व्यक्त गरेको छ ? छलफल गराउनुहोस् र सम्भव भएसम्म विद्यार्थीलाई कुनै वक्तृताको भिडियो प्रदर्शन गरी वक्तृता सञ्चालन र प्रस्तुतीकरणका बारेमा थप छलफल गराउनुहोस् ।

(ए) विद्यार्थीलाई पाठको पृष्ठभूमि र उद्घोषकको अभिव्यक्तिसम्मका विषयवस्तु वक्ताले बोले झैँ उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सकेनसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । त्यसपछि शिक्षकले पाठमा रहेको उद्घोषकको अभिव्यक्ति

हाउभाउसहित नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई उद्घोषकको अंश वक्ताले बोले झैँ उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् । यस क्रममा वाचकले पाठ सस्वरवाचन गर्दैगर्दा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा अप्ठ्यारा लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् र वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द शिक्षकले पनि सङ्कलन गर्नुहोस् ।

(ओ) पृष्ठभूमि र उद्घोषकको अभिव्यक्ति सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शै क्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्। जस्तैः वक्तृत्वकला : /बक्.त्रित्.त्व.क.ला/, मण्डल : /मन्.डल्/, कार्यक्रम : /कार्.य.क्र.म/

(औ) उद्घोषकको अभिव्यक्ति पुनः एक पटक पढ्न लगाई वक्तृताको नियमका बारेमा सामूहिक छलफल गराउनुहोस् र शिक्षकले तयार पारी ल्याएको वक्तृताको नियम जनाउने सूचीपत्र प्रदर्शन गरी त्यसका बारेमा थप स्पष्ट पारिदिनुहोस्। विद्यार्थीलाई निर्दिष्ट पाठमा नयाँ लागे का शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| **अभिवादन** | **ठुलाबडा वा सम्माननीय व्यक्तिलाई गरिने आदरभाव** |
| **वक्ता** | **बोल्ने व्यक्ति** |

(अं) शब्दार्थको अभ्यास गराइसकेपछि तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् र शिक्षकले एउटा नमुना वाक्य पनि प्रदर्शन गर्नुहोस्, जस्तै :

अभिवादन = मैले गुरुलाई भेट्नासाथ अभिवादन गरेँ ।

(अ) निर्दिष्ट अनुच्छेदमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी सोही किसिमका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) वक्तृताको संरचनासम्बन्धी विभिन्न प्रश्न निर्माण गरी मौखिक उत्तर दिन लगाउनुहोस् ।

(ख) उद्घोषकको अभिव्यक्तिलाई निर्देश गरी विद्यार्थीलाई गति, यति र हाउभाउ मिलाई सस्वर वाचन गराउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

ज्येष्ठ, अन्तर्राष्ट्रिय

(घ) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

ज्येष्ठ, अन्तर्राष्ट्रिय

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (अंशु उप्रेती र अखिलेश पासवानको अभिव्यक्ति )<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार (शब्दार्थ र वाक्यमा प्रयोग) | • अंशु उप्रेती र अखिलेश पासवानको अभिव्यक्ति गति, यति, हाउभाउ र चेष्टा मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | • वक्तृतामा रहेका अभिव्यक्ति (प्रोजेक्टरमा वा चार्ट पेपरमा)<br>• श्रव्य वा श्रव्यदृश्य सामग्री<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै वक्तृताको छोटो श्रव्य वा श्रव्यदृश्य सामग्री प्रदर्शन गरी विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले विद्यार्थीलाई वक्तृताको पाठ प्रोजेक्टर वा चार्टपेपरमा प्रस्तुत गरी हेर्न निर्देश गर्नुहोस् । आफूले पाठमा रहेको अंशु उप्रेतीको अंश वक्ताले बोले झैँ उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई ध्यान दिएर सुन्न निर्देशन दिनुहोस् ।

(आ) पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरिएको यसै पाठसम्बद्ध अडियो वा भिडियो प्रदर्शन गरी वक्तृता वाचन वा प्रस्तुतीकरणबारे थप छलफल गराउनुहोस् ।

(इ) विद्यार्थीले गरेको प्रस्तुतिको समीक्षा गर्न केही विद्यार्थी छनोट गर्नुहोस् । विद्यार्थीलाई पनि पालैपालो उपयुक्त हाउभाउ, चेष्टा र अभिनयसहित वादविवादको अंश (अंशु उप्रेती र अखिलेश पासवानको अभिव्यक्ति) गति, यति, हाउभाउ र चेष्टा मिलाई शुद्धसँग सस्वर वाचन गर्न लगाउनुहोस् । यसै क्रममा अन्य विद्यार्थीलाई वाचकले पाठ सस्वरवाचन गर्दै गर्दा उच्चारणमा कठिनाई भएका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् र वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द शिक्षकले पनि सङ्कलन गर्नुहोस् ।

(ई) विद्यार्थीले गरेको प्रस्तुति कस्तो भयो भनेर समीक्षा गर्न छानिएका विद्यार्थीलाई सोध्नुहोस् । यसपछि सबै विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । छलफलपछि निष्कर्ष निकाली पुनः केही विद्यार्थीलाई गति, यति हाउभाउ र अभिनयसहित सस्वरवाचन गर्न लगाउनुहोस् ।

(उ) दुवै जना वक्ताको अभिव्यक्ति सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका शब्द पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दहरूलाई उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै : मनोरञ्जन : /म.नो.रन्.जन्/, दायित्व : /दा.यित्.त्व/

(ऋ) यसरी नै बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा आधारित भई उच्चारणका थप अभ्यास गराउनुहोस् ।

(ए) विद्यार्थीलाई निर्दिष्ट पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस्

र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

**दायित्व** : **जिम्मेवारी**

**परिपक्व** : **व्यावहारिक**

(ऐ) शब्दार्थको अभ्यास गराइसकेपछि तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यसका लागि शिक्षकले एउटा नमुना वाक्य प्रदर्शन गर्नुहोस्, जस्तै :

दायित्व : शिक्षकले विद्यार्थीप्रतिको आफ्नो दायित्व पूरा गर्नुभएन भने विद्यार्थीको भविष्य बिग्रिन्छ ।

(ओ) शब्दभण्डार खण्डको अभ्यास ३ का शब्दको अर्थमाथि छलफल गराउनुहोस् र आवश्यकतानुसार शब्दार्थपत्तीको माध्यमबाट ती शब्दको अर्थसम्बन्धी धारणा प्रस्ट पारि दिनुहोस् ।

(औ) यी क्रियाकलापसँगै शब्द भण्डार खण्डको अभ्यास १ र २ का क्रियाकलाप पनि गराउनुहोस् ।

(अं) शब्दभण्डार खण्डको अभ्यास ४ मा आधारित भई वाक्य निर्माणको अभ्यास गराउनुहोस् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी सोही किसिमका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको उच्चारण गर्न लगाउनुहोस् :

पर्याप्त, विद्यमान, वृद्धवृद्धा

(ग) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

धरोहर, सदैव

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● मौनपठन<br>● बोध प्रश्नोत्तर<br>● वाक्य तथा वक्ता पहिचान<br>● लामो उत्तरात्मक प्रश्न | ● ज्येष्ठ नागरिकप्रति हाम्रो दायित्व वक्तृताको पाठ मौनपठन गर्न<br>● निर्दिष्ट पाठका आधारमा बोध प्रश्नोत्तर गर्न<br>● निर्दिष्ट वाक्यका वक्ता पहिचान गर्न<br>● पाठ्य वक्तृताका आधारमा सोधिएका प्रश्नको लामो उत्तर लेख्न | ● बोध प्रश्नको सूची<br>● प्रश्नअनुकूलका उत्तरका नमुना<br>● पाठमा प्रयुक्त अंशु उप्रेती र अखिलेश पासवानले बोलेका केही सान्दर्भिक वाक्यका सूची<br>● लामो प्रश्नको सूची<br>● उत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै चुट्किला, कथा, सान्दर्भिक तथा अर्थपूर्ण भनाइ आदि भन्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् र विद्यार्थीलाई पनि चुट्किला, कथा, सान्दर्भिक तथा अर्थपूर्ण भनाइ आदि प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुबारे जानकारी गराई कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) 'ज्येष्ठ नागरिकप्रति हाम्रो दायित्व' वक्तृताको पाठ धारणा बुझ्ने गरी मौनपठन गर्न लगाउनुहोस् र हरेक विद्यार्थीले अध्ययन गरे नगरेको मूल्याङ्कन गरी आवश्यक सुझावसहित पढाइमा प्रेरित गर्नुहोस् ।

(आ) मौनपठनको कार्य सकिएपछि बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ३ का क्रियाकलापतर्फ केन्द्रित गर्नुहोस् र बोध प्रश्नको सूची प्रदर्शन गरी तिनको उत्तर भन्ने अभ्यास गराउनुहोस् ।

(इ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् र एउटा नमुना पनि प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) वक्तृत्वकला प्रतियोगितामा कसले अध्यक्षता ग्रहण गर्नुभएको छ ?

उत्तर : वक्तृत्वकला प्रतियोगितामा विद्यालयका प्रधानाध्यापकले अध्यक्षता ग्रहण गर्नुभएको छ ।

(ई) प्रत्येक प्रश्नको अभ्यास यसरी नै गराउँदै विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप प्रश्न र उत्तरका सूची प्रदर्शन गरी प्रश्नोत्तरसम्बन्धी थप अभ्यास गराउनुहोस् ।

(ऊ) शिक्षकले पाठमा प्रयुक्त अंशु उप्रेती र अखिलेश पासवानले बोलेका केही सान्दर्भिक वा( क्यका सूची प्रदर्शन गर्नुहोस् र निर्दिष्ट वाक्यका वक्ता पहिचान गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

**तलका भनाइ कसले भनेका हुन् ? बताउनुहोस् :**

- ज्येष्ठ नागरिक परिवार र राष्ट्रका प्रेरणाका स्रोत हुन् ।
- यस्ता जिउँदो इतिहासका धरोहर मानिने ज्येष्ठ नागरिकप्रति हाम्रा कर्तव्य धेरै छन् ।

उत्तर :

- ज्येष्ठ नागरिक परिवार र राष्ट्रका प्रेरणाका स्रोत हुन् । (अखिलेश पासवान)
- यस्ता जिउँदो इतिहासका धरोहर मानिने ज्येष्ठ नागरिकप्रति हाम्रा कर्तव्य धेरै छन् । (अंशु उप्रेती)

(ऋ) यसरी नै विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ४ का क्रियाकलापतर्फ केन्द्रित गर्नुहोस् र त्यससम्बन्धी अभ्यास गराउनुहोस् ।

(ए) विद्यार्थीलाई समावेशी आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

(ऐ) लामो उत्तर आउने प्रश्नको सूची प्रदर्शन गरी कुनै एक प्रश्नको नमुना उत्तर प्रदर्शन गर्नुहोस्, जस्तै :

**तपाईँले आफ्नो समाजमा ज्येष्ठ नागरिकले भोगेका कस्ता कस्ता समस्या देख्नुभएको छ ?**

उत्तर : मैले आफ्नो समाजमा ज्येष्ठ नागरिकले भोगेका अनेक समस्या देखेको छु । आमाबुबाको सम्पत्तिमा झगडा गर्ने, बुढाबुढी भएका आमाबुबाको सम्पत्ति बाँडफाँड गर्ने तर आमाबुबा बुढा भएपछि अपहेलना गर्ने खालका समस्या देखेको छु । यसैगरी कतिपय छोराछोरीले बुढा भएका आमाबुबालाई वृद्धाश्रममा लगेर राख्ने गरेको कुरा पनि हाम्रो समाजमा देखिएको समस्या हो । गाडीमा ज्येष्ठ नागरिकलाई स्थान नदिने, उनीहरूलाई गिज्याउने जस्ता क्रियाकलाप पनि समाजमा भएका समस्या हुन् । यसरी नै छोराछोरी विदेश पलायन भएर घरमा आमाबुबाले कष्टपूर्ण जीवन बिताउनुपरेका समस्या पनि हाम्रा समाजमा रहेका छन् । छोराछोरीसँग सँगै बसेका आमाबुबाका चाहना, इच्छालाई पूरा गर्नुको सट्टा उल्टै उनीहरूलाई यातना दिएका समस्या पनि मैले समाजमा देखेको छु ।

(ओ) प्रदर्शन गरिएका प्रश्नको उत्तर लेख्ने तरिकाबारे छलफल गराएर प्रत्येक समूहलाई एक एकओटा प्रश्न दिई उत्तर लेख्नका लागि प्रेरित गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् । प्रत्येक समूहलाई आफूले लेखेको उत्तर प्रदर्शन गरी पढेर सुनाउन लगाउनुहोस् ।

(औ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएका प्रश्नको उत्तर लेख्ने अभ्यास गराउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ३ का प्रश्न सोधी मौखिक रूपमा उत्तर दिन लगाउनुहोस् ।

(ख) दिइएको प्रश्न सोधी उत्तर लेख्न लगाउनुहोस् :

(अ) तपाईंले आफ्नो घरमा हुनुभएका ज्येष्ठ नागरिकप्रति केकस्तो दायित्व पूरा गर्नुभएको छ ? लेख्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# चौथो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • तार्किक उत्तर लेखन<br>• बुँदाटिपोट र सारांश लेखन | • पाठका निर्देशित विचारसँग आफ्नो धारणा राखी तर्क व्यक्त गर्न<br>• निर्धारित अनुच्छेदबाट मुख्य मुख्य बुँदा टिपोट गरी सारांश लेख्न | • तार्किक उत्तरको नमुना<br>• बुँदा टिपोटका लागि अनुच्छेद<br>• बुँदा टिपोटको नमुना<br>• सारांश लेखनको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले आफूलाई दृष्टिगत गर्दै "म यस कक्षामा किन आएको हुँ ?" भन्ने प्रश्न राख्नुहोस् र विद्यार्थीलाई आफ्नो तर्कपूर्ण भनाइ राख्न लगाउँदै कक्षाप्रति ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई कुनै पनि विषयवस्तुमा आफ्नो धारणा पेस गर्दा तार्किक रूपमा पेस गर्नुपर्ने कुरा कुनै उदाहरणबाट स्पष्ट पार्नुहोस् ।

(आ) यस सन्दर्भमा विद्यार्थीलाई आफ्नो सुझाव व्यक्त गर्दा आफूलाई लागेको विचारलाई तर्कपूर्ण ढङ्गले पुष्टि गर्नुपर्ने विषयमा आफूले तयार पारेको कुनै प्रश्न र त्यसको उत्तर को नमुना प्रदर्शन गरी जानकारी गराउनुहोस् । अगि कक्षामा प्रवेश गर्दैगर्दा आफूले कुनै प्रश्न राख्दै पसेको कुरा पनि सन्दर्भअनुकूल जोड्नुहोस् ।

(इ) विद्यार्थीलाई मौखिक रूपमै सुरुकै प्रश्न "म यस कक्षामा किन आएको हुँ ?" भन्ने विषयमा पालैपालो तर्कसहितको सुझाव दिन अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीले मौखिक रूपमा व्यक्त गरेको विचारलाई लेख्य रूपमा उतार्न लगाउनुहोस् र उनीहरूको उत्तर परीक्षण गरी आवश्यक सुझाव दिनुहोस् ।

(उ) "ज्येष्ठ नागरिकहरूका खारिएको ज्ञान र अनुभव हाम्रा लागि मार्गदर्शन हुन्" भन्ने अभिलेख पासवानको भनाइमा आफू सहमत वा असहमत रहेको धारणामा आधारित भएर तर्क लेख्न लगाउनुहोस् र विद्यार्थीको उत्तर हेरी आवश्यक सहयोग गर्नुहोस् ।

(ऊ) विद्यार्थीमाझ शिक्षकले तयार गरेको एउटा अनुच्छेद प्रदर्शन गर्नुहोस् ।

(ऋ) प्रदर्शन गरिएको अनुच्छेद मौनपठन गरी त्यस अनुच्छेदका मुख्य मुख्य विषयवस्तुलाई समेटी चारओटा बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्षहरूबारे जानकारी गराउनुहोस् ।

**बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्ष**

- दिइएको पाठ/अनुच्छेद स्पष्ट हुनेगरी पढ्ने
- महत्त्वपूर्ण शब्द/शब्दावलीलाई रेखाङ्कन गर्ने
- शब्द नदोहोऱ्याउने
- मुख्य मुख्य बुँदा टिप्ने
- टिपिएका बुँदाहरूलाई संशोधन र परिमार्जन गर्ने
- निर्देशित सङ्ख्यामा बुँदाहरूलाई अन्तिम रूप दिने
- अपूर्ण वाक्यहरूको प्रयोग गर्ने तथा असमापिका क्रियापदको प्रयोग गर्ने
- आवश्यकता हेरी शीर्षक दिने

(ए) उपर्युक्त निर्देशनका आधारमा विद्यार्थीलाई एकपछि अर्को चरणमा क्रमशः गई कार्य गर्न प्रेरित गर्नुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । विद्यार्थीबाट बुँदा टिपोटको कार्य

सकिएपछि शिक्षकले तयार पारी ल्याएको .नमुना बुँदा टिपोटलाई प्रदर्शन गर्नुहोस् ।

(ऐ) विद्यार्थीका बुँदालाई समेत यस तालिकासँग तुलना गरी विद्यार्थीका राम्रा कार्यप्रति उत्प्रेरित गर्दै सुधार गर्नुपर्ने स्थानमा आवश्यक सुधार गर्न प्रेरित गरी बुँदा टिपोट गर्ने तरिकाको स्पष्ट धारणा दिनुहोस् ।

(ओ) तयारी बुँदालाई जोडेर मूल अनुच्छेदको एक तृतीयांशमा सारांश लेख्न प्रेरित गरी शिक्ष(कले मौखिक रूपमै सारांश भनी त्यसैअनुरूप लिपिबद्ध गर्न लगाउनुहोस् । विद्यार्थीका कार्य हेरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले तयार गरेको सारांशलाई नमुनाको रूपमा केही विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(औ) शिक्षकले तयार गरी ल्याएको नमुना सारांश प्रस्तुत गरेर विद्यार्थीका सारांश तुलना गर्न लगाई आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।

(अं) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा आधारित भई बुँदा टिपोटसहितको सार लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) तपाईंले घरमा आफूभन्दा ठुला व्यक्तिलाई किन आदर गर्नुहुन्छ ? कारण सोधी त्यसको तार्किक उत्तर दिन लगाउनुहोस् ।

(ख) पाठको कुनै अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सारांश लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • बुँदा सङ्कलन वा टिपोट<br>• विचार लेखन | • निर्दिष्ट शीर्षकमा आधारित विषयवस्तु समेट्ने बुँदा टिप्न<br>• निर्दिष्ट शीर्षकमा आधारित भई आफ्नो विचार लेख्न | • विषयवस्तुसम्बद्ध बुँदा टिपोटको प्रक्रिया उल्लेख गरिएको सूचीपत्र<br>• बुँदा सङ्कलनको नमुना<br>• कुनै शीर्षकमा आधारित भई लेखिएको विचारको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई शीर्षकमा आधारित बुँदा टिपोटको अवधारणा र शीर्षकमा आधारित बुँदा टिप्ने तरिका (शीर्षक, शीर्षकमा आधारित विषयवस्तुको उठान, विषयवस्तुको पुष्टि, गहनता,फाइदा बेफाइदा, प्रक्रिया, समापन वा निष्कर्ष बुँदा आदि) सम्बन्धी धारणा विषयवस्तुसम्बद्ध बुँदा टिपोटको प्रक्रिया उल्लेख गरिएको सूचीपत्रका माध्यमबाट स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीमाझ कुनै एउटा शीर्षकमा लेखिएको बुँदा टिपोटको नमुना प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका शीर्षक, विषयवस्तुको उठान, विषयवस्तुको पुष्टि, तथ्य, गहनता, फाइदा वा बेफाइदा, प्रक्रिया, समापन वा निष्कर्ष बुँदा आदि विषयमा छलफल गराउनुहोस् ।

(इ) विद्यार्थीलाई माथिका तरिका र नमुनाका आधारमा बोध र अभिव्यक्तिको अभ्यास ७ मा दिइएको शीर्षकमा आधारित भई बुँदा टिपोट अभ्यास गराउनुहोस् ।

(ई) तोकिएको कार्य सकिएपछि विद्यार्थीलाई आआफूले टिपोट गरेका बुँदा भन्न लगाई शिक्षकले त्यसको मूल्याङ्कन गरी आवश्यक सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् र शिक्षकले तयार गरेका अन्य शीर्षकमा अनुच्छेद लेखनको अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई शीर्षकमा आधारित बुँदा टिपोट गरे जस्तै गरी शीर्षकमा आधारित रही आफ्ना विचार लेख्न र व्यक्त गर्न सकिने कुराको जानकारी गराउनुहोस् ।

(ऊ) शीर्षकमा आधारित विचार लेखनको अवधारणा र शीर्षकमा आधारित विचार लेख्ने तरिका (शीर्षक, शीर्षकमा आधारित विषयवस्तुको उठान, विषयवस्तुको पुष्टि, गहनता, फाइदा बेफाइदा, प्रक्रिया, समापन वा निष्कर्ष, भाषाशैली, वर्णविन्यास आदि) सम्बन्धी धारणा विषयवस्तुसम्बद्ध विचार लेखनको प्रक्रिया उल्लेख गरिएको सूचीपत्रका माध्यमबाट स्पष्ट पार्नुहोस् ।

(ऋ) विद्यार्थीमाझ कुनै एउटा शीर्षकमा लेखिएको विचार प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका शीर्षक, विषयवस्तुको उठान, विषयवस्तुको पुष्टि, तथ्य, गहनता, फाइदा बेफाइदा, प्रक्रिया, समापन वा निष्कर्ष बुँदा आदि विषयमा छलफल गराउनुहोस् ।

(ए) विद्यार्थीलाई माथिका तरिका र नमुनाका आधारमा बोध र अभिव्यक्तिको अभ्यास ७ मा दिइएको शीर्षकमा आधारित भई तयार गरिएका बुँदाका आधारमा विचार लेखनको अभ्यास गराउनुहोस् ।

(ऐ) बोध र अभिव्यक्तिको अभ्यास ८ मा दिइएको शीर्षकमा आधारित भई विचार लेखन अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीको तह सुहाउँदो कुनै शीर्षक निर्दिष्ट गरी त्यस शीर्षकलाई पुष्टि गर्ने बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीको तह सुहाउँदो कुनै शीर्षक निर्दिष्ट गरी त्यस शीर्षकमा आधारित भई विचार लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वक्तृता (कार्यक्रम आयोजना) | • वक्तृता कार्यक्रम सञ्चालन गर्न,<br>• निर्दिष्ट शीर्षकमा आफ्ना धारणा राखी वक्तृता प्रस्तुत गर्न | • घडी, घण्टी, मूल्याङ्कन तालिका, कार्यक्रम सञ्चालनका लागि आवश्यक सामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै शीर्षकमा छोटो भनाइ राखी विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

(ई) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) वक्तृता कार्यक्रम सञ्चालनका लागि अगिल्लै दिन दिइएको शीर्षकमा आधारित भई तयारी गराउनुहोस् ।

(आ) कार्यक्रम सञ्चालनका लागि छलफल गरेर आवश्यक नियम निर्माण गरी सूचीबद्ध गर्न लगाउनुहोस् । आवश्यक परेमा सहयोग गरिदिनुहोस् ।

(इ) विद्यार्थीकै सहभागिता हुने गरी विभिन्न भूमिका तोकिदिनुहोस्, जस्तै :

उद्घोषक : राधा तिवारी

सभापति : मिथिलेश ठाकुर

प्रमुख अतिथि : सरोज विश्वकर्मा

निर्णायक वर्ग : डोल्मा लामा, सुरज ठगुन्ना, दावा तामाङ

कार्यक्रम व्यवस्थापक : सकिना कुँवर, बिमल राई,

समय पालक : फुर्वा गुरुङ

वक्ता : मिलन देसार, शारदा नेगी

(ई) जिम्मा दिइएको भूमिकाअनुसार विद्यार्थी स्वयम्लाई कार्यक्रम व्यवस्थापन गर्न लगाई वक्तृता सञ्चालन गर्न लगाउनुहोस् र कार्यक्रम सञ्चालकलाई निम्नानुसार समय व्यवस्थापन गर्न र नियम बनाउन निर्देशन दिनुहोस् :

- हरेक वक्ताले ५ मिनेट समय पाउने छन् ।
- वक्ताको समय पाँच मिनेट रहने छ । चार मिनेटपछि सङ्केत घन्टी बज्ने छ । सङ्केत घन्टीपछि आफ्नो भनाइ टुङ्ग्याउनेतर्फ लाग्नुपर्ने छ ।
- कुनै पनि लिङ्ग, धर्म, सम्प्रदाय, जाति विशेषमा वा व्यक्तिगत रूपमा कसैलाई आक्षेप लगाउन पाइने छैन ।

(उ) नियम निर्माण गर्ने कुरामा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) सबै विद्यार्थीलाई आआफ्नो भूमिका निर्वाह गरी वादविवाद कार्यक्रम सञ्चालन गर्न लगाउनुहोस् । कार्यक्रमका बिचमा आवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

(ऋ) शिक्षकले कार्यक्रमको समीक्षा गरी विद्यार्थीका कार्यलाई प्रेरणा प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) कुनै शीर्षक तोकेर वक्तृता लेख्न लगाउनुहोस् । (यस कार्यको मूल्याङ्कन तथा परीक्षण भोलिपल्टको कक्षामा गर्नुहोस् ।)

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# सातौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुलेखन<br>• भाषिक प्रकार्य (विचार सम्प्रेषण) | • निर्देशित पाठको अनुलेखन गर्न<br>• दुईजना साथीबिचमा भएको (फोनमार्फत सम्प्रेषण) विचार हाउभाउसहित व्यक्त गर्न | • अंशु उप्रेतीको अभिव्यक्ति (प्रोजेक्टरमार्फत)<br>• अनुच्छेद, चार्टपेपर<br>• संवाद, श्रव्य तथा श्रव्यदृश्य सामग्री<br>• मोबाइल दुईओटा |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले सर्वप्रथम आफूले कोही व्यक्तिसँग गरेको कुराकानीको कुनै रोचक अंश सुनाई विद्यार्थीलाई पनि यस्तै कुनै साथीसँग गरेको रोचक कुराकानी भए स्मरण गर्न (केही क्षणपछि प्रस्तुत गर्ने गरी) लगाई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) अनुलेखनको अवधारणा र अनुलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्द बनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्द बनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न

आदि विषयमा छलफल गराउनुहोस् र ती विषयवस्तुमा आधारित भई सो अनुच्छेदलाई अनुलेखन गर्न प्रेरित गर्नुहोस् ।

(इ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ९ का आधारमा निर्देशित पाठ खोज्न लगाई विद्यार्थीलाई आठ समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहका लागि एक एकओटा अनुच्छेद तोकिदिई प्रत्येक समूहलाई एक एकओटा चार्ट पेपर दिनुहोस् र त्यस चार्ट पेपरमा निर्दिष्ट अनुच्छेदको अनुलेखन गराउनुहोस् ।

(ई) तोकिएको कार्य सकिएपछि शिक्षकले प्रत्येक समूहले लेखेका सामग्रीलाई प्रदर्शन गर्न लगाई पाठसँग तुलना गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) विद्यार्थीसँग विचार सम्प्रेषणसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । विचार सम्प्रेषण भनेको कुनै दुई वा सोभन्दा बढी व्यक्तिबिचमा भएको कुराकानी हो । यो मानवीय क्रियाकलाप, व्यवहार, आचरण, विचार, बोल्ने तरिका, शिष्टाचार, आदर आदिसँग प्रत्यक्ष जोडिएको हुन्छ त्यसैले कुनै पनि व्यक्तिले विचार सम्प्रेषण गर्दा आफ्नो बोल्ने तरिका, शिष्टाचार, आदर, हाउभाउ, आचरण, व्यवहार आदि कुरामा ध्यान दिनुपर्छ भन्ने कुरा सिकाउनुहोस् । विचार सम्प्रेषणजन्य भाषिक व्यवहारलाई व्यक्त गर्दा बोल्ने तरिका, शिष्टाचार, आदर, हाउभाउ, आचरण, व्यवहार जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् र अगि कक्षाको सुरुआतमै आफूले कोही व्यक्तिसँग गरेको कुराकानीको कुनै रोचक अंश सुनाएको प्रसङ्गलाई जोडी विद्यार्थीका पनि त्यस्ता कुनै रोचक प्रसङ्ग भए हाउभाउसहित सुनाउन लगाउनुहोस् ।

(ऊ) शिक्षकले तयार पारी ल्याएको कुनै विचार सम्प्रेषणसम्बन्धी कुनै छोटो उदाहरण प्रदर्शन गर्नुहोस्, जस्तै :

**सम्प्रेषण**

शिक्षकले सुप्रभालाई बोलाएर 'नेपाली पर्यटनको इतिहास' का बारेमा आफ्नो विचार सम्प्रेषण गर्न लगाउनुभयो । सुप्रभा आफू बसेको बेन्चबाट अगाडि गइन् । सबै साथीहरूलाई अभिवादन गरिन् अनि विषयवस्तुसँग सम्बन्धित रहेर आफ्ना विचार सम्प्रेषण गरिन्, "पर्यटन भन्नाले दर्शनीय तथा महत्त्वपूर्ण स्थानहरू हेर्न वा मन बहालाउनका लागि देशविदेशमा गरिने भ्रमण वा यात्रा भन्ने बुझिन्छ । पर्यटन पर्यटकसँग सम्बन्धित गतिविधि हो । नेपालमा पर्यटन उद्योगको विकास वि.सं. २००७ मा प्रजातन्त्रको उदयपछि भएको मानिन्छ । वि.स. २०१४ मा पर्यटन विकास समिति स्थापना भएपछि पर्यटन उद्योगले गति लिएको पाइन्छ । पर्यटन उद्योगको विकासकै लागि वि.स. २०१६ मा पर्यटन विभागको स्थापना भयो । त्यस्तै वि.स. २०३३ मा पर्यटन मन्त्रालयको स्थापना भयो । यसबाट पर्यटन उद्योगको विकास र विस्तारका लागि योजनाबद्ध कार्यहरू हुन थाले । नेपाल सरकारले वि.स. २०५४ मा 'नेपाल भ्रमण

वर्ष' मनाइ लाखौँ पर्यटक भित्र्याउन प्रभावकारी तथा आकर्षक गतिविधि सञ्चालन गऱ्यो । यसैक्रममा सन् २०११ मा 'पर्यटन वर्ष २०११' मनायो । त्यसयता पनि पर्यटन गतिविधिसँग सम्बन्धित थुप्रै कामहरू भएका छन् । मुलुकको अर्थतन्त्रको विकासका लागि पर्यटन उद्योग अपरिहार्य छ । म पनि भविष्यमा यही क्षेत्रमा लाग्ने विचारमा छु । यति भन्दै म आफ्ना भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ।"

(ऋ) शिक्षकले तयार पारी ल्याएको श्रव्य तथा श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि दुई दुई जनाको समूह बनाई पालैपालो फोनमा कुरा गरेको अभिनय तथा हाउभाउसहितको विचार सम्प्रेषण गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी उत्प्रेरणात्मक बोली, हौसला, निडरपना, स्पष्ट विचार राख्न सक्ने, शिष्टाचार, हाउभाउ, उचित शब्द चयन, खुलापन जस्ता व्यवहारमा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ए) बोध र अभिव्यक्ति खण्डको अभ्यास १० मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

(ऐ) अनुच्छेद पठनपश्चात् तोकिएको निर्देशनका आधारमा सुभव र आमाका बिचमा विचार सम्प्रेषण कसरी भएको छ भन्ने विषयमा पालैपालो भन्न लगाउनुहोस् ।

(ओ) अनुच्छेदमा सुभव र आमाबिचमा भएको विचार सम्प्रेषणका आधारमा विद्यार्थीलाई पनि त्यस्तै विचार सम्प्रेषण गर्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठको कुनै अनुच्छेद निर्देश गरी अनुलेखन गराउनुहोस् ।

(ख) दुई जना साथीबिच दैनिक जीवनमा गरिने कुराकानीका आधारमा विचार सम्प्रेषण गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना (करण र अकरण)<br>• शब्द निर्माण (प्रत्ययबाट शब्द निर्माण)<br>• शिरबिन्दु (शुद्ध र अशुद्ध शब्द पहिचान तथा शिरबिन्दु लागेका शब्द पहिचान)<br>• सिर्जना र परियोजना (घरेलु हिंसाका क्षेत्र टिपोट) | • करण र अकरण वाक्य पहिचान गर्न<br>• करणलाई अकरणमा र अकरणलाई करणमा परिवर्तन गर्न<br>• तोकिएका प्रत्यय लगाई शब्दनिर्माण गर्न<br>• प्रत्यय निर्मित शब्दको निर्माण प्रक्रिया देखाउन<br>• शिरबिन्दु लागेका निर्देशित शब्दबाट शुद्ध शब्द पहिचान गर्न<br>• शिरबिन्दु प्रयोग भएका शब्द पहिचान गरी टिपोट गर्न<br>• समाजमा देखिएका घरेलु हिंसाका उदाहरण टिपोट गर्न | • करण र अकरणजन्य वाक्य सूची<br>• प्रत्यय सूची र प्रत्यय निर्मित शब्दका सूची, शब्दनिर्माण प्रक्रिया सूची<br>• शिरबिन्दु प्रयोग भएका शब्द सूची (शुद्ध र अशुद्ध युगल रूपमा लेखिएका समेत) |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै क्रियाकलाप गराएर विद्यार्थीको ध्यान आकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुको छोटो स्मरण गराई आजको पाठ्यवस्तुबारे छलफल सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले करण र अकरण वाक्यका उदाहरण दिई शैक्षणिक पाटीमा लेख्दै यी दुईबिचको भिन्नता पहिचान गर्न र भन्न लगाउनुहोस् । भाषिक संरचनाको अभ्यास १ लाई यसै क्रियाकलापमा समावेश गरी छलफल गराउनुहोस् ।

(आ) करण र अकरणजन्य वाक्यहरू लेखिएको सूची प्रदर्शन गरी यिनीहरूले प्रदान गर्ने अर्थबारेमा छलफल गराउनुहोस्, जस्तै :

| करण | अकरण |
| --- | --- |
| हामी व्याकरण पढ्छौँ । | हामी व्याकरण पढ्दैनौँ । |
| आगाले पोल्छ । | आगाले पोल्दैन । |
| उनीहरू सडकमा हिँडे । | उनीहरू सडकमा हिँडेनन् । |
| शिक्षकले पढाउनुभएछ । | शिक्षकले पढाउनुभएनछ । |
| तिमी गृहकार्य गर । | तिमी गृहकार्य नगर । |

(इ) करणलाई अकरण र अकरणलाई करण बनाउन सकिने कुरा बताउँदै त्यससम्बन्धी उदाहरण र अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीलाई दुई समूहमा विभाजन गरी प्रत्येक समूहलाई चार्ट पेपर दिनुहोस् र भाषिक संरचनाको अभ्यास २ र ३ लाई एक एकओटा समूहमा वितरण गर्नुहोस् र दिइएका वाक्यलाई उक्त चार्ट पेपरमा करण र अकरणमा परिवर्तन गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीले लेखेका उत्तर प्रदर्शन गर्न लगाई छलफल गराउनुहोस् र आवश्यकताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऊ) शिक्षकले प्रत्ययको अवधारणा, उदाहरण, प्रत्ययबाट शब्द निर्माण गर्ने तरिकाका बारेमा प्रत्यय सूची र प्रत्यय निर्मित शब्दका सूची प्रदर्शन गरी त्यसमा छलफल गराएर धारणा स्पष्ट पारिदिनुहोस् । त्यसै सूचीका माध्यमबाट प्रत्ययबाट शब्द निर्माण गर्ने र निर्माण प्रक्रिया देखाउने अभ्याससमेत गराउनुहोस् । यस क्रममा धातु वा मूल शब्दका पछिल्तिर गाँसिने भाषिक एकाइ प्रत्यय हो भन्ने धारणा बताउनुहोस् ।

(ऋ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ४ मा केन्द्रित गरी निर्देशनानुसार को कार्य गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ५ मा निर्देश गरिएअनुसार शब्द पहिचान गराई तिनको निर्माण प्रक्रिया देखाउन लगाउनुहोस्, जस्तै : सामाजिक : समाज + इक

(ऐ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ६ मा दिइएका शब्दको निर्माण प्रक्रिया देखाउन लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

(ओ) विद्यार्थीलाई शिरबिन्दु प्रयोग भएका केही शुद्ध र केही अशुद्ध लेखिएका युगल शब्दका रूप प्रदर्शन गर्नुहोस् र तिनका शुद्ध र अशुद्ध रूप पहिचान गर्न लगाउनुहोस्, जस्तै :

**अंशु : अम्शु** **संसार : सन्सार**

(औ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी भाषिक संरचना र वर्णविन्यासको अभ्यास ७ र ८ का क्रियाकलापमा केन्द्रित गरी समूहलाई फरक फरक भूमिका दिई निर्देशनानुसार का कार्य गर्न लगाउनुहोस् । विद्यार्थीका उत्तरमाथि छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अं) सिर्जना र परियोजना कार्यअन्तर्गतको अभ्यास २ मा आधारित भई विद्यार्थीलाई आफ्नो समुदायमा देखिएका घरेलु हिंसाका क्षेत्र पहिचान गरेर आउन निर्देश गर्नुहोस् । (यस क्रियाकलापलाई गृहकार्यको रूपमा प्रयोग गर्नुहोस् ।)

## ३. मूल्याङ्कन

(क) दिइएका वाक्यलाई कोष्ठकमा सङ्केत गरिएअनुसार परिवर्तन गर्न लगाउनुहोस् :

(अ) म पढ्छु । (अकरण)   (आ) हामी बजार जाँदैनौँ । (करण) आदि ............

(ख) दिइएका प्रत्यय लगाई शब्द निर्माण गर्न लगाउनुहोस् :

इक, ईय, आहा .................

(ग) शिरबिन्दु प्रयोग भएका पाँचओटा शब्द टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ १३. <br>• सिर्जना र परियोजना (वक्तृता लेखन र छलफल) | • सुनाइ पाठका आधारमा प्रश्नोत्तर गर्न <br>• वक्तृता लेख्न <br>• निर्दिष्ट समस्या समाधानका उपायबारे छलफल गर्न | • सुनाइ पाठको अडियो सामग्री <br>• प्रश्न सूची, उत्तरको नमुना <br>• वक्तृताको नमुना <br>• घरेलु हिंसाका किसिम जनाउने सूचीपत्र र समाधानका उपाय लेखिएको सूचीपत्र |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै शीर्षकमा छोटो वक्तृता प्रस्तुत गरी विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठका दुवै अभ्यास एक पटक राम्ररी पढ्न लगाउनुहोस् र यी अभ्यासको उत्तर सुनाइ पाठ सुनेका आधारमा मौखिक रूपमा दिनुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(इ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ १३ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी सुनाइ पाठ कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(ई) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित ठिक बेठिक भन्न लगाउनुहोस् र एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) गाउँका केटाकेटी नयाँ लुगा लगाएर सुतिरहेका थिए । (बेठिक)

(ऊ) विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी प्रश्नोत्तरको अभ्यास गराउनुहोस् । विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् र एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) आँखा खुलेपछि हेर्दा लालवीरले आफ्नो अगि कसलाई देख्यो ?

उत्तर : आँखा खुलेपछि हेर्दा लालवीरले आफ्नो अगि मुसेलाई देख्यो ।

(ए) विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऐ) शिक्षकले तयार पारेको लिखित वक्तृताको छोटो नमुना प्रदर्शन गरी त्यस वक्तृतामा रहेका शीर्षक, सम्बोधन, विषयवस्तुको उठान, विषयवस्तुको पुष्टीकरण, तर्क र तथ्य, भाषाशैली, समापन, लेख्य वक्तृताको लम्बाइ, हाउभाउजन्य सन्दर्भ आदिका बारेमा जानकारी गराउनुहोस् ।

(ओ) वक्तृताको संरचना जनाउने तालिका प्रदर्शन गरी वक्तृतामा हुनुपर्ने पक्षहरूको जानकारीसहित वक्तृताको संरचनाबारे छलफल गराउनुहोस्, जस्तै :

**वक्तृता के हो ? र यसको संरचना कस्तो हुन्छ ?**

- बोल्ने कला वा वाक्‌कला
- यसबाट बोलीको खुबी वा चतुऱ्याइँ प्रस्तुत हुने
- वक्तृत्वकला पनि भनिने
- वक्तृता प्रस्तुत गर्दा सम्बोधन, विषयवस्तुको उठान, विषयवर्णन, तर्क वा विचार, तथ्यको प्रस्तुति, व्याख्या, पुष्टीकरण र निष्कर्षको श्रृङ्खला रहनुपर्ने
- काल्पनिक विषय प्रस्तुत नगरी तथ्य कुरा मात्र राख्नुपर्ने
- मौलिक रूपमा शारीरिक हाउभाउसहित आत्मविश्वासका साथ विषयवस्तु प्रस्तुत गर्नुपर्ने
- समयसीमालाई ख्याल गरी विषयवस्तु प्रस्तुत गर्नुपर्ने
- कसैलाई आक्षेप लाग्ने वा असर पर्ने विचार व्यक्त गर्न नहुने
- एउटै विषयवस्तुलाई नदोहोऱ्याई धाराप्रवाह प्रवचन दिनुपर्ने

(औ) विद्यार्थीलाई चार चारजनाको समावेशी समूहमा विभाजन गरी सिर्जना र परियोजना कार्यअन्तर्गतको अभ्यास १ मा दिइएको 'बालबालिकाको शिक्षामा अभिभावकको भूमिका' शीर्षकमा माथिको वक्तृताको संरचनाका आधारमा वक्तृता तयार गर्न लगाउनुहोस् । (यस अभ्यासलाई भोलिपल्टको कक्षामा मूल्याङ्कन गर्नुहोस् ।)

(अं) विद्यार्थीलाई चार चार जनाको समावेशी समूहमा विभाजन गरी प्रत्येक समूहलाई अगिल्लो दिनको क्रियाकलापमा दिइएको गृहकार्यमा आधारित भई आफ्नो समाजमा हुने गरेका घरेलु हिंसासम्बन्धी क्षेत्रमाथि छलफल गर्न र लेख्न लगाई प्रत्येक समूहको निष्कर्षलाई कक्षामा सुनाउन लगाउनुहोस् ।

(अ:) शिक्षकले तयार गरेर ल्याएको घरेलु हिंसासम्बन्धी क्षेत्र जनाउने तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

| गाउँ समाजमा हुने किसिमका घरेलु हिंसा | | |
|---|---|---|
| • सम्बन्ध विच्छेद | • बहुविवाह | • बालविवाह |
| • दाइजो प्रथा | • कुटपिट | • गालीगलौज |
| • अपहेलना | • यातना | • तिरस्कार |
| • बोक्सीको आरोप | • जवर्जस्ती करणी | • वैवाहिक करणी |
| • विधवा प्रथा | • घुम्टो प्रथा | • छाउपडी प्रथा |

प्रत्येक समूहलाई आफूले छलफल गरी निकालेको निष्कर्ष र यस तालिकाबिच तुलना गर्न लगाउनुहोस् र थप छलफल गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) सुनाइ पाठ १३ सुनाएर सुनाइ अभ्यास १ र २ को उत्तर भन्न लगाउनुहोस् ।

(ख) वक्तृता लेखन गर्दा कुन कुन पक्षलाई समावेश गर्नुपर्छ ? जस्ता प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

(ग) प्रत्येक विद्यार्थीलाई आफ्नो समुदायमा भएका गाउँ समाजमा हुने किसिमका घरेलु हिंसाका क्षेत्र उल्लेख गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ १४

# काली गण्डकीको किनारै किनार

**विधा : नियात्रा** **कार्यघण्टा : ९**

## परिचय

'काली गण्डकीको किनारै किनार' नियात्रा विधाको पाठ हो । विद्यार्थीलाई स्वतन्त्र लेखन तथा बोलाइ अभिव्यक्ति सिपको विकास गराउनु नियात्रा विधाको मर्म हो । नियात्रा विधाको प्रमुख उद्देश्य भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । तसर्थ नियात्रा शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपमा केन्द्रित हुनु अपरिहार्य हुन्छ ।

यसबाट विद्यार्थीहरूमा यात्रा वर्णन, अनुभव वर्णन, प्रतिक्रिया, धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर, छलफल, विषयवस्तुको सार प्रस्तुति, विषयवस्तुको मौखिक वा सिर्जनात्मक अभिव्यक्ति, घटना वर्णन, चित्र वर्णन, समस्या पहिचान र समाधानका उपाय अनुभव र अनुभूति वर्णन, स्वतन्त्र अभिव्यक्ति कल्पना वा सिर्जना जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र छलफल, परिवेश पहिचान, संरचना पहिचान, घटनाक्रम पहिचान तथा टिपोट र मिलान, पाठको विषयवस्तु बोध, प्रश्नोत्तर, सन्देश ग्रहण तथा प्रश्नोत्तरजस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत भ्रमणको विषयवस्तुको सिलसिलाबद्ध लिखित प्रस्तुति, विषयवस्तुको वर्णन, स्वअनुभवका आधारमा स्वतन्त्र रचना वा यात्रा वर्णन, घटनाक्रम मिलान, प्रश्नोत्तर र विषय विस्तारलगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ। यो पाठमा शब्दभण्डारअन्तर्गत मौलिक र आगन्तुक शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत शब्दवर्ग, काल, पक्ष र कोटिको पहिचान र प्रयोगसम्बन्धी क्रियाकलाप गर ाउनुपर्छ। वर्णविन्यासअन्तर्गत पञ्चमवर्णको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ। यो पाठमा अवस्था वर्णनसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत निर्दिष्ट शीर्षकमा निबन्ध लेखनसम्बन्धी क्रियाकलाप र नियात्रा लेखनसम्बन्धी अभ्यास गराउनु अपरि हार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ १४ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तर लाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउन सक्नुहुने छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पाठ बोध (नियात्राको संरचना बोध)<br>• चित्र वर्णन<br>• सस्वरपठन र शुद्धोच्चारण (१ देखि २ अनुच्छेदसम्म)<br>• शब्दार्थ र वाक्यमा प्रयोग | • पूर्व पठन खण्डको पाठ पढी नियात्राको संरचना बोध गर्न<br>• पूर्व पठन खण्डको पाठ पढी मूल पाठको विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• मूल पाठमा दिइएको चित्रका आधारमा कालीगण्डकी क्षेत्रको बारेमा वर्णन गर्न<br>• निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन र शुद्धोच्चारण गर्न<br>• निर्दिष्ट अनुच्छेदका नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | • पूर्व पठन खण्डको पाठ<br>• नियात्राको संरचना देखाउने सूची वा तालिका<br>• भिडियो (काली गण्डकी क्षेत्रसँग सम्बन्धित)<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको यकिन गर्नुहोस् ।

(आ) प्रत्येक विद्यार्थीलाई आआफूले गरेको कुनै यात्राको प्रसङ्गलाई बताउन लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी आधारमा विभिन्न समूहमा विभाजन गरी पूर्व पठन खण्डमा भएको विषयवस्तु पढ्न लगाई प्रत्येक समूहलाई यात्रावर्णन वा नियात्रा विषयमा छलफल गराउनुहोस् । यस सन्दर्भमा पूर्व पठन खण्डमा भएका विषयवस्तुका बारेमा पनि छलफल गराउनुहोस् ।

(आ) पूर्व पठन खण्डको विषयवस्तुका आधारमा मूल पाठको विषयवस्तु अनुमान गर्न लगाउनुहोस् र अनुमान गरिएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई पूर्व पठन खण्डमा भनिए जस्तो यात्रा कसैले गर्नुभएको छ ? भनेर प्रश्न गर्नुहोस् र गरेको भए किन गर्नु भएको र त्यसबाट तपाईंले के सिक्नुभयो भनी छलफल गराउनुहोस् । यस क्रममा हरेक विद्यार्थीलाई अनुभव बताउने अवसर प्रदान गर्नुहोस् ।

(ई) प्रत्येक विद्यार्थीको अनुभव वर्णनपश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि हौसला प्रदान गर्नुहोस् । आफूले गरेको यात्रालाई समेटी निबन्धात्मक रूपमा तयार पारिएको रचना नै नियात्रा हो भन्ने विषयलाई पुष्टि गर्दै नियात्राको संरचना बोध गराउने तालिका प्रस्तुति गर्नुहोस्, जस्तै :

**नियात्रा के हो र यसको संरचना कस्तो हुन्छ ?**

- आफूले गरेको यात्रालाई कथात्मक वा निबन्धात्मक शैलीमा लेखिएको रचना नै नियात्रा
- नियात्रालाई यात्रा निबन्ध पनि भनिने
- यात्राका क्रममा लेखक आफूले देखेभोगेका विभिन्न दृश्य, घटना, अनुभव आदिलाई साहित्यिक शैलीमा वर्णन गरी नियात्रा लेखिने
- यात्रामा देखेभोगेका विषयवस्तुलाई सिलसिलाबद्ध रूपमा टिपोट गरिने
- यात्राका क्रममा भोगेका रमाइला र नरमाइला दुवैखाले अनुभवलाई जस्ताको तस्तै उतारिने
- सम्बन्धित क्षेत्रको सामाजिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक अवस्थाको जानकारी दिएर विषयवस्तु प्रस्तुतीकरण गरिने
- सामान्यतया नियात्रा भूतकालिक क्रियापदको प्रयोग गरी लेखिने भए पनि कहिले काहीँ नियात्राको विषयवस्तु र सन्दर्भअनुसार वर्तमान कालका क्रियापदको प्रयोग गर्न पनि सकिने
- नियात्रा आत्मपरक शैलीमा लेखी पाठकलाई आफू पनि लेखकसँगै यात्रा गरिरहेको छु भन्ने अनुभूति दिलाउने गरी तयार गरिनुपर्ने

(उ) नियात्राको संरचना माथिका विषयवस्तु समेटी तयार गर्न सकिने र यस पाठको पूर्व पठन खण्डले पनि त्यसै कुरालाई सङ्केत गरेको कुरा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् ।

(ऊ) मूल पाठको सुरुमा रहेको चित्र देखाई यस चित्रले के व्यक्त गरेको छ ? छलफल गराउनुहोस् र सम्भव भएसम्म विद्यार्थीलाई कालीगण्डकी क्षेत्रसँग सम्बन्धित भिडियो प्रदर्शन गरी यस ठाउँको बारेमा थप छलफल गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई पाठको पहिलोदेखि तेस्रो अनुच्छेदसम्म गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सकेनसकेको

पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । शिक्षकले पनि पाठको पहिलो अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

(ए) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् र वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द शिक्षकले पनि सङ्कलन गर्नुहोस् ।

(ऐ) अनुच्छेद १ देखि २ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै : दृश्यावलोकन = /द्रिस्.स्या.ब.लो.कन्/, प्राकृतिक = /प्रा.क्रि.तिक्/, दिव्य = /दिब्.ब्य/

(औ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| दिव्य | चहकिलो |
| धाम | पवित्र स्थल |
| उन्मुक्त | स्वतन्त्र |
| गोधूली | घाम अस्ताउने बेलाको समय |
| रसिक | रस वा स्वाद लिने |

(अं) शब्दार्थको अभ्यास गराइसकेपछि तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस्, जस्तै :

**रसिक : रसिक व्यक्तिले सधैँ रमाइला कुरा गर्छ ।**

(अः) निर्दिष्ट अनुच्छेदमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी सोही किसिमका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) नियात्राको संरचनासम्बन्धी विभिन्न प्रश्न निर्माण गरी मौखिक उत्तर दिन लगाउनुहोस् ।

(ख) पाठको १ देखि २ अनुच्छेदभित्रका कुनै अनुच्छेद निर्देश गरी विद्यार्थीलाई गति र यति मिलाई सस्वरवाचन गराउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

शालिग्राम, हस्याङफस्याङ, उन्मुक्त, स्मृतिपट

(घ) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

अविस्मरणीय, प्रतीत, समाहित

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरपठन र शुद्धोच्चारण (३ देखि अन्तिम अनुच्छेदसम्म)<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• मूल सन्देश (छलफल) | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठको मूल विषयवस्तुमाथि मौखिक रूपमा वर्णन गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• पाठका मुख्य मुख्य विषयवस्तुको टिपोटपत्र |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) आफूले गरेको कुनै रमाइलो वा दुःखद यात्राको अनुभव वर्णन गरी विद्यार्थीलाई आजको कक्षाप्रति ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुमा आधारित भई छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठको तेस्रोदेखि अन्तिम अनुच्छेदसम्म गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले पाठको तेस्रो अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । विद्यार्थीहरूलाई अनुच्छेदमा प्रयोग भएका चिह्नहरूको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

(इ) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् र वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द शिक्षकले पनि सङ्कलन गर्नुहोस् ।

(ई) अनुच्छेद ३ देखि अन्तिम अनुच्छेदसम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीहरूलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका उच्चारणमा कठिनाइ भएका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शब्दपत्तीको माध्यमबाट अक्षर संरचनाअनुसार नै शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दहरूलाई उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्,जस्तै :

पूर्वाधार : /पुर्.बा.धार्/, बाहुल्य : /बा.हुल्.ल्य/, समृद्ध : /सम्.म्रिद्.ध/

(ऊ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| अवलोकन | गहिरिएर हेर्ने काम |
| बाहुल्य | धेरै मात्रा, धेरै हुनाको भाव |
| सङ्गम | जोडिएको बिन्दु |

(ऋ) शब्दार्थको अभ्यास गराइसकेपछि तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यसका लागि वाक्यपत्तीको प्रयोगद्वारा धारणा प्रस्ट पार्नुहोस्, जस्तै :

**सङ्गम : मेरो विद्यालय तीनओटा गाउँको सङ्गममा रहेको छ ।**

(ए) पाठमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् ।

(ऐ) विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी सोही किसिमका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

(ओ) विद्यार्थीलाई आठ समूहमा बाँडी प्रत्येक समूहलाई यस पाठका एक एकओटा अनुच्छेद भाग लगाई मौनपठन गराउनुहोस् । विद्यार्थीले आआफ्नो अनुच्छेद पढिसकेपछि ती प्रत्येक अनुच्छेदमा रहेका मुख्य मुख्य विषयवस्तु बुँदागत रूपमा पालैपालो भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(औ) बोध र अभिव्यक्ति खण्डको अभ्यास २ मा केन्द्रित भई शिक्षकले तयार पारी ल्याएको पाठका मुख्य मुख्य विषयवस्तुको टिपोटपत्रसमेत प्रदर्शन गरी पाठको मूल विषयवस्तुमाथि छलफल गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) पाठको ३ देखि अन्तिम अनुच्छेदभित्रका कुनै अनुच्छेद निर्देश गरी विद्यार्थीलाई गति र यति मिलाई सस्वरवाचन गराउनुहोस् ।

(ख) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

कुण्ड, हरियालीविहीन, स्वच्छ

(ग) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

झमक्क, सबेरै, अवस्थित, वात्सल्यमय

(घ) पाठको मुख्य विषयवस्तु लेख्न लगाई गृहकार्यका रूपमा भोलिपल्ट परीक्षण गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार (मौलिक र आगन्तुक शब्द)<br>• बोध प्रश्नोत्तर | • तत्सम, तद्भव र आगन्तुक शब्दको पहिचान गर्न र तिनलाई वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दतालिका<br>• शब्दसूची,<br>• अनुच्छेद<br>• बोध प्रश्नको सूची<br>• प्रश्नअनुकूलका उत्तरका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै चुट्किला, कथा आदि भन्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् वा विद्यार्थीलाई नै चुट्किला, कथा आदि भन्ने अवसर प्रदान गरी कक्षा सुरु गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुबारे जानकारी गराई कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) मौलिक र आगन्तुक शब्द जनाउने शब्दको तालिका प्रदर्शन गरी आजको कक्षा सुरु गर्नुहोस् र त्यस तालिकाका माध्यमबाट विद्यार्थीमा मौलिक र आगन्तुक शब्दका उदाहरणसहित त्यसको धारणा प्रस्ट पारिदिनुहोस्, जस्तै :

| मौलिक शब्द | | आगन्तुक शब्द |
|---|---|---|
| तत्सम | तद्भव | |
| शङ्ख | साँचो | मोबाइल |
| संसार | फटाफट | इन्टरनेट |
| विद्यालय | बिहान | वाइफाइ |
| प्रतीक | हात | स्कुल |
| पञ्चम | हँसिया | कलेज |

(आ) यस्तै थप उदाहरण र थप नियमसहित मौलिक र आगन्तुक शब्दमाथि छलफल गरी संस्कृत र नेपाली मूलका शब्द मौलिक र यी दुई भाषाबाहेकका शब्द आगन्तुक शब्द हुन् भन्ने प्रसङ्ग जोडी यससम्बन्धी धारणालाई स्पष्ट पार्नुहोस् ।

(इ) विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई छलफल गरी आफूले सुनेका वा प्रयोग गरिरहेका तत्सम, तद्भव र आगन्तुक शब्द सङ्कलन गर्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीबाट आएका उत्तरलाई छलफल गराई ती शब्द तत्सम, तद्भव र आगन्तुक हुन् वा होइनन् यकिन गरी हुन् भने ती शब्द के के आाधारमा तत्सम, तद्भव र आगन्तुक शब्द हुन् भन्ने कुरामा पनि छलफल गराउनुहोस् ।

(ई) शब्दभण्डार खण्डको अभ्यास १ मा आधारित भई विद्यार्थीलाई यस अगिको क्रियाकलापमा सिकेका विषयवस्तु र त्यस अभ्यासमा भएका विषयवस्तुबिच तुलना गर्न लगाउनुहोस् ।

(उ) शब्दभण्डार खण्डको अभ्यास २ मा आधारित भई मौलिक र आगन्तुक शब्द पहिचान गर ाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) शब्दभण्डार खण्डको अभ्यास ३ मा आधारित भई विद्यार्थीलाई दुई समूहमा विभाजन गरी पाठको निर्दिष्ट अनुच्छेदबाट एउटा समूहलाई मौलिक र अर्को समूहलाई आगन्तुक शब्द टिपोट गराई तिनलाई वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् र आवश्यकतानुसार सहजीकरण गरी सामूहिक रूपमा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(ऋ) शब्दभण्डार खण्डको अभ्यास ४ मा आधारित भई पाठबाट सातओटा आगन्तुक शब्द टिपोट गर्न लगाई ती शब्द कुन कुन भाषाबाट आएका हुन् ? जानकारी गराउनुहोस् । (यस क्रियाकलापका लागि शब्दकोशको उपयोग गर्नुहोस् ।)

(ए) विद्यार्थीलाई मौलिक र आगन्तुक शब्द प्रयोग भएको एउटा अनुच्छेद प्रदर्शन गरी त्यस अनुच्छेदमा प्रयुक्त मौलिक र आगन्तुक शब्द पहिचान गर्न लगाउनुहोस्, जस्तै :

> मैले इन्डियाबाट रेडियो किनेर ल्याएपछि मेरा काका फुरुङ्ग भई आएर त्यसको मूल्य सोध्नुभयो । अहिले इलेक्ट्रोनिक्स सामग्रीको मूल्यमा उच्च वृद्धि भएको विषयमा उहाँले दुःख व्यक्त गर्दै रेडियो, टेलिभिजन, वासिङमेसिन आदि किन्न जानुपर्ने विषयका बारेमा बताउनुभयो ।

(ऐ) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ३ का क्रियाकलापतर्फ केन्द्रित गर्नुहोस् र बोध प्रश्नोत्तर सम्बन्धी अभ्यास गराउनुहोस् ।

(ओ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस्, जस्तै :

(क) के कारणले लेते भन्ने ठाउँबाट यात्रुलाई अगि बढ्न दिइएन ?

उत्तर : बाटो निर्माण कार्य भइरहेकाले लेते भन्ने ठाउँबाट यात्रुलाई अगि बढ्न दिइएन ।

(औ) प्रत्येक प्रश्नको अभ्यास यसरी नै गराउँदै विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी  आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अं) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

३. **मूल्याङ्कन**

(क) दिइएका शब्दमध्ये मौलिक र आगन्तुक शब्द पहिचान गरी अलग अलग तालिकामा टिपोट गर्न लगाउनुहोस् ।

**जल, पाइप, लाइट, नाइट भिजन, घण्टी, पुञ्ज ............ आदि ।**

(ख) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ३ का प्रश्न सोधी मौखिक रूपमा उत्तर दिन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भावविस्तार<br>• सङ्क्षिप्त उत्तरात्मक प्रश्न | • पाठमा प्रयुक्त सन्देशमूलक महत्त्वपूर्ण भनाइ वा वाक्य पहिचान गर्न<br>• पाठका आधारमा निर्देशित पङ्क्तिको भावविस्तार गर्न<br>• पाठ्य निबन्धका आधारमा सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न | • भावविस्तारका लागि निर्देशित वाक्य वा भनाइको सूची<br>• पङ्क्तिसम्बद्ध बुँदासूची<br>• भावविस्तारको संरचना जनाउने तालिका<br>• भावविस्तारको नमुना<br>• सङ्क्षिप्त प्रश्नको सूची<br>• उत्तरको नमुना |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **सुरुआती क्रियाकलाप**

(अ) कुनै प्रेरक व्यक्तिको प्रेरणादायक भनाइ सुनाएर त्यस भनाइले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) पाठमा प्रयुक्त सन्देशमूलक महत्त्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्न सिकाउनुहोस् । यस क्रममा यस्ता भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुराको जानकारी गराउँदै टिपोट गराउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग पनि गर्नुहोस् ।

(आ) विद्यार्थीले टिपोट गरेका वाक्यलाई मध्यनजर गर्दै शिक्षकले पाठमा प्रयुक्त महत्त्वपूर्ण भनाइलाई टिपोट गरिएका वाक्य वा भनाइको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) लामो यात्राका कारण लखतरान भएको शरीरले दिव्य आनन्दको अनुभव गरिरहेको थियो ।

(ख) नजिकै रहेका धवलागिरि र नीलगिरि यात्रुलाई स्वागत गर्नकै लागि भनेर नित्य निरन्तर खडा भइरहेका जस्ता देखिन्थे ।

(ग) कल्याणप्रद कार्य धेरै विघ्नबाधाले घेरिएका हुन्छन् ।

(इ) माथिका मध्ये कुनै एक भनाइको भावार्थ खुल्ने बुँदा प्रस्तुत गर्नुहोस्, जस्तै :

**माथिका वाक्यमध्ये तेस्रो वाक्यको भावार्थ बुँदा**

- प्रस्तुत गद्यांश 'काली गण्डकीको किनारै किनार' शीर्षकको नियात्राबाट साभार गरिएको
- नियात्रामा नियात्राकारले काली गण्डकी नदीको किनारै किनार मुक्तिनाथसम्मको रोचक यात्रा वर्णन गरेका
- यात्राका क्रममा आनन्ददायक क्षणसँगै विभिन्न अप्ठ्यारा पनि आइपर्ने
- नियात्राकार लेते भन्ने स्थानमा पुग्दा बाटो निर्माणको कार्य भइरहेको
- उनी धार्मिक तथा आन्तरिक पर्यटन प्रबर्धनको उद्देश्य लिएर हिँडेका
- नियात्राकारमा त्यसबेला 'श्रेयांसि बहुविघ्नानि' अर्थात् कल्याणप्रद कार्य धेरै विघ्नबाधाले घेरिएका हुन्छन् भन्ने भावना उत्पन्न
- यात्राको अवरोधक भए पनि निर्माण कार्य चाहिँ यात्रुका लागि सुखप्रद रहेको
- यात्रा व्यक्तिगत स्वार्थमा केन्द्रित हुने तर विकास निर्माणका कार्य सामाजिक कार्य भएको
- व्यक्तिगत कार्यभन्दा सामाजिक कार्य बढी महत्त्वको हुने
- सामाजिक विकासका कार्यलाई सर्वोच्च मान्नुपर्ने

(ई) विद्यार्थीलाई माथिको ग न. नियात्रांश पाठमा हेर्न लगाई पाठको सन्दर्भसँग मिल्ने गरी उपर्युक्त बुँदा समेटी भावविस्तार गर्न सिकाउनुहोस् । यसका लागि शिक्षकले तयार गरेको भावविस्तारको संरचना जनाउने तालिका वा बुँदाको सूचीसमेत प्रयोग गर्नुहोस् ।

(उ) भावविस्तारको प्रक्रिया सिकाउँदा वाक्यमा अभिव्यक्त विषयवस्तुको श्रृङ्खला र वाक्य वाक्यबिचको अन्तरसम्बन्धलाई जोड्दै मौखिक रूपमा भावविस्तार गर्ने अभ्यास गराउनुहोस् ।

(ऊ) माथिका भावार्थका बुँदा र भावविस्तारको प्रक्रियालाई अन्तरसम्बन्धित गर्दै भावविस्तार लेखनको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**नमुना भावविस्तार**

**"कल्याणप्रद कार्य धेरै विघ्नबाधाले घेरिएका हुन्छन् ।"**

'काली गण्डकीको किनारै किनार' नियात्राको प्रस्तुत अंशमा यात्राका क्रममा आनन्ददायक क्षणसँगै विभिन्न अप्ठ्यारा पनि आइपर्ने कुरालाई प्रस्ट पारिएको छ। नियात्राकारले काली गण्डकी नदीको किनारै किनार मुक्तिनाथसम्मको रोचक यात्रा वर्णन गरेका छन्। यात्राका क्रममा नियात्राकार जब लेते भन्ने स्थानमा पुग्छन् तब त्यहाँ बाटो निर्माणको कार्य भइरहेको हुनाले अघि बढ्न पाउँदैनन्। उनी धार्मिक तथा आन्तरिक पर्यटन प्रवर्धनको उद्देश्य लिएर हिँडेका हुन्छन्। देशदर्शनको कार्य आफैँमा महान् कार्य पनि हो भन्ने उनको विचार रहेको हुन्छ। नियात्राकार त्यस वेला 'श्रेयांसि बहुविघ्नानि' अर्थात् कल्याणप्रद कार्य धेरै विघ्नबाधाले घेरिएका हुन्छन् भन्ने सोच्दछन् । यात्राको अवरोधक भए पनि निर्माण कार्य चाहिँ यात्रुका लागि सुखप्रद नै थियो । यात्रा व्यक्तिगत स्वार्थमा केन्द्रित हुन्छ तर विकास निर्माणका कार्य सामाजिक कार्य हुन् । व्यक्तिगत कार्यभन्दा सामाजिक कार्य बढी महत्त्वको हुन्छ । त्यसैले यस्ता कार्यले व्यक्तिगत जीवनमा विघ्नबाधा ल्याए पनि सामाजिक जीवन कल्याणप्रद बनाएको हुन्छ ।

सामाजिक विकासका कार्यलाई व्यक्तिगत कार्यका तुलनामा सर्वोच्च मान्नुपर्छ । सामाजिक विकासका लागि गरिएका विघ्नबाधा कष्टकर हुँदैनन् बरु ती कल्याणप्रद हुन्छन् भन्ने अनुभव नियात्राकारले गरेको कुरा प्रस्तुत नियात्राको अंशमा व्यक्त गरिएको छ ।

(ऋ) विद्यार्थीले अगिल्लो क्रियाकलापमा निबन्धबाट खोजेका महत्त्वपूर्ण अंशको भाव व्यक्त गर्ने बुँदा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी भावार्थ लेख्न लगाउनुहोस् । विद्यार्थीले भावार्थ लेख्दै गर्दा त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) पाठ्य नियात्राको कुनै गहन भनाइसम्बद्ध भावार्थको बुँदा प्रदर्शन गरी सम्बन्धित भनाइ वा वाक्य पहिचान गर्न लगाउनुहोस् र यस्तै किसिमका थप अभ्यास गराई भावविस्तार लेखनसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ऐ) विद्यार्थीलाई समावेशी आधारमा पाँच समूहमा विभाजन गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएको सङ्क्षिप्त प्रश्नका आधारमा उत्तर लेख्ने तरिका सिकाइ अभ्यासका सबै प्रश्नको उत्तर लेख्ने अभ्यास गराउनुहोस् । उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउँदै एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

प्रश्न : पाठमा मुक्तिनाथ मन्दिरको वर्णन कसरी गरिएको छ ?

उत्तर : हिन्दु र बौद्धमार्गीको साझा धार्मिक सहिष्णुताको सङ्गम, भगवान् नारायणको अवतार र आर्यावलोकितेश्वरको रूप नै मुक्तिनाथ हुन् । यस मन्दिरसँगै ज्वालादेवीको मन्दिर र दुईओटा जलकुण्डले यसको शोभा बढाएको र यो मन्दिर कलात्मक रहेको भनी पाठमा मुक्तिनाथ मन्दिरको वर्णन गरिएको छ ।

(औ) यसरी नै शिक्षकले निर्माण गरेका थप छोटो उत्तर लेख्ने प्रश्नहरू विद्यार्थीमाझ प्रस्तुत गर्नुहोस् । प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सुनाउन लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठबाट कुनै दुईओटा महत्त्वपूर्ण भनाइ टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ मा दिइएका वाक्यको भावविस्तार गर्न लगाउनुहोस् । (यसको मूल्याङ्कन गृहकार्यका रूपमा भोलिपल्ट गर्नुहोस् ।)

(ग) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएको सङ्क्षिप्त प्रश्नका आधारमा उत्तर लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौनपठन<br>• लामो उत्तर लेखन<br>• घटना टिपोट<br>• छलफल | • पाठ्य निबन्ध मौनठन गर्न<br>• पाठ्य निबन्धका आधारमा सोधिएका प्रश्नको लामो उत्तर लेख्न<br>• पाठका मुख्य मुख्य घटना टिपोट गर्न<br>• पाठ पढ्दा उत्पन्न भएका भावना र स्थानका बारेमा छलफल गर्न | • लामो प्रश्नको सूची<br>• उत्तरको नमुना<br>• मुख्य मुख्य घटना टिपोट गरिएको सूचीपत्र<br>• पाठमा उल्लेख गरिएका स्थान सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइलो घटना वा विषयवस्तु प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई आज हामी लामो उत्तर लेख्ने, घटना टिपोट गर्नेलगायत क्रियाकलाप गर्दै छौँ भन्ने जानकारी गराई पाठ्य नियात्रा एक पटक मौनपठन गर्न निर्देश गर्नुहोस् । यस सन्दर्भमा मौनपठनको तरिकाबारे जानकारी गराई पाठको भाव बुझ्ने गरी पढ्न लगाउनुहोस् र विद्यार्थीले ध्यानपूर्वक अध्ययन गरे नगरेको निरीक्षण गर्नुहोस् ।

(आ) विद्यार्थीलाई दुई समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का प्रश्नको सूची प्रदर्शन गरी एउटा समूहलाई एउटा प्रश्न पर्ने गरी एक एक ओटा समूहमा बाँड्नुहोस् र विद्यार्थीलाई पाठ पढी ती प्रश्नको उत्तर समेट्ने खालका बुँदा तयार गर्न लगाउनुहोस् । आवश्यक सहयोग र निर्देशन प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थीले तयार पारेका बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् । तिनै बुँदालाई समेटेर मौखिक रूपमा लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् र विद्यार्थीलाई मौखिक रूपमा भन्न लगाउनुहोस् ।

(ई) प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस्, जस्तै :

(क) 'काली गण्डकीको किनारै किनार' पाठमा लेखकले धार्मिक पर्यटकीय स्थलको वर्णन कसरी गरेका छन्, लेख्नुहोस् ।

उत्तर : 'काली गण्डकीको किनारै किनार' नियात्रामा नियात्राकारले नेपालको चर्चित धार्मिक तथा पर्यटकीय स्थल मुक्तिनाथसम्मको वर्णन गरेका छन् । नियात्रामा नियात्राकारले मुक्तिनाथलाई धार्मिक सहिष्णुताको केन्द्रका रूपमा वर्णन गरेका छन् ।

कागबेनीमा तर्पणश्राद्ध गर्ने प्रचलन रहेको र नियात्राकार त्यहाँ श्राद्ध गरी मुक्तिनाथतर्फ लागेको वर्णन नियात्रामा गरिएको छ । मुक्तिनाथको सुन्दर मूर्तिको दर्शन गर्न पाउँदा नियात्राकारको मन नै आनन्दित भएको महसुस हुन्छ । त्यहाँ पुगेपछि उनले मुक्तिनाथ हिन्दु र बौद्धमार्गी दुवैको एक महत्त्वपूर्ण तीर्थस्थल रहेको कुरा प्रत्यक्ष देख्छन् । हिन्दुहरू यसलाई भगवान् नारायणको अवतारका रूपमा पुज्ने गर्छन् भने बौद्ध धर्मावलम्बीहरू चाहिँ भगवान् बुद्धको प्रतीक आर्यावलोकितेश्वरका रूपमा पूजा गर्छन् । मुक्तिनाथको मन्दिरको प्राङ्गणमा रहेका दुईओटा कुण्डमा स्नान गरेपछि दर्शनका लागि लाइनमा बसेको र मुक्तिनाथको सुन्दर मूर्तिको दर्शन गर्न पाउँदा मन नै आनन्दित भएको कुरा लेखकले वर्णन गरेका छन् । मन्दिरको नजिकै ज्वालादेवीको मन्दिर र प्राङ्गणमै रहेका दुईओटा ससाना जलकुण्डले मन्दिरको शोभा बढाएको कुरा वर्णन गरिएको छ ।

यस नियात्रामा मुक्थिनाथ मन्दिर निकै कलात्मक रहेको र धार्मिक सहिष्णुताको सङ्गमस्थलका रूपमा रहेको वर्णन गरिएको छ । यहाँको प्राकृतिक र सांस्कृतिक वातावरणको वर्णनले नियात्रालाई थप रोचक बनाउनुका साथै नियात्राकारले यस क्षेत्रलाई धार्मिक र पर्यटकीय स्थलको रूपमा परिचित गराउन सफल भएका छन् ।

(उ) यसै नमुनालाई आधार मानी दुवै प्रश्नको उत्तर अगि विद्यार्थीले टिपोट गरेका बुँदाका आधारमा लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् र सबै विद्यार्थीमाझ आवश्यक छलफल गराई पृष्ठपोषण दिनुहोस् ।

(ऋ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा आधारित रही पाठका मुख्य मुख्य घटना टिपोट गर्न प्रेरित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई घटना टिपोट गर्दा ध्यान दिनुपर्ने पक्षहरूबारे जानकारी गराउनुहोस् ।

**घटना टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- पाठ स्पष्ट हुनेगरी पढ्ने
- महत्त्वपूर्ण घटनालाई रेखाङ्कन गर्ने
- रेखाङ्कन गरिएका मुख्य मुख्य घटना टिप्ने
- टिपिएका घटनालाई संशोधन र परिमार्जन गर्ने

(ए) उपर्युक्त निर्देशनका आधारमा विद्यार्थीलाई एकपछि अर्को चरणमा क्रमशः गई कार्य गर्न प्रेरित गर्नुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

(ऐ) विद्यार्थीबाट घटना टिपोटको कार्य सकिएपछि शिक्षकले तयार पारी ल्याएको .घटनाको टिपोटलाई प्रदर्शन गर्नुहोस्, जस्तै :

**'काली गण्डकीको किनारै किनार' पाठबाट मुख्य मुख्य घटना :**

(क) उपत्यकाबाट सात जनाको टोली यात्राका लागि निस्कनु र तनहुँको डुम्रेमा खाना खाई म्याग्दीको तातोपानी पुग्ने लक्ष्यका साथ अगि बढ्नु

(ख) म्याग्दीको सदरमुकाम बेनीमा चिया खाएपछि वरिपरिका दृश्य अवलोकन गर्दै अगि बढ्नु

(ग) ग्राबेल गरेको बाटो हुँदै उनीहरू रातको समयमा करिब नौ बजेतिर तातोपानी पुग्नु र एउटा होटेलमा कोठा लिई खानाको व्यवस्था गरेर तातोपानीमा नुहाउन जानु तथा नुहाएर खाना खाई सुतेपछि म पात्रको पहिलो दिनको यात्रा टुङ्गिनु

(घ) म पात्र दोस्रो दिन लेते पुगेपछि सडक निर्माणका कारण केही समय यात्रा अवरुद्ध हुन पुग्नु

(ङ) त्यहाँबाट अगाडि बढेपछि बाटो बिराएर खोलामा गाडी फस्न पुग्नु तथा गाडी निकालेर जोमसोममा पुगेपछि कागबेनीमा तर्पणश्राद्ध गर्नु

(च) तातोपानी नुहाई मुक्तिनाथको दर्शन गर्दाको आनन्ददायक क्षणको चर्चा गर्नु

(छ) वर्षाका कारण ठुलो शालिग्रामको दर्शन गर्न नपाउनु

(ओ) विद्यार्थीले टिपोट गरेका घटनालाई समेत यस तालिकासँग तुलना गरी विद्यार्थीका राम्रा कार्यप्रति उत्प्रेरित गर्दै सुधार गर्नुपर्ने स्थानमा आवश्यक सुधार गर्न प्रेरित गरी घटना टिपोट गर्ने तरिकाको स्पष्ट धारणा दिनुहोस् र यहाँ टिपोट गरिएका घटनाबारे छलफल गराउनुहोस् ।

(औ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ मा आधारित भई यो नियात्रा पढ्दा आफ्नो मनमा उत्पन्न भएका भावना वा कल्पनाका विषयमा छलफल गराउनुहोस् र आवश्यक सहयोग गराउनुहोस् ।

(अं) बोध र अभिव्यक्ति खण्डको अभ्यास १० मा आधारित भई यो नियात्रामा उल्लेख भएका स्थानको बारेमा छलफल गराउनुहोस् । यसका लागि शिक्षकले पाठमा उल्लेख गरिएका स्थान सूची प्रयोग गर्न सक्नुहुनेछ, जस्तै :

**'काली गण्डकीको किनारै किनार' पाठबाट मैले निम्न स्थानको जानकारी पाएँ :**

(क) काली गण्डकी (ख) म्याग्दीको बेनी (ग) तातोपानी

(घ) लेते (ङ) जोमसोम, कागबेनी (च) मुक्तिनाथ

(छ) पोखराका विभिन्न स्थान

३. **मूल्याङ्कन**

(क) तलका प्रश्नको लामो उत्तर लेख्न लगाउनुहोस् : (यी प्रश्नको मूल्याङ्कन गृहकार्यको रूपमा गर्नुहोस् ।)

(अ) 'नेपाल प्राकृतिक र सांस्कृतिक रूपमा धनी देश हो' भन्ने कुरा यस पाठका आधारमा पुष्टि गर्नुहोस् ।

(आ) 'काली गण्डकीको किनारै किनार' नियात्राले नेपालको आन्तरिक पर्यटनलाई कसरी व्यक्त गरेको छ ?

(ख) यस पाठका मुख्य मुख्य घटना व्यक्त गर्न लगाउनुहोस् ।

(ग) नियात्रा पढ्दा मनमा उत्पन्न भएका भावना मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् ।

(घ) नियात्रामा उल्लेख गरिएका स्थानबारे छलफल गराउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • यात्रा वर्णन (लिखित रूपमा)<br>• भाषिक प्रकार्य (अवस्था वर्णन) | • आफूले यात्रा गरेको रमणीय स्थलका बारेमा यात्रा वर्णन गरी १५० शब्दसम्मको नियात्रा लेख्न<br>• आफ्नो बाल्यावस्थाको स्वभाव र अहिले त्यसमा आएको परि वर्तनलाई उदाहरणसहित बताउन | • यात्रा वर्णनको संरचना जन( ाउने तालिका<br>• यात्रा वर्णनको नमुना पत्र<br>• बाल्यावस्थाको स्वभाव र अहिले त्यसमा आएको परि वर्तनलाई जनाउने अनुच्छेद, श्रव्य तथा श्रव्यदृश्य सामग्री |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले सर्वप्रथम आफ्नो कुनै रोचक यात्राको अनुभव सुनाई विद्यार्थीलाई पनि यस्तै कुनै स्मरणीय यात्रा भए सम्झिन (केही क्षणपछि प्रस्तुत गर्ने गरी) लगाई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) आफूले गरेको यात्रालाई समेटी निबन्धात्मक रूपमा तयार पारिएको रचना नै नियात्रा हो भन्ने विषयलाई पुष्टि गर्दै नियात्राको संरचना बोध गराउने तालिका प्रस्तुत गर्नुहोस्, जस्तै :

**यात्रा वर्णन के हो र यसको संरचना कस्तो हुन्छ ?**

- आफूले गरेको यात्रालाई कथात्मक वा निबन्धात्मक शैलीमा लेखिएको रचना नै यात्रा वर्णन हुने
- यात्रा वर्णनलाई यात्रा निबन्ध वा नियात्रा पनि भनिने
- यात्राका क्रममा आफूले देखेभोगेका विभिन्न दृश्य, घटना, अनुभव आदिलाई साहित्यिक शैलीमा वर्णन गरी यात्रा वर्णन लेखिने
- यात्रामा देखेभोगेका विषयवस्तुलाई सिलसिलाबद्ध रूपमा टिपोट गरिने
- यात्राका क्रममा भोगेका रमाइला र नरमाइला दुवैखाले अनुभवलाई जस्ताको तस्तै उतारिने
- सम्बन्धित क्षेत्रको सामाजिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक अवस्थाको जानकारी दिएर विषयवस्तु प्रस्तुतीकरण गरिने
- सामान्यतया यात्रा वर्णन भूतकालिक क्रियापदको प्रयोग गरी लेखिने भए पनि कहिलेकाहीँ यात्राको विषयवस्तु र सन्दर्भअनुसार वर्तमान कालका क्रियापदको प्रयोग गर्न पनि सकिने
- यात्रा वर्णन आत्मपरक शैलीमा लेखी पाठकलाई आफू पनि लेखकसँगै यात्रा गरिरहेको छु भन्ने अनुभूति दिलाउने गरी तयार गरिनुपर्ने

(आ) यात्रा वर्णनको संरचना माथिका विषयवस्तु समेटी तयार गर्न सकिने कुरा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् र आफूले अगि कक्षामा प्रवेश गर्नासाथै सुनाएको यात्रा वृत्तान्त पनि यसमै आधारित रहेको जानकारी गराउँदै यात्रा वर्णनको नमुना प्रस्तुत गर्नुहोस्, जस्तै :

**इलामस्थित कन्यामको यात्रा**

मैले इलाममा अवस्थित रमणीय स्थल कन्याम जाने योजना निकै अगाडिदेखि बनाइरहेको थिएँ । म झापास्थित चारआलीको मानिस । कन्याम त्यति टाढा पर्दैनथ्यो तर विविध कार्यव्यस्तताका कारण जाने मौका भने मिलेको थिएन । दसैँको छुट्टिको मौका मि( लाई २०७९ असोज १३ गते बिहान करिब सात बजेतिर म र दुई जना साथी कन्याम यात्राका निम्ति चारआलीबाट छुट्यौँ । यात्राका लागि मोटरसाइकलमा निस्कियौँ । बुधबारे, बर्ने हुँदै हामी झापाको सिमाना छोडेर इलामको जोर कलश, कुटी डाँडापछि कन्याम पुग्यौँ । करिब दुई घण्टा अर्थात् नौ बजेतिर कन्याम पुगेपछि त्यहीँको स्थानीय एउटा होटलमा खाना खाएर दिनभर त्यहाँका रमणीय दृश्यमा रमायौँ । कन्यामको चियाबारीले हरेक मानिसको मन लोभ्याउने रहेछ । हामीले पनि दिनभर नै ती दृश्यको रसपान गरिरह्यौँ । दिनको तीन बजेपछि साथीहरूले मलाई घर फर्कने कुरा सम्झाए । मलाई भने त्यहाँका दृश्य छोड्न मन थिएन तापनि आज घर नफर्की नहुने भएकाले मन भारी बनाएरै भए पनि हामी फर्कने तयारीमा लाग्यौँ । त्यसपछि हामी कन्यामभन्दा केही अगाडि सानो पाथीभरा मन्दिर रहेको हुनाले त्यहाँ गई दर्शन गरेर त्यस मन्दिरभन्दा तल बाटामै रहेको बजारमा केहीबेर बस्यौँ । त्यहाँको म.म. को बारेमा साथीहरूले बिहानैदेखि पटक पटक कुरा गरेका हुनाले त्यो खाने उत्सुकता ममा पनि धेरै बढेको थियो । एउटा होटलमा पस्यौँ र म.म. मगाएर खायौँ । म.म. सँगै अकबरे खुर्सानीको अचार र तातो सुप पनि पाइने हुनाले त्यहाँको चिसो मौसममा म.म. साँच्चिकै स्वादिलो हुने रहेछ । म.म. को स्वाद मुखभरि लिएर हामीले हाम्रो बाटो तताय़ौँ । करिब साँझको सात बजे हामी घर पुगेका थियौँ । झापाको गर्मी मौसमबाट इलामको चिसो मौसममा पाइला राखी गरेको यो यात्रा मेरा लागि अविस्मरणीय रह्यो ।

(इ) विद्यार्थीलाई माथिको संरचना र आफूले प्रस्तुत गरेको नमुनाअनुसार व्यक्तिगत रूपमै बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा आधारित भई आफूले गरेको कुनै यात्राका बारेमा वर्णन गर्न लगाउनुहोस् । विद्यार्थीले लेखेको यात्रा वर्णनको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ई) विद्यार्थीसँग बाल्यकालको स्वभाव र अहिले त्यसमा आएको परिवर्तनसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । बाल्यकालको स्वभाव र पछिल्लो समयमा त्यसमा आएको परिवर्तन भनेको कुनै पनि व्यक्तिले कुनै घटना वा विषयबाट प्राप्त ज्ञानका

आधारमा गरेको व्यवहार परिवर्तन हो । यो मानवीय स्वभाव र संवेदनासँग प्रत्यक्ष जोडिएको हुन्छ त्यसैले कुनै पनि व्यक्तिको जीवनमा अभ्यस्त रहेका बानीलाई परिवर्तन गर्न कुनै विशेष घटनाले सहयोग गरेको हुन्छ भन्ने कुरा सिकाउनुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ राम्ररी पढ्न लगाउनुहोस् र भर्खर आफूले व्यक्त गरेका विषयवस्तु यिनै विषयसँग सम्बन्धित रहेको जानकारी गराई केही विद्यार्थीलाई आफ्नो बाल्यकालको स्वभाव र अहिले आएका परिवर्तनजन्य घटना व्यक्त गर्न लगाउनुहोस् ।

(ऊ) शिक्षकले तयार पारी ल्याएको आफ्नो बाल्यकालको स्वभाव र अहिले त्यसमा आएको परिवर्तन जनाउने घटनाको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**बाल्यकालको स्वभाव र हाल त्यसमा आएको परिवर्तन**

म बाल्यकालमा असाध्यै चकचके र झगडालु स्वभावको थिएँ । साथीभाइसँग केहीबेर खेलेपछि झगडा गर्नु, पिट्नु, ढुङ्गाले हान्नु अथवा आफैँले कुटाइ खानु मेरो दैनिकी जस्तै थियो । मेरा यी गतिविधि देखेर बुबा, आमा र गुरुहरू पनि हैरान हुनुभएको थियो । एक दिनको घटना हो, हिउँदको समयमा चउरमा साथी कुमार र म घाममा बसेर गुच्चा खेलिरहेका थियौँ । त्यति नै बेला कुमारले जित्यो र मैले हारेँ । कुमारले आफूले जितेको बताउँदा मैले हार स्विकार्न सकिनँ । म स्वभावैले झगडालु पनि भएकाले आफू हारेको कुरा मलाई पचेन र त्यही रिसले मैले कुमारतिर लक्षित गरी एउटा ढुङ्गो फ्याकेँ । संयोगले त्यो ढुङ्गाले कुमारको दायाँ हातको पछाडिपट्टि लागेछ । कुमार रुँदै घरतर्फ दौडियो । म भने कुमारलाई ढुङ्गाले हानेर जितेको कुरामा आनन्दले बसिरहेँ । केही क्षणपछि त कुमारले उसका बुबा र मेरा बुबा दुवै जनालाई लिएर मेरो अगाडि आइपुग्यो । कुमारका बुबाले कुमारको चोट लागेको हात मतिर देखाएर भन्नुभयो “अब पुलिस बोलाएर तँलाई ठिक गर्छु ।” म केही बोल्न सकिनँ । कुमार र उसका बुबालाई लिएर मेरा बुबा स्वास्थ्यचौकी जानुभयो र उपचार गराएर आएपछि मलाई भन्नुभयो “कुमारको हातमा चोट लागेको छ । उपचारमा सात सय रूपियाँ लाग्यो । कुमारका बुबा पुलिस लिन चौकी जानुभएको छ । अबदेखि झगडा नगर्ने भए म पुलिसलाई फर्काउँछु नत्र तँलाई पुलिसले लगेर बोरामा हालेर पिट्छ ।” बुबाले पुलिसलाई फर्काउन सक्नुहुने रहेछ भन्ने बुझेपछि मैले बुबाको मुख नहेरी भनेँ “अबदेखि कहिल्यै झगडा गर्दिनँ ।” “ल त त्यसो हो भने म पुलिसलाई फर्काएर आउँछु ।” यति भनेर बुबा चौकीतिर गए जस्तो गर्नुभयो । एकातिर बुबालाई खर्च गराएको र अर्कातिर साथीले दुःख पाएको भन्दा पनि मलाई पुलिसको डरले सतायो । त्यसैले यस घटनाले मेरो मनस्थिति एकाएक परिवर्तन भयो । त्यस दिनदेखि झगडा भन्ने सोचाइ पनि मभित्र कहिल्यै आएन । साथीहरूसँग सधैँ मिलेर बस्न, खेल्न थालेँ । सामूहिक

कार्यमा रुचि राख्न थालेँ । मेरो व्यवहारमा आएको परिवर्तन देखेर गुरु गुरुआमाले पनि खुब तारिफ गर्न थाल्नुभयो । उहाँहरूको यो प्रशंसा सुन्दा म भने कुमारसँग गरेको त्यस दिनको झगडा बारम्बार सम्झन थालेँ । विगतको स्वभावका कारण म सबैको सामु खराब भनेर चिनिएको रहेछु भन्ने बोध हुन थाल्यो । यस सम्झनाको पीडाले म सुध्रन झन् बाध्य हुँदै गएँ । त्यसैको प्रभावस्वरूप मेरो व्यवहारमा परिवर्तन आई म अहिले सामाजिक क्षेत्रमा समर्पित भई सेवाका कार्य गरिरहेको छु ।

(ऋ) शिक्षकले तयार पारी ल्याएको श्रव्य तथा श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि पालैपालो बाल्यकालको स्वभाव र अहिले त्यसमा आएको परिवर्तनको अनुभव मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी डर, संवेग, हीनताबोध, उत्प्रेरणात्मक बोली, हौसला, निडरपना, स्पष्ट विचार राख्न सक्ने, उचित शब्द चयन, खुलापन जस्ता व्यवहारमा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ए) बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ मा आधारित भई दिएको सन्दर्भ पुनः राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

(ऐ) अनुच्छेद पठनपश्चात् म पात्र सानो हुँदाको स्वभाव र पछि उसको व्यवहारमा कसरी परिवर्तन आयो भन्ने विषयमा पालैपालो भन्न लगाउनुहोस् ।

(ओ) अनुच्छेदमा म पात्रले आफ्नो खराब स्वभावलाई परिवर्तन गरे जस्तै विद्याथीलाई पनि आफूले परिवर्तन गरेको कुनै स्वभाव बताउन लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीले गरेको कुनै रमणीय यात्राको वर्णन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई आफ्नो स्वभाव र व्यवहार परिवर्तनका घटना सुनाउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना (शब्दवर्ग) | • शब्दवर्गको पहिचान र प्रयोग गर्न | • शब्दवर्गको सूची<br>• विभिन्न वर्गका शब्द लेखिएको सूची<br>• विभिन्न वर्गका शब्द प्रयोग गरेर लेखिएको यात्रावर्णनको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई रोचक क्रियाकलाप गराई कक्षाको सुरुआत गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे सामान्य छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई नौ समूहमा विभाजन गरी प्रत्येक समूहलाई क्रमशः नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात भनी नामकरण गर्नुहोस् ।

(आ) शिक्षकले तयार गरी ल्याएको शब्दवर्गको सूची प्रस्तुत गरी त्यसलाई ध्यानपूर्वक पढ्न लगाउनुहोस् ।

(इ) निर्माण गरिएका नौओटै समूहलाई नौओटै वर्गका अलगअलग शब्द लेखिएका तालिका वा सूची अलग अलग प्रदर्शन गरी त्यस तालिकाका नौओटै वर्गका शब्दको काम र परिचयबारे जानकारी गराई प्रत्येक वर्गले गर्ने कामलाई ती समूहसँग सामान्यीकरण गरी अब प्रत्येक समूहको काम र उदाहरण बताउनुहोस्, जस्तै :

समूह १ **नाम (लक्ष्मण, हनुमान, हिमाल, सगरमाथा, पानी, सुन, माया, मानिस ......आदि)**

समूह २ **सर्वनाम (म, हामी, ता, तिमी, ऊ, उनी ..................... ) आदि**

(ई) प्रत्येक समूहलाई आफ्नो समूहमा परेका वर्गका शब्द खोज्न निर्देश गर्नुहोस् । विद्यार्थीले खोजेका शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देश गर्नुहोस् । ती वाक्य भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार गरेका शब्द र वाक्य सम्बन्धित वर्गका भए नभएको निरीक्षण गरी आवश्यक संशोधन गर्नुहोस् र शिक्षकले तयार पारी ल्याएको विभिन्न वर्गका शब्द

लेखिएको सूची प्रदर्शन गरी निर्दिष्ट वर्गका शब्दको काम र अर्थ स्पष्ट पारिदिनुहोस् ।

(ऊ) भाषिक संरचना खण्डको अभ्यास १ मा आधारित भई सबै विद्यार्थीलाई दिइएको तालिका राम्ररी अध्ययन गर्न लगाई चार समूह (नाम, सर्वनाम, विशेषण र क्रियापद) मा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई अलग अलग भूमिका दिई प्रत्येक वर्गका पाँच पाँचओटा शब्द खोज्न र लेख्न लगाउनुहोस् ।

(ऋ) प्रत्येक समूहमा पुगी विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् र प्रत्येक समूहलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(ए) भाषिक संरचना खण्डको अभ्यास २ मा आधारित भई सबै विद्यार्थीलाई दिइएको तालिका राम्ररी अध्ययन गर्न लगाई पाँच समूह (नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात) मा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई अलग अलग भूमिका दिई प्रत्येक वर्गका शब्द प्रयोग गरी आफूले गरेको कुनै यात्राको वर्णन गर्न लगाउनुहोस् ।

(ऐ) प्रत्येक समूहमा पुगी विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् र प्रत्येक समूहलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् र शिक्षक आफूले ती शब्दहरू प्रयोग गरेर तयार गरी ल्याएको यात्रा वर्णन पनि प्रदर्शन गर्नुहोस् ।

(ओ) भाषिक संरचना खण्डको अभ्यास ३ मा आधारित भई दिइएका शब्द राम्ररी अध्ययन गर्न लगाई विद्यार्थीलाई नौ समूह ( नाम, सर्वनाम, विशेषण र क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात) मा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई दिइएका शब्दमध्ये आफ्नो भूमिकामा परेका शब्द मात्र टिपोट गर्न लगाउनुहोस् । प्रत्येक समूहले टिपोट गरेका शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा तालिकीकृत गर्नुहोस् र आवश्यक छलफल गराउनुहोस् ।

(औ) भाषिक संरचना खण्डको अभ्यास ५ मा आधारित भई सबै विद्यार्थीलाई दिइएको अनुच्छेद अध्ययन गर्न लगाई अगि विभाजन गरेकै नौ समूह लाई रातो अक्षरमा लेखिएका शब्दमध्ये आफ्नो भूमिकामा परेका शब्द मात्र टिपोट गर्न लगाउनुहोस् । प्रत्येक समूहले टिपोट गरे का शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा तालिकीकृत गर्नुहोस् र आवश्यक पृष्ठपो षण प्रदान गर्नुहोस् ।

(अं) भाषिक संरचना खण्डको अभ्यास ४ मा आधारित भई विद्यार्थीलाई पुनः चार समूहमा विभाजन गरी पाठको अन्तिम अनुच्छेदबाट प्रत्येक समूहलाई नाम, सर्वनाम, विशेषण र क्रियापद वर्गका एक एक ओटा भूमिका दिई तीन तीनओटा शब्द पहिचान गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शब्दलाई नाम, सर्वनाम, विशेषण र क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी अलग अलग तालिकामा तालिकीकृत गर्न लगाउनुहोस् :

नदी, तपाइँ, राम्रो, सुन्दर, गर्छ, हिँड्यो, उनी, कमल, बिस्तारै, अगाडि, सँग, सित, र, पनि, आहा, छि, पो, त, नि ............... आदि ।

(ख) दिइएका शब्दलाई प्रयोग गरी आफूले गरेको कुनै यात्राको वर्णन गर्न लगाउनुहोस् :

म, हामी, पोखरा, रमाइलो, घुम्न, तिर, खाएर, गयौँ, टलक्क, सुन्दर, र, राम्रो, आहा, पो, त .............. आदि ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# आठौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना (काल र पक्ष, कोटि)<br>• वर्णविन्यास (पञ्चम वर्ण) | • काल र पक्षको पहिचान र प्रयोग गर्न<br>• व्याकरणिक कोटिको पहिचान र प्रयोग गर्न<br>• पञ्चम वर्ण (ङ, ञ, ण, न, म) को पहिचान र प्रयोग गर्न | • काल र पक्षका वाक्य लेखिएका वाक्यसूची<br>• व्याकरणिक कोटि जनाउने वाक्यसूची<br>• पञ्चम वर्ण प्रयोग भएका शब्दसूची |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रोचक क्रियाकलापबाट कक्षाको सुरुआत गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे सामान्य छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाँच समूहमा विभाजन गरी प्रत्येक समूहलाई क्रमशः सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त भनी नामकरण गर्नुहोस् ।

(आ) शिक्षकले तयार गरी ल्याएको काल र पक्षसम्बन्धी तालिका प्रस्तुत गरी त्यसलाई ध्यानपूर्वक पढ्न लगाउनुहोस् ।

(इ) निर्माण गरिएका पाँचओटै समूहसँग त्यस तालिकामा लेखिएका पाँचओटै पक्षका वाक्यलाई सामान्यीकरण गर्नुहोस् र कालका प्रत्येक पक्षले गर्ने कामलाई ती समूहसँग सामान्यीकरण गरी अब प्रत्येक समूहको काम बताउनुहोस्, जस्तै :

समूह १ **सामान्य पक्ष (तिमीले पढ्यौ । तिमी पढ्छौ । तिमी पढ्ने छौ ।**

समूह २ **अपूर्ण पक्ष ( तिमी पढ्दै थियौ । तिमी पढ्दै छौ । तिमी पढ्दै हुने छौ ।**

समूह ३ **पूर्ण पक्ष (तिमीले पढेका थियौ । तिमीले पढेका छौ । तिमीले पढेका हुने छौ ।**

समूह ४ **अज्ञात पक्ष (तिमीले पढेछौ ।)**

समूह ५ **अभ्यस्त पक्ष (तिमी पढ्थ्यौ ।)**

(ई) प्रत्येक समूहलाई आफ्नो समूहमा परेका पक्ष जनाउने गरी केही धातु दिई ती धातुबाट तीनओटै कालका एक एक क्रियापद निर्माण गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले निर्माण गरेका क्रियापदलाई वाक्यमा प्रयोग गर्न निर्देश गर्नुहोस् । ती वाक्य भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार गरेका क्रियापद र वाक्य तोकिएका काल र पक्षअनुसार भए नभएको निरीक्षण गरी आवश्यक संशोधन गर्नुहोस् र काल र पक्षले समयलाई जनाउने कुरा स्पष्ट पारिदिनुहोस् ।

(ऊ) भाषिक संरचना खण्डको अभ्यास ६ मा आधारित भई निर्देशानुसारको काम गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई क्रमशः लिङ्ग, वचन, पुरुष र आदर भनी नामकरण गर्नुहोस् ।

(ए) शिक्षकले तयार गरी ल्याएको व्याकरणिक कोटिसम्बन्धी तालिका प्रस्तुत गरी त्यसलाई ध्यानपूर्वक पढ्न लगाउनुहोस् । निर्माण गरिएका चारओटै समूहसँग त्यस तालिकामा लेखिएका चारओटै कोटिका वाक्यलाई सामान्यीकरण गर्नुहोस् र प्रत्येक कोटिले गर्ने कामलाई ती समूहसँग सामान्यीकरण गरी अब प्रत्येक समूहको काम बताउनुहोस्, जस्तै :

समूह १ **लिङ्ग (रमण काम गर्छ । रमणी काम गर्छे ।**

समूह २ **वचन (तिमी पढ्दै थियौ । तिमीहरू पढ्दै थियौ ।**

समूह ३ **पुरुष (म पढ्दै थिएँ । तिमी पढ्दै थियौ । ऊ पढ्दै थियो ।**

समूह ४ **आदर (तँ समयमा काम गर् । तिमी समयमा काम गर । तपाईँ समयमा काम गर्नुहोस् ।)**

(ऐ) प्रत्येक समूहलाई उदाहरणमा दिइए जस्तै गरी आफ्नो समूहमा परेका कोटी जनाउने वाक्य निर्माण गर्न लगाउनुहोस् । सम्भव भएसम्म समूहभित्र पनि उपसमूह निर्माण गर्नुहोस् र प्रत्येक समूहले निर्माण गरेका वाक्य भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीले तयार गरेका वाक्य ठिक भए नभएको निरीक्षण गरी आवश्यक संशोधन गर्नुहोस् र प्रत्येक व्याकरणिक कोटिले गर्ने कामका बारेमा स्पष्ट पारिदिनुहोस् ।

(ओ) भाषिक संरचना खण्डको अभ्यास ७ मा आधारित भई निर्देशानुसारको काम गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(औ) विद्यार्थीलाई पुनः पाँच समूहमा विभाजन गरी प्रत्येक समूहलाई क्रमशः ङ, ञ, ण, न, म भनी नामकरण गर्नुहोस् । शिक्षकले तयार गरी ल्याएको पञ्चम वर्णसम्बन्धी तालिका प्रस्तुत गरी त्यसलाई ध्यानपूर्वक पढ्न लगाउनुहोस् । निर्माण गरिएका पाँचओटै समूहसँग त्यस तालिकामा लेखिएका पाँचओटै वर्णलाई सामान्यीकरण गर्नुहोस् र प्रत्येक वर्णको अलग अलग कामलाई ती समूहसँग सामान्यीकरण गरी अब प्रत्येक समूहको काम बताउनुहोस्, जस्तै :

| | |
|---|---|
| समूह १ | **ङ (पङ्खा, जङ्गल** .............) |
| समूह २ | **ञ ( पञ्च, सञ्चय** .......... ) |
| समूह ३ | **ण (पाण्डव, मण्डप** .......... ) |
| समूह ४ | **न (पन्थ, गन्ध** ................ ) |
| समूह ५ | **म (पम्फा, चम्पा** ........... ) |

(अं) प्रत्येक समूहलाई आफ्नो समूहमा परेका वर्ण प्रयोग भएका एक एकओटा शब्द लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीले लेखेका शब्द ठिक भए नभएको निरीक्षण गरी आवश्यक संशोधन गर्नुहोस् र यी वर्णहरू कस्ता कस्ता शब्दमा कुन अवस्थामा आउँछन् भन्ने कुरा थप उदाहरणसहित स्पष्ट पारिदिनुहोस् ।

(अः) भाषिक संरचना खण्डको अभ्यास ८ मा आधारित भई निर्देशानुसारको काम गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको तालिकामा गर्, खा, हिँड् धातुका क्रियापद प्रयोग गरी तीनओटै कालका पक्षको वाक्य निर्माण गर्न लगाउनुहोस् :

| सामान्य | अपूर्ण | पूर्ण | अज्ञात | अभ्यस्त |
|---|---|---|---|---|
| | | | | |

(ख) दिइएका वाक्यलाई सङ्केतका सहायताले परिवर्तन गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् :

(अ) तिमी गयौ । (तृतीय पुरुष)

(आ) तपाइँ आउनुभयो । (अनादर)

(इ) सुमन काम गर्छ । (स्त्रीलिङ्ग) ........... आदि ।

(ग) प्रत्येक समूहलाई आआफ्नो भूमिकामा रहेका ङ, ञ, ण, न, म प्रयोग भएका शब्द दुई दुईओटा शब्द टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ १४)<br>• सिर्जना र परियोजना कार्य | • सुनाइ पाठका आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न<br>• सुनाइ पाठ १४ का आधारमा मौखिक छलफल गर्न<br>• निर्दिष्ट शीर्षकमा निर्देशित निबन्ध लेख्न<br>• आफूले गरेको कुनै यात्राको अनुभवलाई समेटी नियात्रा लेख्न | • सुनाइ पाठ १४ को श्रव्य सामग्री<br>• निबन्धको संरचना देखाउने सूची<br>• निबन्धको नमुना<br>• नियात्राको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइलो यात्रालाई छोटो वर्णन गर्दै आजको कक्षा यस्तै यात्रा वर्णन लेखन कार्यमा केन्द्रित हुने जानकारी गराउँदै कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठका दुवै अभ्यास एक पटक राम्ररी पढ्न लगाउनुहोस् र यी अभ्यासको उत्तर सुनाइ पाठ सुनेका आधारमा मौखिक रूपमा दिनुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(इ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ १४ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउ( नलोड गरी सुनाइ पाठ कम्तीमा दुई पटक सुनाउन सक्नुहुने छ ।

(ई) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी प्रश्नोत्तरको अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहितको उत्तर भन्न लगाउनुहोस्, जस्तै :

(क) लुम्बिनी कहाँ पर्छ ?

उत्तर : लुम्बिनी रूपन्देही जिल्लामा पर्छ ।

(ऊ) विद्यार्थीको उत्तरको संरचना ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा कक्षामा छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ए) शिक्षकले तयार पारेको लिखित निबन्धको नमुना प्रदर्शन गरी त्यस निबन्धमा रहेका परिचय, विषयवस्तुको मूल खण्ड, विषयवस्तुको गहनता, तार्किकता, तथ्य, भावना, विचार, भाषाशैलीका बारेमा छलफल गराउनुहोस् ।

(ऐ) निबन्धको संरचना जनाउने तालिका प्रदर्शन गरी निबन्धमा हुनुपर्ने पक्षहरू (आदि, मध्य र अन्त्य) को जानकारीसहित निबन्धको सङ्गठन वा संरचनाबारे छलफल गराउनुहोस्, जस्तै :

१. **निबन्धको आदि भाग : पहिलो अनुच्छेद**

यो निबन्धको सुरुको भाग हो । निबन्धको शीर्षक लेखेर त्यसभन्दा तल एक हरफ जति ठाउँ खाली छोडेर पहिलो अनुच्छेद सुरु गरिन्छ । यसमा शीर्षकको शाब्दिक रूपमा परिचय, पृष्ठभूमि र विस्तारलगायत कुरा लेखिन्छन् । निबन्धको आदि भाग स्वरूप आउने पहिलो अनुच्छेद चित्ताकर्षक, पाठकलाई सहजै तानेर पाठमा खुसीसाथ प्रवेश गराउन सक्ने सामर्थ्यको हुनुपर्छ । यसले पाठकको मनलाई आन्दोलित गराउन र कुतूहलताको सिर्जना गर्न सक्नुपर्छ । आलङ्कारिक र प्रश्नात्मक कथनका रूपमा पनि निबन्धको थालनी

प्रभावकारी बन्न सक्छ । निबन्धको प्रस्तुति आकर्षक ढङ्गले गर्नुपर्ने हुन्छ ।

२. **निबन्धको मध्य भाग : बिचका अनुच्छेद**

मध्य भाग निबन्धको मुख्य भाग हो । यस भागमा एक वा एकभन्दा बढी अनुच्छेद आउन सक्छन् । यस भागमा विषयसँग सम्बद्ध सूचना र तथ्यहरू तथा तिनीहरूप्रतिको धारणा सविस्तार प्रस्तुत गरिन्छ । सम्बन्धित विषयका गुण, दोष, शक्ति, सीमा एवम् तिनीहरूप्रतिको सहमति असहमति आदिलाई यस खण्डमा समावेश गरिन्छ । बिचको प्रत्येक अनुच्छेदमा एउटा शीर्ष वाक्य आउनु राम्रो मानिन्छ । प्रत्येक अनुच्छेदमा त्यस्तो शीर्ष वाक्यलाई समर्थन गर्ने कम्तीमा तीन चार वटा बुँदाहरू समावेश गर्नुपर्ने हुन्छ । प्रत्येक सहयोगी बुँदाहरूले शीर्ष वाक्यलाई र प्रत्येक शीर्ष वाक्यहरूले पहिलो अनुच्छेदको सिद्धान्त कथनलाई टेवा पुऱ्याइरहेको हुनुपर्दछ । बिचका अनुच्छेदहरूमा यीबाहेक एउटा सारांश वाक्य पनि आउन सक्छ तर यसलाई अनिवार्य चाहिँ मानिँदैन ।

३. **निबन्धको अन्त्य भाग : निष्कर्ष अनुच्छेद**

यो निबन्धको अन्तिम भाग हो । निबन्धको अन्तिम अनुच्छेदलाई निष्कर्ष अनुच्छेद बनाउनुपर्छ । यसमा मध्य भागमा आएका प्रत्येक अनुच्छेदको सार खिचिएको हुनुपर्छ । निष्कर्ष अनुच्छेद धेरै लामो हुनु हुँदैन र यसमा केही नयाँ कुरा थप्नु पनि अपरिहार्य हुन्छ । निष्कर्ष लेख्ता सामान्यतया: सार कथनको प्रयोग गरिन्छ । निष्कर्ष पाठकलाई गाली गर्ने वा उपदेश दिने वा अभिमान प्रकट गर्ने खालको हुनु हुँदैन । यसमा निबन्ध पूरा भयो भन्ने अनुभूति गराउने सामर्थ्य रहनुपर्छ । निष्कर्ष अनुच्छेदको अन्तिम वाक्य संवेगात्मक प्रकृतिको अर्थात् पाठकको मन छोएर दीर्घ प्रभाव छोड्न सक्ने हुनुपर्छ ।

(ओ) विद्यार्थीलाई माथिको संरचनाका बारेमा जानकारी दिइसकेपछि सिर्जनात्मक र परियोजना कार्यअन्तर्गतको अभ्यास १ मा निर्देश गरिएअनुसारको निबन्ध तयार गर्न लगाउनुहोस् । (यस अभ्यासलाई भोलिपल्टको कक्षामा मूल्याङ्कन गर्नुहोस् ।)

(औ) विद्यार्थीलाई चारओटा समूहमा विभाजन गरी प्रत्येक समूहलाई आफूले शारीरिक रूपमा कमजोर तर मानसिक रूपमा सशक्त व्यक्ति देख्दा मनमा के कस्ता भावना उत(पन्न हुन्छन्, छलफल गर्न लगाउनुहोस् र प्रत्येक समूहको निष्कर्षलाई कक्षामा सुनाउन लगाउनुहोस् । आफूले गरेको यात्रालाई समेटी निबन्धात्मक रूपमा तयार पारिएको रचना नै नियात्रा हो भन्ने विषयलाई पुष्टि गर्दै नियात्राको संरचना बोध गराउने तालिका प्रस्तुत गर्नुहोस् । (छैटौँ दिनमा यसको नमुना प्रस्तुत गरिएको छ ।)

(अं) यात्रा वर्णनको संरचना जनाउने तालिकाका आधारमा नियात्रा तयार गर्न सकिने कुरा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् र आफूले अगि कक्षामा प्रवेश गर्नासाथै सुनाएको यात्रा वृत्तान्त पनि यसमै आधारित रहेको जानकारी गराउँदै यात्रा वर्णनको नमुना प्रस्तुत गर्नुहोस् ।

(छैटौँ दिनमा यसको नमुना प्रस्तुत गरिएको छ ।)

(अः) विद्यार्थीलाई माथिको संरचना र आफूले प्रस्तुत गरेको नमुनाअनुसार व्यक्तिगत रूपमै सिर्जना र परियोजना खण्डको अभ्यास २ मा आधारित भई आफूले गरेको कुनै यात्राका बारेमा यात्रा वर्णन गर्न लगाउनुहोस् । ( यो क्रियाकलाप गृहकार्यका रूपमा विद्यार्थीले लेखेको यात्रा वर्णनको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।)

## ३. मूल्याङ्कन

(क) सुनाइ पाठ १४ को अभ्यास १ मा आधारित भई प्रश्नोत्तर गराउनुहोस् ।

(ख) निबन्ध लेखन गर्दा कुन कुन पक्षलाई समावेश गर्नुपर्छ ? जस्ता प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

(ग) नियात्रा लेखन गर्दा के कस्ता विषयमा ध्यान दिनुपर्छ ? जस्ता प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ १५

# वसन्त

**विधा : कविता** **कार्यघण्टा : १०**

## परिचय

कवि शिरोमणि लेखनाथ पौड्यालद्वारा रचित 'वसन्त' कविता प्रकृतिपरक कविता हो । विद्यार्थीमा आनन्दानुभूति प्राप्त गराउनु, काव्यिक भाषाको बोध तथा सम्प्रेषणीय अभिव्यक्ति प्रदान गर्नु, शब्दभण्डार बृद्धि गर्नु, साहित्यप्रति अभिरुचि बढाउनु, विविध भाषाशैलीगत अनुभव प्राप्त गर्नु कविता शिक्षणको प्रमुख उद्देश्य हो । तसर्थ कविता शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । कविता अनुभूतिप्रधान साहित्यिक विधा हो । यसबाट विद्यार्थीलाई विषयवस्तुको अनुमान तथा कल्पना, विषयवस्तुमा आधारित छलफल, प्रश्न निर्माण र श्रुति वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ ।

लयबद्ध पठन, पाठ्य कविताको संरचना पहिचान र सन्दर्भ बोध तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत श्रुति लेखन, गद्यमा रूपान्तरण, शब्दभरण, प्रश्नोत्तर र भाव विस्तारलगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डार अन्तर्गत लय मिल्ने शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत वाक्यको पहिचान र प्रयोग तथा संश्लेषण र विश्लेषणका क्रियाकलाप गराउनुपर्छ । समस्त शब्दको पहिचान र प्रयोग समस्त शब्दलाई विग्रह र विग्रह पदावलीलाई समस्त शब्द बनाउने अभ्यास गराउनुपर्छ । वर्णविन्यास पदयोग र पदवियोगको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा परिकल्पनासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत कविता सिर्जना तथा प्राकृतिक सुन्दरताले भरिएको ठाउँ भ्रमण गरेपछि मनमा उब्जिएका विचार लेख्ने अभ्यास गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएको सुनाइ पाठ १५ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइका अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउन सक्नुहुने छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध<br>• छलफल<br>• श्रुतिबोध | • पूर्व पठन खण्ड र मूल पाठमा समाविष्ट तस्बिरहरू अध्ययन गरी बोध गर्न<br>• तस्बिरमा आधारित भएर अनुमान तथा कल्पना गर्न<br>• सुनेका विषयवस्तुको श्रुतिबोध गरी वर्णन गर्न | • पूर्व पठन खण्डका तस्बिर<br>• मूल पाठ खण्डका तस्बिर<br>• छ प्रकारका ऋतु झल्काउने तस्बिर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) "चैत, बैशाख वसन्तमा फुल्छन् फूलैफूल ................" बोलको प्रकृतिपरक ऋतु गीत सुनाएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) विद्यार्थीका सिर्जनात्मक प्रतिभाको कदर गरी पाठप्रति अभिरुचि जगाउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे प्रस्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) सम्भव भएसम्म प्रोजेक्टरमार्फत पूर्व पठन खण्डको तस्बिर प्रस्तुत गर्नुहोस् । ऋतुको वर्णन गरिएका वृतचित्र प्रदर्शन गर्नुहोस् ।

(आ) विद्यार्थीलाई विभिन्न छ समूहमा विभाजन गरी छ प्रकारकै ऋतुका तस्बिर प्रदर्शन गर्नुहोस् र प्रत्येक समूहलाई एउटा ऋतु पर्ने गरी समूहीकृत गरी आफ्नो समूहलाई परेको ऋतुका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(इ) ऋतुका बारेमा व्यक्तिगत धारणा राख्न चाहने विद्यार्थीलाई मौका दिनुहोस् । छलफलमा आएका सान्दर्भिक तथ्यलाई पाठसँग जोड्दै निष्कर्ष सुनाउनुहोस् ।

(ई) विद्यार्थीलाई छ प्रकारका ऋतुमध्ये आफूलाई मन परेको ऋतुका बारेमा मनमा लागेका केही भावना लेख्न लगाउनुहोस् ।

(उ) लेखेका कुराहरू सुनाउन लगाउनुहोस् ।

(ऊ) एउटा ऋतु गीत सुनाउन लगाउनुहोस् । गीतका आधारमा मौखिक प्रश्नोत्तर गराउनुहोस् ।

(ऋ) चित्र बनाउन जान्ने विद्यार्थीको पहिचान गरी वसन्त ऋतुमा जोड दिई चित्र बनाउन लगाउनुहोस् ।

(ए) चित्रका बारेमा छलफल गराउनुहोस् ।

(ऐ) कक्षाकोठामा विविधता व्यवस्थापन गर्दै फरक क्षमता र स्तरभएका विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ओ) मूलपाठ खण्डमा भएको तस्बिर सम्भव भएसम्म प्रोजेक्टरमा प्रदर्शन गरी त्यसका बारेमा छलफल गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई वसन्त ऋतुको चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले ऋतु गीत सुनाएर सुनेकै आधारमा वर्णन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविताको लयवद्ध पठन (कविताको संरचना पहिचान (उच्चारण र वाक्य रचना)<br>• बोध प्रश्नोत्तर | • छन्द कवितालाई लययबद्ध वाचन गर्न<br>• शब्दको सही उच्चारण गर्न<br>• कविताको संरचना पहिचान गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • श्लोकपत्ती<br>• कविता वाचनको नमुना<br>• कविताका संरचनाका नमुना<br>• शब्दार्थपत्ती<br>• प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै कविताका श्लोक, चुट्किला, उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका चुट्किला, लघुकथा, गीत, कविता भन्ने मौका दिई उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) चार्टपेपरमा लेखिएको कविताका श्लोक प्रदर्शन गरी कविता वाचन गर्न विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । वाचनका क्रममा लय मिले नमिलेको ख्याल गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) पाठ्य कवितालाई अनुष्टुप छन्दको नियम अनुसार लयबद्ध वाचन गरेर शिक्षकले सुनाउनुहोस् वा श्रव्य सामग्रीका माध्यमबाट सुनाउनुहोस् ।

(इ) अनुष्टुप छन्दको यस कवितामा प्रत्येक पाउमा आठ आठ अक्षर हुन्छन् । तिनलाई ख्याल गरी आठ आठ अक्षरमा विश्राम गरी वाचन गर्नुपर्ने जानकारी दिनुहोस्, जस्तै :

**ऋतु हुन् अरू पाँचोटा वसन्त ऋतुराज हो**

**लोक गौरवले भर्नु यसैको मुख्य काज हो ।**

(ई) अनुष्टुप छन्दको प्रत्येक पाउको पाँचौँ वर्ण ह्रस्व(लघु)छैटौँ वर्ण दीर्घ (गुरु) तथा दोस्रो र चौथो पाउमा सातौँ वर्ण ह्रस्व (लघु) साथै पहिलो र तेस्रो पाउमा सातौँ वर्ण दीर्घ (गुरु) को आधारमा संरचना गरिएको हुनुपर्ने जानकारी गराउँदै कविता लयबद्ध वाचन गर्नुहोस् ।

(उ) पाठ्य कविताको नमुनावाचन मोबाइलमा रेकर्ड गरेर वा इन्टरनेटबाट डाउनलोड गरेर पनि सुनाउन सक्नुहुने छ ।

(ऊ) पाठ्य कवितालाई आफूसहित विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा क्रमशः विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी वाचन अभ्यास गराउनुहोस् । युगल र एकल गरेर पनि वाचन अभ्यास गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई समूहमा फरक फरक लयको अभ्यास गराउनुहोस्

(ए) विद्यार्थीलाई कविताको प्रत्येक पाउमा छलफल गराई अक्षर गन्न लगाउनुहोस् र संरचना तालिकाको माध्यमबाट संरचना प्रस्ट पार्नुहोस् । विद्यार्थीलाई कवितामा ह्रश्व, दीर्घ भनेका लघु, गुरु हुन भनेर चिन्ने आधार सिकाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई नयाँ लागेका शब्द जस्तै : सानन्द, ऋतुराज, शिशिर, लतावृक्ष, नर्तकी जस्ता शब्दको उच्चारण अभ्यास गराउनुहोस् । यसका लागि शब्दपत्ती प्रयोग गर्नुहोस्, जस्तै :

/सा.नन्.द/, /रि.तु.राज्/

(ओ) कुनै शब्दको अर्थमा समस्या भएमा रेखाङ्कन गरी टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा प्रस्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| **सानन्द** | **आनन्दपूर्वक** |
| **शासन** | **अनुशासन वा मर्यादा पालन गराउने काम** |
| **पुष्प** | **फूल** |

(औ) अर्थ स्पष्ट भएपछि शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(अ) पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । यसका लागि प्रश्न र उत्तरका सूची प्रदर्शन गरी सहजीकरण गर्नुहोस्, जस्तैः

**प्रश्न : ऋतुराज वसन्त कस्तो देखियो ?**

**उत्तर : ऋतुराज वसन्त रसिलो राम्रो देखियो ।**

**प्रश्न : ऋतु कति प्रकारका छन् ?**

**उत्तर : ऋतु छ प्रकारका छन् ।**

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो कविताका श्लोक वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् ।

लतावृक्ष, आसन, प्रमदा

(ग) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।

गौरव, काज, बगैँचा

(घ) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस्

(अ) ऋतु कति प्रकारका छन् ?

(आ) ऋतुराज भनेर कुन ऋतुलाई चिनिन्छ ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविताको लयबद्ध पठन (पुनरावृत्ति)<br>• मूल भावबोध<br>• कविता पुरण<br>• बोध प्रश्नोत्तर | • कवितालाई लयबद्ध वाचन गर्न<br>• कविताको मूल भावबोध गर्न<br>• पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर गर्न | • श्लोक पत्ती<br>• कविताको मूल भाव<br>• प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कक्षामा आवश्यकताअनुसार मनोरञ्जनात्मक वातावरण सिर्जना गरी विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) अनुष्टुप छन्दका अन्य कविताका केही श्लोक आफू पनि वाचन गर्नुहोस् र विद्यार्थीलाई पनि अवसर दिनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे प्रस्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) चार्टपेपरमा लेखिएका श्लोकपत्ती प्रदर्शन गरी विद्यार्थीलाई पाठ्य कविताका श्लोक गति, यति, लय र हाउभाउसहित वाचन गर्न लगाई लयबद्ध पठन पुनरावृत्ति गराउनुहोस् ।

(आ) कविताको मूलभाव लेखनसम्बन्धी धारणा प्रस्ट पार्नुहोस् ।

(इ) मूलभाव लेखन पुरै कवितामा केन्द्रित हुनुपर्ने बताउनुहोस् ।

(ई) विद्यार्थीलाई समावेशी आधारमा समूहमा विभाजन गर्नुहोस् ।

(उ) प्रत्येक समूहलाई पर्ने गरी एक एक ओटा श्लोकको मूलभाव लेख्नका लागि बुँदा बनाउन लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले बुँदा बनाउँदा आवश्यकता हेरी सहजीकरण गर्नुहोस् ।

(ऋ) बुँदालाई समेटी 'वसन्त' कविताको मूलभाव लेख्ने तरिका बताउनुहोस् ।

(ए) विद्यार्थी समूहले तयार गरेका बुँदालाई आवश्यकता हेरी थपघट, तलमाथि गरी मूलभाव लेखनसम्बन्धी धारणा प्रस्ट पार्नुहोस् ।

(ऐ) मूलभाव लेखनमा अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् र शिक्षकले तयार पारी ल्याएको नमुना मूलभाव प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(ओ) बोध र अभिव्यक्तिको अभ्यास ३. का आधारमा छुटेका शब्द भरी कविता पुर्नलेखन गराउनुहोस्, जस्तै :

ऋतु हुन् अरू पाँचोटा वसन्त ऋतुराज हो
लोक गौरवले भर्नु यसैको मुख्य काज हो
बर्रबर्र लतावृक्ष लावा झैँ फूल छर्दछन्
पुतली नर्तकीतुल्य नाचँदै अघि सर्दछन् ।

(औ) कविताको कुनै श्लोकबाट शब्द झिकी कविता पुर्नलेखनको थप अभ्यास गराउनुहोस् ।

(अं) बोध अभिव्यक्ति खण्डको अभ्यास ३. का आधारमा उत्तर भन्न लगाउनुहोस् । यसमा प्रश्नको संरचना अनुसार उत्तर लेख्न सचेत गराउँदै एउटा नमुना प्रदर्शन गर्नुहोस् ।

(क) पुतली कसरी नाँच्दछन् ?

उत्तरः पुतली नर्तकी जसरी नाँच्दछन् ।

(ख) ऋतुराजले उतैबाट के गर्दछ ?

उत्तर : ऋतुराजले उतैबाट शासन गर्दछ ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो कविताका श्लोक वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

अ) वसन्त ऋतुको मुख्य काम के हो ?

आ) आसन कहाँ सजिएको छ ?

(ग) कविताको मूलभाव मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार<br>• शब्दार्थ<br>• वाक्यमा प्रयोग | • लय मिल्ने शब्द पहिचान गर्न<br>• लय मिल्ने शब्द सही ढङ्गले प्रयोग गर्न<br>• लय मिल्ने शब्द जोडा बनाउन<br>• लय मिल्ने शब्द पहिचान गरी लेख्न<br>• वाक्यमा प्रयोग गर्न | • शब्दपत्ती<br>• अनुप्रासयुक्त शब्द सूची<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीका सिर्जनात्मक क्रियाकलापको सम्बोधन गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापको छोटो पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई विभिन्न समावेशी समूहमा विभाजन गर्नुहोस् ।

(आ) कर डर पर झर, नानी सानी पानी खानी, नाचेकी हाँसेकी बाँचेकी साँचेकी जस्ता शब्द शब्दपत्तीबाट देखाएर लय मिल्ने शब्दको पहिचान गराउनुहोस् ।

(इ) विद्यार्थीका समूहलाई शब्दभण्डार खण्डअन्तर्गतको अभ्यास १ कापीमा गर्न लगाउनुहोस् । सबैभन्दा पहिले समस्या समाधान गर्ने समूहलाई पुरस्कृत गर्नुहोस् । सहयोग आवश्यक पर्ने विद्यार्थीलाई ध्यान दिनुहोस् । अन्त्यमा तालिकाबाट अनुप्रासयुक्त शब्दको सूची देखाएर प्रस्ट पार्नुहोस्, जस्तै :

**रात = सात जात पात**

**चार = हार सार पार**

**आसन = रासन हाँसन साँचन**

**जालो = सालो पालो कालो**

(ई) समूहकार्य गरिसकेपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा कवितांश पढी लय मिल्ने शब्दको सूची तयार पार्न लगाउनुहोस् ।

(ऊ) अलमलमा परेका विद्यार्थीलाई सहयोगको वातावरण मिलाउनुहोस् ।

(ऋ) विद्यार्थीले लेखिसकेपछि कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । आफूले पनि कापी परीक्षण गर्नुहोस् ।

(ए) विद्यार्थीमध्येबाटै सही उत्तर लेख्ने विद्यार्थीलाई शैक्षणिक पाटीमा लेख्न लगाई साथीसाथीबिच छलफल गराउनुहोस्, जस्तै :

**नानी पानी बसेकी खसेकी**

**खाको ल्याको पातले हातले**

(ऐ) लय मिल्ने शब्दमा स्पष्ट धारणा दिनका लागि विभिन्न लय मिल्ने शब्द समूह सङ्कलन गरी हाजिरीजवाफ प्रतियोगिता पनि गराउन सक्नुहुन्छ ।

(ओ) विद्यार्थी समूहलाई अभ्यास ३. का आधारमा वाक्यमा प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् ।

(औ) केही नमुना वाक्य प्रदर्शन गर्दै सम्पूर्ण विद्यार्थीलाई कक्षा कार्यकलापमा सहभागिता जनाउने वातावरण मिलाउनुहोस् । विद्यार्थीले बनाएका वाक्यको प्रशंसा गर्नुहोस्, जस्तै :

गौरव(ऊ) महामानव गौतम बुद्धले संसारभर नेपालको गौरव बढाएका छन् ।

रसिलो (ऊ) आज किनेको सुन्तला ज्यादै रसिलो रहेछ ।

(अं) विद्यार्थीको कापी परीक्षण गर्नुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् । अन्त्यमा वाक्यपत्तीको प्रयोग गरी धारणा स्पष्ट पारिदिनुहोस् । कविताका आधारमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाटै अर्थ खोजी गर्नुहोस् । अन्त्यमा शब्दार्थ पत्ती देखाएर प्रस्ट पार्नुहोस्, जस्तै :

गौरव महान् हुनाको भाव

ज्योति प्रकाश

(अ:) विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् । वाक्यपत्ती देखाइदिएर प्रस्ट पार्नुहोस् ।

**दिव्य : सगरमाथाको दिव्य सौन्दर्यले नेपालको गौरव बढाएको छ ।**

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई लय मिल्ने शब्द लेख्न लगाउनुहोस् ।

हार छाल गरी

(ख) दिइएका शब्द राखी वाक्य बनाउन लगाउनुहोस् ।

शासन, रसिलो, पर्वत

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • गद्यमा रूपान्तरण<br>• सङ्क्षिप्त प्रश्नोत्तर | • कविताका पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न<br>• पाठ्य कविताका आधारमा सङ्क्षिप्त प्रश्नोत्तर गर्न | • श्लोक पत्ती<br>• प्रश्न सूची र उत्तरका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै सिर्जनात्मक क्रियाकलाप गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीका सिर्जनात्मक कार्यको सम्बोधन गर्नुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुमा छोटो पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी आधारमा समूह विभाजन गर्नुहोस् ।

(आ) प्रत्येक समूहलाई एउटा/एउटा श्लोक दिनुहोस् ।

(इ) बोध अभिव्यक्ति खण्डको अभ्यास ४ लाई नमुनाको रूपमा लिई कविताका केही श्लोक श्लोकपत्तीका माध्यमबाट प्रदर्शन गर्नुहोस् र गद्यमा रूपान्तरण गर्ने तरिका सिकाउनुहोस् ।

(ई) कवितात्मक वाक्य र सामान्य वाक्यबीचको फरक बारेमा बताउनुहोस् ।

(उ) गद्यमा रूपान्तरण गर्दा पदक्रम मिलाउनुपर्ने (कर्ता, कर्म, क्रिया) जानकारी दिनुहोस्, जस्तै :

कवितात्मक वाक्य: सारा वन बगैँचामा सजाएको छ आसन
सामान्य वाक्य: सारा वन बगैँचामा आसन सजाएको छ ।
कवितात्मक वाक्य : ऋतुराज उतैबाट गर्छ त्यो शुभ शासन
सामान्य वाक्य: ऋतुराज उतैबाट शुभ शासन गर्छ ।

(ऊ) विद्यार्थीले समूहमा अभ्यास गरिसकेपछि प्रत्येक समूहको कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

(ऋ) प्रत्येक समूहमा कापी साटासाट गरी अभ्यास गर्ने मौका दिनुहोस् ।

(ए) विद्यार्थीलाई बोध अभिव्यक्ति खण्डको अभ्यास ६ का आधारमा सङ्क्षिप्त उत्तर लेख्ने तरिकासहित उत्तरको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

- प्रश्नलाई ध्यानपूर्वक पढ्ने
- प्रश्नको आशय बुझी उत्तर पहिचान गर्ने
- ४/५ वाक्यसम्ममा उत्तर पूरा गर्ने
- प्रश्नमा आधारित भई उत्तरको निष्कर्ष वाक्य लेख्ने

**उत्तर लेखनको नमुना**

(क) वसन्त ऋतुमा कस्ता फूलहरू फुल्छन् ?

उत्तर: वसन्त ऋतुमा बेली, जाई, जुही, चम्पा, चमेली जस्ता फूलहरू फुल्छन् ।

(ख) वसन्त ऋतुमा पुतली रमाउनाको कारण के हो ?

उत्तर: वसन्त ऋतुमा जताततै विभिन्न फूलहरू फुलेका हुन्छन् । पुतलीले सहज ढङ्गले फूलको रस चुसेर खान पाउँछन् । त्यसैले वसन्त ऋतुमा पुतली रमाउँछन् ।

(ऐ) विद्यार्थीलाई बोध अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेख्ने ढाँचा नबुझेका विद्यार्थीलाई साथी समूहबाट वा आफैँ सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीले तयार गरेका उत्तर जाँची पृष्ठपोषण दिनुहोस् ।

(औ) यसैगरी शिक्षकले पाठ्य कवितालाई आधार बनाएर प्रश्न निर्माण गरी उत्तर लेख्ने अभ्यास गराउनुहोस् ।

(अं) कक्षामा आवश्यकताअनुसार साथी साथीमा सहयोग गर्ने वातावरण बनाइदिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) गद्यमा भन्नुहोस् ।

हिमालमा गयो जाडो लोक सानन्द देखियो
उदायो रसिलो राम्रो ऋतुराज वसन्त यो

(ख) दिइएका प्रश्नको उत्तर लेख्नुहोस् ।

अ) वसन्तलाई किन ऋतुराज भनिएको हो ?

आ) कविताको दोस्रो हरफमा कति अक्षर छन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • लामो उत्तर लेखन<br>• व्याख्या | • पाठ्य कविताका आधारमा प्रश्नका लामो उत्तर लेख्न<br>• कविताका निर्दिष्ट श्लोकको व्याख्या गर्न | • लामो उत्तरको नमुना<br>• श्लोक पत्ती<br>• व्याख्याको नमुना |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइलो प्रश्नको उत्तर सोधी ध्यानाकर्षण गर्नुहोस्, जस्तैः भन्दा छ गन्दा सात के हो ?

उत्तर : क, ख, ग, घ, ङ, च, छ ।

(आ) विद्यार्थीलाई पनि यस्ता रमाइला प्रश्न सोध्ने मौका दिनुहोस् ।

(इ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(ई) आजको कक्षाको विषयवस्तुमा छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का आधारमा प्रश्न प्रदर्शन गरी लामो उत्तर लेख्ने तरिकाका बारेमा निम्न बुँदामा आधारित भई छलफल गराउनुहोस् :

- सर्वप्रथम प्रश्न पढ्ने र प्रश्नको आशय ठम्याउने
- प्रश्नमा केन्द्रित रहेर पाठका आधारमा मुख्य मुख्य बुँदा टिपोट गर्ने
- बुँदालाई जोडेर उत्तरको अनुच्छेद बनाउने
- विषयवस्तुको प्रकृतिअनुसार उत्तरलाई विभिन्न अनुच्छेदमा विभाजन गर्ने
- उत्तरलाई विभाजन गर्दा कम्तीमा पनि तीन अनुच्छेद हुनुपर्ने
- प्रश्नको केन्द्रीयतामा उत्तरको निष्कर्ष अनुच्छेद हुनुपर्ने

(आ) विद्यार्थी समूहलाई प्रश्न दिएर छलफल गर्दै लामो उत्तरका बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गर्ने र आवश्यकताअनुसार सहजीकरण गराउनुहोस् ।

(ई) लामो उत्तरका बुँदा तयार भइसकेपछि प्रत्येक समूहलाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । यस क्रममा अन्य समूहबाट प्रतिक्रिया लिने र शिक्षकले एउटा नमुना उत्तर प्रदर्शन गरी आवश्यक पृष्ठपोषण प्रदान गराउनुहोस् ।

(उ) विद्यार्थीलाई क्रमिक सिकाइ रणनीति उपयोग गरी बुँदा संयोजन गरी लामो उत्तर लेख्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले लेखेका उत्तर परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) बोध अभिव्यक्ति खण्डको अभ्यास ६ लाई आधार बनाएर व्याख्या सिकाउन नमुना लिनुहोस् ।

प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ
तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ ।

**व्याख्याका बुँदा**

- हरेक फूलको रूप फरक हुने
- प्रत्येक फूलमा रेखा फरक फरक प्रकारका हुने
- थरीथरी रङ्गका फूलहरू हुने
- फूलको रूप, रङग फरक फरक भए पनि त्यसको ज्योति, सौन्दर्य चाहिँ एकै हुने

**व्याख्याको नमुना**

**प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ**
**तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ ।**

'वसन्त' कविताको प्रस्तुत अंशमा वसन्त ऋतुमा फुलेका फूल विभिन्न प्रकृति, स्वरूप, आकार र प्रकारका भए पनि ती प्रत्येकमा सौन्दर्यको ज्योति एउटै भएको बताइएको छ । फूलको सौन्दर्य तथा तिनको स्वरूपको वर्णन गर्दै वसन्तको महिमा गाइएको छ । शिशिर ऋतुको विदाइ गरेर प्रकृतिले वसन्त ऋतुलाई स्वागत गर्दछ । नयाँ पालुवा, थरीथरीका फूलले प्रकृतिलाई शोभायमान बनाउँछ । प्रकृतिमा जातजातका, रङ्गरङ्गका फूल फुल्छन् । तिनीहरूको रूप, रेखा, रङ्ग फरक फरक हुन्छ । तिनीहरूले प्रकृतिलाई सजाएका हुन्छन् । हरेक फूलको रूप, रेखा, रङ्ग, बासना फरक भए पनि सौन्दर्यको ज्योति भने एकै हुन्छ । फूलमा अनेकतामा एकताको आभास हुन्छ । अनेकताभित्रको एकता नै फूलको विशेषता हो । फूलमा बाहिरी रूप, रेखा, रङ्गभन्दा बढी भित्री सौन्दर्य वा ज्योति रहेको हुन्छ ।

अतः प्रत्येक पुष्पको रूप, रङ्ग, रेखा फरक भए पनि त्यसको भित्री सौन्दर्य र ज्योति भने एकै हुन्छ । फूलको बाहिरी रूप, रेखा, रङ र आन्तरिक सौन्दर्यको तालमेलले अनेकताभित्र एकताको भावलाई प्रस्ट पारेको हुन्छ भन्ने भाव प्रस्तुत कवितांशले दिएको छ ।

(ए) कविताको श्लोकको राम्ररी आशय बुझी बुँदा बनाउन लगाउनुहोस् । तिनै बुँदालाई आधार बनाएर व्याख्या गर्न सिकाउनुहोस् ।

(ऐ) बुँदा बनाउने वेलामा प्रत्येक विद्यार्थीको अवस्था पहिचान गर्नुहोस् ।

(ओ) बुँदा बनाइसकेपछि व्याख्या गर्ने समयमा पनि आवश्यक सहजीकरण गरी व्याख्यासम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(औ) विद्यार्थीलाई व्याख्या लेख्न लगाउनुहोस् । प्रत्येक विद्यार्थीको कापी परीक्षण गरी आवश्यक सल्लाह तथा सुझाव दिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) तलको प्रश्नको लामो उत्तर लेख्न लगाउनुहोस् :

(अ) वसन्त कवितामा कविले वसन्त ऋतुको वर्णन कसरी गरेका छन् ?

(ख) व्याख्या गर्न लगाउनुहोस् :

प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ
तर सौन्दर्यको ज्योति उनमा भिन्न एक छ ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • प्रश्न निर्माण र उत्तर पहिचान<br>• भाषिक प्रकार्य (परिकल्पना) | • पाठ्य कविताका आधारमा प्रश्न निर्माण गरी उत्तर भन्न<br>• कुनै विषयवस्तु वा क्षमतामा प्रशंसा पाएपछि परिकल्पना गर्न | • श्लोक पत्ती<br>• प्रश्न पत्ती<br>• परिकल्पनासँग सम्बन्धित श्रव्य तथा श्रव्यदृश्य सामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) बालमैत्री वातावरण सिर्जना गरी विद्यार्थीलाई स्वतस्फूर्त रूपमा आफ्ना लेखरचना प्रस्तुत गर्न लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरावलोकन गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुमा छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) अगिल्लो दिन सिकेको पाठ्य कविताको तोकिएको श्लोकको व्याख्याका सम्बन्धमा छलफल गराउनुहोस् ।

(आ) शिक्षकले बोध अभिव्यक्ति खण्डको अभ्यास ८ मा आधारित भई पाठ्य कविताको अन्तिमका दुई हरफ प्रदर्शन गराई प्रश्न बनाउन लगाउनुहोस् । ती प्रश्नलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(इ) प्रश्न निर्माण गर्दा के, कहाँ, कति, किन, कहिले, कसरी ? जस्ता प्रश्नवाचक सर्वनाम प्रयोग गर्ने तरिका सिकाउनहोस् र त्यसै नियममा आधारित भई तयार गरिएको प्रश्नको नमुना प्रदर्शन गर्नुहोस्, जस्तैः

पृथ्वीको दिव्य सौन्दर्य नअटाएर पट्ट भै
फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै ?

**प्रश्नका नमुना**

- पृथ्वीको सौन्दर्य कस्तो किसिमको छ ?
- पृथ्वीको सौन्दर्य केका रूपमा बाहिर निस्क्यो ?

(ई) विद्यार्थीलाई समूहमा विभाजन गरी बोध अभिव्यक्ति खण्डको अभ्यास ९लाई आधार बनाइ कुनै श्लोक दिएर प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

(उ) अर्को समूहलाई उत्तर भन्न लगाउनुहोस् ।

(ऊ) आवश्यकताअनुसार विभाजन गरिएको समूहलाई साथीले बनाएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीसँग परिकल्पना सम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । परिकल्पना पछिल्लो समयमा हुने घटना वा विषयवस्तु अनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । मिठो बोली, उचित शब्द चयन, स्पष्ट धारणा, अनुमान जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । त्यसै नियमअनुरूपको एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**परिकल्पना**

(विद्यालयको कार्यक्रम समापन भएपछि टोलाइरहेकी रतियालाई भेटेर चमेलीले बोलाउँदा सुरु भएको संवादको एक अंश)

चमेली : हैन ए ! रतिया आज असाध्यै भावुक देखिएकी छ्यौ त । तिमी कुन कल्पनामा डुबेकी छ्यौ हँ ?

| | |
|---|---|
| रतिया : | ओहो ! मलाई किन त्यसो भनेकी चमेली ? |
| चमेली : | मैले तिमीलाई तीन चार पटक बोलाएँ । तिमीले त सुन्दै सुनिनौ अनि कुम हल्लाएर बोलाएकी । |
| रतिया : | मैले त पत्तै पाइनँ । |
| चमेली : | आज तिमीले साह्रै राम्रो नृत्य गर्‍यौ, रतिया । अझै राम्रो गर भविष्यमा सफल नृत्यकार बन्न सक्छ्यौ । तिम्रो नाच कुनै कलाकारको भन्दा कम छैन । |
| रतिया : | सबै जनाको प्रशंसा सुनेर म त कल्पनामा डुबेछु अनि तिमीले बोलाएको पनि थाहै पाइनँ । |
| चमेली : | रतिया आफ्नो मिहिनेत र परिश्रमलाई निरन्तरता दिइरहू, अवश्य तिमी सफल हुनेछ्यौ । |
| रतिया : | म कोसिस गर्छु चमेली । |

(ए) शिक्षकले तयार पारी ल्याएको श्रव्य तथा श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि पालैपालो आजको कक्षापछि के गर्नुहुन्छ ? भन्ने प्रश्न गरी परिकल्पनासम्बन्धी अभ्यास गराउनुहोस् । आवश्यकता पहिचान गरी डर, संवेग, हीनताबोध, उत्प्रेरणात्मक बोली, हौसला, निडरपना, स्पष्ट विचार राख्न सक्ने, उचित शब्द चयन, खुलापन जस्ता व्यवहारमा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई अभ्यास ९ का आधारमा भाषिक प्रकार्यसम्बन्धी क्रियाकलाप गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको श्लोक पढ्न लगाई दुईओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

हिमालमा गयो जाडो लोक सानन्द देखियो

उदायो रसिलो राम्रो ऋतुराज वसन्त यो ।

(ख) आफू वक्तृत्वकला प्रतियोगितामा प्रथम भएर खुसीले कल्पनामा डुबेर मनमा उठेका भावलाई समेटी एउटा परिकल्पना तयार गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वाक्य संश्लेषण<br>• वाक्य विश्लेषण | • वाक्य संश्लेषणको पहिचान र प्रयोग गर्न<br>• वाक्य विश्लेषणको पहिचान र प्रयोग गर्न | • वाक्य संश्लेषणको तालिका<br>• वाक्य विश्लेषणको तालिका |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई मनोरञ्जनात्मक क्रियाकलाप गराएर ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुमा छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शैक्षणिक पाटीमा केही वाक्य लेख्नुहोस्, जस्तैः

बहिनी मिहिनेती छे । बहिनी असल छे ।

बहिनी बिस्तारै हिड्छे त्यसैले ऊ लड्दिन ।

जब पानी पऱ्यो तब चिसो बढ्यो ।

(आ) माथिका वाक्य विद्यार्थीलाई नै चिनेर पहिचान गर्ने वातावरण मिलाइदिनुहोस् ।

(इ) विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् । सरल वाक्य समूह, संयुक्त वाक्य समूह, मिश्र वाक्य समूह ।

(ई) प्रत्येक समूहलाई आआफ्नो समूहमा परेअनुसारका वाक्य बनाउन लगाउनुहोस् ।

जस्तै : **सरल वाक्य समूह**

म कविता लेख्छु । म कविता वाचन गर्छु ।

**संयुक्त वाक्य समूह**

राम असल छ । राम मिहिनेती छ । राम प्रथम हुन्छ ।

**मिश्र वाक्य समूह**

घाम लाग्यो । न्यानो भयो ।

(उ) वाक्य संश्लेषण भनेको वाक्य जोड्ने कार्य हो । त्यसैले वाक्य जोड्न सिकाउँनुहोस् । वाक्य संश्लेषणको तालिका प्रदर्शन गरी वाक्य संश्लेषण सरल, संयुक्त र मिश्र तीनओटै प्रक्रियाबाट गर्न सकिन्छ भन्ने धारणा दिनुहोस् ।

**सरल वाक्य समूह**

म कविता लेखेर वाचन गर्छु ।

**संयुक्त वाक्य समूह**

राम असल र मिहिनेती छ त्यसैले ऊ प्रथम हुन्छ ।

**मिश्र वाक्य समूह**

जब घाम लाग्यो तब न्यानो भयो ।

(ऊ) यसैगरी वाक्य विश्लेषणको तालिका प्रदर्शन गरी जोडिएका वाक्यलाई पनि विश्लेषण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

किसानले परिश्रम गरे तर धेरै धान फलेन ।

जब साहनाले विज्ञान पढिन् तब उनी वैज्ञानिक बनिन् ।

**वाक्य विश्लेषण**

किसानले परिश्रम गरे । धेरै धान फलेन ।

साहनाले विज्ञान पढिन् । उनी वैज्ञानिक बनिन् ।

(ऋ) भाषिक संरचना र वर्णविन्यास अन्तर्गत अभ्यास १ र २ लाई आधार बनाएर विभिन्न उदाहरण प्रस्तुत गरी थप अभ्यास गराएर विद्यार्थीलाई वाक्य संश्लेषण र विश्लेषणमा प्रस्ट पार्नुहोस् ।

(ए) वाक्य संस्लेषण र विश्लेषणका बारेमा थप छलफल गराई आवश्यक सहजीकरणसमेत गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) वाक्य संश्लेषण गराउनुहोस् ।

म पाठ पढ्छु ।

म गृहकार्य गर्छु ।

(ख) वाक्य विश्लेषण गराउनुहोस् ।

आज निमा बिरामी भएर विद्यालय आइनन् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • समस्त शब्द र विग्रह<br>• वर्णविन्यास पदयोग र पदवियोग | • समस्त शब्द पहिचान र प्रयोग गर्न<br>• समस्त शब्दलाई विग्रह र विग्रह पदावलीलाई समस्त शब्द बनाउन<br>• पदयोग र पदवियोग पहिचान र प्रयोग गर्न | • समस्त शब्द तालिका<br>• विग्रहको तालिका<br>• पदयोग र पदवियोगको प्रयोग भएका वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीबाट सिर्जनात्मक प्रतिभा सुनी ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समस्त शब्द र विग्रह गरी दुई समूहमा विभाजन गर्नुहोस् ।

(आ) समस्त शब्द र विग्रह शब्द शैक्षणिक पाटीमा टिप्नुहोस् वा समस्त र विग्रह तालिकाको प्रदर्शन गर्नुहोस् ।

| **समस्त शब्द** | **विग्रह** |
|---|---|
| भान्साघर | भान्साको घर |
| हात्तीपाइले | हात्तीका जस्ता पाइला भएको |
| आमाबुबा | बुबा र आमा |
| सप्तर्षी | सात ऋषिको समूह |

(इ) विद्यार्थीलाई समस्त शब्दको तालिका प्रदर्शन गरी ती शब्दलाई विग्रह गर्न सिकाउनुहोस् ।

**बाढीपीडित, त्रिकोण, महाकवि**

(ई) विद्यार्थीलाई विग्रह पदावलीको तालिका प्रदर्शन गरी ती पदावलीलाई समस्त शब्द बनाउन सिकाउनुहोस् ।

**माछाको जस्तो पुच्छर भएको, अन्न र पानी, वनमा भोज**

(उ) भाषिक संरचना र वर्णविन्यास अन्तर्गत अभ्यास ३, ४, ५ मा आधारित भएर अभ्यास गराउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

(ऊ) विद्यार्थीलाई पदयोग र पदवियोग समूहमा विभाजन गर्नुहोस् ।

(ऋ) वाक्यपत्तीको प्रयोगबाट विभिन्न वाक्य प्रदर्शन गर्नुहोस् । जसमा पदयोग र पदवियोगको प्रयोग भएका शुद्ध र अशुद्ध वाक्य लिनुहोस् ।

वाक्य : उत्तर तर्फ हिमाल छन् । उत्तरतर्फ हिमाल छन् ।, उस ले साथीलाई सहयोग गऱ्यो । उसले साथीलाई सहयोग गऱ्यो । भाइले कलम ले चित्र बनायो । भाइले कलमले चित्र बनायो ।

(ए) आफ्नो आफ्नो समूहका वाक्य पहिचान गर्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ऐ) अलमलमा परेका विद्यार्थीलाई सहजीकरण पनि गर्नुहोस् ।

(ओ) अभ्यास ५ लाई आधार मानी शब्द वर्गीकरण गर्न लगाउनुहोस् ।

(औ) पदयोग र पदवियोग ख्याल नगर्दा वाक्यले दिने अर्थमा अनर्थ हुने तथ्यमा प्रस्ट पार्नुहोस् ।

(अं) पाठ्य कविताबाट पदयोग र पदवियोग भएका वाक्य लेख्न निर्देशन दिनुहोस् । विद्यार्थीको अवस्था पहिचान गरी सहजीकरण गर्नुहोस् ।

(अः) विद्यार्थीको कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) तलका समस्त शब्दलाई विग्रह गर्न लगाउनुहोस् :

त्रिवेणी, दिदीभाइ, लामखुट्टे

(ख) तलका विग्रह रूपलाई समास गर्न लगाउनुहोस् :

चार भुजा भएको, हात्तीका जस्ता पाइला छन् जसका

(ग) आवश्यकताअनुसार पदयोग र पदवियोग गर्न लगाउनुहोस् :

राम को घरमाकुकुर छ । कुकुर ले घरको संरक्षण गरेकोछ ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ १४)<br>• सिर्जना र परियोजना कार्य | • सुनाइ पाठका आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न<br>• सुनाइ पाठ १४ का आधारमा मौखिक छलफल गर्न<br>• निर्दिष्ट शीर्षकमा निर्देशित निबन्ध लेख्न<br>• आफूले गरेको कुनै यात्राको अनुभवलाई समेटी नियात्रा लेख्न | • सुनाइ पाठ १४ को श्रव्य सामग्री<br>• निबन्धको संरचना देखाउने सूची<br>• निबन्धको नमुना<br>• नियात्राको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) आफूले रचना गरेको कविताको एक श्लोक सुनाइ विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(आ) विद्यार्थीलाई परिशिष्टमा भएको सुनाइ पाठ १५ सुनाउनुहोस् । यस क्रममा आफैँले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुनेछ ।

(इ) पाठको सुनाइ र बोलाइ खण्डका आधारमा सुनाइ बोलाइ अभ्यास १ गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| पानीको ठोस रूप हिउँ हो । | ठिक |
| पानीमा केही पनि घुल्दैन । | बेठिक |

(ई) पाठको सुनाइ र बोलाइ खण्डका आधारमा सुनाइ बोलाइ अभ्यास गराउनुहोस्,

जस्तै :

प्रश्नः पानी कस्तो पदार्थ हो ?

उत्तरः पानी घोलक द्रव्य पदार्थ हो ।

प्रश्नः पानीमा के के वस्तु घुल्छन् ?

उत्तरः पानीमा रङ, नुन, चिनी घुल्छन् ।

(उ) विद्यार्थीलाई सिर्जना/ परियोजना खण्डका आधारमा कविता रचना गर्ने तरिका सिकाउनुहोस् र एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

- कविता रचना गर्दा लयलाई ध्यान दिनुपर्ने
- कविताका प्रत्येक पङ्क्तिका अन्त्यमा अन्त्यानुप्रासयुक्त शब्द हुनुपर्ने
- कविता रचनाका क्रममा शब्द चयनको विशेष भूमिका रहने
- सम्बन्धित विषयवस्तु वा शीर्षकका आधारमा कविता रचना गर्नुपर्ने
- छन्दमा लेखिने कवितामा अक्षर सङ्ख्या र गणमा ध्यान दिनुपर्ने

(ऊ) शिक्षकले निर्देशित कविता रचना प्रस्तुत गर्नुहोस्, जस्तैः

आफूले पहिले 'फूलबारी' शीर्षकमा कविताका श्लोकका दुई पाउ शैक्षणिक पाटीमा लेख्नुहोस् ।

विद्यार्थीलाई समावेशी आधारमा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई यही कवितासँग मिल्दाजुल्दा पङ्क्ति भन्न लगाउनुहोस् र टिप्दै जानुहोस् ।

(ऋ) यसरी विद्यार्थीले भनेका कविताका पाउलाई जोडेर पूरा कविता बनाउनुहोस् र समूहमा वाचन गराउनुहोस् । विद्यार्थीलाई कविता लेख्न हौसला प्रदान गर्नुहोस् ।

(ए) प्रत्येक समूहलाई एक एक श्लोक कविता लेख्न लगाउनुहोस् र कापी परीक्षण गरी आवश्यक सल्लाह र सुझाव दिनुहोस् ।

(ऐ) प्रत्येक समूहबाट रचना भएका कविता कक्षाकोठामै वाचन गर्न लगाउनुहोस् ।

(ओ) सिर्जना र परियोजना कार्यअन्तर्गत अभ्यास १ गर्न लगाउनुहोस् ।

(औ) आवश्यकताअनुसार सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) वनजङ्गल शीर्षकमा एउटा कविता लेख्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ १६

# गुरुको सम्मान

**विधा : व्यावहारिक लेखन (सम्मानपत्र)** **कार्यघण्टा : ९**

## परिचय

'गुरुको सम्मान' व्यवहारिक लेखन अन्तर्गतको सम्मानपत्र हो । सम्मानपत्र शिक्षणको प्रमुख उद्देश्य व्यावहारिक लेखन सिपको विकास गर्नु हो । तसर्थ सम्मानपत्र शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ ।

यसबाट विद्यार्थीमा संरचना पहिचान, विषयवस्तुमा आधारित संवेगात्मक प्रस्तुति, विषयवस्तुको विश्लेषण तथा सार प्रस्तुति, छलफल र प्रश्नोत्तर, सुनाइका आधारमा सन्देश प्रवाह जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ। समयबद्ध सस्वरपठन र गतिवृद्धि, मौनपठन र छलफल, सम्मानपत्रको संरचना पहिचान, पाठको विषयवस्तु बोध, सन्देश ग्रहण र प्रतिक्रिया तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ। त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, लेखन ढाँचा र शैली अनुकरण, सन्दर्भ र आवश्यकताका आधारमा सन्देशमूलक रचनालगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ ।

भाषिक संरचनाअन्तर्गत क्रियाको भाव वा अर्थको पहिचान र प्रयोगका साथै भावका आधारमा वाक्य परिवर्तनका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत पदयोग र पदवियोगको पहिचान र प्रयो गसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा सावधानीसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ। सिर्जना र परियोजना खण्डअन्तर्गत घरायसी सम्मानपत्र लेखन र विषयवस्तुको विश्लेषणसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ। पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ १६ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ। शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउन सक्नुहुने छ ।

## पहिलो दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • विषयवस्तु बोध<br>• छलफल<br>• श्रुतिबोध | • पूर्व पठन खण्डको सम्मानपत्रको अध्ययन गरी बोध गर्न<br>• पूर्व पठन खण्डको सम्मानपत्रमा आधारित भएर अनुमान तथा कल्पना गर्न<br>• सुनेका विषयवस्तुको श्रुतिबोध गरी वर्णन गर्न | • पूर्व पठन खण्डको सम्मानपत्रको नमुना र अनुच्छेद<br>• विभिन्न प्रकारका सम्मानपत्रका नमुना |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **सुरुआती क्रियाकलाप**

(अ) कक्षाकोठामा विभिन्न मनोरञ्जनात्मक कार्यहरू गराएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) विद्यार्थीका सिर्जनात्मक प्रतिभाको कदर गरी पाठप्रति अभिरुचि जगाउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे प्रस्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) सम्भव भएसम्म प्रोजेक्टरमार्फत पूर्व पठन खण्डको सन्दर्भ प्रस्तुत गर्नुहोस् साथै सूचना आदानप्रदान गर्ने विभिन्न माध्यमहरू प्रस्तुत गर्नुहोस् र पूर्व पठन खण्डका सन्दर्भमा छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र सम्मानपत्रको नमुना देखाएर सम्मानपत्रको प्रयोग र उपयोगिताका बारेमा छलफल गराउनुहोस् ।

(इ) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गरी प्रत्येक समूहलाई प्रदर्शन गरिएका सम्मानपत्रका भागहरू भन्न लगाउनुहोस्, जस्तैः शीर्षक, सम्बोधन, व्यहोरा, समापन

(ई) एउटा सम्मानपत्रको नमुना तयार गरी कक्षामा वाचन गर्न लगाउनुहोस् र त्यस सम्मा( नपत्रमा भएका शीर्षक, सम्बोधन, व्यहोरा र समापनका बारेमा छलफल गराउनुहोस् ।

(उ) सम्मानपत्रका बारेमा व्यक्तिगत धारणा राख्न चाहने विद्यार्थीलाई मौका दिनुहोस् ।

(ऊ) छलफलमा आएका सान्दर्भिक तथ्यलाई पाठसँग जोड्दै निष्कर्ष सुनाउनुहोस् ।

(ऋ) कक्षाकोठामा विविधता व्यवस्थापन गर्दै फरक क्षमता र स्तरभएका विद्यार्थीलाई अवसर प्रदान गरी सम्मानपत्रको उपयोगिता बताउन लगाउनुहोस् ।

(ए) शिक्षकले सम्मानपत्रका केही नमुना वाचन गरेर सुनाउनुहोस् र त्यसमा भएका शीर्षक, सम्बोधन, व्यहोरा, समापन जस्ता विषयमा छलफल गराई त्यससँग सम्बन्धित धारणा व्यक्त गर्न लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई सम्मानपत्रको नमुना देखाएर त्यसको प्रयोग, उपयोगिता, अङ्ग आदिका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पाठको स्वर वाचन<br>• शुद्धोचारण<br>• सम्मानपत्रको संरचना | • गुरुको सम्मान पाठको गति, यति मि( लाएर सस्वरवाचन गर्न<br>• पाठका शब्दको सही उच्चारण गर्न<br>• सम्मानपत्रको संरचना बताउन | • सम्मानपत्र वाचनको श्रव्य सामग्री<br>• सम्मानपत्रको संरचना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै कविताका श्लोक, चुट्किला, उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका चुट्किला, लघुकथा, गीत, कविता भन्ने मौका दिई उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) सम्मानपत्रका विभिन्न भागहरूको परिचय गराउनुहोस् ।

(आ) सम्मानपत्र सस्वरवाचन गर्न विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । वाचनका क्रममा गति, यति मिले नमिलेको ख्याल गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) पाठ्य सम्मानपत्रको नमुनावाचन मोबाइलमा रेकर्ड गरेर पनि सुनाउन सक्नु हुनेछ ।

(ई) पठनका क्रममा नयाँ लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीलाई नयाँ लागेका शब्द जस्तै : कुशेश्वर, इमानदार, भौतिक, प्रशंसा, प्राविधिक, कर्तव्यनिष्ठ, सुस्वास्थ्य, छवि, मुक्तकण्ठ, समृद्धि जस्ता शब्दको उच्चारण अभ्यास गराउनुहोस् ।

(ऊ) विद्यार्थीलाई समूहमा विभाजन गरी नयाँ शब्द टिप्न लगाउँदै एक समूह र अर्को समूहमा पालैपालो सस्वरवाचन गर्न लगाई उच्चारणमा समस्या भएका शब्द पहिचान गरेर उच्चारण अभ्यास गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई पाठका आधारमा सम्मानपत्रको संरचनाका बारेमा आफूले बुझेका विषयवस्तु बताउन लगाउनुहोस् र विद्यार्थीबाट आएका उत्तरलाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ए) शिक्षकले तयार पारी ल्याएको सम्मानपत्रको संरचना तालिकासमेत प्रदर्शन गरी विद्यार्थीले भनेका विषयवस्तु र शिक्षकले टिपोट गरेका विषयवस्तुको तुलना गर्न लगाई सम्मानपत्रको संरचनाका बारेमा छलफल गराउनुहोस्, जस्तै :

**सम्मानपत्रको संरचना**

शीर्षक

सम्बोधन (................ ज्यू )

व्यहोरा

............................................

समापन

.............................

(ऐ) सम्मानपत्र कार्य प्रयोजनका आधारमा विभिन्न किसिमका हुने हुँदा शिक्षकले प्रयोजन हेरेर त्यसका विभिन्न संरचना तथा नमुना प्रदर्शन गरी यसको धारणा प्रस्ट पार्नुहोस् ।

३. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो पाठका अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् ।

व्यक्तित्व, मुक्तकण्ठ, आदरणीय

(ग) सम्मानपत्रको संरचनाका बारेमा बताउन लगाउनुहोस् ।

(घ) कुनै विषयवस्तु दिई विद्यार्थीलाई सम्मानपत्र तयार गरेर ल्याउन गृहकार्य दिनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौनपठन<br>• शब्दार्थ र वाक्य रचना<br>• बोध प्रश्नोत्तर | • सम्मानपत्रको मौनपठन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दार्थपत्ती, वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै कविताका श्लोक, चुट्किला, उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका चुट्किला, लघुकथा, गीत, कविता भन्ने मौका दिई उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठ्य सम्मानपत्र मौनपठन गर्न प्रेरित गर्नुहोस् ।

(आ) मौनपठनका क्रममा विद्यार्थीलाई पाठ राम्ररी बुझ्ने गरी पढ्न हौसला प्रदान गर्दै उनीहरूले ध्यानपूर्वक पढेनपढेको निरीक्षण गर्नुहोस् ।

(इ) पाठ्य सम्मानपत्रको नमुनावाचन मोबाइलमा रेकर्ड गरेर पनि सुनाउन सक्नुहुने छ ।

(ई) कुनै शब्दको अर्थमा समस्या भएमा रेखाङ्कन गरी टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा प्रस्ट पार्नुहोस्, जस्तै :

| | |
|---|---|
| सम्मान | विशेष मान, ठुलो आदर |
| कार्यशैली | काम गर्ने तरिका |
| पूर्वाधार | कुनै पनि कार्यको पहिलो आधार |

(उ) अर्थ स्पष्ट भएपछि वाक्यपत्तीको सहायतामा शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(ऊ) पाठका आधारमा तयार गरिएका बोध प्रश्नको सूची र केही प्रश्नको उत्तरको नमुना प्रदर्शन गरी बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

प्रश्न : कुशेश्वर झाले कति वर्षसम्म प्रधानाध्यापकको भूमिका निर्वाह गरेका थिए ?

उत्तर : कुशेश्वर झाले दस वर्षभन्दा बढी समयसम्म प्रधानाध्यापकको भूमिका निर्वाह गरेका थिए ।

प्रश्नः यस सम्मानपत्रमा प्रमुख अतिथिको भूमिका कसले निर्वाह गरेका थिए ?

उत्तरः यस सम्मानपत्रमा जनकपुर उपमहानगरपालिकाका नगर प्रमुखले प्रमुख अतिथिको भूमिका निर्वाह गरेका थिए ।

(ऋ) उदाहरणका आधारमा विद्यार्थीले उत्तर तयार गर्न सकेनसकेको निरीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीले उत्तर लेखिसकेपछि विद्यार्थीबाट नै ती उत्तर प्रस्तुतीकरण गर्न लगाई थप छलफल गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

**उत्तरोत्तर, प्रेरणा, समर्पण**

(ख) दिइएको प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) कुशेश्वर झाले कुन विद्यालयमा सेवा गरेका थिए ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार (अनुकरणात्मक शब्द र वाक्यमा प्रयोग) | • अनुकरणात्मक शब्द पहिचान गर्न<br>• अनुकरणात्मक शब्दलाई वाक्यमा सही ढङ्गले प्रयोग गर्न<br>• अनुकरणात्मक शब्दको जोडा मिलाउन<br>• अनुकरणात्मक शब्द पहिचान गरी टिपोट गर्न<br>• शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | • शब्दपत्ती<br>• अनुकरणात्मक शब्द सूची<br>• वाक्यपत्ती |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै क्रियाकलापको अनुकरण गर्दै कक्षाकोठामा प्रवेश गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ क्रियाकलापको छोटो पुनरावृत्ति गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

(आ) मुसुमुसु, टलक्क, सलल, झलमल्ल, टिनटिन, टक्क, मुसुक्क जस्ता शब्द शब्दपत्तीबाट देखाएर अनुकरणात्मक शब्दको पहिचान गराउनुहोस् ।

(इ) विद्यार्थीका समूहलाई पाठबाट अनुकरणात्मक शब्द कापीमा टिपोट गर्न लगाउनुहोस् । सबैभन्दा पहिले गर्ने समूहलाई पुरस्कृत गर्नुहोस् । सहयोग आवश्यक गर्ने विद्यार्थीलाई ध्यान दिनुहोस् । अन्त्यमा शब्दपत्तीबाट अनुकरणात्मक शब्द देखाएर प्रस्ट पार्नुहोस् ।

(ई) समूहकार्य गरिसकेपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थी समूहलाई अभ्यास १ का आधारमा अनुकरणात्मक शब्दमा जोडा मिलाउन लगाउनुहोस् ।

(ऊ) अलमलमा परेका विद्यार्थीलाई सहयोगको वातावरण मिलाउनुहोस् ।

(ऋ) विद्यार्थीले लेखिसकेपछि कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । आफूले पनि कापी परीक्षण गर्नुहोस् ।

(ए) विद्यार्थीमध्येबाटै सही उत्तर लेख्ने विद्यार्थीलाई शैक्षणिक पाटीमा लेख्न लगाई साथीसाथीबिच सहजीकरण गराइदिनुहोस्, जस्तै :

| | | |
|---|---|---|
| (क) | टुलुटुलु | हेर्नु |
| (ख) | मुसुमुसु | हाँस्नु |
| (ग) | अल्याङमल्याङ | गर्नु |
| (घ) | फटाफट | हिँड्नु |
| (ङ) | खरखरती | पढ्नु |
| (च) | खुर्र | दौडनु |
| (छ) | सलल | बग्नु |

(ऐ) अनुकरणात्मक शब्दमा स्पष्ट धारणा दिनका लागि विभिन्न अनुकरणात्मक शब्द सङ्कलन गरी हाजिरीजवाफ प्रतियोगिता पनि गराउन सक्नुहुन्छ

(ओ) विद्यार्थी समूहलाई अभ्यास २ का आधारमा तालिकाबाट शब्द मिलाउने अभ्यास गराउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई सहयोगको वातावरण मिलाउनुहोस् ।

(औ) शब्दभण्डार खण्डको अभ्यास ३. मा आधारित भई दिइएको अनुच्छेदबाट अनुकरणात्मक शब्द पहिचान गराउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको अभ्यास ४ मा केन्द्रित गरी केही शब्दको वाक्यमा प्रयोग गरिएका वाक्यपत्तीसमेत प्रदर्शन गरी अन्य शब्दलाई वाक्यमा प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् ।

(अं) सम्पूर्ण विद्यार्थीलाई कक्षा कार्यकलापमा सहभागिता जनाउने वातावरण मिलाउनुहोस् । विद्यार्थीले बनाएका सही वाक्यको प्रशंसा गर्नुहोस्, जस्तै :

प्रशंसा(ऊ) सपनाको गीत सुनेर गुरुले प्रशंसा गर्नुभयो ।

योगदान(ऊ) मदर टेरेसाले समाजसेवाको क्षेत्रमा ठुलो योगदान पुऱ्याएकी छिन् ।

(अः) विद्यार्थीको कापी परीक्षण गर्नुहोस् । आवश्यकता अनुसार पृष्ठपोषण दिनुहोस् । अन्त्यमा वाक्यपत्तीको प्रयोग गरी धारणा स्पष्ट पारिदिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पाँचओटा अनुकरणात्मक शब्द लेख्न लगाउनुहोस् ।

(ख) दिइएका शब्द राखी वाक्य बनाउन लगाउनुहोस् ।

प्राविधिक, सुस्वास्थ्य

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सम्मानपत्रको संरचना<br>• सम्मानपत्र लेखन | • सम्मानपत्रको संरचना बताउन<br>• सम्मानपत्रका विभिन्न भागहरू समेटी सम्मानपत्र लेख्न | • सम्मानपत्रको संरचना<br>• सम्मानपत्रको नमुना<br>• साइनपेन, चार्टपेपर |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइलो प्रश्नको उत्तर सोधी ध्यानाकर्षण गर्नुहोस्, जस्तै : तीनओटा खुट्टा दुईओटा कान यो कथा नजान्नेले आफ्नै कान तान ? उत्तर : कराही

(आ) विद्यार्थीलाई पनि यस्ता रमाइला प्रश्न सोध्ने मौका दिनुहोस् ।

(इ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(ई) आजको कक्षाको विषयवस्तुमा छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का आधारमा सम्मानपत्रको संरचना प्रदर्शन गरी सम्मानपत्र लेख्ने तरिकाका बारेमा निम्न बुँदामा आधारित भई छलफल गराउनुहोस् :

**सम्मानपत्रको संरचनाको नमुना**

- शीर्षक
- सम्मानपत्रको आदि भागमा ( ठेगाना, सम्बोधन, शिष्टाचार)लेख्ने कुरा प्रस्ट पार्नुहोस् ।
- मध्य भाग/मुख्य भागमा (कुशल कार्यविवरण, मुख्य कुरा, टुङ्ग्याउनी) लेख्ने कुरा प्रस्ट पार्नुहोस् ।
- अन्त्य भागमा (सम्मान गर्ने दिन उपस्थित विशिष्ट महानुभावको स्थान, हस्ताक्षर वा लेखकको नाम) लेख्ने कुरा प्रस्ट पार्नुहोस् ।

(आ) यसै संरचनाका आधारमा विद्यार्थीलाई विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिलाई प्रदान गरिने सम्मानपत्र लेख्ने तरिका सिकाउनुहोस् ।

(इ) विद्यार्थीलाई सम्मानपत्रका विभिन्न नमुना देखाउनुहोस् ।




(ई) विद्यार्थी समूहलाई सम्मानपत्रको संरचनामै केन्द्रित भएर प्रस्तुत गरिएका नमुनाका आधार मा सम्मानपत्र लेख्न निर्देश गर्नुहोस् र साइनपेन, चार्टपेपरलगायतका आवश्यक सामग्री उपलब्ध गराउनुहोस् ।

(उ) विद्यार्थीले सम्मानपत्र तयार गर्दा उनीहरूका क्रियाकलाप अवलोकन गर्नुका साथै

आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीले लेखेका सम्मानपत्र उनीहरूलाई नै प्रदर्शन गर्न लगाई त्यसमा भएका शीर्षक सम्बोधन, व्यहोरा, समापन आदि विषयमा छलफल गराउनुहोस् ।

(ऋ) छलफलबाट आएका निष्कर्षको आधारमा साफी लेखन गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) सम्मानपत्र लेख्नका लागि थप विषयवस्तु प्रदान गरी थप अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) आफ्नो समुदायमा समाजसेवाको क्षेत्रमा योगदान पुऱ्याउने कुनै एक व्यक्तिलाई प्रदान गरिने सम्मानपत्रको नमुना तयार गर्न लगाउनुहोस् :

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • प्रश्न निर्माण र उत्तर पहिचान<br>• भाषिक प्रकार्य (सावधानी) | • अनुच्छेद पढी प्रश्न निर्माण गरी उत्तर भन्न<br>• अवस्था पहिचान गरी सावधानी अपनाउन | • प्रश्न पत्ती<br>• प्रश्न निर्माणका लागि अनुच्छेद<br>• सावधानीसँग सम्बन्धित भाषिक प्रकार्यको नमुना<br>• सावधानीसँग सम्बन्धित श्रव्य तथा श्रव्यदृश्य सामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) बालमैत्री वातावरण सिर्जना गरी विद्यार्थीलाई स्वतस्फूर्त रूपमा आफ्ना लेखरचना प्रस्तुत गर्न लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको पुनरावलोकन गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुमा छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले गुरुको सम्मान पाठ मौनपठन गर्न लगाउनुहोस् ।

(आ) कक्षाका सबै विद्यार्थीलाई प्रश्न निर्माण गर्ने तरिका सिकाएर प्रश्न निर्माण गर्न निर्देश गर्नुहोस् ।

(इ) प्रश्न निर्माण गर्दा के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता प्रश्नवाचक सर्वनाम प्रयोग गर्ने तरिका सिकाउनहोस् र शिक्षकले तिनै नियममा आधारित भई तयार गरेका प्रश्नको सूची प्रस्तुत गर्नुहोस्, जस्तै :

प्रश्नका नमुना

- कुशेश्वर झा किन प्रेरणाका स्रोत बनेका हुन् ?
- जानकी माध्यमिक विद्यालयका विद्यार्थीले कुन कुन क्षेत्रमा सेवा पुऱ्याइरहेका छन् ?

(ई) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गरी बोध अभिव्यक्ति खण्डको अभ्यास ६ लाई आधार बनाई कुनै अनुच्छेद दिएर प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

(उ) अर्को समूहलाई उत्तर भन्न लगाउनुहोस् ।

(ऊ) आवश्यकताअनुसार विभाजन गरिएको समूहलाई साथीले बनाएका प्रश्नका उत्तर लेख्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीसँग सावधानीसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । सावधानी भनेको विषयवस्तु अनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । मिठो बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् र त्यससँग सम्बन्धित एउटा नमुना प्रदर्शन गर्नुहोस् ।

**सावधानी**

(खुला चउरमा छोराछोरी खेल्न गएको थाहा पाएपछि आमाले छोराछोरीको सुरक्षाका विषयमा अपनाएको सावधानीसम्बन्धी संवाद)

आमा : ए ! सपना, सनम, सफल कहाँ गएछन् ? सपना ! ए सपना भाइबहिनीलाई कहाँ लगी होला यसले । एक छिन पनि घरमा बस्दिन यो त । के भएको होला यो छोरीलाई ?

सपना : आमा ! हामी यता खेल्दै छौँ है भाइबहिनी पनि यतै छन् ।

आमा : किन त्यतातिर गएका त तिमीहरू ?

सपना : किन र आमा ?

| | |
|---|---|
| आमा : | त्यतातिर हेर त बिजुलीका तार यत्रतत्र छरिएका छन् । करेन्ट लाग्न सक्छ । |
| सपना : | हामीले त ख्याल गरेकै थिएनौँ । विद्युत् कार्यालयलाई तार व्यवस्थापनका अहिले नै फोन गर्नुहोस् त आमा । |
| आमा : | ठिक भन्यौ तिमीले । हामीले यस्ता कुरामा सावधानी अपनाउनू पर्छ । म तुरुन्तै फोन गर्छु । |

(ए) यस्तै किसिमको उदाहरण प्रयोग गरी सावधानीका क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ऐ) शिक्षकले तयार पारी ल्याएको अडियो तथा भिडियो सामग्री पनि प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि पालैपालो यस्तै किसिमका सावधानीजन्य घटना मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ओ) विद्यार्थीलाई अभ्यास ८ का आधारमा भाषिक प्रकार्य सम्बन्धी क्रियाकलाप गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको अनुच्छेद पढ्न लगाई दुईओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

जानकी माध्यमिक विद्यालयमा दुई दशकभन्दा बढी एक इमानदार शिक्षकका रूपमा र एक दशकभन्दा बढी प्रधानाध्यापकको कुशल व्यवस्थापकको भूमिका निर्वाह गरी विद्यालयको चौतर्फी विकासमा यहाँले पुऱ्याउनु भएको योगदानको हामी उच्च सम्मान गर्दछौँ । शिक्षण जस्तो पवित्र पेसामा आफ्नो जीवन समर्पण गर्नुहुने तपाईंका कार्यहरू हाम्रा लागि सदैव प्रेरणाका स्रोत बनेका छन् । केही वर्ष अघिसम्म भौतिक रूपमा पछि परेको यस विद्यालयलाई यहाँले आवश्यक सम्पूर्ण पूर्वाधार तयार पार्दै विद्यार्थीमैत्री कक्षाकोठा निर्माण गर्नमा यहाँको प्रयास उल्लेखनीय रह्यो ।

(ख) आफ्नो टोल छिमेकमा परेको असहज परिस्थितिमा कसरी सावधानी अपनाउने होला ? सावधानीका उपाय बताउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • क्रियाको भाव | • सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थ भावका वाक्य पहिचान र प्रयोग गर्न | • वाक्यपत्ती<br>• भावसम्बन्धी तालिका |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई मनोरञ्जनात्मक क्रियाकलाप गराएर ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको विषयवस्तुमा छलफल गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शैक्षणिक पाटीमा केही वाक्यहरू लेख्नुहोस्, जस्तै:

बहिनी पाठ पढ्छे । भाइ ! कविता लेख ।

तँ विद्यालय गएस् । उनीहरू राम्ररी पढ्लान् ।

(आ) माथिका वाक्य कुन भावका हुन् भन्ने विषय उठान गरी विद्यार्थीलाई नै पहिचान गर्ने वातावरण मिलाइदिनुहोस् ।

(इ) विद्यार्थीलाई चार समूह (सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ) मा विभाजन गर्नुहोस् ।

(ई) प्रत्येक समूहलाई आफ्नो समूहको नामअनुसारको वाक्य बनाउन लगाउनुहोस्, जस्तै :

**सामान्यार्थ**

म कविता लेख्छु । तिमी कविता वाचन गर्थ्यौ ।

**आज्ञार्थ**

राम खेत खन । बहिनी कथा पढ् । तपाईँ बजार जानुहोस् ।

**इच्छार्थ**

ऊ पाठ पढोस् । म खेल खेलूँ ।

**सम्भावनार्थ**

बहिनी राम्ररी पढ्ली । आज घाम लाग्ला ।

(उ) शैक्षणिक पाटीमा विभिन्न भावका क्रियापद लेखिएका शब्दपत्ती प्रदर्शन गर्नुहोस् । आफ्नो समूहमा परेका क्रियापद टिपोट गर्न लगाउनुहोस् । चारओटै भावका क्रियापदमा विद्यार्थीलाई प्रस्ट हुने गरी तालिका प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

(ऊ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १ का आधारमा क्रियापदको भावको धारणा दिनुहोस् ।

(ऋ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास २ का आधारमा अनुच्छेदबाट वाक्य पहिचान गर्न सिकाउनुहोस् ।

(ए) अलमलमा परेका विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका वाक्यको भाव पहिचान गर्न लगाउनुहोस् :

हामी पढ्दै छौँ । हामी पढौँ । तिमी पढ । तिमी पढौला ।

(ख) सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ पर्ने गरी दुई दुईओटा वाक्य बनाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • क्रियाको भाव<br>• वर्णविन्यास (पदयोग र पदवियोगको प्रयोग)<br>• सिर्जना र परियोजना कार्य (सम्मानपत्र रचना) | • क्रियाको भाव पहिचान र प्रयोग गरी वाक्य परिवर्तन गर्न<br>• पदयोग र पदवियोग पहिचान र प्रयोग गर्न<br>• आफ्नो समाजका समाजसेवीलाई प्रदान गरिएको सम्मानपत्रको नमुना खोजी गर्न | • तालिका<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई सिर्जनात्मक प्रतिभा सुनाउन लगाई ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई चार समूह (सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ) मा विभाजन गर्नुहोस् ।

(आ) तालिकाका माध्यमबाट चारै प्रकारका भावको प्रतिनिधित्व हुने गरी वाक्यहरू देखाउनुहोस् ।

**समूह १** **भाइ चिठी लेख्छ ।**

**समूह २** **तिमी विद्यालय जाऊ ।**

**समूह ३.** **हामी गृहकार्य गरौँ ।**

**समूह ४** **आज जाडो होला ।**

(इ) विद्यार्थीका समूहलाई आफ्नो आफ्नो भागमा परेका भाव पहिचान गरी वाक्यको निर्माण गर्न सिकाउनुहोस् ।

(ई) भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास ३. मा आधारित भएर अभ्यास गराउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थीलाई थप वाक्य खोज्न लगाई परिवर्तन गर्न लगाउनुहोस् ।

(ऊ) भावका थप अभ्यास गर्न लगाई प्रस्ट पार्नुहोस् ।

(ऋ) विद्यार्थीलाई दुई समूह (पदयोग र पदवियोग नामकरण गरी) मा विभाजन गर्नुहोस् ।

(ए) वाक्यपत्तीको प्रयोगबाट विभिन्न वाक्य प्रदर्शन गर्नुहोस् । जसमा पदयोग र पदवियोगको प्रयोग भएका शुद्ध र अशुद्ध वाक्य लिनुहोस् ।

वाक्य : सलिम साथी सँग क्रिकेट खेल्छन् । क्रिकेट बारे उनले धेरै लाई बताएकाछन् । उनी सित म सधैँ क्रिकेट खेल्छु । उनी हामी भन्दा निकै फुर्तिला छन् । म पनिउनी बाट सिक्दैछु ।

(ऐ) आफ्नो आफ्नो समूहका वाक्य पहिचान गर्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ओ) अलमलमा परेका विद्यार्थीलाई सहजीकरण पनि गर्नुहोस् ।

उत्तर : सलिम साथीसँग क्रिकेट खेल्छन् । क्रिकेटबारे उनले धेरैलाई बताएका छन् । उनीसित म सधैँ क्रिकेट खेल्छु । उनी हामीभन्दा निकै फुर्तिला छन् । म पनि उनीबाट सिक्दै छु ।

(औ) अभ्यास ५ लाई आधार मानी शब्द वर्गीकरण गर्न लगाउनुहोस् । पदयोग र पदवियोग

ख्याल नगर्दा वाक्यले दिने अर्थमा अनर्थ हुने तथ्यमा प्रस्ट पार्नुहोस्, जस्तै :

बालकले गु लियो खायो । बालकले गुलियो खायो ।

(अं) पाठबाट पदयोग र पदवियोग भएका वाक्य लेख्न निर्देशन दिनुहोस् । विद्यार्थीको अवस्था पहिचान गरी सहजीकरण गर्नुहोस् । विद्यार्थीको कापी परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अः) आफ्नो समाजका समाजसेवीलाई प्रदान गरिएको सम्मानपत्रको नमुना खोजी गरी कापीमा सारेर ल्याउन लगाउनुहोस् । (यसलाई भोलिपल्टको कक्षा कार्यकलापमा जोडी प्रदर्शन गर्न लगाउनुहोस् ।)

## ३. मूल्याङ्कन

(क) कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भरी वाक्य पूरा गर्न लगाउनुहोस् :

(अ) सबै विद्यार्थीले 'मुनामदन' ................ (पढ् : इच्छार्थ)

(आ) भोलि उनीहरू सिन्धुलीगढी ............ । (पुग् : सम्भावनार्थ)

(ख) तल दिइएको वाक्यलाई शुद्ध गरी लेख्न लगाउनुहोस् ।

घर भित्र कुकुर को छाउरो रहेछ ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ १६)<br>• सिर्जना र परियोजना कार्य (सम्मानपत्र रचना) | • सुनाइ पाठ १६ का आधारमा श्रुति बोधात्मक अभ्यास गर्न<br>• निर्दिष्ट विषयमा सम्मानपत्र रचना गर्न | • सुनाइ पाठका लागि श्रव्य सामग्री<br>• सम्मानपत्र रचना गर्ने तरिकाको सूची<br>• सम्मानपत्रको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) आफूले रचना गरेको कुनै एक सम्मानपत्र सुनाइ विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- **ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने**
- **प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने**
- **प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने**
- **सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने**

(आ) विद्यार्थीलाई परिशिष्टमा भएको सुनाइ पाठ १६ सुनाउनुहोस् । यस क्रममा आफैँले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउन सक्नुहुनेछ ।

(इ) पाठको सुनाइ र बोलाइ खण्डका आधारमा सुनाइ बोलाइ अभ्यास १ गराउनुहोस्, जस्तै :

प्रश्न : बुढाबुढी र केटाकेटी किन अलपत्र पर्थे ?

उत्तर : बुढाबुढी र केटाकेटी खोला तर्न नसकेर अलपत्र पर्थे ।

प्रश्न : लवले के सङ्कल्प गरे ?

उत्तर : लवले खोला तर्न नसक्नेलाई पौडेर तार्छु भन्ने सङ्कल्प गरे ।

प्रश्न : गाउँलेले लवलाई के दिन्थे ?

उत्तर : गाउँलेले लवलाई किताब, कापी, कलम र खानेकुरा दिन्थे ।

प्रश्न : लव कस्तो स्वभावका थिए ?

उत्तर : लव ठुलालाई आदर र सानालाई माया गर्ने स्वभावका थिए ।

(ई) सुनाइ पाठका आधारमा सुनाइ र बोलाइअन्तर्गतको अभ्यास २ को समस्यामा केन्द्रित भई विद्यार्थीको सोच व्यक्त गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीलाई सिर्जना र परियोजना खण्डका आधारमा सम्मानपत्र रचना गर्ने तरिका सिकाउनुहोस् । जस्तै

- सम्मानपत्र रचना गर्दा सबभन्दा माथिल्लो भागको बिचमा सम्मान गर्ने संस्था र त्यसको ठेगाना उल्लेख गर्ने
- एक हरफ तल बाँयापट्टि सम्मानित हुनेको नाम र ठेगाना उल्लेख गर्ने
- एक हरफ छोडेर सम्मान प्राप्त गर्ने व्यक्तिको कार्य विवरणसहित योगदान उल्लेख गर्ने
- अन्त्यमा सम्मानित व्यक्तिले आफ्नो जीवन कालमा गरेका उदाहरणीय कामको चर्चा परिचर्चा गरी सम्मानपत्र टुङ्ग्याउने
- सम्मानपत्रको तल अन्तिममा कार्यक्रम आयोजना गर्ने संस्थाका प्रमुख व्यक्तिको हस्ताक्षर, पदसहित ठेगाना उल्लेख गर्ने

(ऊ) शिक्षकले आफूद्वारा रचना गरिएका सम्मानपत्र प्रस्तुत गर्नुहोस् । एकजना विद्यार्थीलाई सम्मानपत्रका विभिन्न भागहरू खुल्ने गरी पढ्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई समावेशी आधारमा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई चार्टपेपर, साइनपेन कलम उपलब्ध गराउनुहोस् । विद्यार्थीलाई सम्मानपत्र लेख्न हौसला प्रदान गर्नुहोस् ।

(ए) प्रत्येक समूहलाई सम्मानपत्र लेख्न लगाउनुहोस् र कापी परीक्षण गरी आवश्यक सल्लाह र सुझाव दिनुहोस् । प्रत्येक समूहबाट रचना भएका सम्मानपत्र कक्षाकोठामै वाचन गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई व्यक्तिगत रूपमा पनि सम्मानपत्र लेख्न लगाई साफी गर्दै जानुहोस् ।

(ओ) सिर्जना र परियोजना कार्यअन्तर्गत अभ्यास १ गर्न लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

(औ) सिर्जना र परियोजना कार्यको अभ्यास २ का अनुसार अगिल्लो दिन दिएको गृहकार्यका आधारमा विद्यर्थीबाट सम्मान पत्र प्रदर्शन गर्न लगाई त्यसबारेमा छलफल गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) आवश्यक बुँदा सङ्कलन गरी कक्षागत वादविवाद प्रतियोगितामा प्रथम भएको साथीलाई प्रदान गरिने सम्मानपत्रको नमुना तयार गर्न लगाई कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ १७

# स्थायी बास

**विधा : कथा** **कार्यघण्टा : ९**

## परिचय

'थायी बास' सामाजिक कथा हो । कथा शिक्षणको प्रमुख उद्देश्य कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । तसर्थ कथा शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीमा प्रतिक्रिया, धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर, छलफल, कथाकथन र घटना वर्णन, अनुमान, कल्पना र निष्कर्ष, चित्रकथा वर्णन, समस्या पहिचान र समाधानका उपाय प्रस्तुति जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समयबद्ध सस्वरपठन, मौन पठन र छलफल, प्रश्न निर्माण र उत्तर पहिचान, विषयवस्तुको सन्दर्भ अनुकूलको स्वाभाविक वर्णन, चरित्र चित्रण र पात्र तुलना जस्ता पढाइ सिपमा आधारित क्रियाकलापहरू समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटनाक्रम मिलान, सार लेखन, तार्किक अभिव्यक्ति, अनुमान तथा पूर्वानुमानका आधारमा घटना विस्तार, सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यो पाठमा शब्दभण्डारअन्तर्गत पद तथा पदावलीको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत वाच्य परिवर्तनको पहिचान र प्रयोगका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत 'र' वर्णको भिन्न प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा समालोचनात्मक सोच सम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत कथा लेखन र निर्दिष्ट शीर्षकमा रचना क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा र ाखिएका सुनाइ पाठ १६ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यासहरू गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउन सक्नुहुने छ ।

## पहिलो दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्यबोध<br>• छलफल<br>• सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद १ देखि ११ सम्म<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना) | • सुनेका आधारमा विषयवस्तुको बोध गर्न<br>• विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | • पूर्व पठन खण्डको पाठ<br>• मूल पाठ खण्डको तस्बिर<br>• शब्दपत्ती, शब्दार्थपत्ती<br>• वाक्यपत्ती |

(आ) **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **सुरुआती क्रियाकलाप**

(अ) नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको यकिन गर्नुहोस् ।

(आ) उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गरी पूर्व पठन खण्डमा भएका विषयवस्तुलाई चार्टपेपर वा प्रोजेक्टरमार्फत प्रस्तुत गरी छलफल गर्न लगाउनुहोस् ।

(आ) छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

(इ) मूलपाठ खण्डको तस्बिरसमेत प्रोजेक्टरमार्फत प्रदर्शन गरी त्यसका बारेमा छलफल गराउनुहोस् ।

(ई) विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) शिक्षकले पाठको अनुच्छेद १ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(ऊ) विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नहरूको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुराको जानकारी गराउनुहोस् ।

(ऋ) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा कठिनाइ भएका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

(ए) अनुच्छेद १ देखि ५ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दहरू पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऐ) पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार शब्दपत्तीको प्रयोग गरी उच्चारण संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

जस्तै : शस्त्रधारी : /सस्.त्र.धा.रि/ विद्यालय : /विद्.द्या.ल.य/

(ओ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(औ) विद्यार्थीले टिपोट गरेका शब्दको अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी अन्य शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो पाठको निर्दिष्ट अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

सम्मान, पुर्ख्यौली, अवकाश, सुनसान

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद ६ देखि १२. <br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना) <br>• बोध प्रश्नोत्तर | • अनुच्छेद गति, यति मिलाई शुद्धसँग सस्वरवाचन गर्न <br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न <br>• पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | • शब्दपत्ती, शब्दार्थपत्ती <br>• वाक्यपत्ती <br>• प्रश्नोत्तरका नमुना |

### (आ) सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) छोटा कविता, मुक्तक वा कुनै रमाइला विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कविता, मुक्तक वा रमाइला प्रसङ्ग सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकिएका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले पाठको अनुच्छेद ६ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नहरूको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

(ई) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा कठिनाइ भएका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

(उ) अनुच्छेद ६ देखि १२ सम्म सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई रेखाङ्कन गरेका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) टिपोट गरिएका शब्द विद्यार्थीलाई पालैपालो शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार शब्दपत्तीको प्रयोगद्वारा शब्दहरूलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई पाठमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ए) विद्यार्थीले टिपोट गरेका शब्दको अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यसक्रममा वाक्यपत्ती प्रदर्शन गरी अन्य शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(ऐ) पाठका आधारमा केही प्रश्न निर्माण गरी त्यसको सूची प्रदर्शन गरी त्यसमध्ये कुनै एक प्रश्नको उत्तर लेखिएको नमुना प्रदर्शन गरेर बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) बुढा कि छोरी कहाँ बस्छे ?

(ख) जुँगे जम्दारले अवकाश ग्रहण गरेको कति वर्ष भयो ?

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

मनसाय, स्थायी, भेटी, निम्तो

(ग) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् ।

(अ) स्थायी बासको खोजीमा जुँगे जम्दार कहाँ गए ?

(आ) जुँगे जम्दारलाई कसले निम्तो पठाए ?

(इ) गाउँको हावापानी कस्तो थियो ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वरवाचन र शुद्धोच्चारण (अनुच्छेद १३ देखि अन्तिमसम्म)<br>• शब्दभण्डार | • नुच्छेद गति, यति मिलाई शुद्धसँग<br>• सस्वरवाचन गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेद पत्ती, प्रश्न सूची । |

### (आ) सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तु सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले पाठको अनुच्छेद १३ नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नहरूको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

(ई) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा कठिनाइ भएका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

(उ) अनुच्छेद सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई रेखाङ्कन गरेका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) टिपोट गरिएका शब्द विद्यार्थीलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार शब्दपत्तीको प्रयागद्वारा शब्दहरूलाई उच्चारणअनुसार नै

शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

ओछ्यान /ओच्.छ्यान्/

अवकाश /अ.ब.कास्/

(ऋ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न नं १ मा दिइएका शब्दहरूलाई शुद्ध उच्चारण गर्ने थप अभ्यास गराउनुहोस् ।

(ए) विद्यार्थीलाई पाठमा अर्थबोध गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

रोगाक्रान्त रोगबाट पीडित

आवास बस्ने ठाउँ

(ऐ) विद्यार्थीले टिपोट गरेका शब्दको अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यसक्रममा वाक्यपत्ती प्रदर्शन गरी वाक्यमा प्रयोगको अभ्यास गराउनुहोस्, जस्तै :

रोगाक्रान्त तल्लाघरे काका दुई वर्षदेखि रोगाक्रान्त भई ओछ्यान परेका छन् ।

(ओ) पाठका आधारमा केही प्रश्न निर्माण गरी त्यसको सूची प्रदर्शन गरी त्यसमध्ये कुनै एक प्रश्नको उत्तर लेखिएको नमुना प्रदर्शन गरेर बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) जुँगे जम्दार खाटमा लडेर के गर्दैछन् ?

(ख) जुँगे जम्दारको जग्गा कसरी हराउँछ ?

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई पालैपालो निर्दिष्ट अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

बसोबास, विचार, झुप्रो,

(ग) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :

(अ) स्थायी बासको योजना किन सफल भएन ?

(आ) स्थायी बासको कल्पना किन साकार हुन सकेन ?

(इ) 'जिउँदाको जन्ती मर्दाको मलामी'को अर्थ के हो ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार<br>• (पद र पदावली)<br>• प्रश्न निर्माण | • पद र पदावलीको पहिचान र प्रयोग गर्न<br>• निर्धारित अनुच्छेदका आधारमा प्रश्न निर्माण गर्न | • पद र पदावलीको सूची<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नसूची |

### (आ) सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकिएका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गरी अभ्यासमा १ मा दिइएका पद र पदावलीका बारेमा छलफल गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरेनगरेको अवलोकन गर्नुहोस् ।

(आ) कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा अभ्यासमा भएका पद र पदावलीको सूचीपत्रका आधारमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् कापीमा लेख्न निर्देश गर्नुहोस् । यस क्रममा सफा र शुद्धसँग लेख्ने तरिकासमेत सिकाउनुहोस् ।

(ई) आवश्यक सहजीकरणका साथ बोध र अभिव्यक्ति खण्डको अभ्यास २ गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई केही नमुना वाक्यसमेत प्रदर्शन गरी सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीलाई पाठको कुनै एक अनुच्छेद (चार्टपेपरमा लेखिएको ) मौनपठन गर्न लगाउनुहोस्

(ऊ) मौनपठनको कार्य सकिएपछि अनुच्छेदका आधारमा प्रश्न निर्माण गर्ने तरिकाका बारेमा जानकारी गराउनुहोस् ।

(ऋ) अनुच्छेदमा आधारित भएर तयार गरिएको कुनै एउटा नमुना प्रश्नको सूची प्रदर्शन गर्नुहोस् र यस्तै अन्य प्रश्न निर्माण गर्न प्रेरित गर्नुहोस् ।

(ए) प्रश्न निर्माणपश्चात् साथी साथीमा कापी साटासाट गरेर परीक्षण गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई तलको अनुच्छेदबाट पद र पदावली पहिचान गर्न लगाउनुहोस् ।

रामको घरनजिकै अग्लो हिमाल छ । हिमालबाट निकै मिठो हावा चल्छ । त्यो सुन्दर हिमाल देखेर राम खुब हाँस्छ ।

(ख) पाठको पहिलो अनुच्छेद पढी चारओटा प्रश्न निर्माण गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्क्षिप्त उत्तर लेखन<br>• भाव विस्तार | • पाठका आधारमा सङ्क्षिप्त उत्तर लेख्न<br>• भाव विस्तार गर्न | • प्रश्न सूची<br>• छोटो उत्तरको नमुना<br>• भाव विस्तारको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै कविता सुनाएर र प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई चारओटा समूहमा विभाजन गर्नुहोस् र विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् ।

(आ) चार्टपेपरमा छोटो उत्तर लेख्ने प्रश्नको सूची प्रस्तुत गर्नुहोस् ।

(इ) प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न निर्देश गर्नुहोस् ।

(ई) विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का आधारमा भाव विस्तार गर्ने प्रश्न प्रस्तुत गर्नुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस्, जस्तै :

**भावविस्तारको नमुना**

"बास त केवल जीवन बिताउने एउटा छाप्रो हो । त्यो स्थायी कहाँ हुन्छ ?"

'स्थायी बास' कथाको यस अंशले मानिसको जीवन त स्थायी छैन भने बास स्थायी हुँदैन भन्ने कुरा स्पष्ट पारेको छ । स्थायी बासका लागि जीवनभरि दौडिएका जुँगे जम्दारलाई मर्ने वेलामा बास स्थायी नहुने कुरा बोध हुन्छ । अवकाश ग्रहण गरेको ३० वर्ष बितिसक्दा पनि जम्दार बुढाको स्थायी बासको कल्पना साकार हुँदैन । खाटमा लडेर स्मृतिपटमा विगतका पाना पल्टाइरहँदा उनलाई लाग्छ, यो जीवन नै स्थायी छैन । बास त केवल जीवन बिताउने एउटा छाप्रो हो । त्यो स्थायी कहाँ हुन्छ र ? यहाँ सबै कुरा क्षणिक छन् । 'स्थायी बास' बनाउने धोको त मानिसको जीवनमा कहिल्यै पूरा हुँदैन । स्थायी बासको खोजीमा मानिस व्यर्थ कुदिरहेको छ । स्थायी बासको सपना केवल भ्रान्ति हो । बासको स्थायीत्व भन्ने कुरा मानिसको सोचको विषय मात्र हो । बास जीवन बिताउने एउटा छाप्रो हो । मानिस जबसम्म जीवित हुन्छ तबसम्म उसको बास स्थायी हुन सक्दैन । यसलाई हामीले जसरी सोच्छौँ त्यसरी नै भोग्न सक्छौँ । आफूले प्राप्त गरेको बासलाई सकारात्मक ढङ्गबाट सोच्यौँ भने त्यो नै स्थायी हो र त्यसले जीवन जिउन सहज बनाउँछ ।

अत : जीवन त स्थायी हुँदैन भने बास स्थायी हुनै सक्दैन । बास भनेको जीवन बिताउने छाप्रो मात्र हो । मानिसको स्थायी बास त मृत्यु ग्रहण गर्नु हो भन्ने कुरा उपर्युक्त कथांशले व्यक्त गरेको छ ।

(ऊ) यसै नमुनाका आधारमा पाठको कुनै अंश दिई भावविस्तार गर्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऋ) विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । छलफलसहित आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ए) भावविस्तारका लागि थप अंश दिई अभ्यास गराउनुहोस् । (यस अभ्यासको मूल्याङ्कन गृहकार्यका रूपमा गर्नुहोस् ।)

### ३. मूल्याङ्कन

(क) विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा छोटो उत्तर लेख्न लगाउनुहोस् र पढेर सुनाउन लगाउनुहोस् ।

(ख) विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का आधारमा भाव विस्तार गरेर सुनाउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • तर्क लेखन<br>• पात्र पहिचान | • विषयवस्तु, घटना वा प्रसङ्गका आधारमा आफ्ना विचार प्रस्तुत गर्न<br>• पाठ्य विषयवस्तुमा आधारित भई पात्रको चरित्र चित्रण गर्न | • तार्किक उत्तरको नमुना<br>• चरित्रचित्रण गर्ने तरिकाको सूची<br>• चरित्र चित्रणको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै कविता सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी समूहमा विभाजन गरी सामुहिक रूपमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ का आधारमा तर्क व्यक्त गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थी समूहको छलफलबाट आएका कुरालाई निष्कर्षका रूपमा कापीमा टिपोट गर्न

लगाउनुहोस् । पालैपालो पढेर सुनाउन लगाउनुहोस् । शिक्षकले एउटा नमुना प्रदर्शन गरी विद्यार्थीले लेखेका उत्तरमा छलफल गराई आवश्यक कुरा थप गर्न लगाउनुहोस् र निष्कर्ष दिनुहोस् ।

(इ) निष्कर्षका आधारमा जुँगे जम्दारको बारेमा आफूलाई लागेका कुराहरू प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) कापी परीक्षण गरी ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(उ) कथाको मुख्य पात्र जुँगे जम्दारको चरित्रको बारेमा छलफल गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थी समूहलाई क्रमैसँग विचार प्रस्तुति गर्न लगाउनुहोस् र अन्य विद्यार्थी समूहलाई उक्त विचारप्रति टिप्पणी गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहको प्रस्तुतिपश्चात् ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ऋ) पाठको बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा चरित्रचित्रण गर्ने तरिकाको सूची प्रदर्शन गरी निम्न पक्षलाई ख्याल गर्न लगाई चरित्र चित्रण गर्न सिकाउनुहोस्:

- कथालाई ध्यानपूर्वक पढ्ने
- कथामा रहेका मुख्य मुख्य पात्र र तिनका भूमिकालाई टिपोट गर्ने
- सम्बन्धित पात्रमा केन्द्रित भएर एक अनुच्छेदमा चरित्र चित्रण गर्ने
- सफा र शुद्ध भाषाको प्रयोग गर्ने

(ए) जुँगे जम्दार पात्रसँग सम्बन्धित रहेर मुख्य मुख्य बुँदा टिपोट गर्न लगाई कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । कक्षा प्रस्तुतिपश्चात् शिक्षकले तिनै बुँदालाई समेटी तयार गरेको चरित्रचित्रणको नमुना प्रदर्शन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई छलफलसहित जुँगे जम्दारको चरित्र चित्रण लेख्न लगाउनुहोस् । उनीहरूका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ गर्न लगाउनुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ख) जुँगे जम्दारको चरित्र चित्रण गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● भाषिक प्रकार्य (समालोचनात्मक सोच)<br>● वाच्यको पहिचान र प्रयोग | ● कुनै विषयवस्तुमा आधारित भई समलोचनात्मक सोचको विकास गर्न<br>● वाच्यका विभिन्न स्वरूपको पहिचान र प्रयोग गर्न | ● समलोचनात्मक सोचसँग सम्बन्धित नमुना<br>● समलोचनात्मक सोचसँग सम्बन्धित श्रव्य वा श्रव्यदृश्य सामग्री<br>● वाच्य तालिका |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई मस्तिष्क मन्थनसम्बन्धी रोचक विषयवस्तु सुनाउन अभिप्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीसँग समालोचनात्मक सोचसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको प्रश्न नं १२ मा दिइएका समालोचनात्मक सोचको विकास किन गर्नुपर्छ भन्ने बारेमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् ।

(आ) समालोचनात्मक सोच भनेको कुनै विषयवस्तु प्रतिको गहन चिन्तन हो जसमा त्यसका बारेमा सकारात्मक र नकारात्मक टिप्पणी गरिन्छ । व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार समालोचनात्मक सोच हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् र एउटा नमुना प्रदर्शन गर्नुहोस् ।

**समालोचनात्मक सोच**

(कक्षा सातमा अध्ययनरत साथीहरू सारा र राधाबिच आफ्नै साथी अनुजाको व्यवहारका बारेमा गरिएको कुराकानी)

सारा : तिमीलाई थाहा छ ,राधा ! अनुजा त एकदमै शिष्ठ, बुद्धिमानी र ज्ञानी छिन् नि । विद्यालयमा पढाइमा पनि अब्बल छिन् । कति राम्रो गुण है ।

राधा : हो र, सारा ! तिमीले राम्रो कुरा सुनायौ । उनी असाध्यै ज्ञानी छिन् तर पनि उनको एउटा बानी चाहिँ नराम्रो छ ।

सारा : के नराम्रो बानी छ र ? मलाई त केही नराम्रो बानी छ जस्तो लाग्दैन, राधा ?

राधा : उनी घर जानसाथ मोबाइल हातमा लिएर बस्छिन् । त्यसपछि त उनी मोबाइल छोड्दै छोड्दिनन् । राति पनि अबेरसम्म ओछ्यानमा पल्टेर मोबाइलमा खेल खेल्छिन् ।

सारा : हो र ! त्यति एउटा नराम्रो बानीले उनलाई के असर गर्छ र ?

राधा : मानिसमा सबै राम्रा गुणहरू छन् तर एउटा मात्र नराम्रो गुण छ भने पनि सफल हुन सक्दैन ।

सारा : त्यो त हो । बरु हामी अनुजालाई भोलि नै भेटेर सल्लाह दिऔँ न ल ?

राधा : हो सारा, तिमीले एकदम ठिक कुरा गर्‍यौ, हामीले भोलि नै उनलाई भेटेर सम्झाउनुपर्छ ।

(इ) यस्तै किसिमको उदाहरण प्रयोग गरी समालोचनात्मक सोच प्रस्तुत गर्ने क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(ई) शिक्षकले तयार पारी ल्याएको अडियो तथा भिडियो सामग्री पनि प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई पनि पालैपालो यस्तै किसिमका समालोचनात्मक सोचजन्य घटना मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा, भावनात्मक व्यवहार जस्ता कुरामा सचेत हुन र सोहीअनुसारको प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।

(उ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ का आधारमा भाषिक प्रकार्यसम्बन्धी क्रियाकलाप गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऊ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासअन्तर्गतको प्रश्न न. १ मा दिइएको अनुच्छेद ध्यानपूर्वक पढ्न लगाउनुहोस् । निला अक्षरमा लेखिएका विषयवस्तुमाथि छलफल गराउनुहोस् र विभिन्न वाच्यका उदाहरण लेखिएको तालिकाका माध्यमबाट कर्तृवाच्य, कर्मवाच्य, भाववाच्यका बारेमा स्पष्ट जानकारी दिनुहोस् ।

(ऋ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासअन्तर्गतको प्रश्न न. २ गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीलाई प्रश्न न. २ गरेपछि कापी एकआपसमा साटेर हेर्न लगाउनुहोस् र सहपाठी सिकाइको अवसर प्रदान गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई अभ्यास १२ का आधारमा भाषिक प्रकार्यसम्बन्धी अभ्यास गर्न लगाउनुहोस् ।

(ख) वाच्य परिवर्तनसम्बन्धी प्रश्न निर्माण गरी अभ्यास गराउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# आठौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वर्णविन्यास ('र' का भिन्न प्रयोग र पहिचान)<br>• श्रुतिबोध र प्रश्नोत्तर (सुनाइ पाठ १७)<br>• छलफल र मौखिक प्रस्तुति<br>• सिर्जना र परियोजना कार्य | • शब्दमा 'र' का भिन्न स्वरूपको पहिचान र प्रयोग गर्न<br>• सुनाइ पाठ १७ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट विषयवस्तुमा छलफल र प्रस्तुति दिन<br>• समाजमा प्रचलित लोककथा सङ्कलन गरी ल्याउ | • शब्दपत्ती<br>• सुनाइ पाठ १७ को श्रव्य सामग्री<br>• प्रश्न पत्ती<br>• उत्तरका नमुना<br>• चार्टपेपर<br>• छलफलका लागि बुँदाहरू |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(आ) मस्तिष्क मन्थनसम्बन्धी कुनै विषयवस्तु सुनाएर प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शब्दमा 'र' वर्णको भिन्न प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा 'र' को भिन्न प्रयोगको अवस्था बारे जानकारी गराउनुहोस् । विद्यार्थीलाई शब्दमा

'र' वर्णको भिन्न प्रयोग भएका शब्द भन्न लगाउनुहोस् । उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) शब्दपत्ती प्रदर्शन गरी शब्दमा 'र' वर्णको भिन्न प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस्, जस्तै :

**अर्पण** **प्रचार** **क्रमशः** **गाग्रो** **गर्‍यो**

(इ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ३ पढ्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ४ गर्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइ विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(ऊ) विद्यार्थीलाई परिशिष्टबाट सुनाइ पाठ १७ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउनसक्नुहुने छ ।

(ऋ) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

(ए) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित ठिक बेठिक भन्न लगाउनुहोस् र उत्तरको नमुनासमेत प्रदर्शन गर्नुहोस् ।

(ऐ) विद्यार्थीको उत्तर ठिक भएनभएको ठम्याएर आवश्यक सुझाव दिनुहोस् ।

(ओ) विद्यार्थीलाई पूर्ण वाक्यसहित प्रश्नको उत्तर दिन सिकाउनुहोस् ।

(औ) विद्यार्थीले प्रश्नको उत्तर दिन सके नसकेको पहिचान गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अं) सुनाइ पाठको अभ्यास २ मा केन्द्रित भई विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर दिनुहोस् । सामुहिक रूपमै निर्दिष्ट विषयवस्तुमा छलफल गराउनुहोस् र छलफलबाट आएको निष्कर्षलाई चार्टपेपरमा लेख्न लगाई समूह समूहबाट प्रदर्शन गराएपछि शिक्षकले समग्र निष्कर्ष सुनाउनुहोस् ।

(अः) सिर्जना र परियोजना कार्यअन्तर्गतको अभ्यास २ मा आधारित भई समाजमा प्रचलित लोककथा सङ्कलन गरी ल्याउन निर्देश गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास २ गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ख) तलका शब्दलाई र वर्णको सही प्रयोग गरी शुद्ध गर्नुहोस् :

**झर्यो  प्रगति  विद्यार्थी  परखाल  ट्रक**

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# नवौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जना र परियोजना कार्य (कथा रचना र निर्दिष्ट शीर्षकमा छोटो रचना) | • सुनेको वा पढेको आधारमा कथा रचना गर्न<br>• निर्दिष्ट शीर्षकमा छोटो रचना तयार गर्न<br>• सङ्कलन गरी ल्याएको लोककथा सुनाउन | • निर्देशित कथा लेखनका लागि बुँदासूची<br>• निर्देशित कथा लेखनको नमुना<br>• लोककथाको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(आ) विद्यार्थीलाई उनीहरूले रचना गरेका कथा सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सिर्जना र परियोजना खण्डका आधारमा निर्देशित कथा रचना गर्ने तरिका सिकाउनुहोस् ।

(आ) शिक्षकले निर्देशित कथा रचनाको लागि  बुँदा निर्माण गरी प्रदर्शन गर्नुहोस् ।

(इ) विद्यार्थीलाई समावेशी समूहमा छलफल गर्दै निर्देशित बुँदाका आधारमा कथा लेख्न सिकाउनुहोस् । कथा लेख्ने क्रममा कथातत्त्वको सामान्य परिचय दिँदै पात्रका बिचमा कम्तीमा एउटा संवाद अनिवार्य हुनुपर्ने कुरा जानकारी गराउनुहोस् र शिक्षकले बुँदाका आधारमा तयार पारेको कथाको नमुना पनि प्रस्तुत गर्नुहोस् ।

(ई) छलफलमा आएका विषयवस्तुका आधारमा कथा लेख्न लगाउनुहोस् र कथा लेखनपश्चात् कथालाई वाचन गरेर सुनाउन लगाउनुहोस् ।

(उ) विद्यार्थी समूहलाई सिर्जना र परियोजना खण्डको अभ्यास १ गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले गरेका क्रियाकलाप  अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) प्रत्येक समूहबाट लेखिएका कथा कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

(ए) विद्यार्थीलाई सिर्जना र परियोजना खण्डको अभ्यास २ अगिल्लो दिन दिइएको कथा लेखनसम्बन्धी गृहकार्यलाई साफी लेखन गर्न लगाउनुहोस् ।

(ऐ) साफी लेखनपश्चात् कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् । कक्षा प्रस्तुतिका लागि समूहको भाषिक अवस्थाका आधारमा कक्षाका सबै भाषा समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(ओ) अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले पनि एउटा लोककथा सुनाएर वा चार्टपेपरमा प्रदर्शन गरेर त्यसमाथि छलफल गर्न लगाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई आफूले सुनेको वा पढेको आधारमा कुनै एउटा कथा भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।